जि.प्र.का.द.नं.८०।०५१।०५२ पान नं.३०१५८६२१८



तानसेन गुठी

काठमाडौं (स्थापित : २०५०)

# चिनारी

वर्ष : ३१ अंक : २८ २०८० भाद्र ३०, शनिबार

## ३१ औं वार्षिक भेला - २०८०

प्रकाशक:

**तानसेन गुठी** काठमाडौं

सम्पर्क कार्यालय :

४३० कुलेश्वर आवास सडक, कुलेश्वर आवास क्षेत्र, वडा नं. १४, काठमाडौं
फोनः ४२७८३६७, ४२८७२४७,
Email: tansenguthi@gmail.com,
Web: www.tansenguthi.org

डिजाइन तथा मुद्रण व्यवस्थापन :

एम एस माउस
अद्वैत मार्ग, फोनः ४२१५५६
Email: meromouse@gmail.com

आवरण फोटो :
नब्बे सालभन्दा अगाडिको तीन तले स्वरुपको भगवती मन्दिर (यसको विस्तृत विवरण पेज ६५ मा छ)

यसमा प्रकाशित लेख/रचनाहरूको जवाफदेही लेखक स्वयं हुनेछ ।

## चिनारी प्रकाशन समिति

### सल्लाहकार



निलम गोंगल (श्रेष्ठ)
अध्यक्ष



सर्जु मान लिगल
नि. अध्यक्ष



हेमन्तराज कोलाक्षपती
पूर्व अध्यक्ष



गृहमान सिंह
पूर्व अध्यक्ष



शान्ता शाक्य
पूर्व अध्यक्ष

### प्रधान सम्पादक



जयन्ती श्रेष्ठ

### सम्पादन सहायक



प्रमी श्रेष्ठ

### सम्पादन सदस्य



विनय शाक्य

### विज्ञापन संकलन उपसमिति



जीवन ज्योति बज्राचार्य
संयोजक



मनिस श्रेष्ठ
सदस्य

## सल्लाहकारहरू


मि.सु. नारायण प्रसाद श्रेष्ठ
९७४१०५९९७०


डा. मोहन मान सैँजू
९७४१०३९९१६


ई. शंकर कृष्ण मल्ल
९८४९६२७३९७


क्या. रवीन्द्र प्रसाद प्रधान
९८४९४८२३३८


श्री वनमाली प्रसाद लाकौल
९८४१९०५४३४


प्रा. डा. पुष्पा श्रेष्ठ
९८४९५२४५५७


श्री शोभा श्रेष्ठ
९८१८२३२८५०


श्री पृथ्वीराज लिगल
९८५१०७८५७२

## पूर्व अध्यक्षहरू र उहाँहरूको कार्यकाल


प्रा. डा. श्री विनोद कुमार श्रेष्ठ
२०५०/५१ - ०५१/५२
९८४९७६४९७२


श्री लक्ष्मण प्रसाद श्रेष्ठ
२०५२/५३ - ०५३/५४ - ०५४/५५
९८५१०७२७८९


श्री हेमन्त राज कोलाक्षपती
तदर्थः ०४९/१२/२७ - ०५०/५/५
०५५/५६ - ०५६/५७
९८५१०२३०८७


स्व. ज्ञानुमान मल्ल
०५७/५८ - ०५८/५९


स्व. श्यामसुन्दर लाल कक्षपती
२०५९/६० - ०६०/६१


ई. श्री विधान चन्द्र राजभण्डारी
२०६१/६२ - ०६२/६३
९८४१३०३३७४


ई. श्री करुणा गोविन्द श्रेष्ठ
२०६३/६४ - ०६४/६५
९८५१०८५४४२



श्री गृहमान सिंह
२०६५/६६ - ०६६/६७
९८४१३६०१३०


श्री शरण रत्न शाक्य
०६७/६८ - ०६८/६९
९८४१७८९१७०


श्री हिमाल कसजू
०६९/७० - ०७०/७१
९८५१०८२६१०


श्री अनुप लाल कक्षपती
०७१/७२ - ०७२/७३
९८५१०२४७४०


श्री शान्ता शाक्य
०७३/७४ - ०७४/७५
९८४१५२७०५८


श्री सर्जु मान लिगल
०७५/७६ - ०७७/७८
९८५१०७३४२५

# कार्यसमितिका पदाधिकारीहरू



**श्री निलम गोंगल (श्रेष्ठ)**
अध्यक्ष (नायः)
९८४१७८१३७२



**श्री प्रमी श्रेष्ठ**
उपाध्यक्ष (न्वकु)
९८५१०७५५००



**श्री विनय शाक्य**
सचिव (छ्याञ्जे)
९८४९२५२९११



**श्री जीवन ज्योति बज्राचार्य**
कोषाध्यक्ष (दाँभरी)
९८४१२३८३४४



**श्री मनिस श्रेष्ठ**
सह-सचिव (ल्यू छ्याञ्जे)
९८५११३०३२९



**श्री राजु प्रधान**
सह-कोषाध्यक्ष (ल्यू दाँभरी)
९८५१०३०८९२



**श्री सुबोध लाल श्रेष्ठ**
सदस्य (दुजः)
९८०२३१५९४५



**श्री कविकृष्ण अमात्य**
सदस्य (दुजः)
९८४१२५४४३८



**डा.ई. सुरेन्द्र श्रेष्ठ**
सदस्य (दुजः)
९८५११९८७१३



**श्री ऐश्वर्यमान वैश्यत**
सदस्य (दुजः)
९८४१३८५४९३



**श्री उषा सिंह**
सदस्य (दुजः)
९८४१५३९५६४



# अध्यक्षको मन्तव्य (नायःया न्वचु)

आदरणीय गुठियार सदस्यहरू

तानसेन गुठीले आज ३१औं वर्षमा प्रवेश गरेको सुखःद उपलक्ष्यमा सर्वप्रथम सम्पूर्ण आदरणीय गुठीयारहरू एवम् शुभचिन्तकज्यूहरूमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

तानसेन गुठीले तीन दशक सफलतापूर्वक पार गर्नुमा गुठी सदस्यहरूको गुठीप्रति प्रेम, आस्था, सद्भाव साथै सदस्यहरूको सुमधुर स्नेह, मित्रता एक आपसमा भातृत्व सम्बन्ध, पारस्परिक मेलमिलाप र सहयोग हुनुको साथै हरेक कार्यकारी समितिको मिहिनेत, लगनशीलता, कर्तव्यनिष्ठता, उत्तरदायित्वको भावना र समय समयमा यथोचित सरसल्लाह र मार्गनिर्देशनलाई मान्न सकिन्छ ।

आ.व. २०७९-०८० को प्रस्तावित कार्यक्रम अन्तर्गत रहेर स्वास्थ्य, शिक्षा, धार्मिक, सामाजिक र पर्यटन क्षेत्रका अक्षयकोषदाताबाट स्थापित आर्थिक सहयोग छात्रवृत्ति पुरस्कार उल्लेखित क्षेत्रमा वितरण गर्नुको साथै स्वास्थ्य कार्यक्रम अन्तर्गत निमोनिया, इन्फ्लुएन्जा खोप कार्यक्रम वयोधा अस्पतालमा सम्पन्न भएको छ । यस्तै गुठीमा लोकप्रिय तीर्थयात्रा कार्यक्रम अन्तर्गत तीनदिने जनकपुर–जलेश्वर तीर्थयात्रा एवम् ऐतिहासिक क्षेत्र सिन्धुलीगढी अवलोकन सफलतापूर्वक सम्पन्न गरिएको छ । जेष्ठ नागरिक सदस्यलाई सम्मानस्वरुप ९० वर्ष विशेष पूजा कार्यक्रम पनि सम्पन्न गरिएको छ । लामो समय पछि दोश्रो अक्षयकोषदाता भेला भव्यताका साथ सम्पन्न भएको छ । सोही भेलाको सुझाव र निर्णय अनुसार सम्पूर्ण अक्षयकोषलाई एकरुपतामा संशोधन गरी पुनर्लेखन गरी अद्यावधिक गरिएको र दाताहरूसमक्ष हस्ताक्षर गराई वार्षिक भेलाको दिन हस्तान्तरण गरिने छ ।

तानसेन गुठीमा पहिलोपटक पूर्व अध्यक्ष शान्ता शाक्यज्यूको संयोजकत्वमा साहित्य कार्यक्रम 'तानसेनको चिनारी साहित्य र संस्कृति अन्तरक्रिया तथा कवितावाचन' कार्यक्रम भव्यताका साथ सम्पन्न भएकोमा संयोजक साथै सहभागी सबैमा धन्यवाद ज्ञापन गर्दछु ।

ज्ञानवर्धक लेख रचना, गुठीका विविध क्रियाकलाप, जानकारीमूलक समाचार, सूचना, विज्ञापन, शुभकामना साथै अन्य विविध सामग्री समेतको 'चिनारी' पत्रिका २८औं अंक यहाँहरू समक्ष सगौरव प्रस्तुत गर्न पाउँदा मलाई खुसी लागेको छ । 'चिनारी' प्रकाशनका संयोजक तथा प्रधान सम्पादक जयन्ती श्रेष्ठ लगायत 'चिनारी' प्रकाशन समितिलाई आभारसहित धन्यवाद-ज्ञापन गर्दछु । चिनारी' प्रकाशनमा भाषा सम्पादन तथा अन्य आवश्यक सहयोग गर्नुभएका पूर्व अध्यक्ष शान्ता शाक्यप्रति आभार व्यक्त गर्दै हार्दिक धन्यवाद-ज्ञापन गर्दछु । 'चिनारी' प्रकाशनमा लेखरचना विज्ञापन उपलब्ध गराई सहयोग गर्नुहुने लेखक र विज्ञापनदाताज्यूहरूमा आभार व्यक्त गरी हार्दिक धन्यवाद-ज्ञापन गर्दछु । 'चिनारी' पत्रिकालाई यो रूपमा ल्याउन अहम् भूमिका निभाउनु भएको हाम्रो गुठी सदस्य श्री महेन्द्र लाल श्रेष्ठलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । यसवर्ष अक्षयकोष स्थापना गर्नुभएका अक्षयकोषदाताहरू डा.निशा श्रेष्ठ, कोकिलगोविन्द श्रेष्ठ, डा.रामेश्वरनाथ गोंगल, तीर्थनाथ गोंगल तथा बालप्रसाद श्रेष्ठज्यूहरूलाई गुठीको तर्फबाट हार्दिक धन्यवाद-ज्ञापन गर्दछु ।

आदरणीय सदस्य महानुभावहरू गुठीको विधानअनुसार मेरो २ वर्षको अध्यक्षको रूपमा जिम्मा पाएको कार्यकाल आजबाट समाप्त हुँदैछ । मेरो यस कार्यकाल सफल बनाई दिन हाम्रा आदरणीय सल्लाहकार, पूर्व अध्यक्ष, उप–समिति संयोजक एवम् सदस्यज्यूहरूबाट जुन किसिमको प्रेम,

सद्भाव, सहयोग, विश्वास, मार्गदर्शन पाएँ त्यसको लागि म उहाँहरूप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । मेरो दुई वर्षे कार्यकालमा हाम्रो पूर्व अध्यक्ष आदरणीय श्री हेमन्त राज कोलाक्षपति साथै श्री गृहमान सिंहबाट प्राप्त भएको अपनत्व, स्नेह, विश्वास, सल्लाह, सहयोग र मार्गदर्शन मलाई अविस्मरणीय रहनेछ, म उहाँहरूप्रति हार्दिक आभारसहित कृतज्ञताज्ञापन गर्दछु । लेखा परीक्षण गरी निरन्तर सहयोग गरिदिनु भएका श्री प्रताप प्रसाद प्रधानज्यूलाई धन्यवाद ज्ञापन गर्दछु । मेरो कार्यसमिति, उपसमितिका पदाधिकारी एवम् सदस्यज्यूहरूमा एकवध्द भई आआफ्नो भूमिका उत्कृष्ट रूपले वहन गरी निभाउनु भई कार्यकाल सफल बनाउन सहयोग पु-याउनु भएकोमा धन्यवाद व्यक्त गर्दछु । सकृयतासाथ गुठीको हरेक कार्यमा साथ सहयोग पु-याउनु हुने जीवन ज्योति बज्राचार्य, राजु प्रधान, विनय शाक्य, सुबोधलाल श्रेष्ठ एवम् सूचना प्रवाह चुस्त दुरुस्त राख्न सहयोग गर्नुभएका मनिष श्रेष्ठ लगायत सबैलाई विशेष धन्यवाद ज्ञापन गर्दछु ।

समन्वयात्मक भूमिका निर्वाह गरी सहयोग गर्नुहुने तानसेन गुठी तानसेन शाखा र बुटवल शाखाप्रति धन्यवाद ज्ञापन गर्दछु । आदरणीय गुठियारज्यूहरूको सहयोग विना गुठी क्रियाकलाप सफल हुन सक्दैन, यहाँहरूबाट पाएको सहयोगलाई म कृतज्ञता सहित धन्यवाद-ज्ञापन गर्दछु ।

मेरो परिवारको साथ र सहयोग बिना म तानसेन गुठीमा अगाडि बढ्न सक्दिन थिएँ होला, त्यसैले वहाँहरूको साथ र सहयोगप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

अबको नव निर्वाचित अध्यक्ष लगायत सम्पूर्ण कार्यसमिति सदस्यज्यूहरूलाई हार्दिक बधाई तथा शुभकामना दिँदै वहाँहरूको कार्यकालको पूर्ण सफलताको हार्दिक शुभकामना व्यक्त गर्दछु ।

अन्तमाश्री ७ रणउजीरेश्वरी भवगती माता सदा दाहिने भई हामी सबैको रक्षा गरिदिऊन् ।

धन्यवाद !

तानसेन गुठीले ३० वर्ष पार गरी
३१ औं वर्ष प्रवेशको अवसरमा
गुठीको उत्तरोत्तर प्रगतिको लागि
हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

'उद्यमी बनौं, सफल महिलाको पहिचान दिऔं'

| संस्थाले प्रदान गर्ने कर्जाहरू : | संस्थाले संकलन गर्ने वचतहरू : |
|---|---|
| १. लघुवित कर्जा | १. समूह वचत |
| २. व्यवसायीक समूह कर्जा | २. व्यक्तिगत वचत |
| ३. धितो कर्जा | ३. योजना वचत |

निर्मला आचार्य
अध्यक्ष
महिला सहयोगी बचत तथा ऋण सहकारी संस्था लि.
का.म.न.पा.-२६, सामाखुसी, काठमाडौं, फोनः ४९८७०३१ ४९८८८८७



## सम्पादकीय (मुंम्ह)



आज तानसेन गुठीको ३१औं साधारण सभा तथा वार्षिक भेलाको अवसरमा गुठीको मुखपत्र **'चिनारी'** पत्रिकाको २८ औं अंक यहाँहरू समक्ष प्रस्तुत गर्न पाउँदा खुसी तथा गर्व महसुस भएको छ । विभिन्न उद्देश्य र सपना बुनेर तानसेनबाट काठमाडौं आएका केही अग्रज युवाहरूको अथक प्रयासबाट आफ्ना भाइ-बन्धुहरूको आपसी साथ-सहयोग तथा एकता कायम गर्दै विविध सामाजिक सेवाका कार्य तथा कल्याणकारी असल कार्य गर्ने उद्देश्यले २०५० सालमा जन्म भएको थियो, तानसेन गुठी । यसरी आफ्नो उद्देश्य अनुरूप धार्मिक, सांस्कृतिक, ऐतिहासिक, सामाजिक, शैक्षिक, स्वास्थ्य तथा पर्यटनको क्षेत्रमा योगदान दिँदै तानसेन पाल्पाको सांस्कृतिक पर्व संचालनमा गुठीले सहजकर्ता तथा उत्प्रेरकको भूमिका निर्वाह गर्दै आर्थिक सहयोग गर्दै आइरहेको यहाँहरूमा विदितै छ । यी उद्देश्यहरूलाई मूर्तरूप दिन गुठीका सदस्यज्यूहरूले स्थापना गर्नुभएका विभिन्न अक्षयकोषहरूको योगदानबाट नै सम्भव भएको हो भन्दा अत्युक्ति नहोला । प्रारम्भिक अवस्थादेखि विभिन्न आरोह-अवरोह झेल्दै आज यो प्रतिष्ठित संस्था ३१औं वसन्तमा आइपुगेको छ ।

विश्वव्यापी कोभिड १९ को महामारीले गर्दा २०७७ सालमा हुनुपर्ने २८औं साधारण सभा तथा वार्षिक भेला कार्यक्रम संचालन गर्न सम्भव नभएकोले स्थगित गरिएको थियो । २०७८ सालमा पनि संक्रमण बढेकोले स्वास्थ्य सुरक्षा अपनाएर २५ जनासम्म भौतिक रूपमा भेला भएर कार्यक्रम गर्न पाउने सरकारको प्रावधान अनुरूप सीमित गुठी सदस्यज्यूहरूको भौतिक उपस्थितिमा तथा अन्य सदस्यहरू जूमको माध्यमबाट भर्चुयल सहभागितामा गुठीको २८ र २९ औं साधारण सभा तथा वार्षिक भेला सम्पन्न भएको थियो । गत वर्ष पनि कोभिडको त्रास निर्मूल त भइसकेको थिएन तथापि स्वास्थ्य मापदण्ड अपनाई सजक भएर ३०औं साधारण सभा तथा वार्षिक भेला कार्यक्रम सम्पन्न भएको थियो । यस वर्ष पनि विभिन्न स्वास्थ्य सुरक्षा अपनाए सजकताका साथ आफ्नो ३१ औं साधारण सभा तथा वार्षिक भेला कार्यक्रम सञ्चालन गर्दैछ ।

गुठीले आफ्नो स्थापनाकालदेखि हरेक वर्ष निरन्तर रूपमा प्रकाशन गर्दै आएको **चिनारी** पत्रिका यस वर्ष पनि प्रकाशन गर्न सफल भएको छ ।

हाल तानसेनस्थित रणउजीरेश्वरी भगवती माताको दुईतले मन्दिरलाई ९० सालको भन्दा अगाडिको तीनतले मन्दिरको स्वरूपमा पुननिर्माण गरिनु पर्ने बारेमा सर्वत्र चर्चा भइरहेको अवस्थामा चिनारीको आवरण पृष्ठमा रणउजीरेश्वरी भगवती माताको उक्त पुरानो स्वरूपको तीनतले मन्दिरको फोटो समावेश गरिएको छ ।

गुठीको २७औं वार्षिक भेलादेखि **चिनारी** पत्रिकामा गुठीका सल्लाहकारहरू तथा पूर्व अध्यक्षहरूको 'जन्मभूमिदेखि कर्मक्षेत्रसम्म' एक प्रेरणाको श्रोत प्रकाशित गर्ने उद्देश्यले निरन्तर प्रकाशित हुँदै आइरहेको छ । यस वर्षको चिनारीमा गुठीका सल्लाहकारज्यूहरूबाट स्वेच्छाले गुठीको ३१ औं साधारण सभा तथा वार्षिक भेलाको सफलताको शुभकामना **'चिनारी'** पत्रिकामा प्रकाशित गरी गुठीलाई सहयोग गर्नुभएको छ ।

गुठीबाट वार्षिक तालिकाअनुसार हरेक वर्ष विभिन्न क्रियाकलापहरू सञ्चालन गर्दै आइरहेको छ । चिनारीको नियमित स्तम्भहरूलाई निरन्तरता दिँदै यसवर्ष पनि गुठीका मुख्य उद्देश्य, प्रस्तावित वार्षिक कार्यक्रम र वार्षिक गतिविधिहरू, धार्मिक तथा स्वास्थ्य कार्यक्रम र आयव्यय विवरण आदि प्रकाशित गरिएको छ । साथै तानसेनसँग सम्बन्धित पर्यटनबारे ज्ञानमूलक लेख, गहनतम् एवं विचारप्रधान लेख-रचनाहरू, समाचारहरू, समय सान्दर्भिक लेखहरू र प्रतिक्रियाहरू तथा अतीतलाई सम्झाउने खालका पुराना फोटो पनि प्राथमिकताका साथ समावेश गरेर पठनीय बनाउने प्रयास गरिएको छ ।

कोभिड १९ को प्रभावले देशमा देखापरेको आर्थिक मन्दीको अवस्थाले गर्दा व्यापार व्यवसाय उठ्न नसकेको अवस्थाको बाबजुत पनि गुठीप्रति आत्मीयता देखाई विज्ञापन दिई सहयोग गर्नुहुने विज्ञापनदाता, प्रकाशन समितिका सल्लाहकार, सदस्य तथा विज्ञापन संकलन समितिका सदस्यज्यूहरूको साथ र सहयोगका लागि गुठीको तर्फबाट हार्दिक धन्यवादज्ञापन गर्दछु ।

यस अंकलाई भाषा सम्पादनमा सहयोग गर्नुभएकोमा पूर्व अध्यक्ष शान्ता शाक्यलाई विशेष धन्यवाद दिन चाहन्छु । विभिन्न लेख रचनाहरू लेखनमा सहयोग गर्नुभएकोमा गुठीका निवर्तमान अध्यक्ष सर्जुमान लिगललाई धन्यवाद ज्ञापन गर्दछु । साथै **चिनारी** प्रकाशनमा मलाई पूर्ण विश्वासका साथ प्रधान सम्पादकको यति महत्त्वपूर्ण जिम्मेवारी प्रदान गरिएकोमा गुठीप्रति विशेष आभारी छु । **'चिनारी'** प्रकाशनमा सबैको प्रयास हुँदाहुँदै पनि केही कमी वा त्रुटिहरू हुन गएमा क्षमा याचना गर्दछु । आगामी दिनमा यहाँहरूको सल्लाह, सुझाव, उत्प्रेरणा र सकारात्मक प्रतिक्रियाले अझ उत्कृष्ट, आकर्षक र संग्रहणीय **चिनारी** प्रकाशनमा योगदान पुग्ने छ भन्नेमा म विश्वस्त छु । यहाँहरूको यो विश्वासलाई सदैव यसरी नै कायम राख्न सकियोस् भनी श्री रणउजीरेश्वरी भगवती मातासँग प्रार्थना गर्दछु ।

**'स्वास्थ्य मापदण्ड अपनाऔं र सुरक्षित रहौं' ।**

धन्यवाद ।

**जयन्ती श्रेष्ठ**
प्रधान सम्पादक

तानसेन गुठीले ३० वर्ष पार
गरी ३१ औं वर्ष प्रवेशको
अवसरमा गुठीको
उत्तरोत्तर प्रगतिको लागि हार्दिक
शुभकामना व्यक्त गर्दछौं ।

**पब्लिक सूत्रधार**
**बहुउद्देश्यीय सहकारी संस्था लि.**
बानेश्वर, काठमाडौं, नेपाल
फोन : ४४६३०३५, ४४६३०३६
इमेल : info@publicsutradhar.coo.np

तानसेन गुठीले ३० वर्ष पार
गरी ३१ औं वर्ष प्रवेशको
अवसरमा गुठीको
उत्तरोत्तर प्रगतिको लागि हार्दिक
शुभकामना व्यक्त गर्दछौं ।

**अर्जुनमान सैंजू**
**अध्यक्ष**
**तानसेन गुठी, बुटवल शाखा**
**बुटवल**

**हार्दिक मंगलमय शुभकामना**

श्री ७ रणउजिरेश्वरी भगवती माताको प्रसिद्ध रथयात्राको
पूर्ण सफलताको कामना गर्दै तानसेन गुठीको
उन्नती तथा प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछ ।

सेन्ट्रल फाईनान्स लिमिटेड
CENTRAL FINANCE LIMITED
*Serving Your Financial Needs*

कुपण्डोल, ललितपुर, फोन नं. ०१-५९७०००५, Email: info@centralfinance.com.np

www.centralfinance.com.np



# विषयसूची


- अध्यक्षको मन्तव्य (नायःया न्वचु) ५
- सम्पादकीय (मुंम्ह) ७
- प्रतिक्रिया/पुरस्कृत विद्यार्थी प्रतिक्रिया १०
- तानसेन गुठीका प्रमुख उद्देश्यहरू १३
- आ. व. २०८०/०८१ को प्रस्तावित कार्यक्रम १४
- **तानसेन गुठी : वार्षिक गतिविधिहरू (आ.व. २०७९/८०)** १५
- इन्फ्लूएन्जा तथा निमोनिया खोप कार्यक्रम ३८
  - सुबोध लाल श्रेष्ठ
- ९० वर्षीय पूजा (देवरथारोहण) कार्यक्रम – श्रध्येय श्री तीर्थनाथ गोंगलज्यू - प्रमी श्रेष्ठ ३९
- तीर्थयात्रा कार्यक्रम - राजु प्रधान ४१
- गुठीको संरक्षणमा रहेका शैक्षिक छात्रवृत्ति पुरस्कारहरू ४४
- शैक्षिक गतिविधि ४५
- गुठीको संरक्षणमा रहेका स्वास्थ–सेवा, स्वास्थ शिक्षा अक्षयकोषहरू ५२
- गुठीको संरक्षणमा रहेका धार्मिक, साँस्कृतिक तथा पर्यटन क्षेत्रका अक्षयकोषहरू ५२
- स्वास्थ्य गतिविधि ५४
- तानसेन गुठी - तानसेन शाखा वार्षिक प्रतिवेदन ५५
- तानसेन गुठी - बुटवल शाखा वार्षिक प्रतिवेदन ५६
- अक्षयकोषदाता भेला २०८० - निलम गोंगल श्रेष्ठ ५७
- तानसेनको 'चिनारी' - साहित्य तथा संस्कृति अन्तरक्रिया तथा कवितावाचन कार्यक्रम - शान्ता शाक्य ६१
- श्री ७ रण उर्जीरेश्वरी भगवती मन्दिरको स्वरूप ६५
  - गृहमान सिंह
- 'तीर्थनाथ –जानकीदेवी गोंगल अक्षयकोष' ६७
- 'कोकिल गीता मानवसेवा कोष' ६८
- 'रामेश्वर नाथ–कल्पना गोंगल रणउर्जीरेश्वरी भगवती माता पूजा अक्षयकोष' ६९
- 'बैद्य गोविन्दलाल –चिनियादेवी भगवती माता पूजा प्रसाद अक्षयकोष' ७०
- 'गृहेन्द्रध्वज-मानकुमारी स्मृति अक्षयकोष' ७२
- हार्दिक बधाई तथा शुभकामना ७४
- व्यक्ति-व्यक्तित्व: वरिष्ठ रसायनविद् गृहमान सिंह ७५
  - शोभा श्रेष्ठ
- जन्मभूमिदेखि कर्मभूमिसम्म - सर्जुमान लिगल ७७
- काठमाडौंमा तानसेन गुठी किन? यसको उद्देश्य के हो ? र गठन प्रणाली कस्तो छ ? ८४
  - गृहमान सिंह
- रानीमहल पुरुष बिच भलिबल प्रतियोगितामा ९०
  - सर्जुमान लिगल
- कुलको चिराग – डा. त्रिवेणीप्रसाद प्रधान ९२
  - चैतन्य प्रधान
- तानसेन पाल्पा को इतिहास र केही स्मरण ९८
  - शंकर मान सिंह
- HEALTH, HEALTHCARE AND LOCAL GOVERNMENT १०७
  - Prof. Dr. Manohar Lal Shrestha
- तानसेनको चिनारी: साहित्य र संस्कृति अन्तरक्रिया-पत्र ११३
  - पुष्कर अथक रेग्मी / राजेन्द्र गोपाल सिंह
- पाल्पाली अग्रणी नारी प्रतिभा - प्रकाश प्रधानाङ्ग १२०
  - शान्ता शाक्य
- फुइँफाँय्या यात्रा, क्या जात्रा ! - ज्ञानकाजी शाक्य १२३
- तानसेन नगरपालिकाको दीर्घकालीन महत्त्वका कार्यक्रमहरू - सन्तोषलाल श्रेष्ठ १२७
- हुलाक टिकटमा पाल्पा र पाल्पाली व्यक्तित्व - २ १३०
  - नवीन गोविन्द श्रेष्ठ
- छ पुस्तादेखि चिकित्सा व्यवसायमा निरन्तरता: तानसेनको गौरव–हाम्रो वैद्य परिवार १२७
  - रामचन्द्रमान सिंह
- जन्मथलोको समाचार १३८
- आजीवन सदस्यहरूले पाउने सहुलियतको विवरण १४३
- लेखापरिक्षकको प्रतिवेदन (२०७९/०८०) १४४
- धन्यवाद ज्ञापन १५४
- आजीवन/साधारण सदस्यहरूको नामावली १६२
- अतीतको सम्झना १७६

प्रतिक्रिया

# तानसेन सहर मेरो स्मरणमा...



**महेन्द्र कुमार श्रेष्ठ**
**पर्यटक पथ-प्रदर्शक**

म ४-५ वर्षको अबोध बालक अवस्थादेखि नै सांस्कृतिक नगरी तानसेन सहरको ऐतिहासिक प्रष्ठभूमि र वैभबको बारेमा मेरो आमाबाट सुन्दै आएको थिएँ । विशेषतः हाम्री निनीबज्यै (कमलदेवी श्रेष्ठ) तानसेन पाल्पास्थित टक्सारटोलमा उहाँको छोरा ई. सत्यमान श्रेष्ठसँग बस्नुहुन्थ्यो ।

आमाले हामीलाई उक्त अंकलको पढाइमा लगनशीलता र सफलताको बारेमा पटक पटक प्रेरणाको कथाको रूपमा सुनाईरहनु हुन्थ्यो । यसरी हाम्रो अंकल स्व. ई. सत्यमानको जीवनीले अझै सुन्दर सहरको परिकल्पना हुन्थ्यो । त्यसकारणले पनि तानसेन पुग्नुभन्दा धेरै अघिदेखि यस नगरीको बारेमा सोँच्ने र सम्झिने कुरा भइरहन्थ्यो तर जाने अवसर मिलेको थिएन ।

धेरै समयपछि टुरगाईड ट्रेनिङको सिलसिलामा पहिलो पटक २०४४ सालमा साथीहरूसँग तानसेन घुम्ने सुअवसर मिलेको थियो । त्यसको केहि समय पछि २०४७ सालतिर सिंगापुरका टुरिष्टहरूको ग्रुप लिएर ८-१० दिनको कार्यक्रममा लुम्बिनी गएका थियौं । त्यहाँस्थित 'धर्मोदय विहार'का श्रध्देय भन्ते विमलानन्दज्यूले हाम्रो ग्रुपलाई दिनभरिको कार्यक्रममा तानसेन घुमाउन लैजानुभएको थियो । यसरी तानसेनसँग नजिकिँदै जाँदा पछि धेरै पटक विभिन्न जर्मन पर्यटकहरूको ग्रुपसँग पनि घुम्न जाने अवसर प्राप्त भएको थियो ।

२०७४ सालमा हाम्रा हितैषी साथीहरू विशेषगरी प्रमी श्रेष्ठ, दिनेश प्रसाद थान्जू तथा अन्य साथीहरूको आतिथ्यमा तानसेनस्थित रणउजीरेश्वरी भगवती माताको सिंदुर जात्रामा सरिक भई नजिकबाट तानसेनको विविध भौगोलिक तथा सांस्कृतिक पक्षलाई नियाल्ने मौका प्राप्त भएको थियो ।

तानसेनबाट विभिन्न उद्देश्य लिएर काठमाडौंमा बसोबास गरिरहेका व्यक्तिहरू मिलेर आपसी सद्भाव, सहयोग र मेलमिलापको भावना अभिवृध्दि गर्ने उद्देश्यले तानसेन गुठीको स्थापना गरी विभिन्न क्षेत्रमा सहयोग तथा प्रोत्साहन गर्दै आइरहेको छ । यसैक्रममा पर्यटक पथ-प्रदर्शकहरूलाई प्रोत्साहन गर्ने उद्देश्यले गुठीमा स्थापित 'जीवन-जयन्ती उत्कृष्ठ पर्यटक पथप्रदर्शक पुरस्कार' २०७८ सालको लागि मलाई पुरस्कृत हुने शौभाग्य प्राप्त भएकोमा तानसेन गुठीप्रति अनुग्रहित छु र अझ नजिक भएको महसुस गरेको छु । गुठी प्रति आभार तथा धन्यवाद !

रणउजीरेश्वरी भगवती माता की जय ! जय !! जय !!!

## प्रतिक्रिया पठाउने बारे

चिनारी पत्रिकामा प्रतिक्रिया स्तम्भ शुरु गरिएको हुनाले गुठीप्रति आफ्नो धारणा, गुनासो तथा सल्लाह सुझावहरु तलको इ-मेल ठेगानामा प्रकाशनार्थ पठाउनु हुन हार्दिक अनुरोध गर्दछौ ।

tansenguthi@gmail.com

## मानसम्मान सम्बन्धी सूचना

गुठियारहरुले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको मान सम्मान, विशिष्ट उपलब्धि तथा पदवी पुरस्कार आदि विशिष्ट सम्मान प्राप्त गर्नु भएको छ भने समयमै गुठीलाई जानकारी दिनुहोला ।

**पुरस्कृत प्रतिक्रिया**

# This award comes with a responsibility to continue striving for excellence



My name is Somi Tuladhar. I remember the day when I received a phone call and I was informed that I have been selected for “Jeeven Jayanti Utkristha Paryatak Path-Pradarshak Puraskar”, which turned out to be delightful news for me. Following the news, I attended the 30th annual gathering of Tansen Guthi on 18th Bhadra, 2079 and I was truly honored and humbled when they announced my name for the award.

I would like to express my deepest gratitude to the founder Mrs. Jayanti Shrestha for believing my eligibility for the award. Similarly, I would also like to thank the chairperson of Tansen Guthi, Mrs. Neelam Gongal Shrestha, for recognizing my contributions that eventually led me be the holder of the award. Thirdly, for the organizers and everyone involved in “Tourist Guide Association of Nepal (Turgan)” for recognizing my efforts, I would like to express my biggest appreciation. This achievement would not have been possible without the support of my family, friends, and colleagues who have guided and inspired me along this journey.

I also want to acknowledge the incredible team I've had the privilege of working with. Their dedication, collaboration, and hard work have been instrumental in achieving this milestone. This award is a testament to their unwavering commitment.

The moment I received this award is memorable for me for several reasons. I had the opportunity to experience knowing and seeing the sacred “Shree Rana Ujireswori Bhagawati Mata, Tansen” which was extremely fascinating and delightful for me. Similarly, I was both astonished and impressed to witness our Newari Culture being preserved despite the local preservers residing outside the Kathmandu Valley. I truly appreciate their roles in their contribution for the preservation of our lovely culture.

As I stand here, I'm reminded of the countless hours, challenges, and sacrifices that have led me to this moment. It serves as a reminder that dedication, perseverance, and a passion for what you do can indeed bring about remarkable results.

Lastly, I'm mindful that this award comes with a responsibility to continue striving for excellence and contributing positively to the field I'm passionate about. I look forward to using this recognition as a driving force to make even greater contributions in the future.



**Somi Tuladhar**
Member of Turgan
Languages: Japanese, Chinese

**पुरस्कृत विद्यार्थी प्रतिक्रिया**

# मेरा लागि अत्यन्तै अविस्मरणीय क्षण



**डा. विवेक पौडेल**

वि.सं. २०५० सालमा स्थापना भई ३० औं वसन्त पार गरी अघि बढिरहेको तानसेन गुठीप्रति हार्दिक नमन गर्दछु । आफ्नो पुर्ख्यौली भूमि पाल्पाबाट विविध कारणले कर्मभूमि काठमाडौंमा पुगी जीवनयापन गर्दै आउनुभएका तानसेनबासीहरूलाई एकैठाउँमा ल्याई आपसी सहयोग, सद्भाव र मित्रतामा टेवा पुर्याउँदै आएको संस्था हो ‘तानसेन गुठी’। वर्षेनी भेला आयोजना गरी रमाइलो भेटघाटको माहोल बनाई सुख दुःख साटासाट गर्दै आफ्नो संस्कृति तथा परम्परालाई जीवित राख्ने कार्यका साथै सामाजिक उत्तरदायित्व वहन गर्ने उद्देश्यले स्थापित विभिन्न अक्षयकोषका माध्यमबाट शैक्षिक, धार्मिक तथा स्वास्थ्य क्षेत्रमा अतुलनीय योगदान गुठीले पुर्याउँदै आईरहेको छ । तानसेन मात्र नभई समग्र पाल्पाकै गौरवको रूपमा स्थापित यो गुठी अझ अग्रगामी भई राष्ट्रिय गौरवको संस्था बन्ने होडमा देख्दा उत्साहको सीमा नै रहन्न ।

तानसेन गुठीको वार्षिक प्रकाशन ‘चिनारी’ का लागि केही शब्द कोर्ने क्रममा आज मलाई पाल्पाको भगवती जात्रा याद आइरहेको छ । भगवती जात्राकै अवसर पारी काठमाडौंमा हुने तानसेन गुठीका गुठियारहरूको २०७९ सालको भेलामा मलाई ‘जुन-लोक थापा पुरस्कार’ प्रदान गरिएको थियो । त्यो क्षण मेरा लागि अत्यन्तै अविस्मरणीय रह्यो । आफ्नो कर्मथलो जुम्लामा रहेकाले सो सम्मान आफैँले ग्रहण गर्न नपाएको दुःख मनमा रहेपनि मेरो तर्फबाट उक्त पुरस्कार मेरी भाईबुहारी स्वातीले ग्रहण गर्दाको पल मेरा लागि अत्यन्तै उत्साहप्रद रह्यो ।

लुम्बिनी मेडिकल कलेजबाट M.B.B.S. सकेको २ वर्ष भन्दा बढी बितिसकेको थियो । तानसेनले मलाई त्यसरी प्रेमपूर्वक स्मरण गर्ला भन्ने कुरा मनमा कहीं कतै पनि थिएन । ६ वर्ष भन्दा बढी आफ्नो जीवनको उर्जाशील समय व्यतित गरेको पाल्पा मेरा लागि ‘दोस्रो घर’ हो भन्दा अत्योक्ती नहोला । अनि मैरै घरबाट मलाई पुरस्कारका लागि आएको आमन्त्रणमा जान नपाउँदा मन केही खिन्न त भयो नै, तथापि सो पुरस्कारले आफ्नो क्षेत्रमा अझै केही गरौं भन्ने हुट्हुटि पनि जागेर आयो ।

अन्त्यमा, मलाई पुरस्कारका लागि आमन्त्रण गर्ने देखि लिएर चिनारीका लागि यी शब्द कोर्नलाई समेत प्रेरणा दिने यस संस्थाकी उपाध्यक्ष आदरणीय प्रमी श्रेष्ठ दिदी सहित तानसेन गुठीलाई हृदयदेखि नै धन्यवाद ज्ञापन गर्दै उत्तरोत्तर प्रगति तथा तानसेनबासीको सम्बन्ध अझै प्रगाढ हुँदै जाओस भनि शुभकामना व्यक्त गर्दछु ।


## प्रतिक्रिया पठाउने बारे

चिनारी पत्रिकामा प्रतिक्रिया स्तम्भ शुरु गरिएको हुनाले गुठीप्रति आफ्नो धारणा, गुनासा तथा सल्लाह सुझावहरु तलको इ-मेल ठेगानामा प्रकाशनार्थ पठाउनु हुन हार्दिक अनुरोध गर्दछौं।

tansenguthi@gmail.com

## मानसम्मान सम्बन्धी सूचना

गुठियारहरुले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको मान सम्मान, विशिष्ट उपलब्धि तथा पद्वी पुरस्कार आदि विशिष्ट सम्मान प्राप्त गर्नु भएको छ भने समयमै गुठीलाई जानकारी दिनुहोला ।



# तानसेन गुठीका प्रमुख उद्देश्यहरू

क) जन्मभूमि तानसेनबाट काठमाडौंमा आई विभिन्न पेसा र व्यवसाय गरी बसेका तानसेनवासीहरू बीच सुमधुर सम्बन्ध, स्नेह, मित्रता र भातृत्व एवम् सद्भाव कायम गरी पारस्परिक मेलमिलाप र सहयोग अभिवृद्धि गर्दै लैजाने ।

ख) सामाजिक कार्यअन्तर्गत बेलविवाह (इहि) व्रतबन्ध आदि सामूहिक रूपमा सम्पन्न गराउने ।

ग) गुठी सदस्य वा परिवार आकस्मिक अस्वस्थ, संकट र अन्य भवितव्य पर्दा र मर्दा एकअर्कालाई गुठीमार्फत सक्दो सहयोग गर्ने ।

घ) तानसेनको ऐतिहासिक, धार्मिक, सांस्कृतिक आदि सम्पदाको संरक्षण, संवर्द्धन र संभार गर्ने कार्यमा गुठी Catalyst का रूपमा काम गर्ने र सक्दो सहयोग गर्ने ।

ङ) शिक्षा, स्वास्थ्य, पर्यटन, वातावरण र आर्थिक क्षेत्रमा प्रत्यक्षरूपले सकारात्मक प्रभाव पर्ने क्रियाकलापमा टेवा दिने कार्य गर्न प्रयत्नशील रहने ।

च) गुठियार सदस्यहरूलाई संस्थागत रूपमा आवद्ध गराउन विभिन्न कार्यक्रमको योजना तर्जुमा गर्दै समयानुकूल परिवर्तन गर्दै लगिनेछ ।

छ) गुठी सदस्यहरूका छोराछोरीहरू एकत्रित गर्न विशेष खालका कार्यक्रमहरूको आयोजना गर्ने ।

# आ. व. २०८०/०८१ को प्रस्तावित कार्यक्रम

१) गुठीको उद्देश्यहरुलाई ध्यानमा राखि शिक्षा,स्वास्थ्य, धार्मिक, सांस्कृतिक पर्व जात्रा सहयोग अन्तरगत विभिन्न विद्यालयका छात्र छात्राहरुलाई छात्रवृत्ति पुरस्कार, सम्मान प्रदान र एस.ई.ई. पास विध्यार्थीहरूलाई बधाई तथा शुभकामना दिने कार्यक्रमलाई निरन्तरता दिईने छ ।

२) गुठी सदस्यका स्वर्गीय बन्धु वा परिवारको सम्झनामा स्मृति अक्षयकोष खडागर्न आह्वान गरी विभिन्न सामाजिकसेवा कार्यहरू सञ्चालन गर्ने ।

३) धार्मिक तथा सामाजिक कार्यक्रमलाई निरन्तरता दिइने छ ।

क) विभिन्न तीर्थस्थलको धार्मिक तीर्थयात्रा कार्यक्रम गरिने छ ।

ख) गुठी सदस्य तथा सदस्य परिवारको ९० र १०० वर्ष पुगेको जेष्ठ नागरिक सम्मान पूजा कार्यक्रम ।

ग) इही (बेलविवाह) र ब्रतवन्ध कार्यक्रम सामूहिकरूपमा सम्पन्न गर्ने ।

४) तानसेनस्थित भगवती मन्दिरको सम्बन्धमा आवश्यक कार्यहरू सम्बन्धित क्षेत्रमा कार्य गर्न गराउन निरन्तर प्रयास रहने । विभिन धार्मिक, सांस्कृतिक जात्रा-पर्व सञ्चालन गर्न गुठीबाट आर्थिक सहयोग भइरहेका अझ थप रकम सहयोग गर्न जुटाउने कार्य गर्ने ।

५) गुठीका नयाँ पुस्ता युवाहरूलाई तानसेन प्रति भावनात्मक सम्बन्ध गराउने उद्देश्यले युवा लक्षित कार्यक्रम गर्ने ।

६) हालसम्मका गुठीका क्रियाकलापको पुनर्मूल्याङ्कन गरी परिमार्जन वा सुधार गर्ने ।

७) दीर्घकालीन कार्यक्रम –तानसेन नेवाःछेँको अवधारणा साकार पार्न गुठीका पूर्व अध्यक्ष स्व.श्याम सुन्दरलाल कक्षपतीज्यूबाट प्राप्त सानेपाको जग्गा सहयोग सम्बन्धमा अध्ययन गरि सम्बन्धित क्षेत्रमा आवश्यक कार्य गर्न कार्य समिति जिम्मेवारीपूर्वक निरन्तर प्रयासरत रहने छ ।

८) गत केही वर्षदेखि सल्लाहकार तथा पूर्वअध्यक्षज्यूहरूको प्रेरणादायी जीवन यात्राबारे लेखिएको जीवनी 'म र मेरोबारे जन्मदेखि कर्म क्षेत्रसम्म' प्रकाशनलाई निरन्तरता दिइने छ।

९) नेवाःभाषा नेपालीभाषा, संस्कृति र साहित्यको विकास, संरक्षण, सम्वर्धन र भाषिक उत्थानलाई टेवा पुग्नेगरी साहित्यिक कार्यक्रम गर्ने ।

१०) गुठी संस्थापक सदस्य तथा पूर्व कार्यसमिति सदस्यहरूको उपस्थितिमा सुझाव संकलन तथा भेटघाट कार्यक्रम गर्ने ।

११) तानसेन पाल्पामा पर्यटकीय क्षेत्रमा टेवा पुर्याउने कार्यक्रमको साथै पाल्पा सांस्कृतिक पर्वको निरन्तरताको लागि सहयोग जुटाउने कार्यक्रमको निरन्तरता रहने ।

१२) स्वास्थ्य सेवाको सन्दर्भमा गुठीबाट इन्फ्लुएन्जा तथा निमोनिया भ्याक्सिन कार्यक्रमको निरन्तरता साथै स्वास्थ्यसेवा सम्बन्धित अन्य कार्यक्रमहरू गर्ने ।

१३) गुठीयार सदस्य, सदस्य परिवार का युवा तथा महिला सदस्यहरूलाई सक्रिय बनाउन साथै व्यक्तित्व विकासगर्न नेतृत्व विकास तथा उत्प्रेरणात्मक तालिम कार्यक्रम गर्ने ।

१४) तानसेन नगर पालिकासँग निरन्तर सम्पर्कमा रही आवश्यकता अनुसार सरसल्लाह सुझाव सहयोग पुर्याउने, कार्यक्रमहरू गराउने कार्यमा शाखालाई सक्रिय बनाउने ।

१५) तानसेन गुठीको नाममा YouTube channel बनाई पाल्पाको ऐतिहासिक धार्मिक मठ-मन्दिरस्थल तथा पर्यटनक्षेत्रलाई सहयोग पुर्याउने विविध स्थानीय साहित्य, कला, संस्कृति र परम्परा आदिको प्रस्तुतीको बारेमा कार्यक्रमहरू सन्चालन गर्ने ।

१६) गुठियार सदस्यहरूको बारेमा जानकारी दिन Who is Who लाई पुनःनिरन्तरता दिने ।

१७) सल्लाहकार तथा पूर्व अध्यक्षज्यूहरूसँग कम्तिमा वर्षको दुई पटक संयुक्त बैठक बसि छलफल र राय लिई विभिन्न सामाजिक सेवाका प्रभावकारी कार्यक्रमहरू गर्ने ।

१८) वार्षिक साधारणसभा तथा भेला कार्यक्रमको समिक्षा गरी आवश्यक सुधार गर्ने ।

१९) पौष मसान्तसम्म अर्ध-वार्षिक आय–व्यय तयार गर्ने। वार्षिकआय–व्यय वासलात आषाढ मसान्तसम्मको, वार्षिक भेलाबारे चिनारी प्रकाशन कार्य सम्पन्न गर्ने ।

२०) गुठीमा स्थापित विभिन्न अक्षयकोषको कार्यक्रम सम्बन्धमा रेकर्ड फाईल बनाउने ।

२१) भिजिट तानसेन कार्यक्रम संचालन गरी सांस्कृतिक, धार्मिक, प्राकृतिक सौन्दर्य अवलोकन कार्यक्रम गरी आन्तरिक पर्यटन प्रवर्धनमा टेवा दिन प्रयास गरिने साथै पाल्पा तानसेन टक्सार पर्यटन महोत्सव गर्ने योजनालाई सफलपार्न आवश्यक छलफल सहित प्रयाशरत् रहने छ।

२२) तानसेनको शिक्षा, स्वास्थ्य, धार्मिक, सांस्कृतिक, साहित्यिक र पर्यटन आदिको संरक्षण, संवर्धन, प्रवर्धनमा आजको वर्तमान अवस्थामा समय सापेक्ष विषयमा एक व्यक्ति एक विचार शिर्षकमा सम्बन्धित विज्ञहरूसँग लेख अनुरोध गरी पठनीय प्रकाशन गर्ने।

२३) गुठीका सदस्य कलाकारहरूलाई प्रोत्साहन गर्न तानसेन सँग सम्बन्धित कला संस्कृति झल्काउने, आर्ट, कलाकृति, फोटो आदिको प्रदर्शनी गर्ने, वार्षिक क्यालेन्डर प्रकाशन गरी तानसेनको प्रचार प्रसार गर्ने।

२४) ईच्छुक गुठीयार सदस्यज्यूहरूलाई सुचना र प्रविधि सम्बन्धि प्राथमिक प्रशिक्षण दिने कार्यक्रम गर्ने ।

# तानसेन गुठी : वार्षिक गतिविधिहरू

**(आ.व. २०७९/८०)**

तानसेन गुठीको वार्षिक साधारण सभा तथा गुठी भेला कार्यक्रम प्रत्येक वर्ष पाल्पा, तानसेनस्थित ऐतिहासिक श्री ७ रणउजीरेश्वरी भगवती माताको जात्राको लगत्तै आउने शनिबार वा अनुकूल समयमा भगवती माताको स्मरण गरी गुठी पूजा तथा वार्षिक भेला कार्यक्रम गरिने परम्परा रहँदै आएको छ

## (क) गुठी पूजा

गुठीको ३०औं वार्षिक भेला तथा साधारण सभा २०७९ साल भाद्र १८ गते शनिबारका दिन ललितपुरको बागडोलस्थित बेखा पार्टी भेन्यूमा भव्य समारोह बीच सम्पन्न गरिएको थियो । यस कार्यक्रमका थकाली आदरणीय श्री राजेन्द्र प्रसाद प्रधानज्यूबाट श्री ७ रणउजीरेश्वरी भगवती माताको प्रतिमूर्तिमा विधिवत् पूजा अर्चना गरी उपस्थित सम्पूर्ण गुठियार तथा सदस्य परिवारहरूलाई टीका, प्रसाद तथा आशीर्वाद प्रदान गर्नुभएको थियो । उक्त कार्यक्रममा तानसेन नगरपालिकाका नगर प्रमुख श्री सन्तोषलाल श्रेष्ठज्यूको गरिमामय उपस्थिति रहेको थियो । तत्पश्चात् विधिवत् साधारण सभाको कार्यक्रम सुरू गरिएको थियो ।



*श्री ७ रणउजीरेश्वरी भगवती माताको प्रतिमूर्ति*



*थकाली श्री राजेन्द्र प्रसाद प्रधानज्यूबाट टीका तथा प्रसाद प्रदान गर्नुहुँदै*



*थकाली श्री राजेन्द्र प्रसाद प्रधानज्यूद्वारा भगवती प्रतिमूर्तिको पूजा गर्नुहुँदै*



*थकाली श्री राजेन्द्र प्रसाद प्रधानज्यूबाट टीका तथा प्रसाद प्रदान गर्नुहुँदै*



*थकाली श्री राजेन्द्र प्रसाद प्रधानज्यूबाट टीका तथा प्रसाद प्रदान गर्नुहुँदै*



*थकाली श्री राजेन्द्र प्रसाद प्रधानज्यूबाट टीका तथा प्रसाद प्रदान गर्नुहुँदै*




*'चिनारी' पत्रिकाको २७औं अंकको विमोचन गर्नुहुँदै*

## (ख) चिनारी विमोचन कार्यक्रम

पूजाको कार्यक्रम लगतै वार्षिक रूपमा प्रकाशन गरिँदै आएको 'चिनारी' पत्रिकाको २७औं अंकको विमोचन गुठीका सल्लाहकार आदरणीय डा. मोहन मान सैंजू, तानसेनका नगर प्रमुख श्री सन्तोषलाल श्रेष्ठज्यू लगायत गुठीका पूर्व अध्यक्षज्यूहरू क्रमशः हेमन्त राज कोलाक्षपती, लक्ष्मण श्रेष्ठ, ई. करूणा गोविन्द श्रेष्ठ, गृहमान सिंह र शरण रत्न शाक्यबाट सामूहिक रूपमा गरिएको थियो ।

### ग) दर्ता तथा नवीकरण कार्य

वार्षिक भेला कार्यक्रमको पूर्वार्धमा बिहानको करिब ९ बजे उपस्थित सम्पूर्ण गुठियारहरूलाई पुस्तिकामा हस्ताक्षर गराई गुठीको वार्षिक पत्रिका 'चिनारी' वितरण गरिएको थियो गुठीको निर्णय बमोजिम आजीवन सदस्यहरूलाई एक प्रति चिनारी पत्रिका नि:शुल्क वितरण गरिएको थियो ।








*गुठी पूजा पछिको नास्ता खानु हुँदै*

## (घ) वार्षिक भेला कार्यक्रम

बिहानको पूजा अर्चना पछि समयबजी प्रसाद वितरण गरिएको थियो भने करिब ११ बजेतिर गुठीको ३०औं वार्षिक भेला कार्यक्रम प्रारम्भ गरिएको थियो उक्त कार्यक्रम गुठीका अध्यक्ष श्री निलम गोंगल श्रेष्ठज्यूको सभापतित्वमा सञ्चालन गरिएको थियो । सबैलाई टीका प्रसाद प्रदान गर्नुभएका थकाली श्री राजेन्द्र प्रसाद प्रधानज्यूको प्रमुख आतिथ्यमा तथा

विशेष अतिथिको रुपमा तानसेनका मेयर श्री सन्तोष लाल श्रेष्ठ, सल्लाहकार, पूर्व अध्यक्ष, कार्यकारी सदस्य, आजीवन सदस्य तथा सदस्यज्यूहरूको उपस्थितिमा कार्यक्रम सु-सम्पन्न गरिएको थियो ।

## १. आसन ग्रहण

वार्षिक भेला कार्यक्रममा गुठीका संरक्षक श्री रणउजीरेश्वरी भगवती माताको तस्वीरलाई आसनमा विराजमान गराइएको थियो । आसन ग्रहणको क्रममा गुठीका अध्यक्ष श्री निलम गोंगल श्रेष्ठको सभापतित्वमा उक्त दिनका थकाली श्री राजेन्द्र प्रसाद प्रधानज्यूलाई प्रमुख अतिथिको रूपमा र तानसेन न.पा.का मेयर श्री सन्तोषलाल श्रेष्ठज्यूलाई विशेष अतिथिको रूपमा तथा गुठीका निवर्तमान अध्यक्ष, सल्लाहकारहरू, पूर्व अध्यक्षहरू, कार्यकारी सदस्यहरूलाई मञ्चमा आसन ग्रहण गराई सभापतिबाट खादा ओढाई स्वागत गरिएको थियो । साथै अक्षयकोषदाताहरू, विभिन्न संघ-संस्थाबाट पाल्नुभएका आमन्त्रित अतिथिहरू, सम्मानित तथा पुरस्कृत व्यक्तित्वहरू, छात्रवृत्ति पुरस्कार पाउने विद्यार्थीहरू सम्पूर्ण गुठियारहरू तथा उपस्थित सम्पूर्ण महानुभावहरूलाई यथास्थानमा आसन ग्रहण गराइएको थियो ।

उक्त कार्यक्रम पूर्व कार्यकारी सदस्य तथा आजीवन सदस्य श्री जयन्ती श्रेष्ठबाट सञ्चालन गरिएको थियो ।



*थकाली श्री राजेन्द्र प्रसाद प्रधानज्यूलाई प्रमुख अतिथिको रूपमा खादा ओढाई आसन ग्रहण गराउँदै*



*प्रमुख अतिथि, विशेष अतिथि तथा अतिथिहरू आसन ग्रहण गर्नुहुँदै*

## २. हार्दिक श्रध्दाञ्जली अर्पण

विगत एक वर्षभरिमा दिवंगत हुनुभएका गुठी सदस्य तथा सदस्य परिवारहरूप्रति गहिरो दु:ख व्यक्त गर्नुका साथै हार्दिक श्रध्दाञ्जली अर्पण गर्दै समवेदनासहित उपस्थित सम्पूर्ण महानुभावहरूबाट सामूहिक रूपमा दिवंगत आत्माको बैकुण्ठवासको कामना गर्दै एक मिनेट मौनधारण गरिएको थियो ।



*कार्यक्रममा सहभागीहरू एक मिनेट मौनधारण गर्नुहुँदै*

## ३. सामूहिक राष्ट्रिय गान

राष्ट्रको सम्मानमा सम्पूर्ण महानुभावहरू आ–आफ्नो स्थानबाट सामूहिक रूपमा राष्ट्रिय गानमा सरिक हुनुभएको थियो ।

## ४. उद्घाटन कार्यक्रम

यस सभाका थकाली तथा प्रमुख अतिथि श्री राजेन्द्र प्रसाद प्रधानज्यूबाट पानसमा दीप प्रज्ज्वलन तथा भगवती माताको तस्विरमा माल्यार्पण गरी औपचारिक रूपमा कार्यक्रम शुभारम्भ गर्नुभएको थियो ।



*थकाली श्री राजेन्द्र प्रसाद प्रधानज्यू दीप प्रज्वलन गरी सभा उद्घाटन गर्नुहुँदै*

### ५. स्वागत मन्तव्य

गुठीका उपाध्यक्ष प्रमी श्रेष्ठबाट स्वागत मन्तव्य तथा वार्षिक प्रतिवेदनबारे छोटकरीमा जानकारी गराउनुभएको थियो



स्वागत मन्तव्य राख्नुहुँदै गुठीका उपाध्यक्ष प्रमी श्रेष्ठ

### ६. अभिनन्दन तथा सम्मान कार्यक्रम

**क.** गुठीका आजीवन सदस्य तथा वरिष्ठ सल्लाहकार मी.सु. श्री नारायणप्रसाद श्रेष्ठलाई उहाँको योगदानको उच्च कदर गरी गुठीबाट अभिनन्दन गरिएको थियो । उहाँलाई तानसेनका मेयर श्री सन्तोष लाल श्रेष्ठबाट फूलमाला लगाई तथा प्रमुख अतिथि श्रध्देय श्री राजेन्द्र प्रसाद प्रधानबाट दोसल्ला ओढाई सम्मान गर्नुभएको थियो भने गुठीका



वरिष्ठ सल्लाहकार मी.सु. श्री नारायणप्रसाद श्रेष्ठलाई अभिनन्दन गरिँदै



अभिनन्दित वरिष्ठ सल्लाहकार मी.सु. श्री नारायणप्रसाद श्रेष्ठलाई शुभकामना मन्तव्य व्यक्त गर्नुहुँदै

अध्यक्ष श्री निलम गोंगल श्रेष्ठबाट अभिनन्दन-पत्र प्रदान गरी अभिनन्दित गरिनुका साथै बधाई तथा शुभकामना-ज्ञापन गरिएको थियो । उक्त पत्र निवर्तमान अध्यक्ष श्री सर्जुमान लिगलबाट वाचन गर्नुभएको थियो । अभिनन्दित व्यक्तित्वबाट शुभकामना मन्तव्य व्यक्त गरिएको थियो ।

**ख.** आजीवन सदस्य श्री सुन्दर लाल श्रेष्ठलाई उहाँले पु-याउनु भएको अतुलनीय योगदानको उच्च कदर गर्दै उहाँलाई गुठीबाट सम्मान-पत्रद्वारा सम्मानित गरिएको थियो । उहाँलाई तानसेनका मेयर श्री सन्तोषलाल श्रेष्ठबाट फूलमाला लगाई तथा गुठीका सल्लाहकार ई. श्री शंकरकृष्ण मल्लबाट दोसल्ला ओढाई गुठी अध्यक्षबाट सम्मानपत्र प्रदान गरी बधाईज्ञापन गरिएको थियो । उक्त सम्मानपत्र गुठीका पूर्व अध्यक्ष श्री शान्ता शाक्यबाट वाचन गर्नुभएको थियो ।



आजीवन सदस्य श्री सुन्दर लाल श्रेष्ठलाई सम्मान-पत्र प्रदान गर्नुहुँदै

### ७. हार्दिक बधाई शुभकामना

यस गुठीका आजीवन सदस्य, गुठीको तानसेन शाखाका सल्लाहकार, त्रिभुवन बहुमुखी क्याम्पस पाल्पाका पूर्व क्याम्पस प्रमुख तथा लुम्बिनी मेडिकल कलेजका कार्यकारी निर्देशक श्री सन्तोषलाल श्रेष्ठज्यू तानसेन नगरपालिकाको गरिमामय नगर प्रमुख पदमा निर्वाचित हुनुभएकोमा गुठी परिवार अत्यन्त हर्षोल्लासका साथ वहाँको कार्यकालको पूर्ण सफलताको कामना गर्दै गुठीका पूर्व अध्यक्ष श्री हेमन्तराज कोलाक्षपतिज्यूबाट माला तथा सल्लाहकार ई. श्री शंकरकृष्ण मल्लज्यूबाट दोसल्ला ओढाई अध्यक्षज्यूबाट प्रमाणपत्र प्रदान गर्नुका साथै हार्दिक बधाई शुभकामना व्यक्त गरिएको थियो । साथै यस सभाका विशेष अतिथिको आसनबाट उहाँले गुठीको लागि शुभकामना मन्तव्य राख्नुभएको थियो । मन्तव्य राख्ने क्रममा उहाँले तानसेनको शिक्षा, स्वास्थ्य र पर्यटन क्षेत्रको विकासमा विशेष पहल गर्ने बताउनुभएको थियो । यसै अवसरमा उहाँको आफ्नो बुबा-आमाको नाममा अक्षयकोष



आजीवन सदस्य तथा तानसेन नगरपालिकाका नगर प्रमुख श्री सन्तोषलाल श्रेष्ठलाई प्रमाण-पत्र प्रदान गरिँदै



आजीवन सदस्य तथा तानसेन नगरपालिकाका नगर प्रमुख श्री सन्तोषलाल श्रेष्ठ शुभकामना मन्तव्य व्यक्त गर्नुहुँदै

स्थापना गर्नको लागि रू. एकलाख प्रदान गर्नुभएको थियो । साथै उहाँको छोराको शुभविवाह भएको उपलक्ष्यमा गुठीको लागि आवश्यकताअनुसार प्रयोग गर्नको लागि रू. ३० हजार गुठीका अध्यक्षलाई प्रदान गर्नुभएको थियो ।

## ८. वार्षिक प्रतिवेदन

गुठीका सचिव विनय शाक्यबाट आर्थिक वर्ष २०७७-०७८-०७९ को वार्षिक प्रतिवेदन संक्षिप्त रूपमा प्रकाश पार्नुभएको थियो भने सो प्रतिवेदन साधारण सभाबाट अनुमोदन गरिएको थियो ।



गुठीका सचिव विनय शाक्य वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुहुँदै

## ९. वार्षिक आर्थिक प्रतिवेदन

गुठीका कोषाध्यक्ष जीवन ज्योति बज्राचार्यले आर्थिक वर्ष २०७८-०७९ को आय–व्यय विवरण संक्षिप्त रूपमा प्रस्तुत गर्नुभएको थियो ।

आ.व. २०७८-७९ को लागि कूल आम्दानीतर्फ जम्मा रू. ८,०८,७३१।-, कूल खर्चतर्फ जम्मा रू.७,५०,८५५।-, वचततर्फ जम्मा रू.५७,८८०।- र कूल मौज्दात जम्मा रू.१,५१,७३,०५२।- लाई उक्त भेलाबाट अनुमोदन गरिएको थियो साथै आ.व. २०७९-०८० को लागि अनुमानित बजेट (आय–व्यय) तथा लेखा परीक्षक पि.पि. प्रधान एण्ड कम्पनीको निरन्तरताको लागि सर्वसम्मतिबाट अनुमोदन गरिएको थियो ।



गुठीका कोषाध्यक्ष जीवन ज्योति बज्राचार्य आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुहुँदै

## १०. पुरस्कार वितरण कार्यक्रम

### क) इन्द्र पद्म स्मृति संस्कृति पुरस्कार

नेवाः भाषा, संस्कृति आदिको संरक्षण र सम्वर्धन गर्न योगदान पु-याउने व्यक्तित्व तथा संस्थालाई पुरस्कृत गर्ने उद्देश्यले गुठीका आजीवन सदस्य तथा पूर्व अध्यक्ष श्री करुणा गोविन्द श्रेष्ठज्यूबाट स्थापित यो पुरस्कार यस वर्ष मौलिक नेवारी सांस्कृतिक जीवनलाई स्वच्छ रूपमा अगाडि बढाउन निरन्तर योगदान पु-याउँदै आउनुभएका संस्कृतिविद् श्रध्देय



संस्कृतिविद् श्री हरिशरण राजोपाध्यायज्यूलाई इन्द्र पद्म संस्कृति पुरस्कार प्रदान गरिँदै

**श्री हरिशरण राजोपाध्यायज्यूलाई** कोषदाताबाट दोसल्ला ओढाई सम्मानपत्र सहित नगद रू १०,०००।- प्रदान गरिएको थियो भने गुठीका अध्यक्षबाट खादा ओढाई बधाई-ज्ञापन गरिएको थियो ।

**ख) जगत बहादुर जोशी-रूद्र बहादुर जोशी स्मृति साहित्य पुरस्कार**

साहित्यिक क्षेत्रमा योगदान पु-याउने एकजना पाल्पाली साहित्यकारलाई दुई वर्षमा एकजनालाई कदरस्वरूप पुरस्कृत गर्ने उद्देश्यले गुठीका आजीवन सदस्य श्री रेणुका देवी जोशीबाट स्थापित यो पुरस्कार २०७७ सालको लागि साहित्यकार श्री गंगा लिगलज्यूलाई र २०७९ सालको लागि साहित्यकार श्री पुष्कर राज रेग्मीज्यूलाई कोषदाताको प्रतिनिधि सुबोधलाल श्रेष्ठबाट प्रदान गरिएको थियो भने अध्यक्षबाट खादा ओढाई बधाई तथा शुभकामना व्यक्त गरिएको थियो ।



*साहित्यकार श्री गंगा लिगलज्यूलाई २०७७ सालको जगत बहादुर जोशी-रूद्र बहादुर जोशी स्मृति साहित्य पुरस्कार प्रदान गरिँदै*



*साहित्यकार श्री पुष्कार राज रेग्मीज्यूलाई २०७९ सालको जगत बहादुर जोशी-रूद्र बहादुर जोशी स्मृति साहित्य पुरस्कार प्रदान गरिँदै*

**ग) जुन-लोक थापा पुरस्कार**

लुम्बिनी मेडिकल कलेज एण्ड रिसर्च सेन्टर, प्रभास तानसेनबाट एम.बि.बि.एस. मा सर्वोच्च अङ्क ल्याई उत्तीर्ण हुने एकजना विद्यार्थीलाई स्वर्ण पदक-सहित प्रमाणपत्र प्रदान गर्ने उद्देश्यले डा. जुन थापा मल्ल तथा डा. लोक विक्रम थापाबाट स्थापित यो पुरस्कार २०७६ सालको लागि **डा. विवेक पौड्याल** (७९.६७%), २०७७ सालको लागि **डा. निशा भट्टराई** (७७.९३%) र २०७८ सालको लागि **डा. आशिष पौडेललाई** कोषदाता डा. श्री लोकविक्रम थापाबाट प्रदान गरिएको थियो भने अध्यक्षबाट खादा ओढाई बधाई तथा शुभकामना दिनुभएको थियो ।



*डा. विवेक पौड्याल (प्रतिनिधिमार्फत) लाई २०७६ सालको जुन-लोक थापा पुरस्कार प्रदान गरिँदै*



*डा. निशा भट्टराईलाई २०७७ सालको जुन-लोक थापा पुरस्कार प्रदान गरिँदै*

## ११. बधाई तथा शुभकामना कार्यक्रम

गुठीले विभिन्न क्षेत्रमा विशिष्टता तथा मान-सम्मान प्राप्त गर्नुहुने गुठी सदस्य तथा सदस्य परिवारलाई आफ्नो वार्षिक भेला कार्यक्रमका दिन बधाई तथा शुभकामना दिने कार्यलाई निरन्तरता दिँदै आइरहेको छ ।

**क) श्री पूर्णमाया महर्जन**

तानसेन गुठीका आजीवन सदस्य श्री अशोक महर्जनज्यूका माता तथा यस गुठीबाट अभिनन्दित सुप्रसिध्द पाल्पाली ढाका कपडाका संस्थापक एवं उध्यमी समाजसेवी **श्री पूर्णमाया महर्जनज्यू** मिति २०७७ असोज ३ गते पाँचौं संविधान दिवसको अवसरमा प्रदेश सरकारद्वारा ‘प्रजापती गौतमी ख’ पदकबाट विभूषित हुनुभएकोमा गुठीले सगौरव




हार्दिक बधाई ज्ञापन गर्दै उहाँको प्रतिनिधी (छोरा) श्री अशोक महर्जन मार्फत गुठीका वरिष्ठ सल्लाहकार श्री वनमाली लाकौलज्यूबाट खादा तथा अध्यक्षज्यूबाट प्रमाणपत्र प्रदान गर्नुको साथै उत्तरोत्तर प्रगतिको कामनासहित शुभकामना व्यक्त गरिएको थियो ।

### ख) डि.आइ.जी. श्री किरण बज्राचार्य

यस गुठीका आजीवन सदस्य **श्री किरण बज्राचार्यज्यू** प्रहरी नायव महानिरीक्षक (डि.आइ.जी.) पदमा बढुवा हुनुभई नेतृत्वदायी भूमिका निर्वाह गर्नुभएकोमा गुठी परिवार सगौरव हार्दिक बधाई-ज्ञापन गर्दछ । गुठीका वरिष्ठ सल्लाहकार श्री वनमाली लाकौलज्यूबाट उहाँको प्रतिनिधि (भाइ) मार्फत खादा तथा अध्यक्षज्यूबाट प्रमाणपत्र प्रदान गर्नुको साथै उत्तरोत्तर प्रगतिको कामना सहित शुभकामना व्यक्त गरिएको थियो ।




### ग) डा. आभास मास्के

यस गुठीका सदस्य श्री सरिता श्रेष्ठ मास्केका सुपुत्र **डा. आभास मास्के** जापान, श्रीलंङ्का र नेपालका लागि तीनवटा कृत्रिम भू-उपग्रह निर्माण गर्नको लागि स्थापित परियोजना ‘BIRDS-3’ को प्रवन्धक भई नेपालको पहिलो भू-उपग्रह **‘नेपाल स्याट-१’** निर्माणमा महत्त्वपूर्ण योगदान पु-याएवापत २०७७ सालको नेपालको पाँचौं संविधान दिवसको अवसरमा सम्माननीय राष्ट्रपतिबाट **‘राष्ट्रदीप चौथो’** पदकबाट विभूषित हुनुभएकोमा गुठीले सगौरव हार्दिक बधाई-ज्ञापन गर्दै उहाँको प्रतिनिधि श्री रमेशकुमार मास्के (बुबा) मार्फत गुठीका वरिष्ठ सल्लाहकार श्री वनमाली लाकौलज्यूबाट खादा तथा अध्यक्षज्यूबाट प्रमाणपत्र प्रदान गर्नुको साथै गुठीको तर्फबाट उत्तरोत्तर प्रगतिको कामनासहित शुभकामना व्यक्त गरिएको थियो ।




### घ) श्री उत्सव सिंह

यस गुठीका आजीवन सदस्यद्वय श्री महेन्द्र बहादुर सिंह तथा श्रीमती उषा थान्जू सिंहज्यूका कान्छा सुपुत्र श्री **उत्सव सिंह**ज्यूले अमेरिकाको टेक्सस् राज्यमा ३ जुलाई २०२१ मा सञ्चालित ‘मिस्टर यू.एस.ए. (MR.USA) प्रो-ए.एम. प्रोफेसनल-अम्याच्योर क्वालिफायर बडीबिल्डिङ प्रतियोगितामा मेन्स् फिजिकतर्फ नाभिस र ओपन दुबै समूहमा ‘स्वर्ण पदक’ हासिल गर्नुभएकोमा गुठीको तर्फबाट सगौरव हार्दिक बधाई-ज्ञापन गर्दै उहाँको प्रतिनिधि श्री दिनेश थान्जू (मामा) मार्फत गुठीका वरिष्ठ सल्लाहकार श्री वनमाली लाकौलज्यूबाट खादा तथा अध्यक्षज्यूबाट प्रमाणपत्र प्रदान गर्नुको साथै उत्तरोत्तर प्रगतिको कामना-सहित शुभकामना व्यक्त गरिएको थियो



ङ) श्री शकुन्तला शाक्य

यस गुठीका आजीवन सदस्य **श्री शकुन्तला शाक्य** नेपाल स्वास्थ्य विज्ञान अध्ययन संस्थान, स्तुपा कलेजको गरिमामय क्याम्पस प्रमुख पदमा नियुक्त हुनुभएकोमा उहाँको कार्यकालको पूर्ण सफलताका लागि गुठीले सगौरव हार्दिक बधाई-ज्ञापन गर्दै उहाँलाई गुठीका वरिष्ठ सल्लाहकार श्री वनमाली लाकौलज्यूबाट खादा तथा अध्यक्षज्यूबाट प्रमाणपत्र प्रदान गर्नुको साथै उत्तरोत्तर प्रगतिको कामनासहित शुभकामना व्यक्त गरिएको थियो ।



च) ई.श्री अन्जु मल्ल प्रधान

यस गुठीका आजीवन सदस्य तथा सोसाईटी अफ नेप्लिज आर्किटेक्ट्सका निवर्तमान अध्यक्ष **ई.श्री अन्जु मल्ल प्रधानज्यू** International Union of Architects (UIA), Region IV को Council Member पदमा निर्वाचित हुनुभएकोमा सगौरव हार्दिक बधाई-ज्ञापन गर्दै उहाँको प्रतिनिधि श्रीमती गंगा मल्ल (आमा) मार्फत गुठीका वरिष्ठ सल्लाहकार श्री वनमाली लाकौलज्यूबाट खादा तथा अध्यक्षज्यूबाट प्रमाणपत्र प्रदान गर्नुको साथै उत्तरोत्तर प्रगतिको कामनासहित शुभकामना व्यक्त गरिएको थियो ।



छ) श्री कल्याण गोविन्द श्रेष्ठ

यस गुठीका आजीवन सदस्य श्री कल्याण गोविन्द श्रेष्ठज्यू साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडको गरिमामय अध्यक्ष पदमा निर्वाचित हुनुभएकोमा सगौरव हार्दिक बधाई-ज्ञापन तथा सफल कार्यकालको कामनासहित उहाँलाई गुठीका वरिष्ठ सल्लाहकार श्री वनमाली लाकौलज्यूबाट खादा तथा अध्यक्षज्यूबाट प्रमाणपत्र प्रदान गरिएको थियो ।



ज) डा. ज्ञानेन्द्रमान मल्ल

यस गुठीका आजीवन सदस्य **डा. ज्ञानेन्द्र बहादुर मल्लज्यू** वि.पि. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान सुनसरीको आपतकालीन चिकित्सा विभागको प्रमुख प्राध्यापक भई कोभिड १९ महामारी विरूध्द उत्कृष्ट अतुलनीय कार्य गर्नुभए वापत २०७९ वैशाक १ गतेका दिन सम्माननीय राष्ट्रपतिबाट **'सुप्रवल जनसेवा श्री तृतीय श्रेणी'** पदकबाट विभूषित हुनुभएकोमा गुठी परिवार सगौरव हार्दिक बधाई-ज्ञापन गर्दै उहाँको प्रतिनिधि श्री शशीप्रभा श्रेष्ठ मार्फत गुठीका वरिष्ठ सल्लाहकार श्री वनमाली लाकौलज्यूबाट खादा तथा अध्यक्षज्यूबाट प्रमाणपत्र प्रदान गर्नुको साथै उत्तरोत्तर प्रगतिको कामना-सहित शुभकामना व्यक्त गरिएको थियो ।



### झ) गुठीका पूर्व अध्यक्ष हिमाल कसजू

यस गुठीका पूर्व अध्यक्ष श्री हिमाल कसजू नेपाल परिवार नियोजन संघको ४१ औं केन्द्रीय सभाबाट अध्यक्ष पदमा पुनःनिर्वाचित हुनुभएकोमा सगौरव हार्दिक बधाई तथा सफल कार्यकालको कामना गर्दै उहाँलाई गुठीका वरिष्ठ सल्लाहकार श्री वनमाली लाकौलज्यूबाट खादा तथा अध्यक्षज्यूबाट प्रमाणपत्र प्रदान गर्नुको साथै उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गरिएको थियो ।



### ञ) गुठीका पूर्व अध्यक्ष शान्ता शाक्य

यस गुठीका प्रथम महिला अध्यक्ष श्री शान्ता शाक्यज्यूलाई उहाँको कार्यकालमा गुठीलाई अझ संगठित, सवल र सक्षम बनाउन पु-याउनु भएको उल्लेखनीय योगदानको लागि गुठीका सल्लाहकार श्री शोभा श्रेष्ठज्यूबाट खादा ओढाई अध्यक्षज्यूबाट प्रशंसापत्र प्रदान गरिएको थियो ।



## १०. संस्थापक सदस्यहरूलाई प्रमाणपत्र वितरण

गुठीका निम्न १६ जना संस्थापक सदस्यहरूलाई गुठीका पूर्व अध्यक्ष श्री करूणा गोविन्द श्रेष्ठबाट खादा ओढाई तथा अध्यक्षबाट प्रमाणपत्र प्रदान गरिएको थियो ।

| | |
|---|---|
| १. डा. शम्भुमान सिंह | २. इ. श्री जीवन प्रसाद प्रधान |
| ३. श्री गृहमान सिंह | ४. प्रा.डा. श्री विनोद कुमार श्रेष्ठ |
| ५. श्री लोक दर्शन बज्राचार्य | ६. श्री अशोक प्रकाश प्रधान |
| ७. श्री धरणी मान सिंह | ८. श्री विकास चन्द्र श्रेष्ठ |
| ९. श्री सतिस प्रसाद प्रधान | १०. श्री शरण रत्न शाक्य |
| ११. श्री धिरज चन्द्र श्रेष्ठ | १२. श्री सतिस चन्द्र श्रेष्ठ |
| १३. श्री शक्ति मान सिंह | १४. श्री सुवर्ण शाक्य |
| १५. श्री महेश नाथ गोंगल | १६. श्री शंकर मान सिंह |



*डा. शम्भुमान सिंह (प्रतिनिधि)*



*श्री अशोक प्रकाश प्रधान*



*श्री धरणीमान सिंह (प्रतिनिधि)*



*श्री शरण रत्न शाक्य*



*श्री शक्तिमान सिंह*



*श्री शंकरमान सिंह (प्रतिनिधि)*

## ११. शैक्षिक गतिविधिः (सम्मानपत्र तथा छात्रवृत्ति पुरस्कार वितरण)

कोभिड महामारीको कारण गुठीबाट २०७७ सालको छात्रवृत्ति पुरस्कार वितरण गर्न सम्भव नभएकोले २०७८ सालको छात्रवृत्ति पुरस्कारसँगै एकैपटक देहाय बमोजिम वितरण गरिएको थियो ।

### क) श्री नगर छात्रवृत्ति पुरस्कार:

काठमाडौंमा बसोबास गरेका गुठी सदस्यहरूका छोराछोरीहरूमध्ये एस.इ.इ. परीक्षामा सर्वाधिक अङ्क ल्याई उत्तीर्ण हुने छोरा र छोरी एक–एक जनालाई छात्रवृत्ति प्रदान गरिने उद्देश्यले तीनजना अक्षयकोष दाताहरू क्रमशः पूर्व अध्यक्षद्वय श्री श्यामसुन्दरलाल कक्षपती र श्री लक्ष्मण श्रेष्ठ



श्री आरोग्य कर्माचार्यलाई २०७६ सालको श्रीनगर छात्रवृत्ति पुरस्कार प्रदान गरिदै





श्री विवेक्षा जोशी (प्रतिनिधि) लाई २०७७ सालको श्रीनगर छात्रवृत्ति पुरस्कार प्रदान गरिदै

तथा आजीवन सदस्य श्री पुष्प प्रधानबाट स्थापित यो पुरस्कार २०७६ सालको लागि रोजबर्ड स्कुल काठमाडौंबाट एस्.इ.इ. परिक्षामा उत्कृष्ठ नतिजा जि.पि.ए. ३.६५ ल्याई उत्तीर्ण हुने गुठीका आजीवन सदस्य श्रीमती आराधना श्रेष्ठ कर्माचार्य तथा श्री राजेश कर्माचार्यका सुपुत्र **आरोग्य कर्माचार्यलाई,** २०७७ सालको लागि छोरातर्फ युनाइटेड स्कुल काठमाडौंबाट उत्कृष्ट नतिजा जि.पि.ए. ४.०० ल्याई उत्तीर्ण हुने गुठीका आजीवन सदस्य श्री उपेन्द्रमान कर्माचार्य तथा श्रीमती उषा कर्माचार्यका सुपुत्र **आवर्तन मान कर्माचार्यलाई,** ०७७ सालको लागि छोरीतर्फ काठमाडौं युनिभर्सिटी हाइस्कुल काठमाडौंबाट उत्कृष्ट नतिजा जि.पि.ए. ३.७५ ल्याई उत्तीर्ण हुने आजीवन सदस्य श्री विधान जोशी तथा श्रीमती हेमा जोशीका सुपुत्री **विवेक्षा जोशीलाई र** २०७८ सालको लागि द चाँदबाग स्कुल, काठमाडौंबाट उत्कृष्ट नतिजा जि.पि.ए. ३.३५ ल्याई उत्तीर्ण हुने गुठीका आजीवन सदस्य श्री विश्वनाथ मुनांकमीका नाति श्री विशाल मुनंकमी तथा श्रीमती मधु मुनंकमीका सुपुत्र **बिमर्स मुनंकमीलाई** कोषदाता श्री लक्ष्मण श्रेष्ठबाट उक्त पुरस्कारहरू प्रदान गरिएको थियो भने अध्यक्षबाट खादा ओढाई बधाई तथा शुभकामना दिनुभएको थियो ।

**ख) पद्मचन्द श्रेष्ठ स्मृति पुरस्कार**

काठमाडौंमा बसोबास गरेका गुठी सदस्य परिवारका छोरा-छोरीमध्ये नेपालबाट विज्ञान, व्यवस्थापन र मानविकी संकायमा १०+२ तहको परीक्षामा सर्वाधिक अंक ल्याई उत्तीर्ण हुने दुईजनालाई पुरस्कृत गर्ने उद्देश्यले श्रीमती चन्द्रलक्ष्मी श्रेष्ठबाट स्थापित यो छात्रवृत्ति पुरस्कार २०७६ सालको लागि काठमाडौं इन्स्टिच्यूट अफ साइन्स एण्ड टेक्नोलोजी स्कुलबाट उत्कृष्ट नतिजा जि.पि.ए. ३.१५ ल्याई उत्तीर्ण हुने गुठीका आजीवन सदस्य श्री चैतन्य प्रकाश प्रधानका छोरा **श्री आकर्षण प्रधानलाई** र २०७७ सालको लागि युलियन्स् सेकेण्डरी स्कुलबाट उत्कृष्ट नतिजा जि.पि.ए. ३.३९ ल्याई उत्तीर्ण हुने गुठीका आजीवन सदस्य श्री आराधना श्रेष्ठ कर्माचार्यकी छोरी **सुश्री नन्दिता कर्माचार्यलाई**, २०७८ सालको लागि विज्ञान तर्फ काठमाडौं वर्ड सेकेण्डरी स्कुलबाट उत्कृष्ट नतिजा जि.पी.ए. ३.३५ ल्याई उत्तीर्ण हुने गुठीका आजीवन सदस्य डा. ई. श्री सुरेन्द्र श्रेष्ठ तथा श्रीमती कृति श्रेष्ठका सुपुत्र **श्री स्वर्णीम सेन श्रेष्ठलाई,** र २०७८ सालको लागि व्यवस्थापन तर्फ यूनिग्लोबल सेकेण्डरी स्कुलबाट उत्कृष्ट नतिजा जि.पि.ए. ३.३५ ल्याई उत्तीर्ण हुने गुठीका आजीवन सदस्य



श्री बिमर्स मुनंकमीलाई २०७८ सालको श्रीनगर छात्रवृत्ति पुरस्कार प्रदान गरिदै



श्री आकर्षण प्रधानलाई २०७६ सालको पद्मचन्द श्रेष्ठ स्मृति पुरस्कार प्रदान गरिदै




*श्री नन्दिता कर्माचार्यलाई २०७७ सालको पद्मचन्द्र श्रेष्ठ स्मृति पुरस्कार प्रदान गरिँदै*



*श्री स्वर्णिम सेन श्रेष्ठलाई २०७८ सालको पद्मचन्द्र श्रेष्ठ स्मृति पुरस्कार प्रदान गरिँदै*



*श्री रिसाल राज मास्केलाई २०७८ सालको पद्मचन्द्र श्रेष्ठ स्मृति पुरस्कार प्रदान गरिँदै*

श्री दिपकराज मास्के तथा श्रीमती नाजनी मास्केका छोरा **श्री रिसाल राज मास्केलाई** कोषदाता श्रीमती चन्द्रलक्ष्मी श्रेष्ठबाट उक्त पुरस्कारहरू प्रदान गरिएको थियो भने अध्यक्षबाट खादा ओढाई बधाई तथा शुभकामना दिनुभएको थियो ।

## ग) दशरथ-मिथिला छात्रवृत्ति पुरस्कार

त्रिभुवन बहुमुखी क्याम्पस तानसेनबाट बि. ए. र बि.बि. एस्.को परीक्षामा सर्वाधिक अङ्क ल्याई उत्तीर्ण हुने दुईजना विद्यार्थीहरूलाई पुरस्कृत गर्ने उद्देश्यले कविराज श्री दशरथ मान सिंह तथा श्रीमती मिथिला देवी सिंहबाट स्थापित यो पुरस्कार २०७६ सालको बि.ए. तर्फ **श्री पुरन पोखरेल**



*श्री पुरन पोखरेललाई २०७६ सालको दशरथ-मिथिला छात्रवृत्ति पुरस्कार प्रदान गरिँदै*

(५७.२९%) लाई, र २०७७ सालको बि.बि.एस. तर्फ **श्री अनिश आचार्य** (५६.३०%) लाई कोषदाता परिवार श्री रामचन्द्रमान सिंह (छोरा)बाट प्रदान गरिएको थियो भने अध्यक्षबाट खादा ओढाई बधाई तथा शुभकामना दिनुभएको थियो । यो पुरस्कार तानसेनमा वितरण गरिँदै आएकोमा यसवर्ष पुरस्कृत हुने विध्यार्थीहरू काठमाडौंमै हुनु भएकोले यहाँ वितरण गरिएको जानकारी गराइएको थियो ।

## घ) सिध्दि सकल तुल्सी कृष्ण ईन्द्र दुर्गा स्मृति पुरस्कार

त्रिभुवन बहुमुखी क्याम्पस, तानसेनबाट विज्ञान संकायबाट स्नातक तह (बि.एस्सी) को परीक्षामा सर्वोच्च अङ्क



*श्री सबिना पन्थ २०७६ सालको सिद्धि सकल तुल्सी ईन्द्र दुर्गा स्मृति पुरस्कारका साथ*



*श्री त्रिविक्रम खड्का २०७७ सालको सिद्धि सकल तुल्सी ईन्द्र दुर्गा स्मृति पुरस्कारका साथ*

ल्याई उत्तीर्ण हुने एकजना विध्यार्थीलाई चाँदीको करूवा सहित प्रमाण-पत्र प्रदान गर्ने उद्देश्यले अमृतमान श्रेष्ठ तथा श्रीमती पृथ्वीकुमारी श्रेष्ठबाट स्थापित यो पुरस्कार २०७६ सालको लागि **सबिना पन्थ** (६४.१०%) लाई र २०७७ सालको लागि **त्रिविक्रम खड्का** (६७.८०%) लाई कोषदाता परिवार श्री प्रमी श्रेष्ठ (छोरी)बाट प्रदान गरिएको थियो भने अध्यक्षबाट खादा ओढाई बधाई तथा शुभकामना दिनुभएको थियो ।

**ङ) मुक्ति प्रसाद-लक्ष्मी कुमारी स्मृति छात्रवृत्ति पुरस्कार**

त्रिभुवन बहुमुखी क्याम्पस तानसेनबाट स्नातकोत्तर तहमा नेपाली विषय लिई सर्वाधिक अंक ल्याई उत्तीर्ण हुने एकजना विद्यार्थीलाई चाँदीको तक्मा सहित प्रमाणपत्र प्रदान गर्ने उद्देश्यले श्री शुभ श्रेष्ठबाट स्थापित यो पुरस्कार २०७६ सालको लागि **श्री बाला सारू** (३.५६) लाई कोषदाता परिवार श्री लक्ष्मण श्रेष्ठ (भाई)बाट प्रदान गरिएको थियो भने अध्यक्षबाट खादा ओढाई बधाई तथा शुभकामना दिनुभएको थियो । २०७७ सालको लागि विध्यार्थी नभएको तथा २०७८ सालको नतिजा प्रकाशन भैनसकेको जानकारी गराईएको थियो ।

**च) जीवन–जयन्ती उत्कृष्ट पर्यटक पथ–प्रदर्शक पुरस्कार:**

नेपालको पर्यटन विकासमा देशको अवैतनिक राजदूत मानिने पर्यटक पथ–प्रदर्शकहरुको सम्मान र प्रोत्साहनको लागि तथा आफ्नो पेशाप्रति थप उर्जा प्राप्त होस् भन्ने उद्देश्यले आजीवन सदस्य तथ पूर्व कार्यकारी सदस्य श्री जयन्ती श्रेष्ठज्यूबाट स्थापित उक्त पुरस्कार २०७७ सालको लागि वरिष्ठ पर्यटक पथ–प्रदर्शक **श्री महेन्द्र कुमार श्रेष्ठ**ज्यूलाई, २०७८ सालको लागि वरिष्ठ पर्यटक पथ–प्रदर्शक **श्री रमेश खतिवडा**ज्यूलाई र २०७९ सालको लागि वरिष्ठ पर्यटक पथ–प्रदर्शक **श्री सोमी तुलाधर**ज्यूलाई कोषदाता जयन्ती श्रेष्ठज्यूबाट चाँदीको पानससहित प्रमाणपत्र प्रदान गरिएको



*२०७७ सालको जीवन-जयन्ती उत्कृष्ट पर्यटक पथ-प्रदर्शक पुरस्कारका साथ श्री महेन्द्र कुमार श्रेष्ठ*



*२०७८ सालको जीवन-जयन्ती उत्कृष्ट पर्यटक पथ-प्रदर्शक पुरस्कारका साथ श्री रमेश खतिवडा*



*२०७८ सालको जीवन-जयन्ती उत्कृष्ट पर्यटक पथ-प्रदर्शक पुरस्कारका साथ श्री सोमी तुलाधर*

थियो भने अध्यक्षबाट खादा ओढाई बधाई तथा शुभकामना दिनुभएको थियो ।

## १२. तानसेनमा वितरण गरिएका पुरस्कार र सहयोगहरू

प्रत्येक वर्ष तानसेनमा वितरण गरिँदै आएको शैक्षिक, धार्मिक तथा स्वास्थ्य क्षेत्रका २०७९ सालको देहायका अक्षयकोषका सहयोगहरू तानसेनमा विशेष कार्यक्रमको आयोजना गरी वितरण गरिसकेको जानकारी गराइएको थियो ।

क) शिक्षा क्षेत्रमा वितरण गरिएका पुरस्कारहरू

- दिव्यमान वैश्यत स्मृति छात्रवृत्ति
- जीतगोविन्द-चन्द्रकुमारी स्मृति छात्रवृत्ति
- नारायण-सरोज स्मृति छात्रवृत्ति
- शिवनाथ-यमुना देवी गोंगल स्मृति छात्रवृत्ति
- मूर्तेन्द्र- मोहनमाया स्मृति छात्रवृत्ति
- अनन्त-मथुरा प्रसाद राजभण्डारी स्मृति छात्रवृत्ति
- तेजकुमारी-गणेश बहादुर गुभाजू स्मृति छात्रवृत्ति
- महाँलक्ष्मी श्रेष्ठ स्मृति छात्रवृत्ति
- देवी सरस्वती अक्षयकोष
  देवलक्ष्मी शान्तिलक्ष्मी स्मृति अक्षतकोष
- लाले जोकर स्मृति अक्षयकोष

ख) स्वास्थ्य क्षेत्रमा सहयोग

- **२०७९ सालको लागि** तेजलक्ष्मी-लाल प्रसाद श्रेष्ठ स्मृति अक्षयकोष र युगल गंगा अक्षयकोषबाट **जम्मा रू. ३५०० ।- अन्जु जोशीलाई स्वास्थ्य विमा वापत सहयोग प्रदान गरिएको थियो ।**
- **२०७८/२०७९ को स्वास्थ्य सहयोग** मूर्तेन्द्र-मोहन माया स्मृति अक्षयकोष, तेजलक्ष्मी-लाल प्रसाद श्रेष्ठ स्मृति अक्षयकोष, नारायण-सरोज अक्षयकोष र गोविन्द-इन्दिरा अक्षयकोषबाट **तानसेन निवासी क्यान्सरको बिरामी श्री सुरेश बहादुर बज्राचार्यलाई जम्मा रू.२७७५६ ।-प्रदान गरिएको थियो ।**
- जय-चिरञ्जिवी स्मृति छात्रवृत्ति र वैधराज पूर्णलाल श्रेष्ठ अक्षयकोषको **सहयोग कसैको निवेदन तथा अनुरोध नआएको कारण अर्को वर्ष वितरण गरिने जानकारी गराइएको थियो ।**

ग) धार्मिक क्षेत्रमा सहयोग

धार्मिक क्षेत्रमा निम्नलिखित ८ वटा कोषबाट प्राप्त सहयोग रकम तानसेनमा पठाइसकेको जानकारी गराइएको थियो ।

- नेपाल सरकार भगवतीजात्रा अक्षयकोष
- रामलाल-ज्योतिलाल स्मृति अक्षयकोष
- वेणीप्रसाद-ज्योतिलक्ष्मी स्मृति अक्षयकोष
- धर्मराज-सूर्यकुमारी स्मृति अक्षयकोष
- नारायण प्रसाद महाजन-हरिलाल वैध्य स्मृति अक्षयकोष
- गृह-गीता अक्षयकोष
- यज्ञ प्रसाद(प्यूठानी माइला)-भगवतीमाया कक्षपति स्मृति अक्षयकोष
- उमा-गणेश नारायण स्मृति अक्षयकोष

## १३. नयाँ अक्षयकोषहरूको सम्झौतापत्र आदान प्रदान

### क) सूर्यमान भीमकुमारी मलेकु अक्षयकोष

पाल्पा तानसेन श्री रणउजीरेश्वरी भगवती माताको वार्षिक जात्रा सञ्चालनमा सहयोग गर्ने उद्देश्यले रू.१,११,१११।-(अक्षरूपी एक लाख एघार हजार एकसय एघार) र धवल पुस्तकालय सञ्चालनमा सहयोग गर्ने उद्देश्यले रू.१,११,१११।-(अक्षरूपी एक लाख एघार हजार एकसय एघार) गरी जम्मा रू. २,२२,२२२ ।- (अक्षरूपी दुई लाख बाइस हजार दुईसय बाइस रूपियाँको श्री भीमकुमारी मलेकुले 'सूर्यमान भीमकुमारी मलेकु अक्षयकोष' स्थापना गर्नु भएको अक्षयकोषहरूको सम्झौतापत्र कोषदाताको तर्फबाट चन्द्रमान मलेकु तथा गुठी अध्यक्ष बीच आदान प्रदान गरिएको थियो ।

### ख) कृष्ण बहादुर इन्द्र कुमारी अक्षयकोष

रूपन्देही जिल्ला बुटवलस्थित बुटवल माध्यमिक विद्यालयका शिक्षकहरूको निर्णय बमोजिम सोही विद्यालयमा अध्ययनरत आर्थिक अवस्था कमजोर भएका विद्यार्थीहरूमध्ये छात्र वा छात्रा एकजनालाई आर्थिक सहयोग प्रदान गर्ने उद्देश्यले श्री ठाकुर प्रसाद थान्जू र श्रीमती शोभालक्ष्मी थान्जूबाट स्थापना गर्नुभएको रू. १,११,१११ ।- 'कृष्ण बहादुर इन्द्र कुमारी अक्षयकोष' को सम्झौतापत्र कोषदाताको तर्फबाट छोरी सृजना थान्जू तथा गुठी अध्यक्षबीच आदान प्रदान गरिएको थियो ।

### ग) माधवराज मास्के स्मृति अक्षयकोष

तानसेन गुठीको वार्षिक भेला तथा कार्यक्रममा प्रत्येक वर्ष विविध उद्देश्यहरूमध्ये कुनै कार्यहरू गर्ने उद्देश्यले श्रीमती निर्मला मास्केज्यूबाट स्थापित रू.५,००,०००।-(अक्षरूपी पाँचलाख रूपियाँ) को 'माधवराज मास्के स्मृति अक्षयकोष' को सम्झौतापत्र कोषदाता तथा गुठी अध्यक्षबीच आदान प्रदान गरिएको थियो ।

### घ) युगल गंगा अक्षयकोष

तानसेन गुठीका बिरामी सदस्यलाई औषधि उपचारको लागि सहयोग गर्ने उद्देश्यले श्रीमती गंगा मल्लज्यूबाट स्थापित रू.१,११,१०० ।-(अक्षरूपी एकलाख एघार हजार एकसय रूपियाँ) को 'युगल गंगा स्मृति अक्षयकोष' को सम्झौतापत्र कोषदाता तथा गुठी अध्यक्षबीच आदान प्रदान गरिएको थियो ।

### ङ) 'अमरगंज श्री वटुक भैरव अक्षयकोष' (दाताः विजया लक्ष्मी लाकौल)

पाल्पा तानसेन अमरगंजस्थित श्री बटुक भैरवको वार्षिक जात्राको लागि सहयोग गर्ने उद्देश्यले रू.१,६०,०००।-(अक्षरूपी एक लाख साठीहजार) रूपियाँको श्री विजयालक्ष्मी लाकौलले 'अमरगञ्ज श्री बटुक भैरव अक्षयकोष' स्थापना गर्नुभएको अक्षयकोषको सम्झौतापत्र कोषदाताको तर्फबाट वनमाली लाकौल तथा गुठी अध्यक्ष बीच आदान प्रदान गरिएको थियो ।

च) अक्षयकोषमा रकम थप

१. नारायण-सरोज छात्रवृत्ति अक्षयकोषमा कोषदाताबाट रू.४,४४,४४४/– थप गरी जम्मा रू.९,९९,९९९/- भएको छ ।



*नारायण-सरोज छात्रवृत्ति अक्षयकोषमा रकम थप गरी सम्झौता पत्र हस्तान्तरण*

२. श्रीनगर छात्रवृत्ति अक्षयकोषमा तीनजना कोषदाताहरूमध्ये रानी कक्षपतीबाट रू.३३,३३५/, लक्ष्मण प्रसाद श्रेष्ठबाट रू.३३,३६५।- र कल्पना प्रधानबाट रू.३३,३००/– गरी जम्मा रू.१,००,०००/– थपगरी कूल जम्मा रू.१,५०,०००/– भएको छ ।

३. तेज कुमारी गणेश वहादुर गुभाजु अक्षयकोषमा कोषदाताबाट रू. ५०,०००/– थपगरी कूल जम्मा रू.१,०१,०००/– भएको छ ।

कार्यक्रमको अन्त्यतिर

आजीवन सदस्य बालकृष्ण मान सिंहका छोरी युवा सदस्य परिवार जुना सिंह फ्रान्समा अवस्थित विश्वकै प्रतिष्ठित शिक्षण संस्था पेरिस स्कुल अफ ईकोनोमिक्स्बाट पिएच. डी. सकेर अमेरिकाको एम.आई.टी.बाट अर्थशास्त्रमै पोष्ट डक गरिरहेको तथा क्यालिफोर्निया युनिभर्सिटी अफ टेक्नोलोजीमा अध्यापन पेशामा संलग्न रही हाल नेपालमा आएको मौकामा उहाँको आफ्ना अनुभवहरू सुनाउनुभएको थियो ।

## १४. मन्तव्य

गुठीका पूर्व अध्यक्ष श्री शरणरत्न शाक्य र पुरस्कृत छात्र पुरन पोखरेलबाट शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो ।

## १५. कार्यक्रम सञ्चालन

कार्यक्रम सञ्चालक श्री जयन्ती श्रेष्ठबाट गुठीले कार्यक्रम सञ्चालन गर्ने सुअवसर दिनु भएकोमा गुठीप्रति आभार व्यक्त गर्नुका साथै उक्त सभामा धैर्यताका साथ सहभागिता जनाउनुभै सभ्य र भव्य तरिकाले कार्यक्रम सञ्चालन गर्न सहयोग पु-याउनु भएकोमा सबैमा कृतज्ञता-ज्ञापन गर्नुभएको थियो ।




*पूर्व कार्यकारी सदस्य तथा आजीवन सदस्य श्री जयन्ती श्रेष्ठ कार्यक्रम सञ्चालन गर्नुहुँदै*



*३० औं वार्षिक भेला तथा साधारण सभा २०७९ कार्यक्रममा सहभागीहरू*

## १६. धन्यवाद-ज्ञापन तथा सभा विसर्जन

कार्यक्रमको अन्तमा गुठीका अध्यक्ष तथा सभाका सभाध्यक्ष श्री निलम गोंगल श्रेष्ठज्यूबाट आफ्नो मन्तव्य तथा धन्यवादज्ञापन गर्नुका साथै सभा विसर्जन गर्नुभएको थियो ।




*गुठीका अध्यक्ष श्री निलम गोंगल धन्यवादसहित सभा विसर्जन गर्नुहुँदै*

## १७. नेवाः भ्वय्

कार्यक्रमको अन्तमा गुठीबाट परम्परागत रूपमा व्यवस्था गरिएको नेवाः भोजमा रमाइलो वातावरणमा सबै गुठियारहरू सरिक हुनुभएको थियो । यसरी गुठीको ३० औं वार्षिक भेला तथा साधारण सभाको कार्यक्रम सभ्य तथा भव्य तरिकाले रमाइलो वातावरणमा सम्पन्न गरिएको थियो ।

गुठीका आजीवन सदस्य दिव्यचन्द्र श्रेष्ठकी श्रीमती हिरादेवी श्रेष्ठबाट नृत्य प्रस्तुत गर्नु भई उपस्थित सम्पूर्ण गुठियारहरूमा मनोरञ्जन प्रदान गर्नुभएको थियो ।





*वार्षिक भेला कार्यक्रममा खाजाको लागि तयारी गर्दै*







*नेवाः भ्वय्मा सरिक हुँदै सहभागीहरू*

नि.प्र.का.द.नं. ८०/०७१/०७२

# तानसेन गुठी

काठमाडौं, नेपाल



## विशिष्ट प्रशंसा-पत्र

श्रीमान् सुन्दर लाल श्रेष्ठज्यू,
*आजीवन सदस्य*
*तानसेन गुठी, काठमाडौं*

**हे विशिष्ट प्रशंसनीय स्नेही महोदय !**

एक प्रतिभावान् व्यक्तित्वको बखानबारे भनिएकोछ कि जसको विद्या, तर्कशक्ति, विज्ञान, कला-कौशल, तत्परता र कार्यशीलता यी छः प्रकारका गुणहरु आफ्नो साथ-सामर्थ्यमा हुन्छ उसको लागि कुनै पनि कुरा असाध्य हुँदैन। तपाईंको स्व-अधीनमा यी सबै गुणहरु युक्त भएकै कारणले देश र समाजमा एक प्रतिभावान् व्यक्तिको रूपमा आफूलाई चिनाउन सफल हुनुभएको छ र साँचिकै तपाईं गुणवत्ताको प्रतीक हुनुहुन्छ।

आफ्नो अथक परिश्रम, लगनशीलता, ध्यान केद्रित क्षमता, नयाँ नयाँ कला र शिल्पको सृजनात्मक - योग्यतालाई आफ्नो चित्रलिपिको माध्यमले मूर्तरूप दिएर आफ्नै एउटा उत्कृष्ट छुट्टै पहिचान बोकेको होनहार रूपांकनकर्ता (डिजाइनर) को विशेष्स्थान बनाउन बितेका धेरै वर्षदेखि तल्लीन रहनुभएको तपाईंको कला-कौशललाई अति श्रेष्ठतम मानिन्छ। आज यही प्रसंगवश हामी पनि गर्वका साथ तपाईंको विशिष्ट प्रशंसा गर्न पाउँदा अत्यन्त खुसी भएका छौं।

तपाईंको जन्म वि. सं. २०१७ साल कार्तिक १ गते पाल्पा, तानसेन, बसन्तपुरमा पिता श्री पुण्य लाल श्रेष्ठ तथा माता श्री गंगादेवी श्रेष्ठको कोखबाट जेष्ठपुत्र (द्वितीयसंतान) को रूपमा भएको हो। बाल्यकालदेखि शिक्षा आर्जन गर्न तपाईंले कम दुःख झेल्नु भएन। पिताको अकस्मात् निधन पछि माताश्रीले आफ्ना बच्चाहरुलाई दरिलो हिम्मत, अविचलित टेवा, प्रेरणा दिनुभयो र पथप्रदर्शक बन्नुभयो। जीवनका अवसरका ढोकाहरु खोल्न आफैले मेहनत गर्नुपर्छ भन्ने वहाँको वात्सल्य प्रेम र निर्देशको प्रभावले तपाईंले परिवारको रेखदेख र जीवनयापन जस्ता चुनौतीपूर्ण परिस्थितिहरुको सामना गर्दै, पार लगाउँदै अगाडि बढ्नुभयो। यस्तै कारणवश वि. सं. २०३६ सालमा १९ वर्षको हुँदा नै काठमाडौं आएर प्रतिस्पर्धामा सफल भई नेपाल राष्ट्र बैंकमा जागिर खान थाल्नुभयो र साथमा पढाइलाई पनि निरन्तरता दिई २०४२ सालमा बी. ए. पास गर्नुभयो जुन अति अति नै प्रशंसनीय छ।

बाल्यकालदेखि एक अत्यन्त शान्त, सुशील, ज्ञानी स्वभावको सबैको प्रिय पात्र हुनुहुन्थ्यो रे तपाईं। तपाईंको बचपनदेखि नै चित्रांकन बनाउन अनि रंगसाजी गर्न (ड्रइंगपेन्टिग) खुब मनपर्थ्यो रे। तपाईंको अर्को रोचक लगन गीत संगीत हो जसले विद्यार्थीकालदेखि नै गीतहरु कोर्न सिखायो। यसरी आफ्नै जीवनिक परिवेश र व्यावहारिक अनुभवद्वारा तपाईंलाई – भविष्य उसको हो, जो आफ्नो सपनाको सुन्दरतामा विश्वास गर्दछ – भन्नेकुराको सँधै बोध रहेको थियो, सायद।

तपाईंका प्रशंसनीय कार्यहरुमा हाल नेपाल सरकारको चलन-चल्तीमा रहेको विभिन्न कागजी नोटहरु र सिक्काको डिज़ाइनमा संलग्न हुनुभएको, नेपालमा पहिलो पटक प्रचार सामग्री पोष्टरको डिजाइन नेपालमै गर्ने तपाईंले, राष्ट्रिय चलचित्रको विशेष-उत्सव पुरस्कारको लागि ट्रफिहरुको डिज़ाइन, नेपाली चलचित्रहरुका लागि ५०^औं^ गीतहरु लेख्नुभएको, त्यस्तै विभिन्न चलचित्रका लागि अनगिन्ती प्रचार-प्रसार सामग्रीहरु, विभिन्न प्रतिष्ठित व्यक्तित्वहरुको मुहार चित्रहरु तथा विभिन्न प्रयोजन हेतु अनेकौं दृश्य चित्रहरुको निर्माण र त्यस्तै असंख्य प्रकारका बहुआयामी ब्यानर, पोष्टर, स्टिकर, फ़ोटो, ट्रफी, पुस्तक/पत्र-पत्रिका कभरको डिज़ाइन, आदि इत्यादि पनि पर्दछन्।

तपाईंको सेवाभाव, नैतिकता, सुम्पिएको कार्यको सामयिक सम्पादन, कार्यक्षमता, समर्पण, तत्परता, सृजनात्मककला, प्रबंधनकौशल, तर्कशक्ति, आर्किटेक्चरल शिल्प र उत्पादित सामग्रीप्रति जनआकर्षण आदिको आधारमा विभिन्न पारितोषक, सम्मान, कदर आदि प्रदान गरिएको थियो। जसमध्ये नेपाल सरकारबाट प्रदान गरिएको गोरखा दक्षिणबाहु, नेपाली सिनेमा "कहाँ भेटिएला" को सर्वोत्कृष्ट गीतकार ट्रफ़ी, चलचित्रको उत्कृष्ट पोस्टर डिजाइनर (वि.सं. २०७१/७२), आदि पुरस्कारहरू स्मरणयोग्य छन्। तपाईंलाई भारत र सिक्किमबाट पनि विशेष सम्मान र इनाम प्राप्त भएको थियो। फेरि बेलायतको नामी पत्रिका "द टेलिग्राफ पोष्ट"को विश्वव्यापी सर्वेक्षणमा विश्वको सुन्दर मुद्राको सुचिमा केही नेपाली नोट (रु५००; ५ र १ को) र सिक्का (रु २ को) परेर देशकै इज्जत राख्न तपाईंको कला-निवेशले वाहवाही कमाएको थियो।

आज यस तानसेन गुठीको ३०^औं^ साधारण सभा तथा वार्षिक भेलाको सुखद अवसरमा यस विशिष्ट प्रशंसा-पत्रद्वारा तपाईंको नेकी कार्य-कौशलको यथेष्ट वर्णन गर्दै तपाईंलाई दोसल्ला ओढ़ाई यस्तो मनोज्ञ सम्मान गर्न पाउँदा हामी सम्पूर्ण तानसेन गुठी परिवारहरू हर्षले पुलकित भएका छौं। यस्तो सौहार्द्रपूर्ण यस शुभ घडीको हामी सबैको हृदयमा स्मरणको रूपमा रहिरहनेछ।

अन्त्यमा तपाईंको सुस्वास्थ्य र दीर्घायुको कामना गर्दै यस तानसेन गुठीको संरक्षक इष्टदेवी महाशक्ति महामाया श्री ७ रणउजीरेश्वरी भगवतीमाताको तपाईं उपर सदासर्वदा असीम कृपा बनि रहोस् र माताको दिव्यशक्तिले तपाईंको जीवनको हरेक सुयोग्य र यत्नशील उद्यमको कृयाकलापमा सफलता प्राप्त होस् भनी प्रार्थना गर्दै हामी सम्पूर्ण गुठी परिवारको तर्फबाट हार्दिक शुभकामना दिन चाहन्छौं।

**ई. विधानचन्द्र राजभण्डारी**
संयोजक,
तानसेन गुठी सम्मान उपसमिति

**निलम गोंगल श्रेष्ठ**
अध्यक्ष
तानसेन गुठी, काठमाडौं

मितिः १८ भाद्र २०७९, शनिबार

# अक्षयकोषदाता, स्थापना साल, रकम बैंक

| सि.नं. | मिति | विवरण | बैंक | मु.र.नं. | सम्पर्क व्यक्ति | रकम |
|---|---|---|---|---|---|---|
| १. | २०५३-०५ | श्रीनगर छात्रवृत्ति | सेन्ट्रल फाईनान्स लि. | C33001023386 | लक्ष्मण श्रेष्ठ | ५०,०००.०० |
| २. | २०५३-०५ | नारायण– सरोज अक्षयकोष | सेन्ट्रल फाईनान्स लि. | C33001023244 | मि.सु.नारायणप्रसाद श्रेष्ठ | ९,९९,९९९.०० |
| ३. | २०५७-०५-२३ | श्याम–रत्न स्मृति अक्षयकोष | कुमारी बैंक लि. | 04300300024600027 | ई. शंकर कृष्ण मल्ल | ३,००,०००.०० |
| ४. | २०५७-०५-२५ | पद्मचन्द्र स्मृति अक्षयकोष | सेन्ट्रल फाईनान्स लि. | C33001023386 | धिरज चन्द्र श्रेष्ठ | २,०१,१११.०० |
| ५. | २०५७-११-१६ | दिव्यमान वैश्यत स्मृति अक्षयकोष | सेन्ट्रल फाईनान्स लि. | C33001023386 | प्रदिप मान वैश्यत | ५०,०००.०० |
| ६. | २०६१-०१-१५ | जीत गोविन्द–चन्द्रकुमारी अक्षयकोष | मुक्तिनाथ विकास बैंक | 133035416012 | निरज गोविन्द श्रेष्ठ | १,००,०००.०० |
| ७. | २०६१-०५-२२ | जय चीरञ्जीवी स्मृति अक्षयकोष | सेन्ट्रल फाईनान्स लि. | C33001023386 | गंगा रञ्जित | १,१०,०००.०० |
| ८. | २०६१-०५-२९ | गोविन्द–इन्दिरा अक्षयकोष | सेन्ट्रल फाईनान्स लि. | C33001023386 | इन्दिरा श्रेष्ठ | २,००,०००.०० |
| ९. | २०६१-०६-०२ | तानसेन नेवा छें | कुमारी बैंक लि. | 04300300024600027 | तानसेन गुठी | ३,७८,०००.०० |
| १०. | २०६१-११-१६ | दशरथ–मिथिला अक्षयकोष | कुमारी बैंक लि. | 04300300024600027 | धरणीमान सिंह | १,००,०००.०० |
| ११. | २०६३-०४-२० | शिवनाथ–यमुना देवी गोंगल अक्षयकोष | सेन्ट्रल फाईनान्स लि. | C33001023386 | ई. किशोर नाथ गोंगल | २,११,१११.०० |
| १२. | २०६४-०२-०९ | सिद्धि सकल तुल्सी कृष्ण इन्द्र दुर्गा स्मृति अक्षयकोष | सपना बुहउद्देश्यीय सहकारी संस्था लि. | 41-01782-1 | विकास, प्रकास मान श्रेष्ठ | २,११,१११.०० |
| १३. | २०६४-०६-११ | नेपाल सरकार भवगती जात्रा | सेन्ट्रल फाईनान्स लि. | C33001023386 | नेपाल सरकार | १,५०,०००.०० |
| १४. | २०६४-०६-११ | नेपाल सरकार भवगती जात्रा | सेन्ट्रल फाईनान्स लि. | C33001023386 | नेपाल सरकार | १,५०,०००.०० |
| १५. | २०६४-०७-१७ | रामलाल – ज्योति लाल कक्षपति स्मृति अक्षयकोष | सेन्ट्रल फाईनान्स लि. | C33001023386 | अनुपलाल कक्षपती | १,०१,०००.०० |
| १६. | २०६४-१०-०४ | वेणी प्रसाद श्रेष्ठ–ज्योति लक्ष्मी श्रेष्ठ स्मृति क्षयकोष | सेन्ट्रल फाईनान्स लि. | C33001023386 | आनन्द प्रसाद श्रेष्ठ | ५०,०००.०० |
| १७. | २०६५-१०- | वैद्य पूर्णलाल अक्षयकोष | सेन्ट्रल फाईनान्स लि. | C33001023386 | डा. चिरन्जीवी लालश्रेष्ठ | १,१४,०००.०० |
| १८. | २०६६-१०-०९ | नारायण प्रसाद महाजन हिरालाल वैद्य अक्षयकोष | सेन्ट्रल फाईनान्स लि. | C33001023386 | डा. चिरञ्जीवीलाल वैद्य | ९९,९९९.०० |
| १९. | २०६७-०५-०३ | जून–लोक अक्षयकोष | सेन्ट्रल फाईनान्स लि. | C33001023386 | डा. लोक विक्रम थापा | १,००,०००.०० |
| २०. | २०६७-०५-२६ | गृह–गीता अक्षयकोष | कुमारी बैंक लि. | 04300300024600027 | गृहमान सिंह | ५०,०००.०० |
| २१. | २०६७-०५-२६ | मूर्तेन्द्र – मोहन माया स्मृति अक्षयकोष | कुमारी बैंक लि. | 04300300024600027 | डा. शम्भुमान सिंह | ३,००,०००.०० |
| २२. | २०६७-०७-११ | अनन्त मथुरा प्रसाद राजभण्डारी अक्षयकोष | सेन्ट्रल फाईनान्स लि. | C33001023386 | यिता राजभण्डारी | १,००,०००.०० |
| २३. | २०६९-०४-०८ | तेज कुमारी–गणेश बहादुर गुभाजु अक्षयकोष | कुमारी बैंक लि. | 04300300024600027 | डा. भक्तबहादुर गुभाजु | १,०१,०००.०० |
| २४. | २०६९-०५-०१ | उमा–गणेश नारायण स्मृति अक्षयकोष | सेन्ट्रल फाईनान्स लि. | C33001023386 | रमेश नारायण श्रेष्ठ | १,०१,१११.०० |
| २५. | २०६९-०६-१६ | अमृतमान–पृथ्वीकुमारी श्रेष्ठ अविनाशी कोष | सपना बुहउद्देश्यीय सहकारी संस्था लि. | 41-01782-1 | जयन्ती श्रेष्ठ | १,२५,०००.०० |
| २६. | २०७०-०५-१५ | धर्मराज–सूर्य कुमारी लिगल स्मृति अक्षयकोष | सेन्ट्रल फाईनान्स लि. | C33001023386 | पृथ्वी राज लिगल | १,००,०००.०० |
| २७. | २०७०-०५-१५ | यज्ञप्रसाद (प्यूठानी माइला) भगवती माया कक्षपति अक्षयकोष | सेन्ट्रल फाईनान्स लि. | C33001023386 | पञ्चु कक्षपति | १,११,१११.०० |
| २८. | २०७१-०५-१४ | इन्द्र पद्म स्मृति अक्षयकोष | सेन्ट्रल फाईनान्स लि. | C33001023386 | ई. करुणा गोविन्द श्रेष्ठ | १,५०,०००.०० |
| २९. | २०७१-०५-१४ | महालक्ष्मी सानुमैया गणेश प्रसाद थान्जू अविनाशी कोष | सेन्ट्रल फाईनान्स लि. | C33001023386 | दिनेश प्रसाद थान्जू | १,००,०००.०० |
| ३०. | २०७२-०५-२६ | तेजलक्ष्मी – लाल प्रसाद श्रेष्ठ स्मृति अक्षयकोष | सेन्ट्रल फाईनान्स लि. | C33001023386 | रेणुका देवी | १,००,०००.०० |

| सि.नं. | मिति | विवरण | बैंक | मु.र.नं. | सम्पर्क व्यक्ति | रकम |
|---|---|---|---|---|---|---|
| ३१. | २०७२-०५-२६ | मुक्ति प्रसाद – लक्ष्मी कुमारी अक्षयकोष | सेन्ट्रल फाईनान्स लि. | C33001023386 | भरत श्रेष्ठ | १,१०,०००.०० |
| ३२. | २०७३-०५-२६ | जगत बहादुर जोशी – रुद्र बहादुर जोशी स्मृति अक्षयकोष | सेन्ट्रल फाईनान्स लि. | C33001023386 | रेणुका देवी श्रेष्ठ | ५०,०००.०० |
| ३३. | २०७२-०५-२६ | वैद्य गणेश कुमारी श्रेष्ठ चन्द्रकुमारी स्मृतिअक्षयकोष | सेन्ट्रल फाईनान्स लि. | C33001023386 | रेणुका देवी श्रेष्ठ | ५०,०००.०० |
| ३४. | २०७३-०५-१२ | सूर्य चन्द्र स्मृति अक्षयकोष | सेन्ट्रल फाईनान्स लि. | C33001023386 | गोविन्द मान वैश्यत | २,००,०००.०० |
| ३५. | २०७३-०५-१८ | महालक्ष्मी श्रेष्ठ स्मृति अक्षयकोष | सेन्ट्रल फाईनान्स लि. | C33001023386 | गंगा श्रेष्ठ | १,०१,१११.०० |
| ३६. | २०७३-०६-११ | प्रतिमान–नीमा स्मृति अक्षयकोष | सेन्ट्रल फाईनान्स लि. | C33001023386 | दिपक बोहरा | १,००,०००.०० |
| ३७. | २०७४-०५-१० | हेमन्त कोलाक्षपति भगवती माता पूजा प्रसाद अक्षयकोष | सेन्ट्रल फाईनान्स लि. | F11001025013 | हेमन्त राज कोलाक्षपति | १,५०,०००.०० |
| ३८. | २०७४-०५-१० | दिल प्रसाद श्रेष्ठ/रेणुका देवी श्रेष्ठ भगवती माता पूजा प्रसाद अक्षयकोष | सेन्ट्रल फाईनान्स लि. | F11001025013 | रेणुका देवी श्रेष्ठ | १,५०,५५५.०० |
| ३९. | २०७४-०५-१० | भगवती माता पूजा प्रसाद अक्षयकोष | सेन्ट्रल फाईनान्स लि. | F11001025013 | तानसेन गुठी | ४,२३,०७४.००<br>४,००,०००.०० |
| ४०. | २०७५-०५-३० | रामलाल–ज्योतिलाल–दुर्गालाल कक्षपति स्मृति अक्षयकोष | कुमारी बैक लि. | 04300300024600027 | अनुपलाल कक्षपती | ४,००,०००.०० |
| ४१. | २०७५-०५-३० | हरिहर प्रसाद–कृष्ण माया प्रधान स्मृति अक्षयकोष | कुमारी बैंक लि. | 04300300024600027 | क्या. रविन्द्र प्रसाद प्रधान | ५१,०००.०० |
| ४२. | २०७५-०५-३० | जीवन–जयन्ती अक्षयकोष | सपना बहुउद्देश्यीय सहकारी संस्था लि. | 41-01782-1 | जयन्ती श्रेष्ठ | १,११,१०१.०० |
| ४३. | २०७६-०५-२१ | श्री भगवती प्रसाद–गीता देवी थान्जू अक्षयकोष | मुक्तिनाथ विकास बैंक | 133035416012 | राजेन्द्र प्रसाद थान्जू | १,११,१११.०० |
| ४४. | २०७६-०५-२१ | लाले जोकर–शुख लक्ष्मी चित्रकार स्मृति अक्षयकोष | मुक्तिनाथ विकास बैंक | 133035416012 | किरण चित्रकार | २५,०००.०० |
| ४५. | २०७६-०५-२१ | देव लक्ष्मी – शान्ती लक्ष्मी स्मृति अक्षयकोष | मुक्तिनाथ विकास बैंक | 133035416012 | भगवती प्रसाद श्रेष्ठ | १,२१,०००.०० |
| ४६. | २०७६-०५-२१ | देवी–सरस्वती अक्षयकोष | मुक्तिनाथ विकास बैंक | 133035416012 | देवीध्वज श्रेष्ठ | १,११,१११.०० |
| ४७. | २०७७-१०-०६ | माधव राज मास्के स्मृति अक्षयकोष | मुक्तिनाथ विकास बैंक | 133035416012 | निर्मला मास्के | ५,००,०००.०० |
| ४८. | २०७७-१०-२५ | युगल कृष्ण–गंगा मल्ल अक्षयकोष | मुक्तिनाथ विकास बैंक | 133035416012 | गंगा मल्ल | १,११,१००.०० |
| ४९. | २०७८-०५-२६ | अमरगञ्ञ श्री बटुक भैरव अक्षयकोष | कुमारी बैंक लि. | 04300300024600027 | विजय लक्ष्मी लाकौल | १,६०,०००.०० |
| ५०. | २०७८-०५-२६ | सूर्य–भीम कुमारी मलेकु अक्षयकोष | सेन्ट्रल फाईनान्स लि. | F11001025014 | चन्द्रमान मलेकु | २,२२,२२२.०० |
| ५१. | २०७९-०३-१९ | कृष्ण बहादुर, इन्द्र कुमारी, दुर्गादेवी स्मृति अक्षयकोष | कुमारी बैंक लि. | 04300300024600027 | ठाकुर प्रसाद थान्जु | १,,११,१११.०० |
| ५२. | २०७९-०५-१८ | वैद्य–गोविन्दलाल–चिनिया देवी भगवती माता पूजा प्रसाद अक्षयकोष | सेन्ट्रल फाईनान्स लि. | C33001023386 | डा. निशा श्रेष्ठ | १,००,०००.०० |
| ५३. | २०७९-०९-२१ | कोकिल–गीता सेवा अक्षयकोष | मुक्तीनाथ विकास बैंक | 133035416012 | कोकिल गोविन्द श्रेष्ठ | २,००,०००.०० |
| ५४. | २०७९-१०-०४ | रामेश्वर नाथ–कल्पना गोंगल रणउजीरेश्वरी भगवती माता पूजा अक्षयकोष | मुक्तिनाथ विकास बैंक | 133035416012 | डा. रामेश्वर नाथ गोंगल | १,००,०००.०० |
| ५५. | २०८०-०१-१९ | तीर्थनाथ–जानकी देवी गोंगल अक्षयकोष | कुमारी बैंक लि. | 04300300024600027 | तीर्थनाथ गोंगल | ३,००,०००.०० |
| ५६. | २०८०-०२-२८ | गृहेन्द्रध्वज–मानकुमारी स्मृति अक्षयकोष | कुमारी बैंक लि. | 04300300024600027 | बालप्रसाद श्रेष्ठ-सीताकुमारी श्रेष्ठ | १,४०,०००.०० |

# तानसेन गुठी काठमाडौंको जात्रा तथा सांस्कृतिक पर्व र स्वास्थ्य सहयोग (आर्थिक) पाल्पा शाखाबाट हस्तान्तरण

आ.व. २०७९/८०

| क्र.सं. | धार्मिक, साँस्कृतिक र स्वास्थ्य | ठेगाना | रकम |
|---|---|---|---|
| १ | श्री ७ रणउजीरेश्वरी भगवती रथ यात्रा | भगवती टोल | ८२७५० |
| २ | श्री अमर नारायण रथ यात्रा | नारायण टोल | १९०७२ |
| ३ | श्रीनगर सिध्दी विनायक गणेश यात्रा | श्री नगर | ६६१२ |
| ४ | श्री सुर्य विनायक गणेश रथ यात्रा | टक्सार टोल | १९०४ |
| ५ | श्री भिमसेन रथ यात्रा | शितल पाटी | ४३२२ |
| ६ | श्री भिमसेन रथ यात्रा | भिमसेन टोल | ४३२२ |
| ७ | श्री बटुक भैरब रथ यात्रा | अमर गंज | १४८६८ |
| ८ | श्री पाल्पा भैरब रथ यात्रा | भैरब स्थान | २८१० |
| ९ | श्री बुध्द रथ यात्रा आनन्द बिहार | टुँडिखेल | १९०४ |
| १० | श्री बुध्द रथ यात्रा गुठी | टक्सार टोल | १९०४ |
| ११ | श्री काल भैरब  रथ यात्रा | टक्सार टोल | १९०४ |
| १२ | श्री लक्ष्मी नारायण रथ यात्रा | बसन्तपुर टोल | १९०४ |
| १३ | श्री देउराली सांकृतिक प्रतिष्ठान | तानसेन | ९००० |
| १४ | श्री हाँस्य ब्यङ्ग तथा नाट्यकला सांकृतिक | बस पार्क | ३७८३ |
| १५ | श्री लाखे नृत्य समुह | बस पार्क | ५००० |
| १६ | श्री धवल पुस्तकालय सहयोग | मेहलधारा | १२२४५ |
| १७ | स्वास्थ उपचार सहयोगार्थ | भीमसेन टोल | २३७६५ |
| १८ | स्वास्थ बिमा सहयोगार्थ | नारायण टोल | ३५०० |
| १९ | तानसेन गुठी (भगवति नित्य पुजा प्रसाद) | तानसेन शाखा | ६५०० |
| | पाल्पा गएको जम्मा रकम | | २०८०६९ |

## गुठीको बार्षिक जात्रा, सांस्कृतिक पर्व तथा स्वास्थ्य आर्थिक सहयोग
## अक्षयकोष दाता / ब्याज

आ.व २०७९/८०

| क्र.सं. | अ.कोष | धार्मिक साँस्कृतिक र स्वास्थ्य कोष | दाताहरू | रकम |
|---|---|---|---|---|
| १ | १३ | नेपाल सरकार | नेपाल सरकार | २२२३४ |
| २ | १६ | बेणी प्रसाद-ज्योति लक्ष्मी श्रेष्ठ स्मृति | श्री आनन्द, विनोद, बिज्ञान, प्र श्रेष्ठ | ३७५२ |
| ३ | २६ | धर्म राज-सुर्य कुमारी लिगल स्मृति | श्री पृथ्वी राज लिगल | ६१३८ |
| ४ | २७ | यज्ञ प्रसाद-भगवती माया स्मृति | भगवतीमायाँ कक्षपती | ६९१६ |
| ५ | १५ | राम लाल-ज्योति लाल कक्षपति स्मृति | श्यामसुन्दरलाल कक्षपती | ६६५१ |
| ६ | १८ | नारायण प्रसाद महाजन-हरिलाल वैध्य | डा.श्री चिरञ्जीवीलाल प्रधान | ६०४४ |
| ७ | २१ | मुर्तेन्द्र-मोहन माया स्मृति | श्री हित सिंह तथा परिवारहरु | ४२२६ |
| ८ | २० | गृह-गीता सिंह अक्षयकोष | श्री गृहमान सिंह | २८२० |
| ९ | ३६ | प्रतिमान-नीमा स्मृति | श्री दिपक बोहरा | ६२२८ |
| १० | ३६ | सुर्य-चन्द्र स्मृति | श्री दिव्यमान बैश्यत परिवार | १२४६० |
| ११ | ३० | तेज लक्ष्मी-लाल प्रसाद श्रेष्ठ अक्षयकोष | श्री दिल प्रसाद श्रेष्ठ | ६०४४ |
| १२ | ३३ | बै.गणेश कुमारी/चन्द्र कुमारी श्रेष्ठ स्मृति | श्री रेणुका देवीजोशी | ३०२३ |
| १३ | २४ | उमा-गणेश नारायण श्रेष्ठ स्मृति | श्री रमेश नारायण श्रेष्ठ | ६११३ |
| १४ | २ | नारायण-सरोज अक्षयकोष | श्री नारायण प्रसाद श्रेष्ठ | २०३९९ |
| १५ | ४० | रामलाल-ज्योति लाल-दुर्गा लाल-कक्षपति स्मृति | श्री पुष्पलाल कक्षपती | २५८४५ |
| १६ | ४३ | भगवती-गीता देवी थान्जु अक्षयकोष | श्री राजेन्द्र प्रसाद थान्जु | ७४१६ |
| १७ | २९ | गणेश प्रसाद-सानुमाया-महालक्ष्मी थान्जु अ.कोष | श्री महालक्ष्मी थान्जु | ६१३८ |
| १८ | ४९ | अमरगंज बटुक भैरव अक्षयकोष | श्री विजयलक्ष्मी लाकौल श्रेष्ठ | ९८२६ |
| १९ | ४१ | हरिहर प्रसाद-कृष्ण माया प्रधान स्मृति | क्या.श्री रविन्द्र प्रसाद प्रधान/ श्री सतिश प्रसाद प्रधान | ३९३५ |
| २० | ५० | सुर्य-भीम कुमारी मलेकु अक्षयकोष | श्री भिमकूमारी मलेकु | १६६२० |
| २१ | ८ | गोविन्द-इन्दिरा अक्षयकोष | | १३७४१ |
| २२ | ५४ | रामेश्वरनाथ-कल्पना गोंगल अक्षयकोष | | ६५०० |
| २३ | | शम्भुमान सिंह लाखे सहयोग | | ५००० |
| | | | | २०८०६९ |

## छात्रवृत्ती तथा स्वास्थ्य उपचार सहयोगको तानसेन शाखाको कार्यक्रममा वितरण हुने विवरण

आ.व. २०७९/८०

| क्र.सं. | अक्षयकोष क्र.सं. | अक्षयकोष | बिद्यार्थीको नाम | बिद्यालय | रकम |
|---|---|---|---|---|---|
| १ | २ | नारायण-सरोज | मधु श्रीस | सेन मा.बि. | १०९८३ |
| २ | ३ | श्याम रत्न स्मृति | तुषार कालीकोटा | न्यु होराइजन १०+२ | ८४५० |
| ३ | ३ | श्याम रत्न स्मृति | निशा कामु मगर | पाल्पा आवासीय मा.बि. | ८४५० |
| ४ | ५ | दिब्य मान बैश्यत स्मृति | निशा आले | प.प.न.मा.बि. | ३१४७ |
| ५ | ६ | जीत गोविन्द /चन्द्र कुमारी स्मृति | प्रशंशा पन्थी | जनता मा.बि. | ३३३५ |
| ६ | ६ | जीत गोविन्द /चन्द्र कुमारी स्मृति | कुन्दन के.सी. | | ३३३५ |
| ७ | ७ | जय-चिरन्जीवी | सन्दिप कुमाल | पाल्पा तानसेन हेल्थ साइन्स | ६८५३ |
| ८ | १० | दशरथ-मिथिला | कादम्बिनी शाक्य | त्रि.ब.क्याम्पस | ७४३७ |
| ९ | ११ | शिवनाथ-यमुना | पबी भट्टराई | दमकडा मा.बि. | ६४८४ |
| १० | ११ | शिवनाथ-यमुना | क्षितिज कुँवर | जनता मा.बि. | ६४८४ |
| ११ | १२ | सिध्दी सकल तुलसी कृष्ण इन्द्र दुर्गा | गुणाकर अर्याल | त्रि.ब.क्याम्पस | १६१८८ चाँदीको करूवा |
| १२ | १७ | पुर्णलालबैद्य | | लुम्बिनी मेडिकल | ६८९३ |
| १३ | १९ | जुन-लोक अक्षयकोष | डा.असल तिमिल्सिना | लुम्बिनी मेडिकल | ६३४७ |
| १४ | २१ | मुर्तेंद्र-मोहनमाया स्मृति | रोजी घर्ति | जनता मा.बि. | ४२२६ |
| १५ | २१ | मुर्तेंद्र-मोहनमाया स्मृति | सृजना कार्की | प.प.न.मा.बि. | ४२२६ |
| १६ | २१ | मुर्तेंद्र-मोहनमाया स्मृति | भिमु चिदी | मोहन कन्या मा.बि. | ४२२६ |
| १७ | २२ | अनन्त-मथुरा प्रसाद राजभण्डारी | दुर्गा हेमचुरी | प.प.न.मा.बि. | ३०२२ |
| १८ | २२ | अनन्त-मथुरा प्रसाद राजभण्डारी | भिजिला दर्लामी | प.प.न.मा.बि. | ३०२२ |
| १९ | २३ | तेज कुमारी-गणेश बहादुर गुभाजु | निर्जला क्षेत्री | महेन्द्र बोधी मा.बि. | ४५६१ |
| २० | ३१ | मुक्ति प्रसाद-लक्ष्मी कुमारी स्मृति | सृजनाढकाल | त्रि.ब.क्याम्पस | ६६५१ |
| २१ | ३५ | महालक्ष्मी श्रेष्ठ स्मृति | यज्ञ तिमिल्सिना | देवबाणी मा.बि. | ६११३ |
| २२ | ४४ | लाले जोकर-सुख लक्ष्मी स्मृति | गोबिन्द कुँवर | दमकडा मा.बि. | १६७० |
| २३ | ४५ | देव लक्ष्मी/शान्ती लक्ष्मी | पवन गाहा | प.प.न.मा.बि. | ८०७२ |
| २४ | ४६ | देवी-सरस्वती अक्षयकोष | रीतिका श्रेष्ठ | जनता मा.बि. | ७४१३ |
| २५ | ५६ | गृहेन्द्र ध्वज-मान कुमारी | प्रीति राना | त्रि.ब.क्याम्पस | १०००० |
| | | | | | १५७५८८ |

## छात्रवृत्ति तथा नगद पुरस्कार काठमाडौँमा वितरण हुने विवरण
आ.व. २०७९/८०

| क्र.सं. | अक्षयकोष क्र.सं. | अक्षयकोष | विद्यार्थीको नाम | बिद्यालय | रकम |
|---|---|---|---|---|---|
| १ | १ | श्री नगर छात्रवृत्ति | प्राप्त नभएको | | ३११६ |
| २ | ९ | तानसेन नेवा छें | | | २६११४ |
| ३ | १७ | बैद्यराज पूर्णलाल श्रेष्ठ स्मृति अक्षयकोष | | | ६८९३ |
| ४ | १९ | जुन-लोक अक्षयकोष | | | ६३४७ |
| ५ | २८ | इन्द्र-पद्म स्मृति अक्षयकोष | | | ९२५२ |
| ६ | ३१ | मुक्ति प्रसाद-लक्ष्मी कुमारी स्मृति अक्षयकोष | | | ६६५१ |
| ७ | ३२ | जगत बहादुर-रुद्र बहादुर स्मृति अक्षयकोष | | | ३०२३ |
| ८ | ३७ | हेमन्त कोलाक्षपति भगवतीमाता पूजा प्रसादअक्षयकोष | | | |
| ९ | ३८ | दिलप्रसाद-रेणुकादेवी श्रेष्ठ भगवतीमाता पूजा प्रसादअक्षयकोष | | | |
| १० | ३९ | श्री माता भगवती पुजा प्रसाद अक्षयकोष | | | ५४१२७ |
| ११ | ४२ | जीवन-जयन्ती अक्षयकोष | दिनेश प्रसाद थान्जू | टुर्गान | ८७४८ |
| १२ | ४७ | माधव राज मास्के स्मृति अक्षयकोष | | | २९५१८ |
| १३ | ४८ | युगल-गंगा अक्षयकोष | | | ६५५७ |
| १४ | ५१ | कृष्ण बहादुर,इन्द्र कुमारी,दुर्गा देवीस्मृति अक्षयकोष | रक्षा भुषाल | बुटवल माध्यमिक विध्यालय | ८५६४ |
| १५ | ५२ | बै.गोविन्द लाल-चिनिया देवी श्रेष्ठ अक्षयकोष | | | ४३२० |
| १६ | ५३ | कोकिल-गीता मानव सेवा कोष | | | १६००० |
| १७ | ५५ | तिर्थनाथ-जानकी देवी गोंगल अक्षयकोष | | | ६२००० |
| १८ | | स्वास्थ सहयोग अक्षयकोष | | | १६२६९ |

# इन्फ्लूएन्जा तथा निमोनिया खोप कार्यक्रम



**सुबोध लाल श्रेष्ठ**
कार्यकारी सदस्य तथा स्वास्थ्य संयोजक
तानसेन गुठी

तानसेन गुठी, काठमाडौंले गुठी सदस्य तथा उहाँहरूको परिवारको सुस्वास्थ्यलाई ध्यानमा राखी विगत केही वर्षदेखि खोप कार्यक्रम सञ्चालन गर्दै आएको छ। मानव शरीरमा रोगप्रतिरोधात्मक क्षमता विकासमा खोपको महत्त्वपूर्ण भूमिका रहन्छ। यसै कुरालाई मनन् गरी स्वास्थ्य तथा खोप उपसमितिको बैठकमा छलफल भए बमोजिम सल्लाहकार तथा आजीवन सदस्य प्रा. डा. मनोहर लाल श्रेष्ठज्यूको विशेष पहलमा गतवर्ष २०७९ साल कार्तिक १२ गते तद्नुसार २०२२ अक्टोवर२९, शनिवारका दिन बयोधा हस्पिटल, बल्खु काठमाडौंमा इन्फ्लूएन्जा तथा निमोनिया खोप कार्यक्रम आयोजना गरियो।

विगतमाझैं तानसेन गुठीले सहुलियत दरमा प्रतिव्यक्ति रु.५०।- दर्ता शुल्क सहित इन्फ्लूएन्जा खोप रू.२,५५०।- तथा निमोनिया खोप रु.५,५५०।- मा उपलब्ध गराइएकोमा १०७ जनाले इन्फ्लूएन्जा तथा २८ जनाले निमोनिया खोप लगाउनुभयो। गुठी सदस्यज्यूहरूको उत्साहजनक सहभागिताप्रति गुठी कार्य समिति उहाँहरू प्रति आभार व्यक्त गर्दछ र खोपको महत्त्व बुझी आगामी वर्षहरूमा आयोजना हुने खोप कार्यक्रममा बढीभन्दा बढी सदस्यहरू सहभागी हुनेछ भन्ने आशा गरेको छु।

खोप कार्यक्रम सञ्चालन गर्न स्थान उपलब्ध गराइदिनु भएकोमा श्री बयोधा हस्पिटल व्यवस्थापन समितिप्रति हार्दिक आभार तथा कृतज्ञता व्यक्त गर्दछु।

अन्त्यमा, यस खोप कार्यक्रम सफलतापूर्वक सम्पन्न गर्न यस उपसमितिका सल्लाहकार प्रा.डा.मनोहर लाल श्रेष्ठज्यू, स्वास्थ्य प्राविधिक श्री गोपाल प्रसाद शर्माज्यू तथा गुठी कार्य समिति सदस्यहरू जीवन ज्योति बज्राचार्यज्यू, कविकृष्ण अमात्यज्यू र ऐश्वर्यमान वैश्यतज्यूबाट प्राप्त सहयोगका लागि उहाँहरूमा धन्यवाद ज्ञापन गर्दछु। साथै गुठीले आगामी वर्षहरुमा पनि खोप कार्यक्रम आयोजना गर्दै जाने जानकारी गराउँदछु।





# ९० वर्षीय पूजा (देवरथारोहण) कार्यक्रम
## श्रध्येय श्री तीर्थनाथ गोंगलज्यू





प्रमी श्रेष्ठ
उपाध्यक्ष तथा संयोजक,
जेष्ठ नागरिक सम्मान उप-समिति

विभिन्न कारणले जन्मभूमि तानसेनलाई छोडी काठमाडौंलाई कर्मभूमि बनाई विभिन्न पेशा र व्यवसाय गरी बसेका तानसेनबासीहरूबीच पारस्परिक सुमुधुर सम्बन्ध राखी एक आपसमा सहयोग पुऱ्याउने भावना र उद्देश्य राखी जन्मथलो तानसेनको शैक्षिक, स्वास्थ्य, धार्मिक, सांस्कृतिक र सामाजिक लगायत विभिन्न क्षेत्रको विकास, सम्वर्धन र प्रवर्ध्दन साथै कल्याणकारी कार्यमा आफ्नो स्थापना कालदेखि नै उद्देश्य अनुरूप क्रियाशील रहँदै आएको तानसेन गुठीले यस अनुरूप गुठीले गर्दै आएका विभिन्न गतिविधिमध्ये जेष्ठ नागरिक सम्मान पूजा (९० वर्षीय र सय वर्षीय) कार्यक्रम पनि एक हो ।

हाम्रो समाजमा जतिबेला मान्छेको आयु कम थियो त्यतिबेला लामो आयु जिउँने व्यक्तिलाई देवतुल्य मानेर जंकु पूजा गरी आशीर्वाद लिने सांस्कृतिक परम्परा अहिले पनि चलनचल्तीमा रहेको छ । जसअनुसार विभिन्न उमेरमा गरिने रथारोहणको आफ्नै महिमा, मूल्य र पहिचान रहेको छ ।

यही परम्पराअनुसार तानसेनगुठीले आफ्नो गुठी सदस्य तथा सदस्यपरिवारका अग्रजहरूको नब्बे वर्षीय र शतवार्षिकी पूजा सम्मान गरी आशीर्वाद लिने गरिएको छ । यही सांस्कृतिक परम्पराको जगेर्ना गर्दै आएको तानसेन गुठी काठमाडौंले यसवर्ष पनि निरन्तरता दिई श्रध्देय श्री तीर्थनाथ गोंगलज्यूको नब्बे वर्षीय पूजा उहाँकै निवासस्थान काठमाडौंस्थित बालाजुमा यस गुठीका आजीवन सदस्यद्वय जेठा छोरा ई.श्री वीरेन्द्रनाथ गोंगल तथा माहिली सुपुत्री डा. रोशन गोंगल, परिवारका साथ २०८० साल वैशाख १६ गते शनिबारको शुभदिनमा हार्दिकता साथ दोसल्ला ओढाई सम्मानपत्रसहित सम्मान गरी सम्पन्न गरिएको थियो ।







पठाउनुभएको जानकारी दिँदा त्यो पल सम्झेर खुसी हुनुको साथै भावविभोर हुनुभएको थियो । यसरी हर्षोल्लासमय वातावरणमा सम्पूर्ण परिवारजन तथा गुठीपरिवार सहितको सहभागितामा कार्यक्रम सुसम्पन्न भएको थियो । यसै अवसरमा रु.३००,०००/-(तीन लाख) को अक्षयकोषको स्थापना गर्नु भएको थियो ।

गुठीद्वारा आवश्यक विविध पूजा सामान व्यवस्था गरी विधिवत् हिन्दु संस्कार र परम्पराअनुसार गुठीका पूर्वअध्यक्ष श्री गृहमान सिंहबाट मन्त्र उच्चारण गरी गुठीका अध्यक्ष श्री निलम गोंगल श्रेष्ठज्यूबाट सुकुन्दामा बत्ती बालेर विधिपूर्वक गणेश, कुमार, कलश, अष्टचिरञ्जीवी, अष्टमातृका, अष्टभैरव, कुलदेवता र श्री रणउर्जीरेश्वरी भगवतीमातालाई पुकारी गुठीको तर्फबाट टीका, फूलमाला, सगुन-प्रसाद अर्पण गर्दै दोसल्ला ओढाई दीर्घ जीवन, सुस्वास्थ्य, सुख–शान्ति र समृद्धिको मङ्गलमय शुभकामना व्यक्त गर्नुभएको थियो । साथै कार्यक्रम संयोजक प्रमी श्रेष्ठज्यूबाट सम्मानपत्र वाचन गरी श्रध्देय श्री तीर्थनाथ गोंगलज्यूलाई सम्मान गरिएको थियो । सम्मानित व्यक्तित्वबाट उपस्थित सबैलाई टीका लगाइदिनुभई आशीर्वाद दिनुभएको थियो ।

उक्त कार्यक्रममा सहभागिताको लागि संयोजकबाट निमन्त्रणा दिने क्रममा उहाँको स्कुलेमित्र तथा गुठीका सल्लाहकार मि.सु. श्री नारायण प्रसाद श्रेष्ठबाट स्कुले जीवनमा रानीघाटमा नुहाउने क्रममा बगाउदा साथी तीर्थनाथ गोंगलज्यूले कपालमा समाती तानेर बचाउनुभएको सम्झना गर्दै 'मेरो जीवनदाता' भनी उहाँको देवरथारोहण पूजाको शुभकामना

कार्यक्रमपश्चात परिवारको तर्फबाट सम्पूर्ण सहभागीहरूमा खानपानको व्यवस्था गर्नुका साथै गुठीबाट गरिएको सम्मानको लागि उहाँले अफ्नो र परिवारको तर्फबाट हृदयदेखि धन्यवाद व्यक्त गर्नुभएको थियो ।

**पूजामा सहभागीहरू:**

| क्रसं | पूजामा सहभागीहरू | क्रसं | पूजामा सहभागीहरू |
|---|---|---|---|
| १. | निलम गोंगल श्रेष्ठ | १३. | शशिप्रभा श्रेष्ठ |
| २. | प्रमी श्रेष्ठ | १४. | भवानी गोंगल |
| ३. | विनय शाक्य | १५. | विकाश मान श्रेष्ठ |
| ४. | राजु प्रधान | १६. | रजनी गोंगल |
| ५. | सुबोध लाल श्रेष्ठ | १७. | रेखा मुनन्कमी |
| ६. | कवि कृष्ण अमात्य | १८. | मधु मुनन्कमी |
| ७. | ऐश्वर्यमान वैश्यत | १९. | किरण रावल |
| ८. | डा. ई.सुरेन्द्र श्रेष्ठ | २०. | महेश नाथ गोंगल(अंग्रेज) |
| ९. | गृहमान सिंह | २१. | प्रदिप गोंगल |
| १०. | शरण रत्न शाक्य | २२. | जीनु श्रेष्ठ |
| ११. | शान्ता शाक्य | २३. | डा.निशेष राज श्रेष्ठ |
| १२. | जयन्तीश्रेष्ठ | | |



# तीर्थयात्रा कार्यक्रम



राजु प्रधान
संयोजक, तीर्थयात्रा उपसमिति

गुठीबाट आयोजित कार्यक्रम मध्येको महत्त्वपूर्ण कार्यक्रमका साथै धेरैले रुचाइएको तिर्थयात्रा यसपाली माता सीताको जन्मभूमि जनकपुरमा २०७९ फाल्गुण (६-८) सम्म दुई रात तीन दिनको लागि सम्पन्न भएको थियो । जनकपुरधाम अत्यन्त प्रख्यात भई धेरैले नाम सुने पनि यातायातको सुगमता भएपनि धेरै साथीहरू नपुगेको ठाउँ रहेछ ।

जनकपुर र त्यस वरिपरिको विषयमा धेरैलाई जानकारी अवश्य होला र हुनुपर्छ । त्यसैले यात्राको विषयमा छोटकरीमा जानकारी गर्ने कोशिस गरेको छु। गत वर्ष नुवाकोट तीर्थयात्रामा धेरै साथीहरूले जनकपुरको इच्छा गरेको हुँदा सोही अनुसार हामीले जनकपुर नै यात्राको लागि रोजेका हौं । भौगोलिक हिसाबले अलि टाढा भएकोले पनि कार्यक्रम २ रात ३ दिनको राख्नु पर्ने अवस्था भयो । यात्रामा २७ जना तीर्थयात्रीहरु सहभागी थियौं । २०७९ फाल्गुण ६ गते बिहान यात्रा जनकपुरको लागि प्रस्थान भयो । सिन्धुली बर्दिवास (वि. पि.राजमार्ग) को बाटो धेरै जनाको लागि नयाँ भएकोले यात्रामा नौलोपन अवश्य भयो नै । काठमाडौं जनकपुर २२५ कि. मि. करिव ८ देखि ९ घण्टाको बाटोमा बिहानको नास्ता र खाना राजमार्गको होटेलमा खाई दिउँसो ३ बजेतिर जनकपुरमा पुग्यौं । अध्यक्ष निलम दिदीको परिवारको अत्यन्त घनिष्ठ पारिवारिक सदस्य पारस मिश्रजीले हामीलाई स्वागत गर्न नगर प्रवेश गर्ना साथ आई पुग्नुभएको थियो । अत्यन्त सहयोगी स्वभावको पारस मिश्रजीले हामीहरूलाई होटेलतर्फ लैजानु भयो र वहाँको सहयोगमा सहुलियत दरमा होटेलको व्यवस्था पनि गरीदिनु भयो । करिव १ घण्टाको होटेल बसाई पछि वहाँकै अगुवाइमा महोत्तरीको जलेश्वरतर्फ लाग्यौं । जनकपुरबाट जलेश्वर करिव १९ कि. मि. दुरीमा रहेछ । जलेश्वर महादेव जल भित्र विराजमान भएकोले सो ठाउँको नाम जलेश्वर रहन गएको हो । सोही दिन हिन्दुहरूको महान पर्व महाशिवरात्री परेको र दर्शनार्थीहरूको भिडभाड भएतापनि जलेश्वर महादेवको अपूर्व दर्शन गर्ने मौका पायौं । सबैजना तीर्थयात्रीहरू पनि धेरै नै खुशी हुनुभयो । त्यस पछि राती अवेर हामी बसेको होटेल जनकपुर तर्फ फर्क्यौं ।

अर्को दिन बिहान करिव ७.०० बजे मन्दिर दर्शन गर्ने सिलसिला सुरू हुन्छ । जनकपुरको मुख्य आकर्षण जानकी माताको दर्शन गरी त्यहाँ प्रदर्शित पुरातात्त्विक तथा ऐतिहासिक कलाकृतिको पनि अवलोकन गर्नुका साथसाथै त्यहाँ वरिपरि रहेको राम मन्दिर, राजदेवी मन्दिर (राजा जनकको कुल देवता), जनक मन्दिर, शिव मन्दिर, संकट मोचन मन्दिर, राम जानकी विवाह मण्डप, लक्ष्मण मन्दिर आदिको दर्शन गर्न करिव ४ घण्टामा सम्पन्न भयो । जानकी मन्दिरको आकर्षण र भव्यता आफ्नै किसिमको छ, भारतीय तीर्थयात्रीहरूको





सँधै भिडभाड लाग्ने रहेछ। जानकी मन्दिरको भव्यता र इतिहासको बयान गर्न यो सानो यात्रा स्मरणमा असम्भव नै हुन्छ। बिहानको खाना खाई दिउँसो हामी धनुषाधामतर्फ लाग्यौं। भगवान रामले शिव धनुष भाँच्नुभएको स्थान रहेछ। जानकी मन्दिरबाट यस ठाउँको दुरी १० कि.मि. रहेछ। अत्यन्त महत्त्वपूर्ण तिर्थस्थल भएतापनि त्यस स्थलको संरक्षण तथा सम्वर्ध्दन त्यति राम्रो भएको देखिएन। धनुषाधामबाट फर्के पछि भगवान् राम र सीताको वास्तविक विवाह भएको स्थल पनि बाटो मै पर्ने भएको हुँदा सो स्थान पनि हेर्न जाने अवसर मिल्यो। त्यस स्थानको नाम मुजेलिया रहेछ। जनकपुरमा हेर्न लायक दर्शनीय स्थलहरू अन्य धेरै छन् । तर २ दिनको यात्रामा यो सबै ठाउँमा पुग्न सम्भव भएन। जनकपुरलाई पोखरी नै पोखरीको शहरको रूपमा पनि चिनिने रहेछ। जनकपुर भित्र ७२ वटा पोखरी रहेको कुरा पारस मिश्रजीबाट जानकारी प्राप्त भएको थियो।

जानकी मन्दिर नजिक दुईवटा विशाल तलाउ गंगा सागर र धनुष सागर रहेछ, जहाँ हरेक साँझ गंगा आरती हुने रहेछ र सो बेलुकाको गंगा आरतीमा हामी पनि सहभागी भई दोश्रो दिनको यात्रा सम्पन्न भयो।

तेश्रो दिन बिहान ७ बजे तिर हाम्रो यात्रा काठमाडौंको






लागि प्रस्थान भयो । बाटोमा अर्को ऐतिहासिक महत्त्व बोकेको सिन्धुलीगढीको अवलोकन भ्रमण गर्ने अवसर पनि प्राप्त भयो । मुख्य राजमार्गबाट करिब २ कि. मि. उकालोमा सो स्थान रहेछ । अंग्रेज फौजलाई हराएको ऐतिहासिक स्थलमा नेपाली सेनाले युध्द संग्रहालय बनाएको हेर्न लायकको छ । त्यस पछि हाम्रो यात्रा पुनः काठमाडौंतर्फ भयो ।

यस यात्रालाई सफल बनाउन सहयोग गर्ने साथीहरू प्रमी श्रेष्ठ, ऐश्वर्य मान वैश्यतप्रति आभारी छु । यात्राको लागि पूरा सहयोग गरी यात्रामा जान असमर्थ साथीहरू जीवन ज्योति बज्राचार्य र कवि कृष्ण अमात्यको सहयोग पनि अत्यन्त महत्त्वपूर्ण रह्यो । अध्यक्ष निलम दिदी र अन्य प्रत्यक्ष अप्रत्यक्ष सहयोगी साथीहरूलाई पनि धन्यवाद दिन चाहन्छु । सम्पूर्ण तीर्थयात्रीहरूप्रति पनि आभारी छु । विशेष गरी जनकपुर निवासी श्री पारस मिश्रजी जसको सहयोगको कारण हाम्रो जनकपुरको तीर्थयात्रा सहज भयो, वहाँलाई धैरै धैरै धन्यवादसहित आभार व्यक्त गर्न चाहन्छु ।



**तीर्थ यात्रामा सहभागी तीर्थयात्रीहरूको नामावली:**

१. राजु प्रधान
२. उषा प्रधान
३. निलम गोंगल श्रेष्ठ
४. राज गोपाल श्रेष्ठ
५. निर्शा श्रेष्ठ
६. प्रमि श्रेष्ठ
७. ऐश्वर्य मान वैश्यत
८. उमा वैश्यत
९. गीता सिंह
१०. चैतन्य प्रकाश प्रधान
११. रिनु प्रधान
१२. राम प्रधान
१३. शीला प्रधान
१४. बिञ्जु श्रेष्ठ
१५. बिन्द्रा थाञ्जु
१६. अम्बी शाक्य
१७. रञ्जना शाक्य
१८. अनिता पोखरेल
१९. कमल श्रेष्ठ
२०. निर्मला श्रेष्ठ
२१. अम्बिका जोशी
२२. कविन्द्र जोशी
२३. शक्ति श्रेष्ठ
२४. सरस्वती श्रेष्ठ
२५. गीतादेवी श्रेष्ठ
२६ समा श्रेष्ठ
२७. सुष्मा अमात्य

# गुठीको संरक्षणमा रहेका शैक्षिक छात्रवृत्ति पुरस्कारहरू

| क्र.सं. | छात्रवृत्तिको नाम | विवरण | संख्या |
|---|---|---|---|
| १. | नारायण–सरोज छात्रवृत्ति | तानसेन नगर भित्रका सामुदायिक विद्यालयमा अध्ययनरत आर्थिक अवस्था कमजोर भएका कक्षा ९ मा अध्ययनरत, सो विद्यार्थी पुनः उत्कृष्ट भएमा पुरस्कार (कुलब्याजको १५% निरन्तर गर्ने) | १ |
| २. | श्रीनगर छात्रवृत्ति | काठमाडौंमा बसोबास गरेका गुठी सदस्यका छोराछोरीहरू मध्ये एस.ई.ई. परीक्षामा सबैभन्दा बढी अङ्क ल्याई उत्तीर्ण हुने छात्र एक, छात्रा एकजनालाई | २ |
| ३. | श्याम–रत्न स्मृति छात्रवृत्ति | तानसेन नगरको विद्यालयहरूबाट विज्ञान संकायमा +२ परीक्षामा सर्वोत्कृष्ट अंकल्याई उर्तीण गर्ने छात्र र छात्रा | २ |
| ४. | पद्म–चन्द्र श्रेष्ठ स्मृति छात्रवृत्ति | गुठी सदस्य परिवारका छोरा र छोरीमध्ये नेपालबाट कृषि तथा पशुपंछी विषयमा +२ को परीक्षामा उत्कृष्ट अंक ल्याई उत्तीर्ण गर्ने एकजना | २ |
| ५. | दिव्यमान वैश्यत स्मृति छात्रवृत्ति | प.प. नमुना उ.मा.वि. बाट एस.ई.ई. परीक्षामा सबैभन्दा बढी अंकल्याई उत्तीर्ण गरी +२ मा भर्ना भएको छात्र वा छात्रा | १ |
| ६. | जीत गोविन्द चन्द्र कुमारी स्मृति छात्रवृत्ति | क) जनता न.उ.मा.वि. बाट एस.ई.ई. परीक्षामा सबैभन्दा बढी अङ्क ल्याई उत्तीर्ण गर्ने छात्रा<br>ख) जनता न. उ.मा.वि. बाट कक्षा ५ मा सबैभन्दा बढी अंकल्याई उत्तीर्ण गर्ने छात्रा (स्कुलको वार्षिक फी, कापी, किताब) | ३ |
| ७. | दशरथ–मिथिला छात्रवृत्ति | त्रिभुवन बहुमुखी क्याम्पस पाल्पाबाट बि.बि.एस. र बि.ए. मा उच्चतम अंक ल्याई सोहि क्याम्पसमा मास्टर्समा भर्ना भई अध्ययन गरेका विद्यार्थीलाई प्रेरणा स्वरुप पुरस्कार प्रदान गर्ने | १ |
| ८. | शिवनाथ–यमुना देवी गोंगल छात्रवृत्ति | तानसेन नगर भित्रका सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ८ को जिल्ला स्तरीय परीक्षामा सर्वोत्कृष्ट अंकल्याई उत्तीर्ण भई कक्षा ९ र १० मा अध्ययन गर्ने छात्र वा छात्रा | २ |
| ९. | सिद्धि सकल तुलसी कृष्ण इन्द्र दुर्गा स्मृति पुरस्कार | त्रिभुवन क्याम्पस पाल्पाबाट बि.एस्सीमा उत्कृष्ट अंक ल्याई उत्तीर्ण गर्ने विध्यार्थी एकजनालाई चाँदीको करुवा र प्रमाणपत्र | १ |
| १०. | मूर्तेन्द–मोहनमाया स्मृति छात्रवृत्ति | तानसेनका तीन सामुदायिक विद्यालयहरू<br>क) पद्म पब्लिक न. उ. मा.वि.<br>ख) मोहनकन्या उ.मा.वि.वि.<br>ग) जनता न.उ.मा.वि. का जेहेन्दार आर्थिक अवस्था कमजोर भएका छात्रा १/१ जनालाई प्रदान गर्ने | ३ |
| ११. | अनन्त मथुरा प्रसाद राजभण्डारी छात्रवृत्ति | तानसेन पद्म पब्लिक न.उ.मा.वि.बाट एस.ई.ई. परीक्षामा सर्वाधिक अंकल्याई उत्तीर्ण हुने दुई छात्रालाई | २ |
| १२. | तेज कुमारी गणेश बहादुर गुभाजु स्मृति छात्रवृत्ति | तानसेन सामुदायिक विद्यालयमा अध्ययन गर्ने आर्थिक अवस्था कमजोर भएका छात्रालाई प्रदान गर्ने । | १ |
| १३. | मुक्ति प्रसाद लक्ष्मीकुमारी छात्रवृत्ति | त्रिमुवन बहुमुखी क्यापस पाल्पाबाट नेपाली विषयमा स्नातकोत्तर तहमा सर्वाधिक अंक प्राप्त गर्नेलाई २ तोला चाँदीको तक्मा र नगद | १ |
| १४. | महालक्ष्मी श्रेष्ठ स्मृति छात्रवृत्ति | तानसेन पाल्पास्थित देववाणी संस्कृत विद्यालयमा अध्ययन गर्ने आर्थिक अवस्था कमजोर जेहेन्दार विद्यार्थी | १ |
| १५. | हरि प्रसाद कृष्णमाया प्रधान स्मृति अक्षयकोष | तानसेन धवल पुस्तकालयलाई सहयोग गर्ने (रवीन्द्र प्रसाद प्रधान) | |
| १६. | लालेजोकर–सुखलक्ष्मी चित्रकार स्मृति अक्षयकोष | दृष्टिबिहीनहरूमध्ये एस.ई.ई. परीक्षामा उत्कृष्ट अंकल्याई उत्तीर्ण विद्यार्थी (नगदब्याजअनुसार) | १ |
| १७. | देवलक्ष्मी–शान्तिलक्ष्मी स्मृति छात्रवृत्ति | प.प. नमुना उ.मा.वि. तानसेनबाट कक्षा ८ बाट सर्वोत्कृष्ट अंकल्याई कक्षा ९ मा सोही विद्यालयमा अध्ययनरत छात्र वा छात्रालाई प्रदान गर्ने | १ |
| १८. | देवी सरस्वती छात्रवृत्ति | तानसेन जनता न.उ.मा.वि. ले छनौट गरी पठाएको विद्यार्थीलाई प्रदान गर्ने | १ |
| १९. | माधव राज मास्के पुरस्कार | गुठी सदस्य परिवारबाट इन्जीनियरिङ्ग तथा आर्किटेक्चर विधामा स्नातकोत्तर (Masters) उपाधि हासिल गरेकालाई मायाको चिनो र प्रमाण पत्र प्रदान गर्ने । | |
| २०. | सूर्य भीमकुमारी मलेकु अक्षयकोष | तानसेन धवल पुस्तकालयलाई सहयोग गर्ने | १ |
| २१. | मूर्तेन्द–मोहनमाया स्मृति अक्षयकोष | तानसेन धवल पुस्तकालयलाई सहयोग गर्ने | १ |
| २२. | कृष्ण बहादुर इन्द्र कुमारी दुर्गा देवी स्मृति अक्षय कोष | बुटवल मा.वि. मा अध्ययनरत आर्थिक अवस्था कमजोर भएका विद्यार्थीहरू मध्ये छात्र वा छात्रालाई आर्थिक सहयोग गर्ने । | १ |
| २३. | तीर्थनाथ–जानकी देवी गोंगल छात्रवृत्ति | गुठी सदस्य परिवारबाट स्वास्थ्य चिकित्सा क्षेत्रमा स्नातकोत्तर (विशेषज्ञता हासिल) गरेका लाई मायाको चिनो (चाँदिको बनाई) प्रमाण–पत्र र दोसल्लाबाट सम्मान गर्ने । | १ |
| २४. | गृहेन्द्र ध्वज –<br>मान कुमारी स्मृति छात्रवृत्ति | त्रिभुवन बहुमुखी क्याम्पस तानसेनमा बि.बि.ए.मा भर्ना भई नियमित रूपमा अध्ययनरत विद्यार्थी मध्ये व्यवस्थापन संकायबाट +२मा उत्कृष्ट अंक ल्याएको | १ |

# शैक्षिक गतिविधि

शिक्षा तथा अन्य क्षेत्रमा स्थापित अक्षयकोष उद्देश्य अनुरूप प्रोत्साहन मिलोस् भन्ने उद्देश्यले हरेक वर्ष तानसेन गुठीले आफ्नो वार्षिक भेला कार्यक्रमका दिन विभिन्न तहमा सर्वाधिक अङ्क प्राप्त गरी उत्तीर्ण हुने छात्रछात्राहरूलाई दाताहरूबाट स्थापित छात्रवृत्ति पुरस्कार तथा अन्य क्षेत्रका उद्येश्य अनुरूप सम्मान तथा पुरस्कृत गर्ने परम्परा कायम राख्दै आएको सर्वविदितै छ ।

## अ) काठमाडौंमा वितरण गरिने पुरस्कारहरू

### १) श्रीनगर छात्रवृत्ति अक्षयकोष

**संस्थापक – लक्ष्मण प्रसाद श्रेष्ठ, श्याम सुन्दर लाल कक्षपती, पुष्प प्रधान**

काठमाडौंमा बसोबास गरेका गुठी सदस्य परिवारका एस.इ.इ. परीक्षामा सर्वाधिक अङ्क प्राप्त गरी उत्तीर्ण हुने छोरा र छोरी गरी दुई जनालाई प्रदान गरिने छ ।

नोट: यो साल कसैको आवेदन नआएको ।

### २) श्यामरत्न स्मृति छात्रवृत्ति

**संस्थापक – युगल कृष्ण मल्ल, ई. शंकरकृष्ण, ई. लक्ष्मण कृष्ण, डा. ओमकृष्ण, डा. महावीर कृष्ण र ई. नारायण कृष्ण मल्ल**

तानसेन नगरपालिका भित्रका विद्यालयहरूबाट विज्ञान सङ्कायको +२ परीक्षामा सर्वाधिक अङ्क प्राप्त गरी उत्तीर्ण हुने एकजना छात्र र एकजना छात्रा गरी दुई जनालाई काठमाडौंमा सहभागी गराई प्रदान गरिने यो छात्रवृत्ति पुरस्कार निम्न विद्यार्थीहरूलाई प्रदान गरिएको छ ।

नाम : तुषार कालिकोटा
प्राप्ताङ्क : जिपिए –
स्कुल : न्यू होराइजन ई. बोर्डिङ स्कुल



*तुषार कालिकोटा*

नाम : निशा खासु मगर
प्राप्ताङ्क : जिपिए –
स्कुल : पाल्पा आवासीय मा.वि.



*निशा खासु मगर*

### ३) पद्मचन्द श्रेष्ठ स्मृति छात्रवृत्ति

**संस्थापक – चन्द्रलक्ष्मी श्रेष्ठ**

गुठी सदस्य परिवारका छोरा र छोरीमध्ये नेपालबाट कृषि र पशुपंछी सम्बन्धित विषयमा +२ को परिक्षामा उत्कृष्ट अङ्क ल्याई उत्तीर्ण गर्ने एकजना छात्र र एकजना छात्रालाई पुरस्कृत गर्ने ।

नोट: यो साल कसैको आवेदन नआएको ।

### ४) जुन लोक पुरस्कार

**संस्थापक: स्व. जुन मल्ल थापा / लोक विक्रम थापा**

लुम्बिनी मेडिकल कलेज प्रभास, तानसेनबाट एम. बि .बि .एस .को प्रारम्भ देखिको प्रत्येक ब्याचको अन्तिम परीक्षामा सर्वोत्कृष्ट अकं ल्याउने विद्यार्थीलाई प्रदान गरिने स्वर्ण पदक देहायका विद्यार्थीलाई प्रदान गरिएको छ ।




क) नाम : डा. अशल तिमिल्सिना
साल : २०८०

नोट: यस वर्षको पुरस्कार लुम्बिनी मेडिकल कलेजको वार्षिकोत्सवमा प्रदान गरिने ।

## ५) जगत बहादुर जोशी –रुद्र बहादुर जोशी स्मृति पुरस्कार

**संस्थापक: रेणुका देवी श्रेष्ठ जोशी**

साहित्य क्षेत्रमा योगदान पुऱ्याउने पाल्पाली साहित्यकारलाई प्रत्येक दुई वर्षमा एकजना साहित्यकारलाई पुरस्कृत गरिने ।

नोट: अर्को वर्ष वितरण गरिने ।

## ६) जीवन जयन्ती पुरस्कार

**संस्थापक: जयन्ती श्रेष्ठ**



देशभरका पर्यटक पथ-प्रदर्शकहरूमध्ये प्रत्येक वर्ष उत्कृष्ट एकजना पथ-प्रदर्शकलाई प्रदान गरिने उक्त पुरस्कार देहायकालाई प्रदान गरिएको छ ।

ख) नाम : पथ प्रर्दशक श्री दिनेश प्रसाद थान्जू
जन्मस्थान : पाल्पा
हाल ठेगाना : म्हेपी, काठमाडौं
व्यवसाय : जर्मन र अङ्ग्रेजी भाषामा टुर गाईड
सम्मान वर्ष : २०८०



*दिनेश प्रसाद थान्जू*

## ७) इन्द्र पदम स्मृति पुरस्कार

**संस्थापक ः ई. करुणा गोविन्द श्रेष्ठ एवं गोविन्द परिवार**

नेवा ः भाषा ः साहित्य, संस्कृति आदिको संरक्षण र संवर्द्धन गर्न योगदन पुऱ्याउने व्यक्तित्व वा संस्थालाई प्रदान गरिने उक्त पुरस्कार देहायकालाई प्रदान गरिएको छ ।

नाम : श्री वासव राजोपाध्याय
सम्मान बर्ष : २०८०



*वासव राजोपाध्याय*

## ८) तीर्थनाथ-जानकी देवी गोंगल पुरस्कार

**संस्थापक – तीर्थनाथ गोंगल**

गुठी सदस्य परिवारमध्ये स्वास्थ्य चिकित्सा क्षेत्रमा स्नातकोत्तर विशेषज्ञता हासिल गरेकाहरूको लागि मायाँको चिनो (चाँदीको सामान), प्रमाण-पत्र र दोसल्ला ओढाई सम्मान गर्ने उद्देश्यले स्थापित 'तीर्थनाथ-जानकी देवी गोंगल पुरस्कार' यस वर्ष निम्न डाक्टरहरूलाई प्रदान गरिएको छ ।

क. डा. निशा श्रेष्ठ- एनेस्थेसियोलोजी
ख. डा. गौरव गोंगल- कम्युनिटी मेडिसिन
ग. डा. प्रशुमा मल्ल- एनेस्थेसियोलोजी
घ. डा. भाग्यश्री श्रेष्ठ- मास्टर्स अफ सर्जरी
ङ. डा. रायना श्रेष्ठ- इन्टर्नल मेडिसिन



*डा. निशा श्रेष्ठ*



*डा. गौरव गोंगल*



*डा. प्रशुमा मल्ल*



*डा. भाग्यश्री श्रेष्ठ*



*डा. रायना श्रेष्ठ*

## ९) कोकिल गीता मानवसेवा पुरस्कार

**संस्थापक – कोकिलगोविन्द श्रेष्ठ**

समाजका असहाय बालबालिका तथा वृध्दवृध्दाहरूको सेवामा समर्पित व्यक्ति तथा संघ-संस्थालाई उहाँहरूले गरेका र गरिरहेका मानवीय पूण्य कार्यका लागि सम्मान गर्ने उद्देश्यले स्थापित उक्त पुरस्कार यसवर्ष (२०८०) नयाँ वानेश्वर शान्तिनगरस्थित 'निःसहाय सेवा सदन' लाई प्रदान गरिएको छ ।

## १०) माधवराज मास्के स्मृति अक्षयकोष

**संस्थापक – निर्मला मास्के**

तानसेन गुठीका सदस्य परिवारबाट ईन्जिनियरिङ र आर्किटेक्चर विधामा स्नातकोत्तर उत्तीर्ण गरेकालाई प्रमाण-पत्र, मायाँको चिनो र दोसल्लाबाट सम्मान गर्ने उद्देश्यले स्थापित 'माधवराज मास्के पुरस्कार' यसवर्ष २०८० सालको लागि देहायकालाई प्रदान गरिएको छ ।


*आ.ई. रक्षा श्रेष्ठ*


*आ.ई. सुन सुन कसजू*

क. आ.ई. रक्षा श्रेष्ठ

ग. आ.ई. सुन सुन कसजू

## १२) कृष्ण बहादुर - इन्द्र कुमारी - दुर्गा देवी पुरस्कार

**संस्थापक – ठाकुर प्रसाद थान्जू**

बुटवल माध्यमिक विद्यालयमा अध्ययनरत आर्थिक अवस्था कमजोर भएका विद्यार्थी एकजनालाई प्रदान गरिने यो पुरस्कार देहायका विद्यार्थीलाई प्रदान गरिएको छ ।


*रक्षा भुषाल*

नाम : रक्षा भुषाल

कक्षा : ११

विद्यालय : बुटवल माध्यमिक विद्यालय

## ११) 'हेमन्तराज कोलाक्षपति साहित्य पुरस्कार'

**संस्थापक – हेमन्तराज कोलाक्षपति**

पाल्पाको साहित्यिक विकासमा टेवा पु-याउने उद्देश्यले स्थापित यो पुरस्कार पाँच वर्षसम्म प्रत्येक वर्ष **'पाल्पा साहित्य समाज'**लाई उक्त समाजको उद्देश्य अनुरूप अगाडि बढ्न प्रोत्साहन र सहयोगस्वरूप यसवर्ष रू.२५,०००।- (अक्षरूपी पच्चिस हजार) नगद पुरस्कार प्रदान गरिएको छ ।

## १२) 'डा. शम्भुमान सिंह साहित्य पुरस्कार'

**संस्थापक – डा. शम्भुमान सिंह**

'पाल्पा साहित्य समाज' को सिफारिसमा पाल्पाको साहित्यिक विकासमा टेवा पु-याउन पाँच वर्षसम्म पाल्पाको साहित्यिक संस्था वा व्यक्ति (साहित्यकार) एक जनालाई प्रत्येक वर्ष प्रोत्साहन स्वरूप रू.२०,०००।- (अक्षरूपी बीस हजार) नगद पुरस्कार प्रदान गर्ने उद्देश्यले स्थापित 'डा. शम्भुमान सिंह साहित्य पुरस्कार' यसवर्ष साहित्यकार भागीरथी श्रेष्ठलाई प्रदान गरिएको छ ।


*भागीरथी भुषाल*

## आ) पाल्पा शाखामा वितरण गरिने शैक्षिक तथा अन्य पुरस्कारहरू

### १. दिव्यमान वैश्यत स्मृति छात्रवृत्ति

**संस्थापक – प्रदीप मान वैश्यत**

तानसेन पद्म पब्लिक नमुना उ.मा.वि.बाट एस.इ.इ. परीक्षामा सर्वाधिक अङ्क प्राप्त गरी उत्तीर्ण हुने एकजना विद्यार्थीलाई प्रदान गरिने यो छात्रवृत्ति पुरस्कारद्वारा देहायको विद्यार्थीलाई पुरस्कृत गरिएको छ ।

नाम : निशा आले
प्राप्ताङ्क : जिपिए –



*निशा आले*

### २. जीत गोविन्द चन्द्रकुमारी स्मृति छात्रवृत्ति

**संस्थापक – निरज गोविन्द श्रेष्ठ तथा गोविन्द परिवार**

तानसेनको जनता नमुना उ.मा.वि. बाट एस.इ.इ. परीक्षामा र कक्षा ५ मा सर्वाधिक अङ्क प्राप्त गर्ने दुई जना छात्रालाई प्रदान गरिने यो छात्रवृत्ति पुरस्कारद्वारा देहायका विद्यार्थीहरूलाई प्रदान गरिएको छ ।

क. नाम : प्रशंसा पन्थी
कक्षा : एस.इ.इ.
प्राप्ताङ्क : जिपिए – ३.८०



*प्रशंसा पन्थी*

ख. नाम : कुन्दन के.सी.
कक्षा : ५



*कुन्दन के.सी.*

### ३. नारायण सरोज छात्रवृत्ति

**संस्थापक – मि.सु. नारायण प्रसाद श्रेष्ठ / सरोजिनी श्रेष्ठ**

तानसेन नगरपालिका भित्रका सामुदायिक विद्यालयमा अध्ययनरत आर्थिक अवस्था कमजोर भएका एकजना छात्रालाई दिइने यो छात्रवृत्ति देहायको विद्यार्थीलाई प्रदान गरिएको छ ।

क) नाम : मधु श्रीस
कक्षा : ९
विद्यालय : सेन मा.वि.

### ४. दशरथ मिथिला छात्रवृत्ति

**संस्थापक – क. दशरथ मान सिंह, मिथिला देवी सिंह**

त्रिभुवन क्याम्पस पाल्पाबाट बि.ए. र बि.बि.एस. को परीक्षामा सर्वाधिक अङ्क प्राप्त गर्ने दुई जना विद्यार्थीहरूलाई प्रदान गरिने यो छात्रवृत्ति पुरस्कार देहायका विद्यार्थीहरूलाई पुरस्कृत गरिएको छ ।

क. नाम : कादम्बिनी शाक्य (बि.ए.)
समूह : ०७६/०७९



*कादम्बिनी शाक्य*

### ५. शिवनाथ यमुनादेवी गोंगल छात्रवृत्ति

**संस्थापक – यमुनादेवी गोङ्गल**

तानसेन नगरपालिका भित्रका सामुदायिक विद्यालयमा अध्ययरत कक्षा ८ को जिल्ला स्तरीय परीक्षामा सर्वाधिक अङ्क प्राप्त गरी उत्तीर्ण भई कक्षा ९ र १० मा अध्ययन गर्ने दुईजनालाई प्रदान गरिने यो छात्रवृत्ति पुरस्कार देहाय बमोजिमका विद्यार्थीहरूलाई प्रदान गरिएको छ ।

क. नाम : पवि भट्टराई
कक्षा : ८ (दमक सेकेण्डरी स्कुल)
प्राप्ताङ्क : जिपिए - ४

ख. नाम : क्षितिज कुँवर
कक्षा : ८ (जनता मा.वि.)
प्राप्ताङ्क : जिपिए - ४


पवि भट्टराई


क्षितिज कुँवर

## ६. मूर्तेन्द्र मोहनमाया स्मृति छात्रवृत्ति

**संस्थापक – हितसिंह, ई. शक्तिमान, डा. शम्भुमान, डा. उपेन्द्रमान सिंह तथा सदस्य परिवार**

तानसेनको नगरपालिका भित्रका सामुदायिक विद्यालयहरूमध्ये पद्म पब्लिक न.उ.मा.वि., जनता न.उ.मा.वि. र मोहन कन्या उ.मा.वि. मा अध्ययनरत जेहेन्दार र आर्थिक अवस्था कमजोर भएका तीन जना विद्यार्थीलाई दिइने यो छात्रवृत्ति देहाय बमोजिम विद्यार्थीहरूलाई प्रदान गरिएको छ ।

१. विद्यालय : पद्म पब्लिक न.उ.मा.वि.
नाम : सिर्जना कार्की
कक्षा : १२

२. विद्यालय : जनता न.उ.मा.वि.
नाम : रोजी घर्ती मगर
कक्षा : ५

३. विद्यालय : मोहन कन्या उ.मा.वि.
नाम : भिमु चिदी
कक्षा : ११


सिर्जना कार्की


रोजी घर्ती मगर


भिमु चिदी

## ७. अनन्त मथुरा प्रसाद राजभण्डारी छात्रवृत्ति

**संस्थापक – यिता राजभण्डारी**

तानसेनको पद्म पब्लिक नमुना उच्च माध्यमिक विद्यालयबाट २०७७ र २०७८ सालको एस.इ.इ. परीक्षामा सर्वाधिक अङ्क प्राप्त गरी उत्तीर्ण हुनु भएका दुई/दुईजना छात्रालाई यो छात्रवृत्ति पुरस्कार प्रदान गरिएको छ ।

क. नाम : दुर्गा हेमचुरी
प्राप्ताङ्क : जिपिए -

क. नाम : भिजिला दर्लामी
प्राप्ताङ्क : जिपिए -


दुर्गा हेमचुरी


भिजिला दर्लामी

## ८. तेजकुमारी गणेश बहादुर गुभाजू स्मृति छात्रवृत्ति

**संस्थापक – डा. भक्त बहादुर गुभाजू**

तानसेनको सामुदायिक विद्यालयमा अध्ययन गर्ने आर्थिक अवस्था कमजोर भएका एकजना छात्रालाई प्रदान गरिने यो छात्रवृत्ति देहायको छात्रालाई प्रदान गरिएको छ ।

क. नाम : निरजला क्षेत्री
कक्षा : १०
विद्यालय : महेन्द्रबोधी मा.वि.


निरजला क्षेत्री

## ९. महालक्ष्मी श्रेष्ठ स्मृति छात्रवृत्ति

**संस्थापक – गंगा श्रेष्ठ**

तानसेनको सामुदायिक विद्यालयमा कक्षा १० मा अध्ययन गर्ने आर्थिक अवस्था कमजोर भएका एकजना विद्यार्थीलाई प्रदान गरिने यो छात्रवृत्ति देहायको विद्यार्थीलाई प्रदान गरिएको छ ।

नाम : यज्ञ तिमल्सेना
कक्षा : १०
विद्यालय : देववाणी संस्कृत मा.वि.


*यज्ञ तिमल्सेना*

## १०. देवी सरस्वती छात्रवृत्ति

**संस्थापक – श्री देवीध्वज श्रेष्ठ / सरस्वती श्रेष्ठ**

तानसेन जनता न. मा.वि. बाट कक्षा ८ मा उत्कृष्ट अङ्क ल्याउने देहायको विद्यार्थीलाई प्रदान गरिएको छ ।

नाम : रितिका श्रेष्ठ
कक्षा : १०


*रितिका श्रेष्ठ*

## ११. देवलक्ष्मी शान्तिलक्ष्मी समृति पुरस्कार

**संस्थापक – मास्टर भगवती प्रसाद श्रेष्ठ**

प.प. न. उ.मा.वि. तानसेनबाट कक्षा ८ बाट सर्वोत्कृष्ट अङ्क ल्याई कक्षा ९ मा सोही विद्यालयमा अध्ययनरत छात्र वा छात्रालाई प्रदान गरिने यो पुरस्कार देहायको विद्यार्थीलाई प्रदान गरिएको छ ।

नाम : पवन गाहा
कक्षा : ८


*पवन गाहा*

## १२. लाले जोकर सुखलक्ष्मी चित्रकार स्मृति पुरस्कार

**संस्थापक – किरण चित्रकार**

एस.इ.इ. परीक्षामा उत्कृष्ट अङ्क ल्याउने दृष्टिविहीन छात्र वा छात्रालाई प्रदान गरिने यो पुरस्कार देहायको विद्यार्थीलाई प्रदान गरिएको छ ।

नाम : गोविन्द कुँवर
विद्यालय : दमकडा मा.वि.


*गोविन्द कुँवर*

## १३. गृहेन्द्रध्वज - मनकुमारी स्मृति पुरस्कार

**संस्थापक – बालप्रसाद श्रेष्ठ तथा सीता कुमारी श्रेष्ठ**

तानसेन त्रिभुवन बहुमुखी क्याम्पसमा BBA मा भर्ना भई नियमित रुपमा अध्ययनरत विद्यार्थीलाई प्रदान गरिने यो पुरस्कार देहायको विद्यार्थीलाई प्रदान गरिएको छ ।

नाम : प्रिती राना
कक्षा : BBA
विद्यालय : त्रिभुवन बहुमुखी क्याम्पस

## १४. जय-चिरञ्जीवी स्मृति पुरस्कार

**संस्थापक – गंगा रञ्जित, स्व. शारदा श्रेष्ठ, स्व. जनक लाल, स्व. अरूण लाल, रवीन्द्र, इन्दिरा**

एस.इ.इ. उत्तीर्ण गरी स्वास्थ्य शैक्षिक क्षेत्र (सि.एम.ए./नर्स) मा अध्ययन गर्न चाहने आर्थिक अवस्था कमजोर जेहेन्दार छात्र वा छात्रालाई प्रदान गरिने यो पुरस्कार देहायको विद्यार्थीलाई प्रदान गरिएको छ ।

नाम : सन्दिप कुमाल
कक्षा : SEE मा ३.३५ जिपिए
विद्यालय : तानसेन स्कुल अफ हेल्थ साइन्स


सन्दिप कुमाल


**४) सिद्धि सकल तुलसी कृष्ण इन्द्र दुर्गा स्मृति पुरस्कार**

**संस्थापक –स्व. अमृतमान श्रेष्ठ स्व. पृथ्वी कुमारी श्रेष्ठ**

त्रिभुवन बहुमुखी क्याम्पस पाल्पाबाट बि.एस्सी. परीक्षामा सर्वाधिक अङ्क प्राप्त गरी उत्तीर्ण हुने एकजना विद्यार्थीलाई प्रदान गरिने उपहार सहितको पुरस्कार यस वर्ष देहाय बमोजिमका विद्यार्थीहरूलाई पुरस्कृत गरिएको छ ।



क. नाम : गुणकर अर्याल
कक्षा : बि.एस्सी. (२०७६/२०७९ समूह)
प्राप्ताङ्क : ७१.०४ प्रतिशत
वर्ष : २०७९


गुणकर अर्याल

**५) मुक्ति प्रसाद लक्ष्मी कुमारी स्मृति छात्रवृत्ति पुरस्कार**

**संस्थापक – श्री शुभ श्रेष्ठ**

तानसेनको त्रिभुवन बहुमुखी क्याम्पसमा स्नातकोत्तर तह एम.ए. परीक्षामा सर्वाधिक अङ्क प्राप्त गरी उत्तीर्ण हुने एकजना विद्यार्थीलाई प्रदान गरिने उपहार सहितको पुरस्कार यस वर्ष देहायको विद्यार्थीलाई प्रदान गरिएको छ ।


सृजना ढकाल

नाम : सृजना ढकाल
शिक्षा : एम ए नेपाली
प्राप्ताङ्क : ३.४३ जि पि.ए



## गुठीको संरक्षणमा रहेका स्वास्थ्य सेवा, स्वास्थ्यशिक्षा अक्षयकोषहरू

| क्र.सं. | अक्षयकोषको नाम | विवरण | संख्या |
|---|---|---|---|
| १. | नारायण–सरोज अक्षयकोष | आर्थिक अवस्था कमजोर भएको बिरामीलाई स्वास्थ्य उपचारका लागि प्रदान गर्ने (कुलब्याजको २०% रकम) | |
| २. | जय चीरञ्जीवी स्मृति अक्षयकोष | स्वास्थ्य शैक्षिक क्षेत्रमा सि.एम.ए. वा नर्स अध्ययन गर्न चाहने आर्थिक अवस्था कमजोर जेहेन्दार छात्रा | १ |
| ३. | गोविन्द–इन्दिरा अक्षयकोष | आर्थिक अवस्था कमजोर भएको गुठी सदस्य परिवार वा तानसेनबासीलाई प्रदान गर्ने | |
| ४. | वैद्यराज पूर्णलाल श्रेष्ठ स्मृति अक्षयकोष | लुम्बिनी मेडिकल कलेज पाल्पाबाट सिफारिस भएर आएको गरिब बिरामीको उपचारको लागि प्रदान गर्ने । | |
| ५. | जुन–लोक अक्षयकोष | लुम्बिनी मेडिकल कलेज एण्ड रिसर्च सेन्टरबाट एम.बि.बि.एस. मा सर्वोच्च अंकल्याई उत्तीर्ण हुने १ जना विद्यार्थीलाई सुनको मेडल प्रदानगर्ने | १ |
| ६. | मूर्तेन्द्र–माहेन माया स्मृति अक्षयकोष | तानसेन पाल्पामा बसोबास गर्ने आर्थिक अवस्था कमजोर भएका बिरामीलाई उपचारार्थ सहयोग स्वरूप प्रदानगर्ने (कुलब्याजको २०% रकम) | |
| ७. | तेजलक्ष्मी लालप्रसाद श्रेष्ठ स्मृति अक्षयकोष | आर्थिक अवस्था कमजोर भएका बिरामीलाई स्वास्थ्य उपचारका लागि सहयोग स्वरुप प्रदानगर्ने (कूल ब्याजको ४०% रकम) | |
| ८. | माधवराज मास्के स्मृति अक्षयकोष | स्वास्थ्य सेवा उपचारका लागि सहयोग कुल ब्याजको १६% रकम) | |
| ९. | युगल–गंगा मल्ल अक्षयकोष | गुठी सदस्यलाई स्वास्थ्य उपचारमा सहयोग गर्ने | |
| १०. | कोकिल-गीता मानव सेवा अक्षयकोष | मानवीय सेवा गर्ने संस्था वा व्यक्तिलाई प्रदान गर्ने | १ |

## गुठीको संरक्षणमा रहेका धार्मिक, साँस्कृतिक तथा पर्यटन क्षेत्रका अक्षयकोषहरू

| क्र.सं. | अक्षयकोषको नाम | विवरण | संख्या |
|---|---|---|---|
| १. | नारायण–सरोज अक्षय कोष | तानसेन, पाल्पाको श्रीनगर श्री सिद्धि विनायक गणेश जात्रा, अमरनारायण, नित्यपूजा, बटुक भैरव, टुँडिखेल जात्रा, रणउजीरेश्वरी भगवती माता जात्रामा (क्रमशः कुलब्याजको १५%, १५%, १०% र ५% ले) सहयोग गर्ने । | |
| २. | भगवतीजात्रा अक्षयकोष नेपाल सरकार | तानसेन पाल्पाको श्री रणउजीरेश्वरी भगवती माताको जात्रा रथ नगर परिक्रमा गराउन सहयोग गर्ने । | १ |
| ३. | भगवतीजात्रा अक्षयकोष नेपाल सरकार | तानसेन पाल्पाको श्री रणउजीरेश्वरी भगवती माताको रथयात्रा नगर परिक्रमा गराउन सहयोग गर्ने । | १ |
| ४. | रामलाल–ज्योतिलाल कक्षपति स्मृति अक्षयकोष | तानसेन पाल्पाको श्री रणउजीरेश्वरी भगवती माताको रथयात्रा नगरपरिक्रमा गराउन सहयोग गर्ने | १ |
| ५. | वेणी प्रसाद श्रेष्ठ–ज्योतीलक्ष्मी श्रेष्ठ स्मृति अक्षयकोष | तानसेन पाल्पाको श्री रणउजीरेश्वरी भगवती माताको रथयात्रा नगरपरिक्रमा गराउन सहयोग गर्ने । | १ |
| ६. | नारायणप्रसाद महाजन / हरिलाल वैद्य अक्षयकोष | तानसेन पाल्पा श्री रणउजीरेश्वरी भगवती माता, भिमसेन टोल र भगवती टोलका भिमसेन जात्रा र पाल्पा भैरव मन्दिरलाई सहयोग गर्ने । | ४ |
| ७. | गृह–गीता अक्षय कोष | तानसेन पाल्पाको देवस्थलका देवदेवीहरूको रथयात्रा तानसेन नगरपरिक्रमा गराउन र पाल्पा भैरव स्थानमा मर्मतको लागि सम्बन्धित संस्थालाई आर्थिक सहयोग प्रदानगर्ने | ११ |

| क्र.सं. | अक्षयकोषको नाम | विवरण | संख्या |
|---|---|---|---|
| ८. | उमा–गणेश नारायण स्मृति अक्षयकोष | तानसेन पाल्पाको पर्यटकीय एवम् सांस्कृतिक, धार्मिक क्षेत्र चिनाउन सकिने आवश्यक क्रियाकलाप र निर्माण कार्यको लागि परिचालन गर्न सहयोग गर्ने । | १२ |
| ९. | धर्मराज–सूर्यकुमारी लिगल स्मृति अक्षयकोष | पाल्पा तानसेनस्थित रणउजीरेश्वरी भगवती माताको रथजात्रा नगर परिक्रमा गराउन सहयोग गर्ने । | १ |
| १०. | यज्ञ प्रसाद (प्युठानी माइला)–भगवतीमाया कक्षपति अक्षयकोष | पाल्पा तानसेनका विभिन्न देवदेवीको रथजात्रा र अन्य सांस्कृतिक पर्व जात्राहरूका लागि आर्थिक सहयोग । | १२ |
| ११. | इन्द्र पद्म स्मृति अक्षयकोष | नेपालभाषा, साहित्य, संस्कृति  आदिको संरक्षण र संवर्धन गर्न योगदान पुऱ्याउने व्यक्तित्व वा संस्थालाई पुरस्कार दिने | १ |
| १२. | महालक्ष्मी, सानुमैयाँ, गणेश प्रसाद थान्जु अविनाशी कोष | तानसेन नगर भित्र मनाइने विभिन्न सांस्कृतिक जात्रापर्व मनाउन सहयोग गर्ने | १ |
| १३. | तेज लक्ष्मी–लाल प्रसाद श्रेष्ठ स्मृति अक्षयकोष | पाल्पा तानसेनको श्री रणउजीरेश्वरी भगवती माताको जात्राको लागि सहयोग गर्ने (कुलब्याजको ४०) | १ |
| १४. | जगतबहादुर जोशी–रूद्र बहादुर जोशी स्मृति अक्षयकोष | साहित्यिक क्षेत्रमा योगदान पुऱ्याउने पाल्पाली साहित्यकारलाई २ वर्षमा १ जनालाई सम्मान गर्ने । | १ |
| १५. | गणेशकुमारी बैद्य –चन्द्र कुमारी मल्ल स्मृति अक्षयकोष | तानसेन पाल्पाको श्री रणउजीरेश्वरी भगवती जात्राको लागि आर्थिक सहयोग गर्ने । | १ |
| १६. | सूर्य–चन्द्र स्मृति अक्षयकोष | तानसेन नारायण टोलस्थित  अमरनारायण मन्दिरमा नियमित रूपमा भजन कीर्तन संचालन गर्न | १ |
| १७. | प्रतिमान–निमा स्मृति अक्षयकोष | तानसेनमा हरेक साल आयोजना हुने विभिन्न धार्मिक जात्राहरूको सहयोगको लागि | १२ |
| १८. | हेमन्तराज कोलाक्षपति भगवती माता पूजा प्रसाद अक्षयकोष | भगवतीमाताको पूजा प्रसाद तथा वार्षिक भेलाका लागि आवश्यक कार्यमा सहयोग पु-याउन | |
| १९. | दिलप्रसाद श्रेष्ठ–रेणुका देवी श्रेष्ठ भगवती माता पूजा प्रसाद अक्षयकोष | भगवती माताको पूजा प्रसाद वार्षिक भेलाका लागि आवश्यक कार्यमा सहयोग पु-याउन । | |
| २०. | भगवती माता पूजा प्रसाद अक्षयकोष | भगवती माताको पूजा प्रसाद तथा वार्षिक भेलाका लागि आवश्यक कार्यमा सहयोग पु-याउन । | |
| २१. | रामलाल–ज्योतिलाल–दुर्गालाल कक्षपति स्मृति अक्षयकोष | श्री रणउजीरेश्वरी भगवती जात्रा सञ्चालनको लागि | १ |
| २२. | जीवन–जयन्ती अक्षयकोष | उत्कृष्ट पर्यटक पथ-प्रदर्शकलाई पुरस्कृत गरिने । | १ |
| २३. | भगवती प्रसाद–गीता देवी थान्जू अक्षयकोष | तानसेन बजारको विभिन्न देवदेवीको जात्रामा सहयोग गर्न | १२ |
| २४. | अमरगञ्ज श्री वटुक भैरव अक्षयकोष | पाल्पा अमरगञ्जस्थित श्री वटुक भैरवको जात्रा सहयोग । | १ |
| २५. | सूर्य भीमकुमारी मलेकु अक्षयकोष | श्री रणउजीरेश्वरी भगवती जात्राको आर्थिक सहयोग । | |
| २६. | कोकिल–गीता सेवा अक्षयकोष | मानवीय सेवामा समर्पित भएका व्यक्तिलाई वा संस्थालाई | १ |
| २७. | वैद्य गोविन्दलाल–चिनिया देवी भगवती माता पूजा प्रसाद अक्षयकोष | भगवतीमाताको पूजा प्रसाद तथा वार्षिक भेलाका लागि आवश्यक कार्यमा सहयोग पु-याउन । | |
| २८. | रामेश्वर नाथ–कल्पना गोंगल रणउजीरेश्वरी भगवती माता पूजा अक्षय कोष | तानसेन रणउजीरेश्वरी भगवती माताको जात्राको दिन बिहान तानसेन गुठीको पाल्पा शाखाबाट विधिपूर्वक पूजा राखी रणउजीरेश्वरी भगवती माताको पूजागर्ने र रकम बाँकी रहन गए सोही वार्षिक कार्यक्रममा उपयोग गर्ने । | |

# स्वास्थ्य गतिविधि

विभिन्न समयमा आफ्नो जन्मभूमि तानसेनबाट काठमाडौंमा कर्मथलो बनाई बसोबास गरिरहेका यस गुठीमा सदस्यहरू तथा दाताहरूले 'सेवा नै धर्म हो' भन्ने मूल मन्त्रलाई आत्मसात् गरी स्वास्थ्य क्षेत्रतर्फ विभिन्न अक्षयकोष स्थापना गरेका छन् । उक्त कोषबाट आर्जित ब्याज रकम पाल्पा तानसेनका आर्थिक अवस्था कमजोर भएका बिरामीहरूलाई सहयोग तथा आर्थिक अवस्था कमजोर भएका एक जना जेहेन्दार छात्रालाई स्वास्थ्य शिक्षा अध्ययन गर्ने छात्रवृत्ति प्रदान गर्दै आइरहेको यहाँहरूमा विदितै छ । यसरी स्वास्थ्य क्षेत्रतर्फ विभिन्न नयाँ अक्षयकोष थपिंदै जानेमा गुठी आशावादी रहेको छ । यसवर्ष स्वास्थ्यतर्फका विभिन्न अक्षयकोषको ब्याजबाट देहाय बमोजिमका बिरामीहरूलाई आर्थिक सहयोग तथा स्वास्थ्य शिक्षा अध्ययन गर्ने एकजना विद्यार्थीलाई गुठीको स्वास्थ्य उपचार संयोजकको सहमति र निर्णयमा छात्रवृत्ति प्रदान गरिएको छ ।

**स्वास्थ्य क्षेत्रमा सहयोग**

२०८० सालको लागि -

- 'तेजलक्ष्मी-लाल प्रसाद श्रेष्ठ स्मृति अक्षयकोष' बाट — रू.३,०२२/-
- 'नारायण-सरोज अक्षयकोष'बाट — रू.६,२७६/-
- 'मूर्तेन्द्र-मोहनमाया स्मृति अक्षयकोष'बाट — रू.४२२६/-
- 'गोविन्द-इन्दिरा अक्षयकोष' बाट — रू.१३,७४१/-

जम्मा रू. २७,२६५/-

जम्मा रू. २७,२६५/– मध्येबाट आर्थिक अवस्था कमजोर भएका नारायण टोल निवासी अन्जु जोशीलाई स्वास्थ्य विमा वापत सहयोग रू. ३,५००।– प्रदान गरिएको छ भने स्वास्थ्य उपचार सहयोग वापत कलेजो सम्बन्धि रोगबाट ग्रसित बिरामी भिमसेनटोल निवासी गम्भिरमान शाक्यलाई रू.२३,७६५।- प्रदान गरिएको थियो ।

**जय-चिरञ्जिवी स्मृति छात्रवृत्ति र वैधराज पूर्णलाल श्रेष्ठ अक्षयकोषको** सहयोग कसैको निवेदन तथा अनुरोध नआएको कारण अर्को वर्ष वितरण गरिने जानकारी गराइएको थियो ।

## प्रतिक्रिया पठाउने बारे

चिनारी पत्रिकामा प्रतिक्रिया स्तम्भ शुरु गरिएको हुनाले गुठीप्रति आफ्नो धारणा, गुनासा तथा सल्लाह सुझावहरु तलको इ-मेल ठेगानामा प्रकाशनार्थ पठाउनु हुन हार्दिक अनुरोध गर्दछौं।
tansenguthi@gmail.com

## मानसम्मान सम्बन्धी सूचना

गुठियारहरुले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको मान सम्मान, विशिष्ट उपलब्धि तथा पदवी पुरस्कार आदि विशिष्ट सम्मान प्राप्त गर्नु भएको छ भने समयमै गुठीलाई जानकारी दिनुहोला ।

## तपाईंको मोबाइल नं र इमेल ठेगाना

गुठीको संचार प्रणाली सहज र सरल बनाउन आफ्नो मोबाईल नं. र ईमेल ठेगाना अनिवार्य रूपमा उपलब्ध गराउनु हुन अनुरोध गर्दछौ।

**हाम्रो इमेल ठेगाना** : tansenguthi@gmail.com

# तानसेन गुठी - तानसेन शाखा
# वार्षिक प्रतिवेदन २०७९/८०

मिति २०७९ भाद्र ४ गतेका दिन तानसेन गुठी, तानसेन शाखाको वार्षिक भेला तथा छात्रवृत्ति/पुरस्कार तथा जात्रा सहयोग रकम वितरण कार्यक्रम तानसेन शाखाका अध्यक्ष श्री सुशील प्रधानज्यूको अध्यक्षता तथा तानसेन नगरपालिकाका प्रमुख श्री सन्तोष लाल श्रेष्ठज्यूको प्रमुख अतिथ्यमा भव्यताका साथ सम्पन्न भयो। यस कार्यक्रममा विशिष्ट अतिथिका रूपमा पाल्पाका प्रमुख जिल्ला अधिकारी श्री जगन्नाथ पंत, पा.उ.वा. संघ अध्यक्ष श्री राजु महर्जन, तानसेन गुठी काठमाडौंका निवर्तमान अध्यक्ष श्री सर्जुमान लिगल, ता.न.पा वडा नं. ३ का वडा अध्यक्ष श्री बाबुरत्न शाक्य, तानसेन गुठी काठमाडौंका पूर्व कार्यसमिति सदस्य श्री अशोक महर्जन, श्री ७ भगवती गुठी व्यवस्थापन समितिका का.वा. अध्यक्ष श्री भीमसेन कार्की, नेपाल रेडक्रस सोसाईटी पाल्पाका अध्यक्ष श्री बुध्दि प्रसाद शर्माज्यू तथा तानसेन गुठी बुटवलका उपाध्यक्ष श्री केदार प्रसाद श्रेष्ठको समुपस्थिति रहेको थियो।

प्रमुख अतिथि तानसेन नगरपालिकाका प्रमुख श्री सन्तोष लाल श्रेष्ठज्यूबाट पानसमा दीप प्रज्ज्वलन गरी उद्घाटन गरिएको सो कार्यक्रममा उपस्थित महानुभावहरूलाई तानसेन गुठी, तानसेन शाखाका उपाध्यक्ष श्री शकुन्तला बज्राचार्यज्यूले स्वागत गर्नु हुँदै कार्यक्रमको बारेमा प्रकाश पार्नु भएको थियो। अक्षयकोषदाताहरूबाट स्थापित तानसेन गुठी काठमाडौं केन्द्रबाट वितरणको लागि आएका तानसेनका विभिन्न विद्यालयहरूबाट विशिष्ट श्रेणीमा उत्तीर्ण गर्ने विद्यार्थीहरूलाई छात्रवृत्ति, तानसेनका विभिन्न मन्दिरहरूलाई जात्रा संचालन गर्न आर्थिक सहयोग तथा स्वास्थ्य उपचार सहयोग रकम वितरण गरिएको थियो। साथै गुठीमा प्रवेश गर्नु भएका तीनजना महानुभावहरूलाई स्वागत तथा सम्मान गरिएको यस कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी पाल्पाका अध्यक्ष श्री बुध्दि प्रसाद शर्मा, गुठीका सल्लाहकार श्री केदार लाल श्रेष्ठ, श्री रणउजीरेश्वरी गुठी व्यवस्थापन समिति का.वा. अध्यक्ष श्री भीमसेन कार्की, तानसेन गुठी काठमाडौंका पूर्व कार्य समिति सदस्य श्री अशोक महर्जन, तानसेन गुठी काठमाडौंका निवर्तमान अध्यक्ष श्री सर्जुमान लिगल, पा.उ.वा.संघ अध्यक्ष श्री राजु महर्जन, प्रमुख जिल्ला अधिकारी श्रीमान् जगन्नाथ पंत, प्रमुख अतिथिः तानसेन नगरपालिकाका प्रमुख श्री सन्तोष लाल श्रेष्ठज्यूबाट शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो।

उक्त कार्यक्रममा तानसेन गुठी, तानसेन शाखाका सल्लाहकार श्री सन्तोष लाल श्रेष्ठज्यू तानसेन नगरपालिकाको नगर प्रमुख पदमा निर्वाचित हुनु भएकोमा खादा, दोसल्ला तथा सम्मान पत्रद्धारा सम्मान गरिएको थियो।

अन्त्यमा, शाखा अध्यक्ष श्री सुशील प्रधानज्यूबाट प्रमुख अतिथि तानसेन नगरपालिकाका प्रमुख श्री सन्तोष लाल श्रेष्ठज्यूलाई मायाको चिनो प्रदान प्रदान गर्नु भएपछि धन्यवादज्ञापन सहित आफ्नो मन्तव्य राखी समापन गर्नुभएको यस कार्यक्रम पाल्पा शाखाका सचिव श्री विनय राज बज्राचार्यज्यूले संचालन गर्नुभएको थियो।

विनय राज बज्राचार्य
सचिव






# तानसेन गुठी - बुटवल शाखा
# वार्षिक प्रतिवेदन २०७९/८०

मिति २०७९ साल पौष ९ गते शनिबारका दिन यस शाखाको तेस्रो वार्षिक साधारण सभा शाखाका अध्यक्ष श्री अर्जुन मान सैंजूज्यूको अध्यक्षतामा र सम्मानित जेष्ठ नागरिक श्री देवीध्वज श्रेष्ठज्यूको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो। उक्त सभामा अध्यक्षज्यूबाट स्वागत मन्तव्य राख्नु भएको थियो भने प्रमुख अतिथिज्यूबाट पानसमा बत्ति बालेर सभाको उद्घाटन गर्नु भएको थियो। गुठीका सचिव श्री सुरेन्द्र मुनि शाक्यले यस शाखाको आ.व. २०७८-०७९ को प्रगति विवरण प्रस्तुत गर्नुभएको थियो भने गुठीका सह-कोषाध्यक्ष श्री रञ्जन कसजूले आ.ब. २०७८-०७९ को आय व्यय प्रस्तुत गर्नुभएको थियो।

बुटवल उद्योग वाणिज्य संघ, बुटवलका अध्यक्ष श्री उज्ज्वल कसजूज्यू, सल्लाहकारज्यूहरू श्री जीवन प्रसाद ओझा, श्री ईरा देवी थैबज्यूहरूले शुभकामना मन्तव्य राख्नुभएको थियो भने प्रमुख अतिथि श्री देवीध्वज श्रेष्ठज्यूबाट पनि आफ्नो मन्तव्य राख्नु भएको थियो। उपसचिव श्री उपेन्द्रमान श्रेष्ठज्यूबाट धन्यवाद-ज्ञापन गर्नुभएको थियो। उक्त कार्यक्रम सचिव सुरेन्द्र मुनि शाक्यले संचालन गर्नुभएको थियो। वार्षिक साधारण सभामा आजीवन सदस्य तथा साधारण सदस्यहरूको उपस्थिति रहेको थियो भने तानसेन गुठी काठमाडौंमा आवध्द रहनुभएका भैरहवा क्षेत्रतिरका आजीवन सदस्यहरूको पनि सहभागिता रहेको थियो।

उक्त साधारण सभामा यस शाखामा आवध्द आजीवन सदस्य तथा साधारण सदस्यहरूमध्ये ८५ वर्ष पुगेको जेष्ठ नागरिकहरूलाई सम्मानगर्ने क्रममा यस वर्ष महिलातर्फ श्री गंगालक्ष्मी श्रेष्ठज्यूलाई सम्मान गरिएको थियो।

गुठीको साधारण सभामा श्री देवीध्वज श्रेष्ठज्यूले स्थापना गर्नुभएको 'श्री देवी सरस्वती छात्रवृत्ति' छात्र तर्फ उजीरसिंह मा.बि कक्षा १० मा अध्धयनरत विद्यार्थी श्री दिपक नेपालीलाई, त्यस्तैगरी श्री ईरादेवी थैबज्यूले स्थापना गर्नुभएको 'श्री वृज नयन छात्रवृत्ति' छात्रातर्फ बुटवल मा. वि. कक्षा १० मा अध्ययनरत विद्यार्थी श्री जेसिकानु बनियाँलाई प्रदान गरिएको थियो।






## टुक्राटाक्री



श्रीमणि खनाल

जति हालें हालें बालुवामा पानी,
अब मरिगए हाल्दिनँ बुझ्यौ !
गन्तव्य स्पस्ट नहुन्जेलसम्म,
अब कुनै नयाँ यात्रा थाल्दिनँ बुझ्यौ !
तिम्रो पापको घडा जति टालियो टालियो,
सुध्रने बाचा नगर्दासम्म टाल्दिनँ बुझ्यौ !
सोचेको थिएँ आँखा  डुलाउन छोड्छेउ भ्रम टुट्यो,
गहतको झोलमा जात फाल्दिनँ बुझ्यौ !
मुखले नखाई तिर्खा मेटिन्न थाह छ,
अब नाकले पानी खादिनँ बुझ्यौ !

*(गुठीको साहित्यिक कार्यक्रममा वाचन गरिएको)*

# अक्षयकोषदाता भेला २०८०



निलम गोंगल श्रेष्ठ
अध्यक्ष तथा भेलाका संयोजक

तानसेन गुठी, काठमाडौं एक विशुध्द मुनाफारहित सामाजिक संस्था हो । तानसेनबाट काठमाडौं आई बसोबास गरेका नेवार समुदायबाट २०५१-५-१३ सालमा तानेसन गुठी नामाकरण गरी दर्ता भई स्थापित गुठी हो ।

यस गुठीको मुख्य उद्देश्य तानसेनवासी आफ्ना गुठी सदस्यहरूबीच एक आपसमा सुमधुर सम्बन्ध कायम गरी पारस्परिक मेलमिलाप र सहयोग अभिवृध्दि गर्दै लैजाने साथै सामाजिक, साँस्कृतिक, ऐतिहासिक, जात्रा आदि सम्पदाको संरक्षण सम्वर्धन र सम्भार गर्न उत्प्रेरक भई टेवा पुऱ्याउन र शिक्षा, स्वास्थ्य, पर्यटन विकासमा सहयोगी भूमिका खेल्ने रहेको छ । तानसेन गुठीले परिकल्पना गरेका यी मुख्य उद्देश्य अनुरुप कार्य संचालन गर्नको लागि गुठियार सदस्यहरूबाट समय समयमा स्थापना गरिएका विभिन्न अक्षयकोषले सहयोगी भूमिका खेलेको पाइन्छ ।

सबैभन्दा पहिला २०५२ सालमा 'श्रीनगर अक्षयकोष' रू. ५०,०००/- (पचास हजार) र 'नारायण–सरोज अक्षयकोष' रू. २५,०००/- (पच्चिस हजार) बाट स्थापना गरी गुठीमा अक्षयकोष स्थापना गर्ने परिपाटीको सुरुवात भएको थियो । त्यसपछि हरेक वर्षजसो दाताहरूबाट २–४ वटा नयाँ अक्षयकोषको स्थापना हुँदै आजको मितिमा आइपुग्दा अक्षयकोषको संख्या जम्मा ५६ वटा पुग्न गएको छ ।

यी अक्षयकोषहरूको व्यवस्थापन, वितरण, संरक्षण, सञ्चालन सम्बन्धी अक्षयकोष दाताहरूको जिज्ञासा साथै तानसेन गुठीको दाताहरूप्रतिको कर्तव्यलाई मध्यनजर गरी 'तानसेन गुठी अक्षयकोषदाता भेला' आयोजना गर्ने निर्णय गरियो । सोही अनुरुप लामो समयपछि तानसेन गुठीले दोश्रो अक्षयकोषदाता भेला मिति २०७९ साल माघ ८ गते शनिबारका दिन गोकर्ण हाउस, पकनाजोल, काठमाडौंमा गुठीका कोषाध्यक्ष जीवन ज्योति बज्राचार्यको संयोजकत्वमा आयोजना गरिएको थियो । उक्त भेलामा संयोजकबाट उपस्थित सल्लाहकार, आर्थिक उपसमिति संयोजक तथा अक्षयकोष सल्लाहकार पूर्व अध्यक्ष गृहमान सिंह, गुठी पूर्व अध्यक्षहरू, कार्यसमिति पदाधिकारी एवम् सदस्य तथा आमन्त्रित गुठी सदस्यहरूलाई आसनग्रहण गराउनुका साथै स्वागत मन्तव्य व्यक्त गरी कार्यक्रमको सुरुवात गरिएको थियो । उपाध्यक्ष प्रमी श्रेष्ठबाट उपस्थित अक्षयकोषदाता लगायत सम्पूर्ण व्यक्तित्वहरूलाई खादा लगाई स्वागत तथा सम्मान गरिएको थियो । गुठी अध्यक्ष निलम गोंगल श्रेष्ठबाट कार्यक्रमको अध्यक्षता गर्नुको साथै तानसेन गुठीको संरक्षणमा रहेका अक्षयकोष सम्बन्धी व्यवस्था, संरक्षण, सञ्चालन, वितरण र विवरणसहित तैयार पारेको कार्यपत्र प्रस्तुत गरिएको थियो ।

तानसेन गुठीले यस अक्षयकोष भेला मुख्य चारवटा उद्देश्य प्राप्तिका लागि गरिएको थियो ।






१) तानसेन गुठीमा स्थापना गरिएका अक्षयकोषहरूको अवस्था बारे जानकारी गराउन ।
२) अक्षयकोषको उद्देश्यबारे जानकारी गराउन ।
३) अक्षयकोषहरूको संरक्षण, लगानी र वितरण प्रक्रियाबारे जानकारी गराउन ।
४) अक्षयकोषहरूको प्रभावकारी रुपमा राम्रो व्यवस्थापन गर्नका लागि समय सापेक्षिक परिमार्जन, परिवर्तन गर्नुपर्ने भएमा सो सम्बन्धमा छलफल विचार विमर्श र सुझाव प्राप्त गर्न ।

हालसम्म गुठीको संरक्षणमा स्वास्थ्य सेवा र स्वास्थ्य शिक्षा क्षेत्रमा जम्मा ९ (नौ) वटा अक्षयकोषहरू रहेका छन् । काठमाडौं, तानसेन शाखा र बुटवल शाखाबाट वितरण गरिने शैक्षिक छात्रवृत्ति पुरस्कारमा २२ वटा अक्षयकोषहरू स्थापना भएका छन् । धार्मिक, साँस्कृतिक तथा पर्यटन क्षेत्रमा जम्मा ३० वटा अक्षयकोष स्थापना गरिएको छ । हालसम्म स्थापना भई तानसेन गुठीको संरक्षणमा निम्न ५६ वटा अक्षयकोषहरू सञ्चालनमा रहेका छन् ।

(यसको विस्तृत विववरण पेज नं. ३० र ३१ मा दिइएको छ ।)

**अक्षयकोष कार्यपत्र प्रस्तुतिका मुख्य निम्न बुँदाहरूः**

१) सम्झौतापत्र परिमार्जन सम्बन्धमा ।
२) अक्षयकोषको उद्देश्य परिवर्तन सम्बन्धमा ।
३) कोष वृध्दि सम्बन्धमा (मर्जर सम्बन्धमा) ।
४) हाल कायम रहेको शीर्षक बाहेक अन्य के उद्देश्य शीर्षकमा नयाँ अक्षयकोष स्थापना गर्न उपयुक्त हुन सक्छ ।






यी विभिन्न विषय समेटेर छलफल हुनुका साथै उपस्थित महानुभावहरूबाट जिज्ञासा स्वरुप विभिन्न प्रश्न गर्नुभएको थियो भने उहाँहरूको जिज्ञासालाई अध्यक्ष साथै आर्थिक तथा अक्षयकोष सल्लाहकारहरूबाट प्रष्ट पारिएको थियो ।

उपस्थित सम्पूर्ण महानुभावहरूबीच भएको छलफल विचार विमर्शबाट निम्न उपलब्धिमूलक सुझाव सल्लाह तथा सहमति भएको पाइयो ।

१) सबै अक्षयकोषका सम्झौतापत्रलाई एकरूपता ल्याउन अद्यावधिक गरी सबै अक्षयकोषलाई पुनर्लेखन गर्ने । पहिलेका सम्झौतापत्रलाई पनि सङ्गै नत्थी (संलग्न) गरेर सुरक्षित राख्ने ।

२) एकजना दाताको एउटै उद्देश्य र शीर्षकमा पटक पटक रकम थप गर्दै छुट्टा छुट्टै सम्झौतापत्र बनाइएकोमा सबै सम्झौतापत्रलाई जोडेर एउटै सम्झौतापत्र बनाउने ।

३) अब नयाँ अक्षयकोष खोल्दा सकेसम्म गुठी परिवारलाई नै सहयोग उपलब्ध हुने क्षेत्रलाई ध्यान दिने ।

४) नयाँ अक्षयकोष खोल्दा कम्तिमा रू.१,००,०००।- (अक्षरुपी एक लाख रुपैयाँ) रकमको खोल्नु पर्ने ।

५) अब उप्रान्त अक्षयकोषको रकम गुठीले तोकिएको ‘क’ वर्गको बैंकमा जम्मा गर्नुपर्ने छ । यदि दाताले सो बाहेकका अन्य वित्तिय सँस्थाहरुमा जम्मा गर्न चाहेमा दाता स्वयमले जिम्मेवारी वहन गर्नुपर्ने ।

६) एउटै बैंकमा सबै रकम नराखी २–३ वटा बैंकमा राख्ने ।

७) तानसेन शाखामा वितरण गरिने अक्षयकोषको नाम र प्राप्त गर्ने विद्यार्थी साथै स्कुलको नामावली केन्द्रको वार्षिक कार्यक्रममा वाचन गरी जानकारी दिने ।

८) अक्षयकोषको सम्पूर्ण अधिकार, संरक्षण र स्वामित्व तानसेन गुठीमा रहने ।

९) समय समयमा अक्षयकोषदाता भेलागरी दातालाई सो सम्बन्धी जानकारी दिने र छलफल गर्दै जाने ।

अन्तमा उपाध्यक्षबाट उपस्थित सम्पूर्ण आमन्त्रित व्यक्तित्वहरू र आयोजकलाई धन्यवाद व्यक्तगरी कार्यक्रम समापन गरिएको थियो ।

तानसेन गुठीबाट सम्पूर्ण उपस्थित महानुभावहरूको सम्मानमा बिहानको भोजन (Lunch) को व्यवस्था गरिएको थियो । सुलभ मूल्यमा गुठीलाई कार्यक्रमस्थल साथै भोजनको लागि पहल गरिदिनु भएकोमा तानसेन गुठीका पूर्व अध्यक्ष श्री हेमन्त राज कोलाक्षपती प्रति आभार सहित धन्यवाद ज्ञापन गर्दछु ।

अक्षयकोष भेलामा बृहत छलफल गरि आएको माथिका बुँदाहरूलाई मनन् गरी सोही सुझाव अनुसार कार्यसमिति तथा आर्थिक उपसमितिको छलफलको गृहकार्य गरी अक्षयकोष सम्झौतापत्रहरूलाई संशोधनसहित पुनर्लेखन गरी अध्यावधिक गरियो र कार्यसमिति बैठकबाट अनुमोदन पश्चात सम्पूर्ण अक्षयकोषदाताहरूको घरदैलोमा पुगी सम्झौतापत्रमा हस्ताक्षर गर्ने कार्य सम्पन्न गरियो । सो सम्झौतापत्रलाई गुठीको आगामी ३१ औं वार्षिक साधारण सभाको कार्यक्रम २०८० साल भाद्र ३० गते शनिबारको दिन सबै अक्षयकोषदाताहरूलाई हस्तान्तरण गरिनेछ ।

# Lumbini Medical College & Teaching Hospital Ltd.

Tansen-7, Pravas, Palpa, Nepal. | Phone: 075-411201, 411202, Fax: 075-411205

E-mail: lmcpalpa@gmail.com | info@lmc.edu.np | www.lmc.edu.np

**तानसेन गुठीले ३० औं वर्ष पुरागरी ३१ औं वर्ष प्रवेश गरेको शुभ उपलक्ष्यमा संस्थाको उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

**गोपाल बहादुर पोखरेल**
कार्यकारी अध्यक्ष
तथा लुम्बिनी मेडिकल कलेज परिवार

## हाम्रा सेवा तथा सुविधाहरू

### सेवाहरू

- बहिरङ्ग सेवा, अन्तरङ्ग सेवा र शल्यक्रिया सेवा
- कलर डप्लर, इकोकार्डियोग्राफी र इ.सि.जि.
- एम.आर.आई, सि.टी. स्क्यान सेवा र मेमोग्राम
- दम तथा फोक्सो रोगका लागि पि.एफ.टि. सेवा
- मुटुको जाँच गर्ने टि.एम.टि. सेवा
- मिर्गी/छारे रोगका लागि ई.ई.जि सेवा
- इन्डोस्कोपी/कोलोनोस्कोपी सेवा
- हिस्टोप्याथोलोजी सेवा
- फार्मेसी सेवा (चौबीसै घण्टा)
- कम्प्यूटराइज्ड एक्स-रे सेवा (चौबीसै घण्टा)
- फिजियोथेरापी सेवा
- घातक रोग विरूद्धखोप सेवा र सुरक्षित मातृत्व सेवा
- सुरक्षित गर्भपतन सम्बन्धी सेवा
- नेपाल सरकार स्वास्थ्य मन्त्रालयद्वारा सञ्चालित :
  - निःशुल्क प्रसूति गराउने सेवा
  - क्षयरोगको निःशुल्क औषधोपचार सेवा
  - स्वास्थ्य बीमा कार्यक्रम
- समुदायमा आधारित निःशुल्क घुम्ती विशेषज्ञ स्वास्थ्य परीक्षण शिविरहरू
- डायलाईसिस सेवा

### सुविधाहरू

- जनरल सर्जरी / ग्यास्ट्रो सर्जरी
- न्यूरो सर्जरी
- यूरोलोजी
- इन्टर्नल मेडिसिन
- मुटु रोग
- पेट रोग
- छाला तथा यौन रोग
- बालरोग
- नाक, कान र घाँटी रोग
- स्त्रीतथा प्रसूति रोग
- हाडजोर्नी तथा नसा रोग
- दन्त रोग
- मानसिक रोग
- आँखा सम्बन्धी रोग
- ल्याप्रोस्कोपिक सर्जरी :
  - अत्याधुनिक प्रविधिबाट दूर्बीनको माध्यमले सानो प्वाल पारी पित थैलीको पत्थरी निकाल्ने सेवा,
  - मृगौला, पिसावनली र पिसाव थैलीका पत्थरी निकाल्ने सेवा
  - नचिरिकन प्रोस्टेट ग्रन्थिको शल्यक्रिया सेवा ।

- सुविधा सम्पन्न सघन उपचार कक्ष (ICU / PICU) को व्यवस्था
- सुविधा सम्पन्न नवजात शिशु सघन उपचार कक्ष (NICU) को व्यवस्था
- सुविधा सम्पन्न कोरोनरी कार्डियक यूनिट (CCU) को व्यवस्था
- सुविधा सम्पन्न क्याबिनको व्यवस्था
- एम्बुलेन्स सेवा चौविसै घण्टा उपलब्ध

# तानसेनको 'चिनारी'
## साहित्य तथा संस्कृति अन्तरक्रिया तथा कविताावाचन कार्यक्रम



शान्ता शाक्य
पूर्व अध्यक्ष

तानसेन गुठीले आफ्नो स्थापना कालदेखि नै विभिन्न क्षेत्रसँग सम्बन्धित कार्यक्रमहरू आफ्नो क्षमताअनुसार गर्दै आइरहेको सन्दर्भमा गुठीको इतिहासमै पहिलो पटक साहित्यसँग सम्बन्धित २०७९ चैत्र १८ गते शनिबारका दिन गुठीको आयोजनामा, पूर्व अध्यक्ष शान्ता शाक्यको संयोजकत्वमा अध्यक्ष निलम गोंगल श्रेष्ठको अध्यक्षतामा र वरिष्ठ साहित्यकार भागीरथी श्रेष्ठको प्रमुख आतिथ्यमा तानसेनको 'चिनारी' साहित्य तथा संस्कृति अन्तरक्रिया तथा कविताावाचन कार्यक्रम पुल्चोकस्थित नेपाल परिवार नियोजन संघको हलमा सभ्य एवं भव्यताको साथ सुसम्पन्न भयो ।

कार्यक्रममा पाल्पा साहित्य समाज तथा शिक्षा स्वास्थ्य तथा साहित्य प्रतिष्ठानका अध्यक्ष वरिष्ठ साहित्यकार पुष्कर अथक रेग्मीले सम्पदा प्रतिष्ठानका संस्थापक अध्यक्ष एवं पाल्पा साहित्य समाजका संरक्षक राजेन्द्र गोपाल सिंहद्वारा संयुक्त रूपमा लिखित अन्तरक्रिया-पत्र प्रस्तुत गर्नुभएको थियो भने गुठी आजीवन सदस्य तथा नेपाल सरकारका पूर्व अध्यक्ष रामचन्द्रमान सिंहले उक्त पत्रमाथि टिप्पणी गर्नुभएको थियो। गुठी सल्लाहकार वनमाली लाकौल, संस्थापक सदस्य एवं पूर्व अध्यक्ष हेमन्त कोलाक्षपती, प्रा.डा. भवेश्वर पंगेनी र पाल्पाली संगमका पूर्व अध्यक्ष पदम नेउपानेले मन्तव्य व्यक्त गर्नुभएको थियो ।

कार्यक्रम राष्ट्रिय गानबाट प्रारम्भ भई प्रमुख अतिथिबाट उद्घाटन भएपछि गुठी पूर्व अध्यक्ष तथा कार्यक्रमका सल्लाहकार हिमाल कसजुले गुठी र कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्नु हुँदै स्वागत मन्तव्य प्रस्तुत गर्नुभयो । अन्तरक्रिया–पत्र प्रस्तुतकर्ता पुष्करराज रेग्मीले गुठीद्वारा प्रकाशित २०५२ देखि २०७९ सम्मका १३७ वटा विविध विषयक लेखहरूमा आधारित भएर गुठीका उद्देश्य र क्रियाकलाप लगायत साहित्य संस्कृति, संपदा, इतिहास





आदिमा केन्द्रित भई सोका बारेमा आफ्ना धारणा र सोधखोज गर्नुपर्ने विषय औंल्याउँदै महत्त्वपूर्ण सुझावसहित अन्तरक्रिया-पत्र प्रस्तुत गर्नुभयो ।

टिप्पणीकर्ता रामचन्द्रमान सिंहले छोटो समयमा चिनारीबारे धेरै कुरा प्रस्तुत भएको भन्नुहुँदै विशेष गरी 'चिनारी' मा गुठीकै वार्षिक क्रियाकलाप समावेश हुने र पाल्पा तानसेनलाई नै प्राथमिकता दिने गरेको र चिनारी उपसमितिले सम्बन्धित विशेषज्ञलाई नै लेख्न लगाउनुपर्ने सुझावसहित प्रस्तुत पत्रमा तानसेन भित्रकै भाषा, साहित्य, कला, संस्कृति र सम्पदाको दस्तावेजीकरण गरिएको टिप्पणी गर्नुभयो ।

कार्यक्रममा २०मिनेटका लागि फ्लोर ओपन गरिएको थियो, उक्त समयमा पाल्पाली चेली नैना नेपाल ढकालले पर्यटन विकासका लागि पाल्पा तानसेनका मुख्य मुख्य पर्यटकीय क्षेत्रहरूबारे लेखिनुपर्ने धारणा र सुझाव दिनुभयो ।

पाल्पाली संगमका पूर्व अध्यक्ष पदम नेउपानेले पर्यटकीय प्रवर्धन, टक्सार महोत्सव, तीनतले भगवती मन्दिर निर्माणका प्रसङ्ग उठाउनु हुँदै पाल्पा साहित्य समाजले विभिन्न संघसंस्थाहरूसँग आत्मीयता राखी सहकार्य गर्दै आइरहेको भन्दै सकारात्मक सुझाव दिनुभयो ।

मन्तव्य दिने क्रममा सर्वप्रथम गुठी सल्लाहकार वनमाली लाकौलले गुठीले गरेको साहित्यिक कार्यक्रम राम्रो भन्नुहुँदै 'पाल्पाली साहित्यको इतिहास' पुस्तकको देन र गुठीले पाल्पा साहित्य समाजसँग सहकार्य गरी केही गर्न सकोस् भन्ने सुझाव दिनुभयो । यही क्रममा गुठी संस्थापक सदस्य तथा पूर्व अध्यक्ष हेमन्त कोलाक्षपतीले गुठी स्थापनाका सुरुवाति र अहिलेको अवस्था, पाल्पा तानसेनमा पर्यटन प्रवर्द्धन गर्नुपर्ने विचार र सुझाव प्रस्तुत गर्नुहुँदै साहित्यको संरक्षण र सम्वर्द्धनका लागि प्रोत्साहनस्वरूप हरेक वर्ष रु. २५ हजारका दरले लगातार ५ वर्षसम्म पुरस्कारस्वरूप पाल्पा साहित्य समाजलाई दिने घोषणा गर्नुभयो । साथै वहाँले सकारात्मक सुझावसहित आफ्ना महत्त्वपूर्ण विचार समेत प्रस्तुत गर्नुभयो ।

मन्तव्यकै क्रममा सम्पदा प्रतिष्ठानका संस्थापक अध्यक्ष तथा पाल्पा साहित्य समाजका संरक्षक राजेन्द्रगोपाल सिंहले धेरै पछि गुठीसँग सहकार्य गर्ने कुरा कार्यान्वयन भएकोमा खुसी व्यक्त गर्नु हुँदै 'चिनारी' चिनारी मात्र नभइकन त्यसमा लेख्ने लेखकहरूको पनि चिनारी भएकाले कलम चलाउनेहरूका बारेमा पनि चर्चा परिचर्चा होस् भन्ने उद्देश्यले यो कार्यक्रम गरेको बताउनुभयो । "तानसेनको साहित्य र संस्कृति एवं सम्पदालाई साहित्यमार्फत उजागर गर्दै साहित्यमार्फत नै








तानसेनको संरक्षण र संवर्धन गर्न गराउनुमा आफू लागिपरेको' धारणा व्यक्त गर्नुभयो । वहाँले गुठीको गतिविधि 'चिनारी' पत्रिकामा प्रकाशित लेखहरूको आधारमा निम्न सुझावहरु दिनुभयोः

१. तानसेन गुठीका आदरणीय व्यक्तित्वहरूसँग घरेलु पुस्तकालय भएकाले त्यसको संरक्षण र सदुपयोगका लागि एकीकृत पुस्तकालयको निर्माण होस् जसबाट ज्ञानको संरक्षण र नयाँ पुस्ताले ज्ञान हासिल गर्न र सदुपयोग गर्न सकोस् ।
२. ज्ञानवर्द्धक गोष्ठी, छलफल, धार्मिक, सांस्कृतिक, पर्यटन, सम्पदा र साहित्यसँग सरोकारका विषयमा हुन सकेमा जानकारी, अभिरुचि, उत्साह, क्रियाशीलता, लेखन तथा विषय सम्बन्धमा ज्ञान बढ्ने थियो ।
३. पहिचान र प्रोत्साहन हुने कार्यक्रमहरू बनोस् । पाल्पा तानसेनको बारेमा लेख तथा पुस्तकहरू प्रकाशित हुँदै आएका छन् । नेवार र गैर–नेवार सबैले लेख्दै पनि आएका छन् । कृति संरक्षण तथा लेखकको सम्मान पनि हुन सकेमा उत्साह र क्रियाशीलता बढ्दै जानेछ ।
४. गुठीले विविध विषयहरूमा पुरस्कार तथा कोषहरू स्थापना गरेको छ । इतिहास, संस्कृति साहित्य, पर्यटन आदि क्षेत्रहरूलाई पनि विशेष जोड दिन सकेमा गुठीको महत्त्व र प्रभावकारिता अझै बढ्न सकिने देखिन्छ ।
५. तानसेनको विकास सम्बन्धमा विज्ञहरूबाट योजना नीति र धारणाहरू पनि प्रकाशित भएमा दृष्टिकोण बनाउन र निष्कर्षमा पुग्न सजिलो हुने थियो ।
६. गुठीले सरोकारका विषयहरूमा सरोकार संस्थाहरूसँग छलफल र अन्तरक्रिया कार्यक्रम हुन सकेमा संस्थाहरूलाई संस्थागत विकासमा सहयोग पुग्ने देखिन्छ । मन्तव्य दिने क्रममा प्रा.डा. भवेश्वर पंगेनीले अन्तरक्रिया-पत्रमाथि आफ्ना धारणा र स्पष्टीकरण दिनुहुँदै गुठीले काठमाडौं, ललितपुर र भक्तपुरबाट पाल्पामा जाँदा के कस्ता संस्कृति लगेका थिए ती पनि खोजी गरी 'चिनारी'मा प्रकाशित गरे भविष्यका पुस्ताका लागि महत्त्वपूर्ण खुराक हुनसक्ने भन्नुहुँदै उजिर सिंहलाई राष्ट्रिय विभूति घोषणा गराउन सबैले पहल गर्नुपर्ने जस्ता महत्त्वपूर्ण तथा सकारात्मक सुझाव दिनुभयो ।

प्रमुख अतिथिको आसनबाट भागीरथी श्रेष्ठले जन्मथलोको विकासमा गुठीले यस किसिमका रचनात्मक एवं सार्थक कार्यक्रमले निरन्तरता पाइराखोस् भन्दै शुभकामना दिनुका साथै पाल्पाको ऋषिकेश मन्दिर, रम्भापानी र सत्यवती मन्दिरको पनि संरक्षण हुनुपर्ने आवश्यकता औंल्याउनुभयो । उक्त कार्यक्रममा १५ जना सृष्टाहरूले कविता वाचन गर्नुभएको थियो ।

अध्यक्षताको आसनबाट गुठीका अध्यक्ष निलम गोंगल श्रेष्ठले कार्यक्रमको शोभा बढाई सफल पार्न सहयोग गर्नहुने उपस्थित सम्पूर्ण व्यक्तित्त्वहरूलाई गुठीको तर्फबाट हार्दिक आभारसहित धन्यवाद-ज्ञापन गर्नुभयो ।

वहाँले गुठीको तर्फबाट प्रमुख अतिथि, अतिथिहरू र टिप्पणीकर्तालाई मायाको चिनो स्वरुप बुद्धको प्रतिमा उपहार प्रदान गर्नुभयो । कार्यक्रमका लागि हल उपलब्ध गराई सहयोग गर्नुहुने नेपाल परिवार नियोजन संघ लगायत कार्यक्रममा सहयोग पुरयाउने सबै प्रति आभारसहित धन्यवाद दिनुभयो ।

पहिलो पटक सम्पन्न उक्त कार्यक्रमका संयोजक शान्ता शाक्य, सल्लाहकार हिमाल कसजू, सदस्यमा जीवन ज्योति बज्राचार्य र नवीन गोविन्द श्रेष्ठ लगायत गुञ्जन नारी संस्थाका अध्यक्ष जलेश्वरी श्रेष्ठ, सुख शान्ति मिडियाका सञ्चालक दामोदर ढकाल 'दीपक', सल्लाहकार, पूर्व अध्यक्ष, कार्यसमिति पदाधिकारी, गुठी सदस्य, सदस्य परिवार तथा कविता वाचन गर्नहुने सम्पूर्ण स्रष्टा तथा सहभागी सम्पूर्ण महानुभावप्रति आभार एवं धन्यवाद-ज्ञापन गर्नुभयो। कार्यक्रममा चियापानको व्यवस्था गरिएको थियो ।

**तानसेनको 'चिनारी' साहित्य तथा संस्कृति अन्तरक्रिया तथा कविताावाचन गर्ने स्रष्टाहरूः**

श्री विनोद नेपाल
श्री रेणुका जोशी
श्री ज्ञानकाजी शाक्य
श्री हिमाल कसजु
श्री बेटी बज्राचार्य
श्री चैतन्य प्रकाश प्रधान
डा. सीता बिष्ट कार्की
श्री श्रीमणि खनाल
श्री गीता गोंगल
श्री वीरेन्द्र मालाकार
श्री प्रथम शीत ईश्वर कृष्ण केसी
श्री दामोदर ढकाल 'दीपक'
श्री शोभा गौतम
श्री नैना नेपाल ढकाल
श्री द्वारिका कुइँकेल

**'तानसेनको 'चिनारी' साहित्य र संस्कृति अन्तरक्रिया तथा कविताावाचन कार्यक्रममा उपस्थितिः**

श्री निलम गोंगल श्रेष्ठ (अध्यक्ष)
श्री भागीरथी श्रेष्ठ (प्रमुख अतिथि)
श्री पुष्कर अथक रेग्मी (कार्यपत्र प्रस्तुतकर्ता)
श्री रामचन्द्रमान सिंह (टिप्पणीकर्ता)
श्री राजेन्द्रगोपाल सिंह (अतिथि)
प्रा.डा. भवेश्वर पंगेनी (अतिथि)
श्री जलेश्वरी श्रेष्ठ (अतिथि)
श्री वनमाली लाकौल (सल्लाहकार)
प्रा.डा. विनोद कुमार श्रेष्ठ (पूर्व अध्यक्ष)
श्री हेमन्तराज कोलाक्षपति (पूर्व अध्यक्ष)
श्री करूणा गोविन्द श्रेष्ठ (पूर्व अध्यक्ष)
श्री गृहमान सिंह (पूर्व अध्यक्ष)
श्री शरणरत्न शाक्य (पूर्व अध्यक्ष)
श्री हिमाल कसजु (पूर्व अध्यक्ष)
श्री अनुप कक्षपति (पूर्व अध्यक्ष)
श्री शान्ता शाक्य (पूर्व अध्यक्ष)
श्री प्रमी श्रेष्ठ (उपाध्यक्ष)
श्री विनय शाक्य (सचिव)
श्री जीवन ज्योति बज्राचार्य (कोषाध्यक्ष)
श्री राजु प्रधान (सह-कोषाध्यक्ष)
श्री कविकृष्ण अमात्य (सदस्य)
श्री ऐश्वर्य वैश्यत (सदस्य)
डा.ई. सुरेन्द्र श्रेष्ठ (सदस्य)
श्री जयन्ती श्रेष्ठ
श्री ज्ञानकाजी शाक्य
श्री शंकरमान सिंह
श्री दानमान शाक्य
श्री नवीन गोविन्द श्रेष्ठ
श्री प्रथम शीत ईश्वर कृष्ण केसी
श्री दामोदर ढकाल 'दीपक'
श्री जिज्ञासु पौडेल तिलक
श्री धरणीमान सिंह
श्री नैना नेपाल ढकाल
श्री द्वारिका कुइँकेल
श्री सीता विष्ट कार्की
श्री किरण रावल
श्री केशव बहादुर थापा
प्रा.डा. हरि प्रसाद श्रेष्ठ
श्री अशोक प्रधान
श्री प्रदिप गोंगल
श्री निर्शा श्रेष्ठ
श्री गीता गोंगल
श्री दिनेश अमात्य
श्री पदम नेउपाने
श्री विनोद नेपाल
श्री अम्बिका आचार्य
श्री यकमाया शाक्य
श्री लिला महर्जन
श्री किरण शाक्य
श्री लक्ष्मी देवी केसी
श्री शान्ता श्रेष्ठ
श्री दिल प्रसाद श्रेष्ठ
श्री रेणुका देवी श्रेष्ठ
श्री दिपक अर्याल
श्री श्रीमणि खनाल
श्री विकासमान श्रेष्ठ
श्री अशोक मान सिंह
श्री सुजल शाक्य
श्री मुना श्रेष्ठ शाक्य
श्री बाल प्रसाद श्रेष्ठ
श्री चैतन्य प्रकाश प्रधान
श्री वीरेन्द्र मालाकार
श्री शोभा आचार्य गौतम
श्री बेटी बज्राचार्य
श्री भूपेन्द्र जंग प्रधान
श्री मुना बज्राचार्य
श्री विश्वास बज्राचार्य
श्री रेबिना मुल्मी बज्राचार्य

# श्री ७ रण उजीरेश्वरी भगवती मन्दिरको स्वरूप



**गृहमान सिंह**
पूर्व अध्यक्ष, तानसेन गुठी

पाल्पा तानसेन नगरपालिका वडा नं. ३ को मध्यभागमा शक्तिस्वरूपा मातृकादेवी भगवतीको मन्दिर रहेको छ । यहाँ अति प्राचीन दुर्लभ करिव करिव १८” जति अग्लो अष्टादशभुजा सुशोभित भगवतीको प्रशतर मूर्ति सुरक्षित छ। उक्त मूर्ति मगर राज्यकाल वा सेनकालमा स्थापना गरेको अनुमान गर्न सकिन्छ ।

काजी अमरसिंह थापाको कार्यकाल समाप्त भएपछि निजका नाति नयनसिंह थापाको छोरा कर्णेल उजीरसिंह थापा पाल्पाका तैनाथवाला भएर बसेका बखतमा (इष्ट इण्डिया कम्पनी) अंग्रेजहरूले नेपाल हान्न इ.सं. १८१४ नोभेम्वर एक तारिख (वि.सं. १८७१) मा भारतका गर्भनर जनरल लर्ड हेस्टिङ्गले जताततै युद्ध घोषणा गरिदिएका थिए। पश्चिम नेपालमा गढवाल, काठमाडौंमा मकवानपुर, पूर्वी नेपालमा सिक्किम र पाल्पामा गोरखपुरबाट आक्रमण गर्ने नीति र घोषणा गरेका थिए ।

नेपालका तत्कालीन श्री ५ महाराजधिराज गीर्वाण युद्ध विक्रम शाहदेवबाट “नेपाल हान्न अग्रसर भएका अंग्रेजहरूसित मुकाविला गर्न तुरुन्त आफ्ना भएका फौजसाथ लिई सामना गर्न जानू” भन्ने हुकुम भयो । उक्त लडाईमा गढवाल, मकवानपुर र पूर्वी नेपालमा हार खानु प-यो ।

कर्णेल उजीरसिंह थापा लडाइ जानु अघि शक्तिस्वरूपा मातृकादेवी भगवतीमूर्तिलाई सभक्ति हातजोडी अर्चना आराधना गर्नुका साथै उनले यसप्रकार भाकल प्रतिज्ञा गरे– “हे शक्ति स्वरुपा माता भगवती दुश्मनको मुकाविला गर्न हामी रणभूमितर्फ प्रस्थान गर्दैछौं । रण–विजयगर्न हजुरको शक्तिको आर्शीवाद हामीलाई बक्सियोस् । कृपाले विजयश्री प्राप्तगर्न सके हजुरको यो दिव्यमूर्तिलाई एक सुन्दर मन्दिरभित्र स्थापित गरी बर्सेनी



हजुरलाई खटमा विराजमान गराई सजधजका साथ फौज, जवान, निजामती कर्मचारीहरूको उपस्थितिमा वैण्डबाजा बजाई नगर परिक्रमा गर्ने गराउने मन, वचन र कर्मले वाचा प्रतिज्ञा गर्दछु । हे अम्बे ! यो दुःखी भक्तको क्रन्दन पुकार सुनी दयागरि बक्सनुहोस् । हजुरको जय होस ।”

उजीर सिंह थापाले आफ्नो सैन्यलाई साथमा लिई पाल्पा नुवाकोटको डाँडातर्फ गए । आफ्नो र सैन्यको विवेक अनुसार साँझपख रॉंगा, भैंसीको सिङहरूमा चिराग ठड्याई बाँधी बाल्न लगाए र बुटवल तर्फ अगाडि बढाए साथै रुखको हागामा फौजका लुगाहरू झुण्ड्याउन लगाई फौज जस्तै बनाए । रुखमा लुकिराखेका कर्णेल उजीर सिंह थापाका सैन्यहरूले गोली असीनाझैं बर्साउन थाले । गोरखपुरबाट आएका तोप हतियार सहितका अंग्रेज सैनिकहरू भागी नराम्रोसंग १८७१ र १८७२ मा दुईपटक हारखानु पऱ्यो । अन्तमा उनको विजयको घोषणा पनि भयो ।

यस्तैमा ई.सं. १८१६ मार्च ३ अर्थात १८७३ सालमा सुगौली सन्धि भयो । युद्धको अन्त भएको खबर पनि आयो ।

उजीर सिंह थापाले आफूले भगवतीलाई बोल कबुल






वाचा प्रतिज्ञा गरे अनुसार कलात्मक टुँडाल, झिंगटीको छाना भएको एक विशाल तीनतले पेगोडा शैलीमा आफ्नो उचाई बराबरको सुन जलप भएको गजुर राखी मन्दिरको निर्माण गरे। साथै पञ्चधातु मिश्रित अठार बाहुले सुशोभित भगवतीको एक भव्य सुन्दर मूर्तिको निर्माण गराई स्थापित गरे। उक्त मन्दिरको निर्माण कार्य वि.सं. १८७६ मा सम्पन्न भएको कुरा कान्छी पत्नी रणकुमारी देवीबाट मन्दिर बाहिर झुण्ड्याइएको ठूलो घण्टीमा लेखिएको अभिलेखबाट अनुमान लगाउन सकिन्छ।

"स्वास्ति श्री सम्बत १८७६ साल मिति कार्तिक वदी ५ रोज ६ मा श्री श्री श्री श्री श्री श्री श्री भगवतीको चरण रण कुमारी शरण।"

यस भगवतीको नाम रणकुमारी उजीरसिंह थापाबाट 'रण उजीरेश्वरी भगवती' भन्ने चलन छ। अर्को थरी अनुसार उजीरसिंह थापाले लडाईमा जीत हासिल गरेको हुँदा 'रणउजीरेश्वरी भगवती' भन्ने पनि गरिन्छ।

भगवतीमातालाई बजारभरी परिक्रमा गर्नका लागि पहेंलो पित्तलले मोडिएको २ छानाको मध्यशिरमा गजुरले शोभित एक रथ बनाई चढाएको रथमा भएको अभिलेखबाट प्रष्ट हुन्छ।

"स्वस्ति श्री सम्बत १८७७ साल सौर मानन् आषाढ मास दिन गतेषु १९ शुक्रवासरे दिनगत घटिषु २८ पलेषु ५५ श्री ७भगवतीका चरणमा श्री कर्णेल उजीरसिंह थापाले चढाएको षटको शुभम्।।

यस खटभित्र राख्न कर्णेल उजीरसिंह थापाले अष्टदशवाहु भगवतीको ढलौट मूर्ति बनाई स्थापित गरे। कृष्ण जन्म अष्टमीका रात जाग्राम बसी नवमीका दिन एक भव्य जुलुसद्वारा राजकीय सम्मानकासाथ तानसेन नगरमा सैन्य, निजामती कर्मचारी, संघ संस्थाका कर्मचारीहरू, स्कूलका विद्यार्थीहरू, वैण्डबाजा बजाई नगर परिक्रमा गराई जात्रा गराए। उक्त जात्रा आजसम्म चलिरहेको छ।

उजीरसिंह थापाले बनाएको तीनतले मन्दिर विभिन्न समयमा बिग्रेकोले जीर्णोद्वार गरेको देखिन्छ। वि.सं. १८८६ मा माथवरसिंह थापा, वि.सं. १९३७ मा रण उध्दिप सिंह, वि.सं. १९७१ मा खड्ग जंग थापा, वि.सं. १९९६–१९९९ मा श्री ३ जुध्द शमसेर, जनता र गुठियारबाट २ तले बार्दली भएको र वि.सं. २०३१ मा श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेवबाट प्राप्त रकमबाट स्लेटको छाना लगाई आधुनिकीकरण गराई ठाउँ ठाउँमा रंग रोगन लगाइयो।

अहिले उक्त मन्दिरको छानाबाट पानी चुहिएर काठमा असर परी मक्किएको र भित्तामा समेत भिजी चिसोपन देखिन्छ, साथै पानी चुहिएर मन्दिर परिसर भित्र आएको पनि देखिन्छ। अहिले यस मन्दिरको छानालाई प्लास्टिकले छोपी राखिएको छ। यसले परिरहेको पानीलाई केही समयसम्म रोकेको छ।

उक्त मन्दिर उजीरसिंह थापा अंग्रेजसंग लडाईमा विजय प्राप्त गरिसकेपछि आफूले भाकल गरे अनुसार बनाएको तीनतल्ले मन्दिर साथै यसमा भएको काठहरू पानीको असरले मक्की सकेको हुँदा यसलाई पुनःउजीरसिंह थापाले भाकल गरे अनुसार तीनतल्ले मन्दिर र छानालाई हल्का बनाउन पित्तलको छाना राख्न अति आवश्यक देखिन्छ। यसमा झिंगटी र माटोको छाना राख्दा गरुङ्गो र घाँस उम्रने हुनाले फेरी छिट्टै भत्किने सम्भावना हुनसक्छ। स्लेट राख्दा गरुङ्गो र पानी रसिएर काठ मक्किएर जाने सम्भावना बढी देखिन्छ। यसरी रणउजीरेश्वरी भगवती मन्दिर ऐतिहासिक र पुरातात्विक महत्वपूर्ण रहेको हुँदा पित्तलको छाना राखी पुरानै स्वरूपमा ल्याउन उचित देखिन्छ। श्री ७ रण उजीरेश्वरी भगवती गुठी व्यवस्थापन समिति पाल्पा तानसेन र तानसेन गुठी काठमाडौंले संयुक्तरूपमा मिति २०८०।०२।१८ मा पुरातत्व विभाग काठमाडौंमा भगवती मन्दिरको जीर्णोध्दार (पुनःनिर्माण) गर्ने सम्बन्धमा निवेदन र प्रस्तावना पेश गरेको छ (द.नं. ४६७६)।





# 'तीर्थनाथ –जानकीदेवी गोंगल अक्षयकोष'



तानसेन गुठीका सदस्य श्री तीर्थ नाथ गोंगलज्यू पाल्पा तानसेन वडा नं. ३ भीमसेन टोलमा १९९० साल असोज १६ गते आइतबारका दिन पिता भीमनाथ गोंगल तथा माता अनाद माया गोंगलका चार पुत्रहरू र एक दिदी मध्ये कान्छा सुपुत्रको रूपमा जन्मनु भएको थियो । उहाँ २०१६ सालमा काठमाडौं निवासी जानकी प्रधानसँग वैवाहिक जीवनमा बाँधिनुभएको थियो । उहाँका दुई सुपुत्रहरू वीरेन्द्र नाथ गोंगल, रवीन्द्र नाथ गोंगल र दुई पुत्रीहरू जेनी वन्त र रोशन गोंगल हुनुहुन्छ । उहाँको छोराछोरीहरूको वैवाहिक जीवन पछि तीन नाती नातिना र दुई पनाती दुई पनातिनी समेत भईसकेको छ । यसरी समय अनुकुल परिवारिक सुखद् जीवनमा रमाउँदै काठमाडौंस्थित बालाजुमा बस्दै आउनुभएको छ ।

उहाँ तानसेन पाल्पास्थित पदमोदय पब्लिक हाईस्कुलमा कक्षा ६ सम्म अध्ययन गर्नुभएको थियो । त्यसपछि भारतको बनारसको सेन्ट्रल हिन्दु स्कुलबाट कक्षा ६ देखि कक्षा १० सम्म अध्ययन गर्नु भएपछि उहाँले बनारस हिन्दु विश्व विद्यालयबाट बि.ए.सम्मको अध्ययन पूरा गर्नुभएको थियो । २०१८ सालमा त्रिभुवन विश्वविध्यालयबाट एम.ए. गर्नुभएका उहाँले २०१६ सालमा भूमिसुधार मन्त्रालयमा सेक्सन अफिसरबाट सरकारी सेवा प्रारम्भ गर्नुभई २०२१ सालमा भूमिसुधार अधिकारी, प्रशासक भई बारा र झापा जिल्लामा कार्य गर्नुभएको थियो । पछि नेपाल पुनर्वास विभागको निर्देशक भई सेवा गर्नुका साथै नेपाल पुनर्वास आयोग, नवलपरासीको अध्यक्ष हुनुभएको थियो । २०४९ सालमा सरकारी सेवाबाट निवृत्त भएपछि यहाँले आफ्नै पुर्ख्यौली खेतिपाती र विभिन्न सामाजिक कार्यमा संलग्न रही सेवा गर्दै आउनुभएको छ ।

उहाँ खेलकुद क्षेत्रमा अति रुची राख्ने कारण यूवा अवस्थामा तानसेन रहँदा पाल्पामा सर्वप्रथम 'न्यू क्लब' खोली टिम सहित पैदलै हिँडेर पोखरासम्म पुगी पोखराका भू.पु. सैनिक खेलाडीहरूलाई पाल्पामा निमन्त्रणा गरी साथै सिध्दार्थनगर भैरहवाका खेलाडीहरूलाई पनि पाल्पा झिकाई उहाँहरू (दुई टिम) बीच खेल खेलाउनु भएको थियो । उहाँ बनारसमा अध्ययनरत हुँदा बनारस स्कुल तथा कलेजको टिमबाट फुटबल खेल्नुहुन्थ्यो । विभिन्न समयमा काम विशेषले तथा आफ्ना छोराछोरी भेट्ने उद्देश्यले भारत, यूके, अष्ट्रेलिया र चीनको भ्रमण गर्नुभएका उहाँ मिलनसार, स्वाभिमानी, दूरदर्शी तथा सुख-दुखमा साथ दिने स्वभावको हुनुहुन्छ ।

उहाँले २०६९ सालमा गुठीको २० औं वार्षिक भेलामा गुठियारहरूलाई टीका लगाई आशीर्वाद दिनुका साथै उक्त भेला कार्यक्रममा प्रमुख अतिथिको आसन ग्रहण गर्नुभएको थियो ।

उहाँकी धर्मपत्नी श्रीमती जानकी गोंगलले त्रिभुवन विश्व विद्यालय कीर्तिपुरबाट एम.ए. सम्मको अध्ययन गरेपछि २०२२ सालमा राष्ट्रिय वाणिज्य बैंकको संस्थापक स्टापको रूपमा प्रवेश गरी २०४९ सालमा नवौं तह, सह-मुख्य अधिकृतबाट सेवा निवृत्त हुनुभएको थियो ।

२०८० वैशाख १० गतेका दिन गुठीको आफ्नो परम्परा अनुसार उहाँलाई उहाँकै निवासमा नब्बे वर्षीय सम्मानमा देवरथारोहण पूजा सम्पन्न गरेको थियो । सोहि अवसरमा रू. ३,००,०००।- (अक्षरुपी तिन लाख रुपैयाँ) को 'तीर्थनाथ–जानकीदेवी गोंगल अक्षयकोष' स्थापनार्थ उक्त रकम गुठीका अध्यक्षलाई हस्तान्तरण गर्नुभएको थियो । सो रकम गुठीको संरक्षणमा रहने गरी कुमारी बैंक लिमिटेडको मुद्दति खाता नं.०४३००३३३२४६०००२७ मा जम्मा गरिएको छ । उहाँ स्वयम् कोषको संस्थापक रहने गरी स्वास्थ्य चिकित्सा क्षेत्रमा स्नातकोत्तर (विशेषज्ञता हासिल) गरेका गुठी सदस्य परिवारका एकजना विद्यार्थीलाई मायाँको चिनो स्वरूप चाँदीको सामान, प्रमाणपत्र र दोसल्ला ओढाई सम्मान गर्ने उद्येश्य रहेको छ ।

उहॉं अति मिलनसार व्यक्तित्वका धनी परिवार तथा समाजमा परिआएको समयमा सेवाको भाव रहेको कारण यस गुठीमा सदैव जोडिरहने चाहनाले गर्दा अक्षयकोष स्थापना गर्नुभएको हो । यसरी उहाँले यस संस्थाप्रति स्नेह सेवाको भावनात्मक सम्बन्धको कारण गुठीमा अक्षयकोष स्थापना गर्नुभएकोमा उहाँ तथा परिवारजनमा हार्दिक आभार सहित धन्यवाद व्यक्त गर्दछौं ।

# ‘कोकिल गीता मानवसेवा कोष’



यस गुठीका आजीवन सदस्य तथा पूर्व कार्यकारी सदस्य श्री कोकिल गोविन्द श्रेष्ठको जन्म २०१० साल पौष एक गते तानसेन नगरपालिका वार्ड नं. ३ ठाडोगल्ली भगवतीटोलमा पिता स्व. जीत गोविन्द श्रेष्ठ तथा माता स्व. चन्द्र कुमारी श्रेष्ठको माहिला छोराको रूपमा भएको थियो। तानसेनस्थित जनता विध्यालयबाट माध्यमिक तहको शिक्षा र त्रिभुवन बहुमुखी क्याम्पस, तानसेनबाट स्नातकसम्मको शिक्षा पूरा गरिसकेर उहाँले नेपाल खाध्य सँस्थानमा २५ वर्ष सेवा गरी सेवानिवृत हुनुभएको थियो। पशुपति क्षेत्र विकास कोषमा परिषद् सदस्यको हैसियतमा चारवर्ष सेवा गर्नुभएको थियो। हाल उहाँ विभिन्न सामाजिक संघसंस्थामा आवध्द भएर मानवीय सेवामा लागिरहनु भएको छ।

उहाँ २०३४ सालमा स्व. गोपाल नारायण श्रेष्ठ तथा स्व. न्हुच्छेमाया श्रेष्ठकी छोरी गीता श्रेष्ठसँग विवाह बन्धनमा बाँधिनुभएको थियो। श्रीमती गीता नेपाल सरकारको भूमिसुधार तथा हुलाक सेवामा करिब ३५ वर्ष कार्यरत रही सेवा निवृत्त हुनुभएको र हाल धार्मिक तथा सामाजिक कार्य गर्दै आउनुभएको छ।

उहाँहरूको तीनजना छोरीहरू मध्ये ठुली छोरी लता श्रेष्ठ वेलायतस्थित मिडिलसेक्स युनिभर्सिटीबाट Social Policy मा र Research Methodology मा स्नातकोत्तर गर्नुभई हाल International Nepal Fellowship (UK) मा Program Manager पदमा कार्यरत हुनुहुन्छ। माहिली छोरी नम्रता श्रेष्ठ Travel and Tourism Management मा स्नातकोत्तर गर्नुभएको छ। साथै कान्छी छोरी आर्किटेक्ट रक्षा श्रेष्ठ पुल्चोक इन्जिनियरिङ कलेजबाट Masters in Sustainable Social Development विधामा एम.एस्सी. गर्नुभएको छ। उहाँहरूको तीन छोरीहरू, दुई ज्वाईहरू र तीन नातिनी र एक नातिसहितको सुखी परिवार रहेको छ। हाल उहाँहरू सिभिल होम्स, धापाखेल २३ ललितपुरमा बस्नुहुन्छ।

उहाँ र उहाँको धर्मपत्नीको नामबाट समाजका असहाय बालबालिका तथा वृध्दवृध्दाहरूको सेवामा समर्पित व्यक्ति तथा संघ-संस्थालाई उनीहरूले गरेका र गरिरहेका मानवीय पूण्य कार्यका लागि सम्मान गर्ने उद्देश्यले यस गुठीमा रू. दुईलाख को ‘कोकिल गीता मानवसेवा कोष’ अक्षयकोष स्थापना गर्नुभएको छ।

## यही बाच्नु पर्छ अनि मर्नु पर्छ



**विरेन्द्र मालाकार**

यही बाच्नु पर्छ अनि मर्नु पर्छ अन्त कहाँ जानु
जति पैसा कमाए नि छोड्नै पर्छ मरेर के लानु

पेट भरिन्छ स्वाद त जिब्रोको लागी मात्र हो है
भोक छैन भने चौरासी व्यञ्जनमा के नै खानु

कसैको भरमा पर्नु हुँदैन छोडेर जान्छन् कहाँ
मेहनतको फल मीठो हुन्छ चाहे पाथी या मानु

नयाँ उमङ्ग र उल्लास ल्याउछ हरेक बिहानीले
कर्तव्य आभास गराउदै पूर्वबाट उदाउछ भानु

दुख सुखलाई समानान्तर साथ लगेर जित्नुस्
मरेर गए पनि जिन्दगी बन्छ इतिहासको पानु

*(गुठीको साहित्यिक कार्यक्रममा वाचन गरिएको)*

# ‘रामेश्वर नाथ–कल्पना गोंगल रणउजीरेश्वरी भगवती माता पूजा अक्षयकोष’



यस गुठीका आजीवन सदस्य डा. रामेश्वर नाथ गोंगलज्यूको जन्म वि.सं.२०१४ जेष्ठ २९ गते पाल्पा तानसेन भीमसेन टोल निवासी पिता शिवनाथ गोंगल तथा श्रीमती यमुना देवी (अमात्य) गोंगलको कोखबाट भएको थियो। उहाँले तानसेनस्थित पद्म पब्लिक बहुउद्देशीय हाइस्कुलबाट एस.एल.सी. गर्नु भएपछि अमृत साइन्स कलेज काठमाडौंबाट आइ.एस्सी. गर्नुभएको थियो। भारतको राजस्थान बिकानेरबाट एम.बि.बि.एस्. गर्नु भएपछि साउथ अफ्रिकाबाट FCS (ORTHO) SA गर्नुभयो।

उहाँको विवाह सन् १९८७ मा ईखालखु ललितपुर निवासी रामेश्वर लाल गुरूवाचार्य तथा श्रीमती शारदा देवी गुरूवाचार्यका सुपुत्री कल्पना गुरुवाचार्यसँग भएको थियो। उहाँको एक सुपुत्र डा. करण गोंगल, बुहारी शिवानी प्रधान गोंगल र एक नाती तथा छोरी डा. रिहा गोंगल रामबाट एक नाति हुनुहुन्छ।

हाल उहाँ साउथ अफ्रिकामा आफ्नो पेशागत व्यवसाय गर्दै श्रीमती, छोरा र बुहारीसहित बस्दै आउनुभएको छ। यसरी उहाँ काम विशेषले आफ्नो कर्मथलो परिवर्तन भएतापनि आफ्नो जन्म थलोलाई मायाँ गर्दै तानसेन गुठीमा आजीवन सदस्य रही सदा आवध्द हुनुहुन्छ। देश बाहिर रहेतापनि उहाँले पाल्पा तानसेनसँग भावनात्मक सम्वन्ध कायम राख्दै यस गुठीको संरक्षणमा रहने गरी रू.१,००,०००।- (अक्षरुपी एकलाख रुपैयाँ)को ‘रामेश्वरनाथ कल्पना गोंगल रणउजीरेश्वरी भगवती माता पूजा अक्षयकोष’ स्थापना गर्नुभएको छ। यस कोषबाट प्राप्त ब्याज रकम तानसेनमा श्री रणउजीरेश्वरी भगवती माताको जात्राको दिन बिहान रणउजीरेश्वरी भगवती माताको रथ सिन्दुर जात्रा गरी बजार परिक्रमा हुनु पूर्व तानसेन गुठीबाट गरिने विशेष भगवती पूजामा आवश्यक पर्ने पूजा सामाग्री (वस्त्र, ध्वजा, फूल-माला, प्रसाद, फल, नैवेध्य, दक्षिणा) का लागि प्रयोग गरिने उद्देश्य रहेको छ। यदि ब्याज रकम बाँकी रहेमा पाल्पा शाखाको सोही दिनको वार्षिक कार्यक्रममा पूजा-प्रसादको रूपमा उपयोग गर्ने गरी तानसेन शाखामा पठाउने निर्णय गरिएको छ। यस अक्षयकोषको मिति २०२३-०६-२१ मा मुक्तिनाथ विकास बैंक, कमलादी शाखाको मुद्दती खाता नं. १३३०३५४१६०१२ मा जम्मा गरिएको छ।

यसरी उहाँले गुठीप्रति स्नेह सेवाको भावले अक्षयकोष स्थापना गर्नुभएकोमा उहाँ तथा परिवारजनमा गुठी हार्दिक आभारसहित धन्यवाद व्यक्त गर्दछ।

## दुई मुक्तक



**शान्ता शाक्य**

१. श्रीनगरको काखमा थचक्क बसेको छ तानसेन
सांस्कृतिक धरोहरले धपक्क बलेको छ तानसेन
माता भगवतीको आशीर्वाद सदा बर्सेको छ
कर्मभूमिबाट संझिरहने जन्मभूमि हो तानसेन

२. जन्मभूमि तानसेनवासीको हो तानसेन गुठी
आपसी सद्भाव र एकताको पुल हो तानसेन गुठी
तानसेन विकासमा सहजकर्ताको भूमिका निर्वाह गर्ने
सुख दुःख बाँडने साझा चौतारी हो तानसेन गुठी

*(गुठीको साहित्यिक कार्यक्रममा वाचन गरिएको)*

# 'बैद्य गोविन्दलाल –चिनियादेवी भगवती माता पूजा प्रसाद अक्षयकोष'



अक्षयकोषका संस्थापक डा. निशा श्रेष्ठ पाल्पा जिल्ला तानसेन वडा नं. ३ असन टोल निवासी सबैले चिने जानेको नाम बैद्य गोविन्दलाल श्रेष्ठकी नातिनी तथा सन्तोष लाल श्रेष्ठकी सुपुत्री हुनुहुन्छ । उहाँको बाजे बैद्य गोविन्दलाल श्रेष्ठ अति मिहेनती र परिश्रमी कर्मठ व्यक्तित्व तथा पाल्पा जिल्लाका एक सम्पन्न धनाढ्य व्यक्तिको रूपमा कहलिएका कपडा व्यापारी हुनुहुन्थ्यो । तानसेन नगरभित्रका स्थानीयहरूदेखि जिल्लाको विभिन्न स्थान पूर्वमा आर्यभन्ज्याङ, अँगाहाखोला, गल्याङ, स्याङ्जा, दक्षिणमा प्रभास, मदनपोखरा, केराबारी र पश्चिममा रिडी, गुल्मी, तम्घास, बुर्तिवाङ उत्तरमा गोर्खेकोट बगनासदेखि टाढा टाढाका व्यापारीहरू कपडा खरिद गर्नको लागि आउने ठाउँ थियो साहु बैद्य गोविन्दको कपडा पसल । विभिन्न जात्रा तथा चाडपर्वमा (दशैं, तिहार) भारतमा उत्पादन भएका नयाँ नयाँ साडी तथा कपडा, बोगनास लुगा सिलाउनको लागि घर परिवारहरूको भिडभाड लाग्ने दुकानले कहलिएको कपडाको पसलसम्म यथावत रहेको छ ।

साहु बैद्य गोविन्द तथा धर्मपत्नी चिनियादेवी श्रेष्ठका कोखबाट जन्मनु भएका पाँचजना छोराहरूमध्ये जेठो प्रा. डा. मनोहर लाल श्रेष्ठ चिकित्सक (विशेषज्ञ कन्सल्टेन्ट सर्जन एण्ड ग्यास्ट्रोईरियोलोजी) काठमाडौं, दोश्रो सुन्दरलाल श्रेष्ठ बुटवलका कपडा व्यापारी, तेश्रो मधुसुदनलाल श्रेष्ठ (उद्योगपति बुटवल), चौथो आँखाको डाक्टर डा. मनमोहन लाल श्रेष्ठ, पाचौं सिभिल ईन्जिनियर ई.सुदर्शनलाल श्रेष्ठ काठमाडौं र छैठौं पुत्र सन्तोषलाल श्रेष्ठले बुबाको कपडा व्यवासायलाई निरन्तरता दिई आफ्नो रेखदेखमा व्यवसाय गर्दै आउनुभएको छ । आज पनि सबै पुराना, नयाँ ग्राहकहरू तथा पाल्पालीले साहु बैद्य गोविन्दलालको कपडा दुकान भन्ने गर्दछन् । सन्तोष लाल श्रेष्ठ कान्छा पुत्रको रूपमा वि.सं. २०१६ जेष्ठ २९ गते शुक्रवारको दिन जन्मनुभएको थियो । उहाँको परिवारमा श्रीमती ईन्दु श्रेष्ठ, छोरा आशुतोष श्रेष्ठ र छोरी निशा श्रेष्ठ रहेका छन् । उहाँको प्रारम्भिक शिक्षा भगवतीस्थान प्राथमिक विद्यालयबाट र कक्षा चारदेखि १० सम्म सेन माध्यमिक विद्यालयबाट गर्नुभएको थियो । त्रिभुवन बहुमुखी क्याम्पस तानसेनबाट व्यवस्थापन विषयमा उच्चशिक्षा हासिल गनुभएको थियो । उहाँ शिक्षा सेवामा संलग्न रहनुभई विभिन्न समयमा योगदान गर्दै आउनुभएको छ । सहायक प्राध्यापकको रुपमा त्रिभुवन बहुमुखी क्याम्पस पाल्पाबाट शिक्षण पेशा सुरू गर्नुभएका उहाँले २०५८ देखि २०७२ सालसम्म उपप्रध्यापकको रूपमा सोही क्याम्पसमा सेवा गर्नुभयो । २०७२ सालदेखि सह-प्राध्यापकको रूपमा कार्यरत गर्दै आउनुभएको थियो । उहाँको उक्त सेवा अवधिमै २०६४ सालदेखि २०६७ साल चैत्र मसान्तसम्म क्याम्पस प्रमुख भएर शिक्षा क्षेत्रको विकासको लागि सक्रियरहनुभयो । उहाँ सोही क्याम्पसको व्यवस्थापन समितिको सदस्य रहनुहुँदै २०६८ साल माघ १५ देखि व्यवस्थापन संकायतर्फ अनुसन्धान विषय शिक्षण समितिको अध्यक्ष रहनुभएको थियो ।

उहाँ एक असल व्यापारी मात्र नभई स्थानीय शिक्षा क्षेत्रमा संलग्नता र योगदान गर्दै विभिन्न संघसंस्थामा आवध्द रहनुभएको छ । ई.स्वी. १९८० मा पाल्पा जेसिसको सदस्य हुनु भएर १९९० मा सोही सँस्थाको अध्यक्ष हुनुभएको थियो । २०५१ देखि २०५८ सालसम्म पद्म पब्लिक नमुना विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष हुनुभयो । ई.स्वी.२००३ देखि २००९ सम्म मिलेनियम माध्यमिक विद्यालय र मिलेनियम क्याम्पसको अध्यक्ष रहनुभयो । ई.स्वी. २०१८ मा रोटरी क्लव अफ पाल्पा लुम्बिनीको स्थापना र सदस्य रही २०१९–२० मा रोटरी क्लव अफ पाल्पा लुम्बिनी च्याप्टरको अध्यक्ष हुनुभएको थियो । उहाँ तानसेन गुठी काठमाडौंका आजीवन सदस्य भएर तानसेन गुठी पाल्पा शाखाको हालसम्म सल्लाहकारको रूपमा रही गुठीको उद्देश्य अनुरूप भूमिका निर्वाह गर्दै सहयोग गर्दै आउनुभएको

छ। उहाँ आफू आवद्ध रहनुभएका विभिन्न संघसस्थाबाट कदरस्वरुप सम्मानित हुनुको साथै राष्ट्रिय शिक्षा पुरस्कारबाट समेत सम्मानित हुनुभएको छ । उहाँ लगायत अन्य मित्रहरूको लगानीमा पाल्पा तानसेनको प्रभासमा स्वास्थ्य-शिक्षा र पर्यटन विकास तथा रोजगारी अभिवृध्दि गर्ने साथै सामाजिक तथा राष्ट्रको विकासमा टेवा पुर्याउने उद्देश्यले लुम्बिनी मेडिकल कलेजको स्थापना गर्नुभई स्वयम् व्यवस्थापक भएर योगदान गर्नुभएको कार्य उदाहरणीय र प्रशंसनीय छ ।

उहाँ अति मिहेनती हुनुका साथै कर्मप्रति लगाव र निरन्तर समाजमा उल्लेखनीय योगदान पुर्याउनुभएको असल कार्यको उच्च मूल्याकल गर्दै समग्र नगरको विकास निर्माणमा टेवा पुर्याउनु हुनेछ भन्ने आशा र विश्वासका साथ स्थानीय निर्वाचन २०७९ बाट निर्वाचित तानसेन नगरपालिकाको नगर प्रमुख हुनुहुन्छ ।

गत वर्ष गुठीको ३० औं वार्षिक साधारण सभामा उहाँलाई नव निर्वाचित नगर प्रमुख हुनुभएको अवसरमा हार्दिक बधाई तथा शुभकामनासहित विशिष्ट अतिथिको रूपमा आमन्त्रण गरिएको थियो । सोही कार्यक्रममा तानसेन गुठीलाई शुभकामना मन्तव्य व्यक्त गर्नुहुँदै आफ्ना पूजनीय बुबा स्व. बैद्य गोविन्दलाल श्रेष्ठ तथा माता चिनिया देवीको स्मृतिमा आफ्ना छोरी डा. निशा श्रेष्ठ संस्थापक रहने गरी २०८९ भाद्र १८ गतेका दिन रू.१,००,०००।-( अक्षरुपी एक लाख रुपैयाँ) गुठीलाई हस्तान्तरण गर्नुभएको थियो। उहाँकी पुत्री एनेस्थेसियामा विशेषज्ञता हासिल गर्नुभएका डा.निशा श्रेष्ठ हाल यस गुठीका अध्यक्ष निलम गोंगल श्रेष्ठका सुपुत्र काठमाडौं स्थित ताल्छिखेल तुतेपानी निवासी डा. निषेशराज श्रेष्ठसँगको वैवाहिक जीवन पछि काठमाडौं किष्ट मेडिकल कलेजमा कार्यरत हुनुहुन्छ । यस गुठीको संरक्षणमा रहने गरी अक्षयकोषबाट प्राप्त ब्याज रकम श्री रणउजीरेश्वरी भगवतीमाताको पूजा तथा प्रसाद कार्यक्रमको लागि सहयोग गर्ने उद्देश्यले 'बैद्य गोविन्दलाल–चिनियादेवी भगवती माता पूजा प्रसाद अक्षयकोष' स्थापना गर्नुभएको हो । यस कोषको रकम सेन्ट्रल फाइनान्स लिमिटेडको मुद्दती खाता नं. C33001023386 मा जम्मा गरिएको छ । यसरी गुठीप्रति सेवा भावले अक्षयकोष स्थापना गर्नुभएकोमा उहाँ तथा परिवारजनमा गुठी हार्दिक आभारसहित धन्यवाद व्यक्त गर्दछ ।



# ‘गृहेन्द्रध्वज-मानकुमारी स्मृति अक्षयकोष’






तानसेन गुठीका आजीवन सदस्य कैलाशनगर (चुत्राभञ्ज्याङ), तानसेन, पाल्पा हाल घट्टेकुलो, डिल्लीबजार, काठमाडौं महानगरपालिका–२९ निवासी बालप्रसाद श्रेष्ठ, सह सचिव (सेवानिवृत) कानून मन्त्रालय, नेपाल सरकार एवम् सीताकुमारी श्रेष्ठ क्याम्पस प्रमुख वीर अस्पताल नर्सिङ्ग क्याम्पस (प्रमुख अस्पताल नर्सिङ्ग प्रशासक, सेवानिवृत), नेपाल सरकार तथा परिवार सदस्यहरू वर्षा श्रेष्ठ, ई. बसन्तध्वज श्रेष्ठ, डा. सुषमा दुवाल श्रेष्ठ, दीप्तिश्री श्रेष्ठ, आर्याश्री श्रेष्ठ, आभाश्री श्रेष्ठद्वारा स्थापित ‘गृहेन्द्रध्वज–मानकुमारी स्मृतिअक्षयकोष’ को रकम एकलाख चालीस हजार रुपैयाँ रहेको छ। वि.सं.२०८० जेष्ठ २८ गते आइतबारका दिन स्थापना भएको सो अक्षयकोषको रकम तानसेन गुठीका अध्यक्ष श्री निलम गोंगल श्रेष्ठको समुपस्थितिमा तानसेन गुठीका कोषाध्यक्ष श्री जीवन ज्योति वज्राचार्यज्यूमा हस्तान्तरण गरिएको थियो। उक्त अक्षयकोषको रकम कुमारी बैंकको मुद्दतीखाता नं. ०४३००३३३२४६००००२७ मा जम्मा गरिएको छ। सो बैंकमा जम्मा भएको अक्षयकोषको रकमबाट प्राप्त हुनआएको व्याज रकम पाल्पा तानसेन अवस्थित त्रिभुवन बहुमुखी क्याम्पसमा बि.बि.ए./बि.बि.एस.पहिलो वर्षमा भर्ना भई नियमितरूपमा अध्ययनरत विद्यार्थीहरुमध्ये कक्षा १२ मा व्यवस्थापन संकायमा सर्वोत्कृष्ट अंक प्राप्त गरेका विद्यार्थीलाई प्रोत्साहन स्वरुप प्रदान गर्ने यस अक्षयकोषको उद्देश्य रहेको छ।

यस अक्षयकोषका चरितनायक डिट्ठा गृहेन्द्रध्वज श्रेष्ठको जन्म वि.सं.१९६३ मा भएको थियो। खरदार हिरामानका दुई भाइ छोराहरू मध्ये कान्छा छोरा डिट्ठा गृहेन्द्रध्वज श्रेष्ठको विवाह गोर्खा वुङकोटका श्री वलिवन्त श्रेष्ठकी छोरी मानकुमारी श्रेष्ठसँग भएको थियो। उहाँ राणाकालमा डिट्ठा पदमा रही पाल्पा अदालतमा राष्ट्र सेवकको रुपमा सेवारत हुनु हुन्थ्यो भने २००७ सालपछि सोही डिट्ठा पदमा तीनसाँचा, पाल्पामा राष्ट्रसेवकको रुपमा सेवारत हुनुहुन्थ्यो। पञ्चायतकालमा बुटवल–खस्यौली नगर पञ्चायतमा पनि कार्यरत हुनुहुन्थ्यो। उहाँ धार्मिक स्वभावका हुनुका साथै सामाजिक काममा पनि उत्तिकै रुचि राख्नु हुन्थ्यो। शिक्षामा वहाँले बढी जोड दिने गर्नुहुन्थ्यो। यी कुराहरूमा जीवनसँगिनी मानकुमारी श्रेष्ठले उहाँलाई सघाउनुका साथै सदा साथ दिने गर्नुहुन्थ्यो।

उहाँको पूर्खौली जिमिनदारी हालको पश्चिम नवलपरासीको कालीवर्षामा थियो। खेतीको सिलसिलामा आफ्नो मौजामा आउने जाने गर्नुहुन्थ्यो। वि.सं. २००४ साल हरितालिका तीजको दिन कालीवर्षामा आफ्नो कान्छा छोरा ‘गृहेन्द्रध्वज–मानकुमारी स्मृतिअक्षयकोष’ का दाता बालप्रसाद श्रेष्ठ आठ/नौ महिनाको मात्र हुँदा मानकुमारी श्रेष्ठ ब्रह्मलीन हुनुभयो। आफ्नी जीवन सँगिनी ब्रह्मलीन हुनुभए पछि छोराछोरीको लालनपालन, हेरचाहमा डिट्ठा गृहेन्द्रध्वज श्रेष्ठले आफ्ना जीवनका बसन्तहरू बिताउँदै जानुभयो। छोरा छोरीहरूलाई आमाको अभाव कहिल्यै पनि खड्किन दिनुभएन। यस दौरानमा वहाँले आफ्नो निजात्मक जीवनलाई पनि पर सारेर छोराहरूको पठनपाठनमा दिन–रात एक पार्नुभयो जुन उदाहरणीय छ। आफ्नो पारिवारिक तथा सामाजिक उत्तरदायित्वहरू वहन गर्दागर्दै डिट्ठा गृहेन्द्रध्वज श्रेष्ठ वि.सं.२०४० मा ब्रह्मलीन हुनुभयो।

उहाँको शिक्षाप्रतिको रुझानलाई मध्यनजर गरी वहाँको शिक्षाप्रतिको कर्मयोगलाई आत्मसातगर्दै ‘गृहेन्द्रध्वज–मानकुमारी स्मृतिअक्षयकोष’को स्थापना गरिएको छ। यस छात्रवृत्ति पुरस्कार प्राप्त गर्नुहुने विद्यार्थीहरू प्रोत्साहित भइ शिक्षा आर्जनमा बढि लगनशील हुनेछन भन्ने कोषले आशा गरेको छ।

## हेमन्तराज कोलाक्षपति साहित्य पुरस्कार



गुठीका पूर्व अध्यक्ष हेमन्तराज कोलाक्षपतिबाट पाल्पाको साहित्यिक विकासको लागि टेवा पु-याउने उद्देश्यले **'हेमन्तराज कोलाक्षपति साहित्य पुरस्कार'** स्थापना गर्नु भई पाँच वर्षसम्म प्रत्येक वर्ष पाल्पाको साहित्यिक संस्थालाई प्रोत्साहन स्वरूप रू.२५,०००।- (अक्षरूपी पच्चिस हजार) नगद पुरस्कार प्रदान गरिने छ। यसवर्ष २०८० को लागि पाल्पामा साहित्यिक विकासको क्षेत्रमा उच्च योगदान पु-याएवापत **पाल्पा साहित्य समाज** लाई उक्त पुरस्कार प्रदान गरिएको छ।

## डा. शम्भुमान सिंह साहित्य पुरस्कार



गुठीका संस्थापक डा. शम्भुमान सिंहबाट 'पाल्पा साहित्य समाज' को सिफारिसमा पाल्पाको साहित्यिक विकासको लागि टेवा पु-याउने उद्देश्यले **'डा. शम्भुमान सिंह साहित्य पुरस्कार'** स्थापना गर्नु भई पाँच वर्षसम्म प्रत्येक वर्ष पाल्पाको साहित्यिक संस्था वा व्यक्ति (साहित्यकार) एक जनालाई प्रोत्साहन स्वरूप रू.२०,०००।- (अक्षरूपी बिस हजार) नगद पुरस्कार प्रदान गरिने छ। यसवर्ष २०८० को लागि 'पाल्पा साहित्य समाज' को सिफारिसमा पाल्पामा साहित्यिक क्षेत्रमा उच्च योगदान पु-याएवापत वरिष्ट साहित्यकार भागिरथी श्रेष्ठलाई उक्त पुरस्कार प्रदान गरिएको छ।

## भत्किएको जिन्दगी



**दामोदर ढकाल दीपक**

लाग्छ मेरो जिन्दगी
ठूल ठूला कान्ला भएको खेत हो
पानी नलगाम धाँजा फाट्छ
सुख्खा हुन्छ
फल्दैन धान।

पानी लगाम
भत्किन्छ कान्लो
पन्छाउनु पर्छ भत्केको ठाउँ।

न पानी नलगाएर सुख
न पानी लगाएर सुख
कान्ले खेतको किसानको दु:ख।

मेरो जिन्दगी पनि त्यस्तै छ
पन्छाइरहन्छु
भत्किरहन्छ
यो भत्किने क्रम
अनवरत छ
जबसम्म चन्द्र र सूर्य रहलान्
वा जवसम्म यो जिन्दगी रहला
भत्किरहन्छ निरन्तर

खै!
मक्किएको लुगा टालेर के साध्य
त्यस्तै छ भत्किरहने मेरो जिन्दगी।

*(गुठीको साहित्यिक कार्यक्रममा वाचन गरिएको)*

# हार्दिक बधाई तथा शुभकामना



यस गुठीका आजीवन सदस्य **श्री अशोक महर्जन**ज्यू श्री रणउजीरेश्वरी भगवती गुठी व्यवस्थापन समितिको गरिमामय अध्यक्ष पदमा मनोनयन हुनुभएकोमा गुठी परिवार यहाँलाई सगौरव हार्दिक बधाई ज्ञापन गर्दछ । यहाँको उत्तरोत्तर प्रगतिको कामना सहित कार्यकालको पूर्ण सफलताको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछ ।



यस गुठी बुटवल शाखाका अध्यक्ष **श्री अर्जुन मान सैंजु**ज्यू व्यवसायिक क्षेत्रमा उल्लेखनीय योगदान पुर्याउनुभएका सफल व्यवसायी एवम् सामाजिक अभियन्ता पीएमजेफ लायन श्री अर्जुन मान सैंजुज्यू लायन्स क्लब अन्तराष्ट्रिय डिष्ट्रिक ३२५ पी को यही वैशाख १६ गते भैरहवामा सम्पन्न महाअधिवेशनबाट (सन् २०२३/०२४) गरिमामय डिष्ट्रिक गभर्नर पदमा निर्वाचित हुनुभएकोमा गुठी परिवार सगौरव यहाँलाई हार्दिक बधाई ज्ञापन गर्दछ । यहाँको उत्तरोत्तर प्रगतिको कामना सहित कार्यकालको पूर्ण सफलताको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछ ।



यस गुठीका आजीवन सदस्य **श्री किरण बज्राचार्य**ज्यू प्रहरी अतिरिक्त महानिरीक्षक (ए.आई.जी.) पदमा बढुवा हुनुभएकोमा यहाँलाई गुठी परिवार सगौरव हार्दिक बधाई ज्ञापन गर्दछ । साथै यहाँको उत्तरोत्तर प्रगतिको कामना सहित कार्यकालको पूर्ण सफलताको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछ ।



तानसेन गुठी बुटवल शाखाका निवर्तमान अध्यक्ष समाजिक अभियन्ता **श्री निर्मल प्रसाद लाकौल**ज्यूलाई नेपाल राष्ट्रको गौरव एवम् नेपाली जनताको हित अभिवृध्दिमा उल्लेखनीय योगदान पुर्याएवापत उच्च मुल्याङ्कन गर्दै सम्मान स्वरूप २०८० साल वैशाक १ गते सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूबाट 'प्रवल जनसेवाश्री चतुर्थ श्रेणी' पदकद्वारा विभूषित हुनुभएकोमा गुठी परिवार सगौरव यहाँलाई हार्दिक बधाई ज्ञापन गर्दछ । यहाँको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछ ।



यस गुठीका आजीवन सदस्य **श्री चन्द्रमान मलेकु**ज्यू नारायणी डेभलपमेन्ट बैंकको अध्यक्ष पदमा नियुक्त हुनुभएकोमा गुठी परिवार सगौरव हार्दिक बधाई ज्ञापन गर्दछ । साथै यहाँको उत्तरोत्तर प्रगतिको कामना सहित कार्यकालको पूर्ण सफलताको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछ ।

**निलम श्रेष्ठ (गोंगल)**
**अध्यक्ष तथा तानसेन गुठी परिवार**

## व्यक्ति-व्यक्तित्व

# वरिष्ठ रसायनविद् गृहमान सिंह



**शोभा श्रेष्ठ**
आजीवन सदस्य तथा सल्लाहकार



यही २०८० साल असार २८ गते नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गतको राष्ट्रिय अभिलेखालयले लामो समयसम्म कर्तव्यनिष्ठ भएर कार्यालयको काममा योगदान पुर्याएवापत वरिष्ठ रसायनविद् श्री गृहमान सिंहलाई सम्मान गरेको थियो। यो सम्मान उहाँको लागि मात्र नभएर हामी सबैको लागि गौरवको विषय हो। म पुरातत्व विभागमा कार्यरत हुँदा उहाँ राष्ट्रिय अभिलेखालयमा कार्यरत रहेता पनि संगसंगै काम गर्ने गराउने अवसर धेरै प्राप्तभयो। उहाँसँग कामगर्दा मैले उहाँको जीवनको दुईटापाटो भएको अनुभव गरेको छु।

पहिलो पाटोमा उहाँ एक असल सहृदयी, शान्त स्वभाव र सहयोगीको रुपमा देखेको छु भने अर्को पाटोमा उहाँ एक लगनशील, कर्तव्यनिष्ठ, आफ्नो जिम्मेवारी प्रति संवेदनशील र निष्ठावान कर्मचारीको रूपमा पाएको छु। उहाँको दोस्रो पाटोको बारेमा धेरैलाई जानकारी नहुन सक्ने हुनाले यहाँ म उहाँको दोस्रो पाटोकोबारेमा छोटो विवरण पेश गर्दैछु।

२००९ साल भाद्र २० गते बुबा नौनिधीमान सिंह तथा आमा नाम्नी देवीको दोस्रो सुपुत्रको रूपमा तानसेनमा जन्मिनु भएको हो। वाल्यकाल रमणीय तानसेनमा आमाबुबाको माया ममतामा हुर्की त्यहीं रहेको जनता माध्यमिक विद्यालयबाट २०२५ सालमा एस.एल.सी. उत्तीर्ण गर्नुभएको हो। परम्परा देखि बाजे तथा बुबाहरूले गर्ने आयुर्वेदिक औषधि उपचारको व्यवसायमा नलागि एउटा नयाँ पहिचान बनाउन अध्ययन गरी उच्चशिक्षा हासिलगर्ने उद्देश्यले काठमाडौंलाई नयाँ गन्तव्य बनाई यतै लाग्नुभएको हो। यही आएर आई.एस्सी, बी.एस्सी पश्चात त्रिभुवन विश्वविद्यालय कीर्तिपुरबाट २०३२ सालमा रसायनशास्त्रमा स्नातकोत्तर गर्नुभएको हो।

जागीरकै क्रममा केही अवधि विभिन्न कार्यालयमा कामगरी २०३७ साल देखि तात्कालीन श्री ५ को सरकार शिक्षा तथा संस्कृति मन्त्रालय पुरातत्व विभाग अन्तर्गत राष्ट्रिय अभिलेखालयमा रसायनविद्को पदमा सेवा प्रवेश गर्नुभएको हो। वि.सं. २०३७-१२-२० देखि २०६४-०९-३० सम्म रसायनविद् तथा २०६४-१०-०१ देखि वरिष्ठ रसायनविद् राजपत्रांकित द्वितिय श्रेणी प्राविधिक पदमा सरकारी सेवामा रही २०६६-०३-०७ मा स्वेच्छिक अवकाश लिनुभएको हो।

राष्ट्रिय अभिलेखालयमा कार्यरत हुँदा उहाँको कामप्रतिको मोह तथा लगनशीलताले गर्दा उहाँलाई छ महिनाको तालिमको लागि लखनउको National Research Laboratory for Conservation of Cultural Property मा पठाएको थियो। त्यस पछि मलेशियाबाट Book Binding को तालिम प्राप्त गर्नुभएको हो। खासमा उहाँको दक्षता कागज संरक्षण (Paper Preservation) भएकोले सोही विषयको उच्च अध्ययनको लागि सरकारले दुई वर्षकोलागि लण्डनको Col Chester Institute मा पठाएको र त्यहींबाट Post-Graduate Diploma in Library Conservation पुरा गर्नुभएको हो।

खासगरी उहाँको जिम्मेवारी अभिलेखालयमा रहेका कागजपत्र हस्तलिखित ग्रन्थहरूको संरक्षण गर्नु हो। उहाँको मुख्य जिम्मेवारी यही क्षेत्रमा भएकोले कागजात संरक्षण मै उहाँले दक्षता हासिल गर्नुभएको हो। उक्त विषयमा विज्ञता हासिल गरेको व्यक्ति नेपालमा उहाँ एकजना मात्रै हुनुहुन्छ। हाल सम्म उक्त विषयमा अध्ययन तथा तालिमप्राप्त व्यक्ति अर्को छैन भन्दा हुन्छ। सरकारले पनि यस्तो महत्त्वपूर्ण कागजपत्र हस्तलिखित ग्रन्थहरूको संरक्षण गर्न विकल्पको



रुपमा अर्को व्यक्तिलाई तालिम तथा अध्ययनमा पठाउने चासो राखेको देखिँदैन ।

उहाँको दक्षता कागजात संरक्षणमा भएता पनि विभिन्न पुरातात्विक वस्तुहरू जस्तै मूर्तिकला, काष्ठकला, भित्ते चित्रहरूको साथै दरवार परिसरमा रहेका शालिकहरूको समेत रसायन संरक्षण गरी जीवन्तता दिने काम पनि सफलतापूर्वक सम्पन्न गर्नुभएको छ ।

आफूलाई दिईएको जिम्मेवारी पूरा गर्न कहिले पनि पछि नहट्ने हुनाले विभिन्न पुरातात्विक वस्तुहरूको संरक्षण गर्ने कार्य पनि सफलतापूर्वक सम्पन्न गर्नुभएका धेरै उदाहरणहरू छन् । नारायणहिटी संग्रहालयमा रहेकावस्तु र पुस्तकहरू, सिंहदरबारमा रहेका पुस्तकहरूको पनि समय समयमा संरक्षण गर्ने कार्य पनि पूरा गर्नुभएको छ । पशुपति जयवागेश्वरी मन्दिरको जिर्णोध्दारको क्रममा त्यहाँ रहेका भित्ते चित्रहरूको पनि संरक्षण कार्य पनि पूरा गर्नुभएको छ ।

उहाँको भित्ते चित्रहरूको संरक्षणको क्रममा गर्नुभएको तारिफ योग्य काम भनेको लगनस्थित माथवरसिंह थापाको दरबारमा रहेका भित्ते चित्रहरू हुन् । २०७२ सालको भूकम्पमा उक्त दरबार भत्कने क्रम शुरु भएकोले त्यहाँ रहेका अति महत्त्वपूर्ण भित्ते चित्रहरूलाई संरक्षण गर्नु एउटा चुनौतिपूर्ण कार्य थियो । तर गृहमानजीको धैर्यता तथा लगनशीलताले उक्त भित्ते चित्रहरूलाई भित्ता समेत काटेर कुनै क्षति विना बडो जतनसँग निकालेर राष्ट्रिय संग्रहालय छाउनीस्थित जुध्दकला शाखाको भित्तामा यथारूपमा राख्न सफलहुनु भएकोमा धेरै धेरै बधाई छ ।

यदि तपाईहरू कुनै समयमा राष्ट्रिय संग्रहालय जानु भए 'लगन दरवारबाट ल्याएका भित्ते चित्रहरू कुन हो' भनी जानकारी लिएर अवलोकन गर्नुहोला । त्यहाँ उहाँको कामको दक्षता देखेर आफूलाई पाल्पाली भएको नाताले गर्व महसुस गर्नुहुने छ । २०६६ सालमा अवकाश लिए पछि पनि २०७९ सालसम्म निरन्तररूपमा राष्ट्रिय अभिलेखालयमा रहेका कागजपत्र तथा ग्रन्थहरूको संरक्षण कार्यमा निरन्तर रूपमा लाग्नुभएको हो । साँचो मानेमा भन्ने हो भने उहाँलाई अभिलेखालयको जरुरत भन्दा पनि अभिलेखालयलाई उहाँको बढी जरुरत रहेको अनुभूति गर्न सकिन्छ ।

अहिले स्वास्थ्यको कारण त्यसरी खटेर कामगर्न गाह्रो भएर गतवर्ष देखि विश्राम लिएर बस्नुभएको छ । तर पनि बेला मौकामा आवश्यक परेको समयमा राष्ट्रिय अभिलेखालयलाई आफ्नो दक्षता र सीपअनुसार सरसल्लाह र सहयोग दिनुहुने छ भन्ने विश्वास छ । सुस्वास्थ्यको लागि शुभकामना ।

# जन्मभूमिदेखि कर्मभूमिसम्म

**सर्जुमान लिगल**
**निवर्तमान अध्यक्ष, तानसेन गुठी काठमाडौं**
**(२०७५/७६-२०७६/७७-२०७७/७८)**

मेरो जन्म तानसेनस्थित वडा नं. ५ (हाल वडा नं. ३) टक्सार टोलमा पिता भुयूमान लिगल र माता मायाँदेवी लिगलको पाँचजना पुत्रहरू र दुई सुपुत्रीहरूमध्ये काईंला सुपुत्रकारूपमा वि.सं.२०२० बैसाक ११ गतेका दिन भएको हो। बाल्यकालको मेरो नाम आनन्द थियो। मलाई बाल्यकालमा अति नै मायाँ गर्ने ९१ वर्षिया बजै तेजकुमारीसँग सुत्ने, उठ्ने र उहाँ रहँदासम्म उहाँकै सेवामा तल्लीन रहन्थें। बजैको निधन भएपछि मात्र सात वर्षको उमेरमा तानसेन भगवती मन्दिरस्थित प्राथमिक विद्यालयमा कक्षा एकमा भर्ना भएर कक्षा चारसम्म त्यहीँ अध्ययन गरें। कक्षा पाँचदेखि दश कक्षासम्म जनता माध्यमिक विद्यालय वसन्तपुरमा आदरणीय गुरुजनहरू प्रधानाध्यापक झपेन्द्र प्रसाद नेपाल, भारती माष्टर, गंगाधर भट्टराई ,बुध्दि प्रसाद शर्मा, विजयध्वज जोशी, केदार श्रेष्ठ सर सँग अध्ययन गरियो। जनता विद्यालयबाट २०३६ सालमा एस.एल. सी. पास गरें। २०३७ सालमा बतासे डाडाँस्थित श्रीनगर साइन्स कलेजमा आइ.एस्सी. पहिलो ब्याचमा पहिलो एक वर्ष अध्ययन गरियो।

विद्यार्थी उमेरमा भगवती टोल, शीतलपाटीस्थित बुबाको दुकान 'शीतल फेन्सी स्टोर' मा कहिलकाहीँ बस्ने गरेको याद छ। आफू भर्खर पढ्न सुरूगर्दा



पाल्पा तानसेनमा बुबाले स्थापना गर्नुभएको मनोरञ्जनको साधनको रूपमा सिलखानस्थित मोहन कन्या स्कुलमा 'सन्तोष टुरिङ्ग टाकिज' सिनेमाहल खोलेदेखि परिवारको जेठो दाजु कल्याण प्रसाद लिगलले पढाइ छोडिसकेको अचस्था थियो। २०२४ सालमा सन्तोष सिनेमा हलको प्रोपाईटर बुबा हुनुहुन्थ्यो। आफू जनता विद्यालय पढ्दा बिदाको दिन शनिबार सिनेमा हेर्न लुकी लुकी पुगिन्थ्यो। तत्कालीन समयमा नेपालमा न कुनै चलचित्र निर्माता थिए न वितरक नै थिए। कलकत्ता बम्बईदेखि टिनको बक्सामा हिन्दी सिनेमाको रिल आउँथ्यो। पश्चिमाञ्चल क्षेत्रको विभिन्न जिल्लाबाट खाद्यान्न किनमेल गर्न आउने स्थान तानसेनको मखन टोल सडक व्यापारिक केन्द्र थियो। बुबाले नयाँ व्यवसायको रूपमा मखनटोल सडकमा नुन, चामल, तेलको दुकान खोल्नुभएको थियो। सडक बजारमा बुर्तिवाङदेखि खाद्यान्न खरिद गर्न आउने ग्राहकहरू डोको नाम्लो बोकेर आउँथे। शेर्पा समुदायकाहरू खच्चडमा सामान बोकाई लैजानेको भिडभाड दिनहुँ जस्तो हुन्थ्यो। विद्यालयबाट घर फर्किने बित्तिकै दुकानमा पुगी चामलको रासबाट पाथीले राम, राम, दुई दुई भन्दै गन्दै नाप्दै चामल, कनिका, गहुँ बिक्री गर्दा अति रमाइलो लाग्थ्यो। दैनिक जसो व्यवसायमा कम्तिमा ५० बोरासम्म चामल, तोरीको तेल १० तिन, नुन १० देखि २५ बोरासम्म बिक्री हुन्थ्यो।

त्यतिवेला व्यवसायमा व्यस्त हुँदा माइलादाजु चिरनमानले एस.एल. सी. पछि पढाइ छोडेका रहेछन्। २०३४ सालमा गैराबारीमा (हालको विशाल बजार) मकैको खेती प्रशस्त हुने ठाउँमा आफ्नै जग्गा जमिन बुबाले खरिद गरेपछि 'सन्तोष चलचित्र मन्दिर' सिनेमा हल निर्माण भएपछि साइला दाजु सन्तोष मान लिगल पनि हलमा व्यस्त हुने भएकोले कलेजको पढाइ छोड्नुभयो। छोराहरूलाई गलत बाटोमा नलागोस् भनि बुबाले

सानै उमेरदेखि आफ्नो काम आँफै गर्नुपर्छ भनी अह्राउनु हुन्थ्यो । हामी सबै छोराहरूलाई आ-आफ्नो व्यवसायिक काममा लगाईरहनु हुन्थ्यो । यस अलावा समाजमा असल कर्म गर्नु मानवताको सबैभन्दा ठूलो धर्म हो भन्ने मूल्यमान्यता राख्दै छोराहरूलाई आफ्नो अगुवाइमा बनेको वनदेवी मन्दिरमा पठाई धारा, पानी, पँधेरो सफा गर्न तथा रँगरोगन लगाउन पठाउने गर्नुहुन्थ्यो । हामी पढाइ पछि यता उता खेल्ने बजारमा फाल्तु हिँडेको देख्नुभयो भने काममा लगाई हाल्नुहुन्थ्यो । दिनमा एकपटक सिनेमा हलमा पुग्नुपर्ने, गेटमा टिकट च्यात्नेदेखि दर्शकलाई सिटमा मिलाउन पुगी काम देखाउने हाम्रो बानी नै भएको थियो । विद्यालय छुट्टी भएपछि सडकको दुकान तथा हलमा एक पटक पुग्नु हाम्रो दैनिक दिनचर्या बनेको थियो ।

तिहारको बेलामा तानसेनमा चारैतिर झिलिमिली बत्ती बलेको रमाइलो वातावरण थियो । त्यतिबेला एकदिन कताबाट मेरो मनमस्तिष्कमा साइन्स पढाइमा अति मिहेनत गर्नुपर्ने महसुस गर्दै काममा लाग्नुभन्दा पढाइलाई ध्यान दिनुपर्छ भन्ने लागेर २०३८ सालमा १९ वर्षको युवा उमेरमा काठमाडौंमा अध्ययन पूरा गर्न जाने इच्छा जागेर आयो । बुबालाई “म काठमाडौं पढन जान्छु बुबा भने” “लौ के भन्छ यो केटा ? बुटवलसम्म एक्लो कहिल्यै नपुगेको काठमाडौं जाने पो भन्छ, हुन्छ जाऊ कहिले जाने?” “तिहार पछि जाने” भन्दा बुबाले एक हजार र आमाले जानेबेलामा तीनसय रुपैयाँ दिनुभयो । सानो उमेरमा म तानसेनदेखि बुटवलसम्म बसमा चढ्दा रिङ्गटा लाग्ने हुँदा बुबाले कहिले होलङ्गदीमा बसबाट झारिदिने कहिले बर्तुङ्गा झारिदिँदा म खुसीले हिँड्दै घर फर्कने गर्थें । तर पहिलो पटक बिना साहारा म एक्लै रात्रीकालीन बसमा पाल्पादेखि काठमाडौंको यात्रामा कहाँ उत्रने होला, के हुने होला भनी अनेक कुरा मनमा खेलाउँदै काठमाडौं पुग्दा बिहानको सात बजेको थियो । वागबजारस्थित पुरानो बसपार्कमा उत्रिएँ । आफू बुबा आमासँग कहिलेकाहीं बुटवल पुग्दा रिक्सामा चढेको थाहा थियो त्यस्तै रिक्सा खोजिरहेको कतै देखिन । भाडावाला टेक्सी भनेको त थाहा नै थिएन । अघि पछि भ्वाँ भ्वाँ आवाज चलेको देखें । यहाको रिक्सा यहीं होला भन्ने सम्झेर चढियो । अमृत साइन्स कलेज लैनचौर क्षेत्रपाटीबाट नजिक छ भन्ने सुनेको थिएँ । मैतीदेवी जानुपर्ने क्षेत्रपाटी भनिएछ । रिक्सा माथि ओछ्यानहरू तथा किताब कापीले भरिएको गुण्टामाथि आफू बस्दै न्यूरोडको ठूला ठूला भवन नियाल्दै क्षेत्रपाटी प्रवेश गरी अमृत साइन्स कलेज देखेर सिधै नारायणहिटी दरबार हुँदै मैतीदेवीमा पाल्पाली ढाकाटोपीको घर तथा पसल छ भन्ने थाहा थियो खोज्दै खोज्दै बल्ल तल्ल पुगियो । घरभित्र प्रवेश गरी “काकी काकी, म सर्जु म पढ्न आएको मलाई कोठा चाहियो” भन्दै के भनेको थिएँ । आदरणीय पाल्पाली ढाकाटोपी उद्योगका संस्थापक एवं समाजसेवी काकी श्री पूर्णमायाँ मर्हजनज्यूबाट मलाई अति मायाँ गर्दै घरको पहिलो तल्लामा प्रति महिना दुई सय पचास भाडा तिर्ने गरी एक सानो कोठा दिनुभयो । उक्त दिन रातीको खाना होटलमा खाएपछि गुण्टा खोली ओछ्यान लगाएर गल्र्याङ्ग पल्टिएँ । भोलि बिहान दम दिनु पर्ने मट्टितेलबाट बल्ने स्टोभ रू. २५।- मा खरिद गरी एकसरो भाँडाकुँडा र दाल, चामल, तेल, तरकारी खरिद गर्दा रू २७५।- खर्च गरियो । बिहान र साँझको लागि एकै पटक खाना पकाएर खानपान गरी १० बजे अमृत साइन्स कलेजमा फर्म भर्न पुगियो । दुई दिन पछि आई.एस्सी.मा फिजिक्स विषय लिएर पढ्न मेरो नाम निस्के पछि मेरो पढाइले फेरि निरन्तरता पायो । त्यतिबेला धेरैजसो



कलेजका विद्यार्थीहरू काठमाडौं र पोखराका स्थानियबासी रहेको पाएँ ।

कर्मक्षेत्र (मलाई नछोडेको १२ वर्ष)

म काठमाडौंमा पढाइलाई निरन्तरता दिँदै पाल्पा तानसेन आफ्नै सिनेमा हलको आवश्यक काम कर्तव्य पनि समय निकाली निभाइ रहेको हुन्थेँ । कहिलेकाहीं श्री ५ को सरकार सिँहदरबारभित्र सञ्चार मन्त्रालयमा, कहिले शाही चलचित्र संस्थान बालाजुमा पुगेर नेपालमा भर्खर निर्माण भएका चलचित्रहरू रात्रीकालीन बसबाट पाल्पा पठाउने कार्य पनि गरिन्थ्यो । नेपालमा नगन्य मात्रमा रहेको फिल्म वितरक थिए । कहिलेकाहीं हिन्दी चलचित्र नेपालको लागि लिएका वितरककोमा पुगी सिनेमा पाल्पा पठाउने कार्य पनि गरिन्थ्यो । नेपाल चलचित्र क्षेत्रको हकहितको लागि स्थापना भएको नेपाल चलचित्र संघको संस्थापक सदस्य बुबाको प्रतिनिधित्व गरी वि.सं. २०४० देखि क्रियाशील रही हरेक बैठकमा निरन्तर सहभागी हुँदै अइरहेको छु । त्यसपछि यस क्षेत्रमा संलग्न रहँदा नेपालका विभिन्न जिल्लाका हलवाला, फिल्म वितरकसँग वार्षिक साधारण सभामा चिनाजानी भेटघाट गर्ने, कुराकानी सुन्ने गर्दा यस क्षेत्रमा नजिक हुँदै गए । तत्कालीन समयमा खासै नेपालमा नेपाली चलचित्र निर्माता नभएको अवस्थामा दार्जिलिङबाट भर्खर झरेको 'सम्झना' फिल्मका निर्माता शम्भु प्रधानलाई दिल्लीबजारको डेरामा भेटघाट भयो । सो फिल्म पनि पाल्पा पठाई तानसेन पाल्पा आउन निमन्त्रणा गरी तानसेन स्वयम् पुगी तानसेनको विभिन्न स्थानको अवलोकन गराए पछि म एक मित्र जस्तै भए । यता पढाईको पहिलो वर्ष उत्तीर्ण मात्र गरियो । दोश्रो वर्षको अध्ययन पछि पढाईलाई निरन्तरता दिन मन लागेन । प्राप्ताङ्क प्रतिशत राम्रो भएका धेरै साथीहरू रिुड्की प्लानमा इन्जीनियर पढन विदेश हिँडे । पढाईपछि आखिर कुनै क्षेत्रको जागिरे कर्मचारी वा व्यापारी बन्ने त होनी भन्दै काठमाडौं बसी व्यावसायिक रूपमा फिल्म वितरक बन्नुपर्यो भन्ने मनमा आयो । आफू २२ वर्षको उमेरमा विभिन्न चलचित्र वितरकको रूपमा २५ बसन्त, हामी एक हौं तथा निर्माता मन्जु राणासँग भेटघाट गरी पश्चिमाञ्चल क्षेत्रको केही हलको लागि 'जुनी' चलचित्र लिएर स्याङ्जा, पाल्पा, नेपालगन्ज, धनगढीसम्म बसमा फिल्म बक्सा राखी चलाउने र काठमाडौं फर्कने बस्ने भुल्ने गरियो ।

कामको सिलसिलामा महेन्द्रनगरसम्म पुग्दा १५ दिनको बसाइमा नेपाल बाहिर पहिलो पटक भन्सार नाका वनवासा पारगरी भारतको नैनिताल गएर बसियो । काठमाडौं फर्की अन्य चलचित्र पनि लिएर पश्चिमको विभिन्न स्थानमा जाने आउने चलिरह्यो । यसरी म चलचित्र क्षेत्रसँग नजिक हुँदै जाँदा एक चलत्रित्र निर्माता बन्ने र फिल्म निर्माण क्षेत्रमा अगाडि बढने इच्छा पो जाग्यो । आफू वितरक हुँदा कमाएको रकम चलचित्र निर्माणमा लगाई निर्माता बन्ने रहर जाग्यो । अझ 'मिस्टर आनन्द' भन्ने स्कृष्ट पनि आँफै लेखी विभिन्न राइटरलाई शब्द लेखाउनसम्म पुर्याई 'मिस्टर नेपाल' नामाकरण गरी एउटा किताब नै तयार गरियो । कतिपय साथीहरूलाई कथा सुनाएको कारण मलाई आज पनि आनन्दजी भन्छन् । यस क्षेत्रका साथीभाइसँग मिलेर चलचित्र बनाउन लगानी अपुग भएपछि यस क्षेत्रको ढोको पूरा भएन । जुन दिन मैले लगानी गर्न सक्नेछु सोहि दिन फेरि लागुँला भनी अर्को व्यवसाय सोँच्न बाध्य भएँ । दाङ जिल्लाको घोराहीमा राप्ती चलचित्र भवन बनेको रहेछ तर चलाउन नसकेको अवस्थामा बुबालाई सञ्चालनमा ल्याउन प्रस्ताव आएको खबरले काठमाडौंदेखि दाङ पनि पुगियो । धेरै मिहेनत पछि सन्चालनमा आउन तयार भएको अवस्थामा प्रोजेक्टर, जेनरेटर, दाईनामो सहित आवश्यक सामन खरिद गरी म पनि दाजुसँग लाग्ने निधो गरेको थिएँ । तर अन्तिम अवस्थामा शो हलवाला साहु सम्पर्कबिहीन भएर धोका भयो । त्यसपछि मेरो बसाइ केही वर्ष २०४४ सालदेखि पाल्पामा काठमाडौंदेखि फेन्सी सामान ल्याई व्यापार गर्ने व्यवसाय गरियो । खालि बस्न नसक्ने केही न केही गरिरहने आफ्नो स्वभावको कारण व्यवसायमा कान्छाभाइ ज्ञानेसले व्यवासाय समालेपछि कामले काठमाडौं आउने जाने महिनामा एक पटक भइरहन्थ्यो । कतिपय पुराना फिल्म वितरक मित्रहरुले काठमाडौंमा कार्यलय खोली काठमाडौं र बाहिर फिल्म वितरकको कार्य गर्ने गरी बस्न आग्रह समेत गरेका कारण २०४६ साल मंसिर १ गते फिस्टेल फिल्म वितरकको लाईसेन्स निकाली आफू प्रोपराइटर बनी केही हिन्दी तथा नेपाली फिल्मको कार्य भएको थियो ।

एक समय मेरा असल मित्रहरू सञ्जय मान वैश्यत, पवन वैंजू श्रेष्ठ र उनका भिनाजु बाबुराम कायस्थ समेत भएर २०४८ सालमा दिल्लीको गाँजियावादस्थित औद्योगिक क्षेत्रमा प्रिन्टिङ प्याकेजिङ हेर्न पुगियो । हामीले विभिन्न व्यवसाय निरीक्षण गर्दा सिध्दार्थनगरमा (भैरहवा) मेरो रेखदेखमा प्रिन्टङ एण्ड प्याकेजिङ इण्डष्ट्रिज खोल्ने निर्णय भयो । चलचित्र वितरकको काम त आफ्नो अनुभवको क्षेत्र थियो जहिले गर्दा पनि हुन्छ उद्योग गर्नु उचित ठानेर प्रति व्यक्ति चारलाख पचास हजार लगानी गरी अठार लाखमा

उद्योग स्थापना गर्ने निर्णय गरी २०४९-०५० सालमा पहिलो पटक भैरहवा गल्लामण्डीमा 'एभरेष्ट प्रिटिङ एण्ड प्याकेजिङ इण्डष्ट्रिज प्रा.लि.' नाममा उद्योग स्थापना गरी बिस्कुट प्याकिङ गर्ने पेपर र्यापरको उत्पादन उद्योग सञ्चालनमा ल्याएँ। दुई चार वर्षपछि उद्योगको आफ्नै भवनमा दोश्रो उद्योग 'स्टार प्रिटिङ एण्ड प्याकेजिङ इण्डष्ट्रिज प्रा.लि.' खोली तेश्रो मुलुकबाट कच्चापदार्थ पैठारी गरी प्लाष्टिकको एलडी , बिओपिपिको र्यापर उत्पादन गर्ने उद्योग खोलेर काठमाडौं, पोखरा, भैरहवामा करिव १५ उद्योगमा सप्लाई हुन्थ्यो। त्यतिबेला मैले पाल्पा र काठमाडौं पूर्ण रूपमा छोड्दा १२ वर्ष पछि मेरो बसाइ भैरहवामा भयो। हाम्रो उद्योग निकै अग्रणीको रूपमा अगाडि बढिरहेको थियो।

२०५२ सालमा नेपालमा नेपाली सेना र माओवादी विद्रोही पक्षको १० वर्ष जनयुध्द द्वन्दकालको अवस्थाले नेपालको धेरैजसो औद्योगिक क्षेत्र धरासायी हुनपुग्यो। हाम्रो उद्योगसँग सम्वन्धित उद्योगहरू बन्द हुँदै गएपछि हामीलाई पनि स्वभाविक रूपमा असर पर्नगयो। यस्तो अवस्थामा २०५९ सालमा म विचलित भएर औद्योगिक क्षेत्रबाट अब अगाडि बढ्न सकिन्न भन्ने लाग्यो। मेरो छिटो निर्णय गर्ने स्वभावले अन्ततः म अर्को विकल्प सोच्न बाध्य भई पुनः काठमाडौंमा फर्की फिल्म वितरकको काम नै गर्ने निर्णय गरी काठमाडौंमै बस्न थालें। तर यतिबेला यो क्षेत्रमा पनि धरासायीको अवस्था देखियो। यस्तो अवस्थामा अब उधारो दिने कारोवार भन्दा नगद कारोबार गर्ने व्यवसाय गर्नु ठीक ठानेर धादिङ जिल्ला धार्के स्थित 'धार्के टेर्डस् पेट्रोल पम्प' र जग्गा जमिन सहित सम्पूर्ण जायजेथाहरू पचहत्तर लाखमा खरिद गरी व्यवसाय गर्ने निर्णय गरियो। यसको लागि आवश्यक रकम जुटाउन भैरहवामा रहेको उद्योगको आफूले छोडे प्राप्त हुने केही रकम राखी आफ्नो नजिकको आफन्त साझेदार समेत भएर धार्के पेट्रोल पम्पमा लगानी गरी आफै सन्चालन गर्नेगरी उक्त पम्प खरिद गरियो।

२०६० सालमा सो पम्प चलाउदै भैरहवा पूर्ण रूपमा छोड्दा २०६२ सालमा १२ वर्ष पछि पुनः काठमाडौंमा परिवारसहित बसियो। सो व्यवसायमा नाफामूलक रूपमा प्रगतिको बाटोमा लम्किरहेको अवस्थामा २०७२ साल वैशाख १२ गते नेपालमा आएको भूकम्पले कतिपयको भौतिक संरचना ध्वस्त भयो। मेरो व्यवसायमा पनि केही क्षति पुर्यायो। तर पनि व्यवसाय राम्रैसँग सुचारु गरियो। त्यसको लगतै तराईमा आमहड्ताल साथै २०७३ साल असोज ६ गतेदेखि नेपाल अधिराज्यभरि पेट्रोलियम पदार्थमा भारत सरकारले लामो समय नाकाबन्दी गरिदियो। व्यवसायमा संलग्न सबै व्यापारी समेत मारमा परे कतिपय सडकमा गुड्ने बस, ट्रक उद्योगी व्यपारी मारमा परे। विभिन्न समस्याको बावजुत पनि नाकाबन्दी खोले पछि सहजरूपमा पम्प चल्न थाल्यो। फेरि त्यहीबेला काठमाडौं-चितवन-बुटवल हाईवे सडक चार लेन चौडा बन्ने भएकोले व्यवसायमा भएको तीन रोपनी जग्गाको अगाडिको भौतिक संरचना भत्काई पुनः निर्माण गर्नुपर्दा करोडौं रकम खर्च गनुपर्ने भयो। फेरि यो व्यवसाय सुरूगर्दा देखि नै ईमान्दारिताका साथ गर्छु भन्दा पनि गर्न नपाइने त्यति राम्रो व्यवसाय लागेन। कारण आयल निगमदेखि आउँदा नै टेङ्करमा तेलको चुहावट, ढुवानी गर्दा ड्राईभरले बाटोमा गर्ने तेल चोरी, यस व्यवसायसँग सम्वन्धित कर्मचारीहरूसँग तेलकै लागि 'हजुर हजुर' गर्नुपर्ने, विभिन्न चलखेल गर्नुपर्ने, व्यवधान, व्यवसाय बचाई राख्न खेल्नुपर्ने अनेक भूमिका, नचाहँदा नचाहँदै पनि केही कर्मचारीको व्यक्तिगत स्वार्थको लागि नाकबन्दीमा सर्वसाधारणलाई पम्पस्थलबाट बिक्री गर्छु भन्दा पनि बाहिर उद्योगहरूमा पठाउन दवाब परिरहन्थ्यो। आफूलाई ईमान्दारीतासँग निरन्तर काम गर्न पनि नदिने, उधारो नदिई नचल्ने, सधैंको टेन्सन लिनुपर्ने व्यवासाय लागेको थियो। अन्ततः सधैंको लागि छोडिदिन्छु भन्ने निर्णय गरी १२ वर्षसम्म गरिएको सम्पूर्ण जायजेथा व्यवसाय बिक्री गरी काठमाडौंस्थित टोखा नगरपालिका धापासीमा ग्रिण्डल्याण्ड चोकमा आफ्नो घर ठडाई आनन्दले बस्दिएँ।

बुबाले आफ्नो जीवनकालमा गर्नुभएको हरेक व्यापार व्यवसायिक क्षेत्रसँगै उहाँको निःस्वार्थ भावले गर्नुभएको समाजसेवा कर्मको अति गौरव गर्दै मैले पनि असल कर्म गर्न छोड्नु हुँदैन भन्ने ज्ञान पाएको थिएँ। तानसेन गुठी काठमाडौंको कार्यसमितिमा संलग्न रहँदादेखि विभिन्न सामाजिक कार्यमा क्रियाशील रहेकोले समय बितेको थाहा हुँदैन थियो। तर पनि आफ्नै केही काम नगरी बस्नु पनि सुख लागेन, मज्जाको जीवन लागेन। पुनः आफुलाई क्रियाशीलता बनाई राख्न पार्टनरसिपमा नयाँबजार काठमाडौंमा 'प्रिज्मा इलेक्ट्रोनिक कम्पनी प्रा.लि' खोलेर विभिन्न साइजका एल सि टिभी कोल्याबोरेसन गरी सप्लाई गर्न चाइनाबाट पैठारी गरी डिलरसिप दिएर देशको विभिन्न भागमा बिक्रीवितरण गर्ने कार्यमा मित्रहरूसँग अलि व्यस्त बनायो। यो वास्तवमा आफू सधैं लागिरहनु पर्ने आफ्नै जिम्मामा सञ्चालक भई गर्नुपर्ने कार्य नभएको हुँदा यो पनि मज्जा लागेन। आफू २५ वर्ष उमेरको हुँदा चलचित्र निर्माता

बन्ने सपनाको रहर पुनः जागेर आयो। अन्ततः २०७४ साल कार्तिक १९ गते 'क्रियटिभ मुभी प्रोडक्सन प्रा.लि.' नाममा म आफैं प्रोपाइटर भई वाणिज्य विभाग बबरमहल काठमाडौंबाट प्रमाणपत्र प्राप्त गरी नेपाल चलचित्र विकासबोर्डबाट चलचित्र निर्माण र वितरकको इजाजत प्राप्त गरें। नेपाली कथानक चलचित्र 'यात्रा'को कार्यकारी निर्माता बनी देशको विभिन्न भागमा फिल्म सुटिङमा करिब एक वर्षसम्म निरन्तर लाग्दा चलचित्र निर्माण क्षेत्रमा धेरै अनुभव बटुल्ने मौका पाएँ। दुई करोड पचहत्तर लाखको लागानीमा बनेको यस चलचित्रमा अन्य लगानीकर्ता मेरो पुराना मित्र अनुभवी निर्माता तथा कलाकार चलत्रित्र विकास बोर्डका अध्यक्ष श्री केशव भट्टराई, चर्चित निर्माता सुशील पोखरेल र चिजकुमार श्रेष्ठसहित भएर निरन्तर चलचित्र निर्माण गर्ने सौँच थियो। यसै क्षेत्रलाई निरन्तरता दिंदै पाल्पाको एक असल पाल्पाली चलचित्र निर्माता बन्दै अगाडि बढने अन्तिम आफ्नो कर्मक्षेत्र बनाएँ। आफू पनि यस 'यात्रा' चलचित्रमा कलाकारको सानो भूमिका खेल्दा सधैंको लागि अमर सम्झना रहिरहने कार्य गरेको अनुभव मैले गर्न थालें। यस चलचित्र २०७५ साल चैत्र २९गते नेपाल अधिराज्य भरी रिलिज भयो। विदेशमा चलाउने योजना अन्तर्गत हङकङमा मात्र चलाउन के भ्याएको थियो २०१९ डिसेम्बर अर्थात् मध्य मंसिर २०७६ प्रारम्भमा चीनको हुवई प्रान्तको वुहान देखि कोरानाको महामारीको संक्रमण फैलिंदै आएको अवस्थाले २०७६ साल चैत्र ११ गते देशैभरि लकडाउन सुरु भयो। यस क्षेत्र पनि अन्ततः धुलमुलमा पर्यो। नेपाल अधिराज्यको सम्पूर्ण सिनेमा हल सबभन्दा बढी मारमा परी सिनेमा हलहरू समेत धमाधम बन्द हुनथाल्यो। करिब तीन वर्ष पछि कोभिडको महामारी कम भएपनि नेपाल अधिराज्यभरि धेरै जसो सिनेमा भवन प्रायः बन्द भयो। यस्तो अवस्थामा चलचित्र निर्माण गरी निरन्तरता दिएर लगानी नै उठ्न नसक्ने अवस्था लाग्यो। अन्ततः यो व्यवसायलाई अगाडि बढाउन मन लागेन। व्यापार व्यवसायमा समय अनुकूल आफूलाई परिवर्तन गरिरहने अनि व्यवसाय गरिरहने, आफूलाई सधैं व्यस्त बनाइरहने मेरो बानी भनु या सौँचलाई मैले कहिल्यै छोइन सकिन। त्यसकारण बुबाले निर्माण गर्नुभएको एक मात्र तानसेन नगरको ऐतिहासिक 'सन्तोष चलचित्र मन्दिर' कोरोनाको कारण २०७६ साल चैत्र ११ गतेदेखि भएको लकडाउनले बन्द रहेको थियो। तीन वर्ष पछि पुनः सुचारु गर्न मन लाग्यो। साथै तानसेन पाल्पाको घट्दो चहलपहलमा हल खोल्दा सिनेमा हेर्न विभिन्न जिल्लाबाट आउने दर्शकले तानसेन गुलजार गर्नमा पनि मद्दत पुर्याउन्छ भन्ने लाग्यो। साथै हामी सबैको प्रतिष्ठा जोडिएको बुबाको नामको कारण हललाई विगतको अवस्थाभन्दा केही फरक सुबिधा सम्पन्न दर्शकलाई आनन्द आउने रूपमा परिवर्तन गर्ने निर्णय गरियो। सबै दाजुभाइको सल्लाह पछि हामी सबै भएर हल भित्रको संरचना निर्माणको कार्य भारतको बम्बई, दिल्लीदेखि विविध समान तथा अत्याधुनिक उपकरण र कामादार ल्याएर सम्पन्न गरियो। २०७९ साल माघ ११ गतेदेखि सिनेमा हल सञ्चालनमा ल्याएर तानसेन पाल्पामा बेला बखत आउने जाने गर्नाले आफूलाई फेरि व्यस्त बनाएको छ। सिनेमा हल पुनः सञ्चालन हुनुमा हामी समस्त परिवारमा हाम्रा आदरणीय बुबा भुयूमान लिगल तथा माता मायादेवी लिगलको आशीर्वाद प्राप्त भइरहेको महसुस गर्देछौं। आफू कहिले काठमाडौंमा त कहिले पाल्पाको बसाईले झन् आनन्दको महसुस गर्दै विविध कर्मक्षेत्रलाई निरन्तरता दिँदै आएको छु। २०६६ सालमा काठमाडौंस्थित न्यूरोड दरवार स्वायरमा 'निबोधित बचत तथा कोअपरेटिभ संस्था'को स्थापना गरी संस्थापक कार्यसमिति सदस्यका रूपमा सेवा गरिरहेको छु। अब यसमा लागेको पनि १२ वर्ष पूरा भयो। मित्रहरूको आग्रहले आफू अध्यक्ष भएको आठ वर्ष भयो। आर्थिक वर्ष २०८० कार्तिकमा आफ्नो कार्यव्यस्तताले गर्दा सञ्चालक समितिबाट विश्राम लिने विचारमा छु। जिन्दगीलाई सजिलो बनाउन आफूलाई बलियो बनाउनुपर्छ। ठीक समय त कहिले पनि आउँदैन रहेछ बस्, समय त सहि बनाउनु पर्दो रहेछ।

## वैवाहिक जीवन

मेरो शुभ विवाह २०४४ साल मंसिर १९ गते पाल्पा तानसेनमा भरतपुर चितवनस्थित मेनरोड निवासी पिता मित्रलाल प्रधान तथा माता विष्णुकुमारी प्रधानकी काइँली सुपुत्री जमुना कुमारी प्रधानसँग सम्पन्न भएको थियो। विवाहपछि केही वर्ष पाल्पा बसेर हामी सिध्दार्थनगर भैरहवा हुँदै काठमाडौं आएका थियौं। विवाहको १२ वर्षपछि वि.सं.२०५७ साल माघ २२ गते पाटन हस्पिटल ललितपुरमा हाम्री जुम्ल्याहा छोरीहरू तेजश्वी र राजश्वीको जन्म भएको थियो। यहींबाट हाम्रो पारिवारिक जीवनको नयाँ अध्याय सुरुवात भएको थियो। आज दुबै छोरीहरू २२ वर्षकी भइन्। ठूली छोरी स्टिङ्टन कलेज काठमाडौंबाट आइटीमा व्याचलर गरी मास्टर्स् गर्ने तर्खरमा छिन् भने कान्छी छोरी देहरादुन डि.आईटी कलेजबाट सफ्टवयर इन्जिनियरिङमा व्याचलर डिग्री हासिल गरी २०८० श्रावण ३ मा Information and Technology

विषयमा मास्टर्स् गर्न अस्ट्रलिया पुगेकी छिन् ।

**योगदान**

सामाजिक कल्याणकारी कार्य गर्न २०३६ साल भाद्र १६ गते भर्खरका हामी युवाहरू मिलेर टक्सार टोलमा स्थापना भएको मैत्री क्लवको सदस्य रही टोलवासी तथा छरछिमेकी बिरामी हुँदा हस्पिटलसम्म पुर्याउन स्टेचरमा बोक्नेदेखि अन्य संस्थाको सामाजिक कार्यमा सहभागी भइरहन्थैं । संस्थाबाट तानेसन टुँडिखेलमा खेलकुद प्रतियोगिता हुँदा फुटबलमा ब्याक्की, भलिबलमा सटर बनी भाग लिने गरिन्थ्यो । २०४४ सालमा तानसेन पाल्पामा जेसिसको सदस्यता ग्रहण गर्दै विभिन्न सामाजिक कल्याणकारी कार्यमा क्रियाशील रहँदै आएको थिएँ । पाल्पा जेसिसमा सदस्य रहँदा राष्ट्रिय अध्यक्ष जेसी बिकल प्रसाद शेरचनको Leadership Development Training लिंदा On Being A Jaycee प्रमाण पत्र June 1990 पाएको थिएँ । पछिल्लो समय आफ्नो काम विशेषले १२ वर्ष सिध्दार्थनगर भैरहवामा रहँदासम्म सिध्दार्थ जेसिसको कार्यसमितिको सबै पदमा रही विविध असल सामाजिक कार्यहरू गर्दै निर्विरोध अध्यक्ष हुने वर्षमा मेरो बसाइ काठमाडौंमा भयो ।

आफू राजनैतिक क्षेत्रभन्दा अलग रही गैर-नाफामूलक सामाजिक कल्याणकारी संघसंस्थामा संलग्न रहिरहने इच्छाको कारण काठमाडौंमा २०५० सालमा स्थापित तानसेन गुठी काठमाडौंमा २०६१ साल भाद्र २६ गते आजीवन सदस्यता ग्रहण गरी २०६३ सालमा कार्यसमिति सदस्य भएर काम गर्ने अवसर प्राप्त भयो । निरन्तर तानसेन गुठीको कार्यकारी सदस्यमा सचिव, कोषाध्यक्ष र उपाध्यक्ष पदमा रही १२ वर्ष पछि २०७५ सालमा नेतृत्वदायी भूमिकामा अध्यक्ष बनियो । दुईवर्षको कार्यकालमा तीन वर्ष अध्यक्ष रही उद्देश्य अनुरुप विभिन्न सामाजिक सेवाका सफलतापूर्वक असल कार्यहरू सम्पन्न गर्न सफल भएँ । कोभिडको कारण गुठीको नियमित कार्यक्रम गर्न नपाएको अवस्थामा पाल्पा तथा काठमाडौंका गुठियार सदस्यहरूलाई आर्थिक सहयोगको अपिल गरी कोरानाकालमा असहाय, दुःखी, पीडितको लागि खाद्यान्न राहत वितरणको कार्यक्रम गरियो । कोराना भ्याक्सिन नआएको अवस्थामा स्वास्थ्य सुरक्षाको लागि पहिलो पटक गुठीले ईन्फ्लुएन्जा तथा निमोनियाको भ्याक्सिन कार्यक्रम सुरुवात गरेको थियो ।

गुठीको वार्षिक कार्यक्रम अन्तर्गत गुठी सदस्य वा सदस्यपरिवारलाई जेष्ठ नागरिक सम्मान पूजा गरिँदै आएकोमा गुठी सदस्य बाहेक पहिलो पटक नेपालका प्रतिष्ठित देशकै एक धरोहर वाङ्मय शताब्दी पुरुष, वरिष्ठ संस्कृतिविद् श्रध्देय श्री सत्यमोहन जोशीज्यूलाई शतवार्षिक पूजा गर्ने निर्णय गरी उहाँको धर्मपत्नी श्रीमती राधादेवी जोशीज्यूसहित उहाँकै निवासस्थान ललितपुरमा २०७६ पुष १५ गते सम्मानपत्रसहित सम्मान गरी भव्य कार्यक्रम गरियो । नियमित गुठीको चिनारी पत्रिका विविध विषयमा प्रकाशन गर्ने अलावा एक प्रेरणाको श्रोतको रूपमा रहोस् भनी गुठी सल्लाहकार तथा पूर्व अध्यक्षज्यूहरूको 'जन्मभूमिदेखि कर्मभूमिसम्म' को दस्तावेज रहने गरी चिनारीमा प्रकाशन गर्न सुरू गरियो ।

तानसेनमा प्रदेश स्तरीय फिल्म सुटिङस्थल बन्नुपर्छ भनेर २०७७ सालमा म, कलाकार धिरेन शाक्य, अशोक मर्हजन र पाल्पाली संघका नि. अध्यक्ष पदम न्यौपाने समेत भएर नेपाल चलचित्र विकास बोर्डका अध्यक्ष दयाराम दाहलसँग भेटघाट गर्दै हामी निरन्तर आजसम्म पहल गर्दै आइरहेका छौं । यसैगरी गुठीबाट पदीय दायित्व निर्वाह गर्दै काठमाडौंमा केशव स्थापितले निर्माण गरेको १८ फुट अग्लो करिव १० टनको प्रस्तरको श्री गणेशको मूर्ति पाल्पा तानसेन तेल्घामा स्थापना गर्न २०७२ सालमा पहल गर्दा विभिन्न समयमा बैठकमा सहभागी हुँदै पशुपति मन्दिरमा शिवरात्रीको दिन भक्तजनहरूको दर्शनको लागि राख्दा विविध कार्यको लागि आर्थिक सहयोग रू.५०,०००।-( पचास हजार हजार ) र बुबा भुयूमान लिगल र माता मायाँदेवी लिगलको स्मृतिमा रु.५१,०००।- (एकाउन्न हजार) सहयोगस्वरुप प्रदान गरिएको थियो । साथै सो मूर्ति पाल्पा प्रस्थान गराउँदा दुईवटा ट्रकको गाडी भाडा बापत लाग्ने रकम रू.६०,०००।- (साठी हजार रुपैयाँ) म आफैले आर्थिक सहयोग रहेको थिएँ । २०७७ सालमा म अध्यक्ष हुँदाको कार्यकालमा पाल्पा तानसेन टक्सार पर्यटन महोत्सव गर्ने उद्देश्यले आर्थिक सहयोग जुटाउन बुबा भुयूमान लिगलको स्मृतिमा नेपाली चलचित्र 'यात्रा' र तानसेन सिनेमाहल निःशुल्क प्रदान गरी टिकट छपाइ वापत सहयोग रू.१२,०००।- खर्च, टिकट बिक्रीबाट प्राप्त जम्मा रकम रू.९८०००।-(अन्ठानब्बे हजार रुपैयाँ) सहयोग गरेको थिएँ । तर कोभिडको कारण उक्त कार्यक्रम स्थगित भएको र अनुकूल समय मिलाएर 'पाल्पा टक्सार पर्यटन महोत्सव' कार्यक्रम गर्ने गरी शाखाले उक्त रकम मुद्दती खातामा जम्मा गरिराखेको छ । कोरोनाको दोश्रो भेरीएन्टको महामारी अवस्थामा सहयोग पुगोस् भनी गुठीको स्वमित्वमा रहने गरी ४० लिटरको अक्सिजन सिलिण्डर (रू.२६,५००।- बराबर) स्वास्थ्य

उपचारार्थ सहयोग भएको थियो। यसैगरी विभिन्न समयमा गुठीद्वारा धार्मिक तथा साँस्कृतिक कार्यलाई आर्थिक सहयोग गर्दै हालसम्म विविध कार्यक्रमलाई निरन्तरता दिँदै आएको छु।

२०७८ साल चैत्रमा सञ्जय स्मृति प्रतिष्ठानका अध्यक्ष श्री निरज मास्केको क्रियाशीलताले रानीमहल पाल्पामा पहिलो पटक 'राष्ट्रिय महिला बिच भलिबल प्रतियोगिता' पहिलो वर्ष सफलतापूर्वक सम्पन्न गरियो। दोश्रो वर्ष २०८० सालमा रानीमहल पुरुष बिच भलिबल प्रतियोगिताका सल्लाहकार समेत रही गुठीबाट सहयोग गर्ने कार्यमा उपस्थित हुँदै आएका छु।

साँखु शंकरापुरी लप्सिफेदीस्थित जे.पि. मेत्रीसेवा आश्राममा २०७७ चैत्र ११ गते गुठीबाट खाद्यान्न सहयोग कार्यक्रम गरी यस संस्थाको आजीवन सदस्य बनें। २०७१ जेठ १७ गते ऐतिहासिक पाल्पा भगवती मन्दिरको ९० सालको भूकम्पभन्दा अघिको तीनतल्ले छानाको स्वरूपमा पुनः निर्माण लगायत पूर्वाधारहरू निर्माणको लागि गुठीबाट आवश्यक पहल गर्दै आएको तर विविध कारणले अगाडि बढन नसकेको ध्यानमा राख्दै पुन २०८० सालमा पहल गर्ने उद्देश्यले गुठीका वर्तमान अध्यक्ष निलम गोङ्गल श्रेष्ठको नेतृत्वमा पुनः निवेदनसहित नेपाल सरकारको पुरातत्त्व विभागमा भगवती तदर्थ समिति सदस्यको उपस्थितिमा निवेदन दिएका छौं।

यसरी जीवनमा विविध सामाजिक सेवा गर्नु असल कार्य गर्नु आफूले अवसरको रूपमा लिएको छु। हाम्रो परिवारिक जीवन सुखद् र स्वस्थ रहनुमा पूजनीय मातापिता तथा भगवानमा धन्यवाद अर्पण गर्दछ।

जिन्दगी पानी हो
बग्दा बग्दै सकिन्छ।
जिन्दगी पैसा हो
गन्दा गन्दै सकिन्छ।
जिन्दगी कथा हो
भन्दा भन्दै सकिन्छ।
जिन्दगी चलचित्र हो
बन्दा बन्दै सकिन्छ।
जिन्दगी त एउटा व्यथा हो
लेख्दा लेख्दै सकिन्छ।

धन्यवाद।

# बाँच्न सिक्नु पर्छ



**गीता गोंगल**
गुठी सदस्य परिवार

निस्तब्धताकाई चिरेर अगाडि बढ्दै
शून्य आकाशमा इच्छा र आकांक्षा बोकेर
भावनामा गोता खाँदै
सात समुद्र पार गरेर
अपनत्व र ममत्वको कोशेली बुन्दै
कल्पनाको सागर माथि
हावामा कावा खाँदै
उडेझैं लाग्दा पखेटाहरू
एक एक गर्दै चुडिँदै जाँदा
झल्यास्स व्यूझिन खोज्दा
शरिर भरी रगतको
भेल वगेको पत्तै भएन
शरिरका प्वाखहरू पखेटाहरू
बुच्चा भएछन्
जुन पखेटा र प्वाखहरूले
चिचिल्ला बच्चाहरूलाई छोप्थ्यो
ति सबै एक एक गरेर झरेछन्
पखेटा चुँडि लानेले
आफ्नो गुँड न्यानो बनाएछ
पर क्षितिजसम्म हेर्दा पनि
आकाश र धर्तिले खिस्सी गरेछन्
साँचेर राखेको सुन्दर प्वाँख
उडेर अर्काको गुँड न्यानो पार्दा पनि
आफु टुलु टुलु हेरी
बस्नुपर्ने बाध्यता रहेछ
उडाएर लगेको प्वाँख
अब फर्केर आउँदैन
कल्पनाको सागरमा
डुबुल्की मार्नेहरूलाई यस्तै हुन्छ
जहाँ जे छ सोही ठिक छ
न आश छ न भरोसा छ
मूक दर्शक बन्न सक्नु पर्छ
सबैको भलाई यसैमा छ
दिवा सपना देख्नु बेकार छ
पारिजात फूल झैं हाँस्न सिक्नु पर्छ
झर्नु त एकदिन पर्छ पर्छ
मिथ्या र फजुल कुराको
डोको बुन्नुको साटो
आफ्नो पहिचानमा
जम्न र रम्न जान्नु पर्छ
वास्तविकतामा बाँच्न सिक्नुपर्छ
वास्तविकतामा रम्न सिक्नुपर्छ

*(गुठीको साहित्यिक कार्यक्रममा वाचन गरिएको)*

# काठमाडौंमा तानसेन गुठी किन? यसको उद्देश्य के हो ? र गठन प्रणाली कस्तो छ ?



**गृहमान सिंह**
पूर्व अध्यक्ष, तानसेन गुठी

"पाल्पा तानसेन बजारका नेवार जातिका अधिकांश छोराछोरीहरू काठमाडौंमा आई अध्ययन गरी आफ्नो योग्यताअनुसार काम गरी बस्दै आएका छन् । वहाँहरूलाई अहिलेको समय र परिस्थितिअनुसार किन संगठित रूपमा बस्नुपर्‍यो? यसको खास उद्देश्य के हो ? यसको गठन प्रणाली कस्तो छ भन्ने कुराको चर्चा गर्न अहिलेको परिस्थितिमा मैले महत्त्वपूर्ण ठानेर यसलाई प्रस्तुत गर्न लागिरहेको छु । यसमा कसैलाई आघात पर्न गएमा क्षमा चाहन्छु ।"

पश्चिम नेपालको पाल्पा पहिलेदेखि नै शिक्षा क्षेत्रमा अग्रस्थान रहेको कुरा विगतका इतिहासले प्रष्ट देखाउँछ । यहाँ अध्ययन गर्न पोखरा, स्याङ्जा, तम्घास, गुल्मी, वाग्लुङ , बुटवल र अन्य जोडिएका जिल्लाबाट आउनेजाने गर्दथे । यस्तै प्रकारले पाल्पा तानसेन बजारका नेवार जातिका अधिकांश छोराछोरीहरू एस.एल.सी. उत्तीर्ण गरिसके पछि विज्ञान तथा अन्य विषय अध्ययन गर्न काठमाडौंमा आई आफ्नो इच्छा र रूचि अनुसार शिक्षा हासिल गर्न आउन वाध्य हुन्थ्यो । मैले ५५-६० वर्ष अघि काठमाडौंमा आई अध्ययन गर्दाको कुरा स्मरण गर्दा यहाँ तानसेन बजारका सीमित साथीहरूमात्र चिनजान हुन्थ्यो । त्यो पनि आफ्नो नाता कुटुम्भ र स्कुले साथीहरू मात्र । आफूलाई केही पर्‍यो भने अगाडि कोही पनि हुँदैन थियो । बिरामी पर्दा त झनै गाह्रो हुन्थ्यो । हुनत त्यसबेला उच्च ओहदामा पाल्पा तानसेनका व्यक्तिहरू नै थिए । हामीले वहाँहरूको नाम मात्र सुनेर चित्त बुझाउनु पर्दथ्यो । वहाँहरूले हामी जस्तोलाई त्यसबेला वास्ता गर्दैन थियो । समय एकै नास हुँदैन रहेछ ।

समय बित्दै जाँदा हाम्रा उमेरका आदरणीय साथी, दाजु, भाइ र अन्यले एउटा संगठन खोल्नुपर्छ भन्ने महसुस भयो । यसै सन्दर्भमा मलाई सुन्नमा आएको कुरा, हेमन्तराज कोलाक्षपतिले ३०-३५ वर्ष अघिको यस प्रतिको क्रियाकलाप स्मरण गर्दै भन्नुहुन्छ उहाँ र उहाँका हाराहारी उमेरका मित्रहरू सिकिन मान थैव, पुष्प प्रधान, डा. शम्भुमान सिंह, जय प्रकाश सिंह, महेशमान सिंह साँझपखको भेटघाट अर्थात बसिबियाँलो रारा होटल ज्याठामा भएको थियो । उक्त होटल उनको नजिकको व्यक्तिको हुनाले भेटघटको लागि राम्रो थलो थियो । भेटघाटको क्रममा संगठन बनाउने चर्चा हुने गर्दथ्यो । यहि क्रममा यस किसिमको चर्चा र छलफल विभिन्न स्थानमा हेमन्तराज कोलाक्षपतिको नेतृत्वमा आफू भन्दा जेठापाकालाई पनि समेटिएर भेटघाटको वातावरण सृजनागर्न विभिन्न स्थानः ज्ञानुमानको अफिस गोरखापत्र संस्थान, धरहरास्थित शुवर्ण शाक्यको पसल, पुष्प प्रधानको निवास कुलेश्वर र अन्य ठाउँमा अनौपचारिक भेटघाट भई संठनको कुराकानी गर्दथ्यो ।



पछि २०४९ साल चैत्र २७ गते शुक्रबारका दिन संगठनलाई औपचारिकता दिनका लागि रारा होटलमा हेमन्तराज कोलाक्षपतिको नेतृत्वमा औपचारिक भेटघाट बैठकबाट संगठनको नाम 'तानसेन सामाजिक गुठी' नामाकरण गरियो । यस बैठकले यसको सानो मस्यौदा उद्देश्य तयार पारियो जसमाः

- पारस्परिक सद्भावना, मेलमिलाप र गुठीका सदस्यहरू एक अर्कालाई आवश्यक परेको बेलामा सहयोग गर्ने
- गुठीमा कुनै प्रकारको राजनैतिक क्रियाकलाप नगर्ने, गर्न नदिने,
- आर्थिक सङ्कलन जुटाउने ।

पछि २०५० साल वैशाख १२ गतेका दिनमा संगठनको नाम 'तानसेन नेवाः गुठी' नामाकरण गरियो । यस बेला गुठीको विधान बनाउने जिम्मेवारी केहि व्यक्तिलाई दिइयो र सानो खाका तैयार पारियो ।

- यस विधानमा खास गरिकन सदस्यहरू बिरामी हुँदा, मर्दापर्दा आवश्यकता अनुसार सहयोग गर्ने ।
- आर्थिक सङ्कलन जुटाउने र विभिन्न सदस्यताको लागि शुल्क निर्धारण गरियो ।

२०५० साल भाद्र ५ गते नवगठित प्रमुख संयोजक प्रा. डा. विनोद कुमार श्रेष्ठको नेतृत्वमा ११ सदस्यीय कार्यकारी संयोजकहरूः प्रमुख संयोजक प्रा.डा. विनोद कुमार श्रेष्ठ, संयोजकहरू लक्ष्मण श्रेष्ठ, हेमन्तराज कोलाक्षपति, ज्ञानुमान





हेमन्तराज कोलाक्षपति, सिकिनमान थैव, पुष्प प्रधान, डा. शम्भुमान सिंह, जयप्रकाश सिंह, महेशमान सिंह

मल्ल, सिकिन मान थैव, पुष्प प्रधान, धरणीमान सिंह, डा. शम्भुमान सिंह, नविनमान थैव, जयप्रकाश सिंह, सुवर्ण शाक्य रहनेगरी संगठन गठन गरियो । यसैगरी कार्यकारी संगठनबाट विधान तयार गरी साधारण सभाबाट पारित गरियो र जिल्ला प्रशासन कार्यालयमा स्वीकृतिको लागि पठाइयो ।

'तानसेन नेवाः गुठी काठमाडौं' को सट्टा 'तानसेन गुठी काठमाडौं' नामाकरण गरी २०५१-०५-१३ मा स्वीकृत भई आयो । अंग्रेजीमा 'Tansen Trust' नामाकरण गरियो । तानसेन गुठीको परिभाषा अन्तर्गत दोश्रो संशोधनमा 'गैर नाफा मुलक' संस्था भन्ने थपिएको छ । यसले गर्दा गुठीबाट विभिन्न उद्देश्यबाट आम्दानी भएको रकममा लाग्ने कर छुट हुन आयो ।

संस्थाको स्थापना एकमा उल्लेख भए अनुसार विभिन्न पेशा र व्यवसायको कारणले तानसेनबाट राजधानी आई बसेका नेवार समूहका व्यक्तिको सामुहिक संस्थाको रूपमा स्थापित यो 'गुठी' को केन्द्रीय कार्यालय काठमाडौंमा रहनेछ र आफ्नो कार्य सम्पादन सुविधाको लागि तानसेनमा पनि स्थानिय कार्यालय स्थापना गर्न सकिनेछ । यस वाक्यमा पहिलो संशोधन गरियो । जस अनुसार अन्य ठाउँमा पनि स्थानिय कार्यालय स्थापना गर्न सकिनेछ भन्ने थपियो ।

यस संस्थाको निम्न मूल उद्देश्यहरू अनुरूप संस्था चलिरहेको छ ।

क) राजधानीमा विविध पेशा व्यवसाय गरी बसेका तानसेनवासी बीच सुमधुर स्नेह, मित्रता र भातृत्व कायम गरी पारस्परिक मेलमिलाप र सहयोग अभिवृध्दि गर्दै लैजाने ।

ख) सामाजिक कार्य, धार्मिक, सांस्कृतिक पर्वका साथ गुठीका सदस्य वा परिवारलाई अस्वस्थता, आर्थिक संकट र भवितव्य पर्दा अर्थात 'मर्दा र पर्दा' एक अर्कालाई गुठीबाट सामुहिक रूपले सक्दो सहयोग पुऱ्याउने ।

ग) तानेसन बजारको ऐतिहासिक धार्मिक, संस्कृतिक, मन्दिर, पाटी, पौवा र देवस्थलहरूको संरक्षण र सम्भार गर्ने कार्यक्रम बनाई सक्दो सहयोग पुऱ्याउने । यस विषयमा पुरातत्त्व विभागको स्वीकृति लिनुपर्ने भए लिई सहयोग पुऱ्याउने ।

घ) तानसेन बजारको पर्यटन, स्वास्थ्य शारीरिक र वातावरणीय दृष्टिकोणले प्रत्यक्ष असर पार्ने क्रियाकलापहरूको नियन्त्रण गर्न, पर्यटकीय दृष्टिकोणले आकर्षित बनाउन, सहायक नवीन सुविधाको उपायहरू, बसस्टपमा फोहर फ्याक्ने कन्टेनर र दूषित पिउने पानी र फोहोर खानाबाट हुनसक्ने संक्रमण रोगहरू सम्बन्धी जनचेतनाका कार्यक्रम तयार गरी प्रचारप्रसार र कार्यक्रम कार्यान्वयन गर्नेमा प्रयत्नशील रहनेछ ।

ङ) तानसेन बजारमा अवस्थित विद्यालयहरूको शैक्षिक स्तर माथि उकास्न र शैक्षिक संस्थाहरूमा भौतिक सामग्रीहरू जुटाउन गरिब तथा जेहेन्दार विद्यार्थीहरूलाई पठनपाठनमा मद्दत पुऱ्याउन छात्रवृत्तिको व्यवस्था गर्नुको साथै त्यहाँ रहेका पुस्तकालय, विज्ञान प्रयोगशाला, खेलकुद संस्था आदिलाई सक्दो सहयोग पुऱ्याउनु ।

च) गुठी अन्तर्गत र तानसेन बजारको लागि कार्यान्वयन गरिने कुनै पनि सामाजिक, आर्थिक, शैक्षिक, सांस्कृतिक, साहित्यिक उत्थान र स्वास्थ्य, यातायात, वन वातावरण तथा देवस्थलहरूको सम्भार आदि कार्यको सामूहिक विकास काममा सहयोग गर्नु ।

यही उद्देश्यअनुसार तानसेन गुठीले वार्षिक रूपमा पाल्पा तानसेन रणउजीरेश्वरी भवगती जात्रा पछिको शनिबार अनुकूल समय मिलाएर गुठी सदस्यहरूलाई भेला गरी एक आपसमा भेटघाट चिनापर्ची, मेलमिलाप र सहयोग गर्दै आइरहेको छ ।



*गुठीको वार्षिक भेलामा सहभागीहरू*

गुठियारहरूमा पर्नआउने सामाजिक, धार्मिक, सांस्कृतिक इःहि, व्रतबन्ध, तीर्थयात्रा र जेष्ठ नागरिकहरूको ९० वर्षीय, १०० वर्षीय पूजाको कार्यक्रम निरन्तर गर्दै आइरहेको छ ।



*१०० वर्षीय पूजा कार्यक्रम*




*सामूहिक ई:हिमा सहभागीहरू*




*गुठीबाट आयोजित व्रतवन्ध वटुकहरू*

गुठियार परिवार मर्दा मृतआत्माको लागि हार्दिक श्रध्दाञ्जली र गुठियारहरूलाई सान्त्वना, समवेदना दिन आर्यघाट जाने कार्य पनि गर्दै आईरहेको छ । लास जलाउन नसक्ने अशक्तको लागि आर्थिक सहयोग पनि दिइने गरिएको छ ।

तानसेन बजारमा भएका मन्दिर जीर्णोध्दारमा गुठीबाट सहयोग गर्दै आएको छ ।

२०५० आश्विन २ गतेका दिन तानसेन नगरपालिकाका तत्कालीन उपमेयर दशरथमुनी शाक्य, पाल्पा उद्योग वाणिज्य संघका तत्कालीन अध्यक्ष चकोरमान शाक्य र सचिव राजकुमार कक्षपतिको अनुरोधमा तानसेन भगवती मन्दिरको ठूलो घण्टी झुण्ड्याइएको काठ बिग्रिएको हुँदा उक्त काठलाई लाग्ने रु. ४५००।- माग गरेअनुसार रु.५,०००।- निजहरूलाई हस्तान्तरण गरी मर्मत कार्य सम्पन्न गरिएको थियो ।

२०५८ साल आषाढ २१ गतेका दिन अमरगञ्जस्थित २०० वर्ष अघि अमरसिंह थापाबाट बनाइएको अमरगञ्ज गणेश मन्दिरको ८.८४० किलो, ४४".५ उचाइ १८" ब्यास भएको ९.७२ वर्गफिटको गजुरमा सुनजलप लगाई वैधिक विधिपूर्वक पूजा गरी स्थानीय प्रशासन, नगरपालिकाका कर्मचारी तथा अन्य व्यक्तिहरूको रोहबरमा गजुर यथास्थानमा राखिएको थियो ।



*अमरगञ्ज गणेश गजुर जीर्णोद्वार*

तानसेन वसन्तपुर टोलस्थित लक्ष्मी नारायण मन्दिरमा वि.सं. १९७७ आश्विन शुक्ल १ रोज ३ मा विभिन्न व्यक्तिहरूबाट राखिएको घण्टी फुटेको हुँदा उक्त मन्दिरमा २०५८ साल वैशाख कृष्णपक्ष त्रयोदशी तिथि ८ गते शनिबारका दिन गुठीबाट सहयोगस्वरूप २७.७०० के.जी.को नयाँ घण्टीलाई तानसेन गुठीका सदस्य परिवारका जेष्ठ नागरिक कविराज दशरथ मान सिंहबाट वैधिकपूर्वक पूजा गरी उक्त घण्टी मन्दिरमा विभिन्न व्यक्तिहरूको उपस्थितिमा चढाइएको थियो ।



*लक्ष्मी नारायण मन्दिरमा घन्टी राख्दाको पूजा*

पाल्पा तानसेन टक्सार टोलमा रहेको सूर्य विनायक गणेशको मूर्ति अतिनै पुरानो र पुरातात्विक दृष्टिकोणबाट अतिनै महत्वपूर्ण छ। उक्त मन्दिरमा रहेको ढलोट पितलको मूर्ति वि.सं. १९७० वैशाख शुदी ३ रोज् छ मा कृष्णलाल, ज्योतिलाल र धनकुमारीले चढाएको देखिन्छ। यस भित्र रहेको तामाको मूर्ति शाके संवत १७३२ नेपाल संवत ९३०, वि. सं. १७७५ वैशाख सुदी ३ मा बनाइएको देखिन्छ। यस भित्र सेनकालीन वा यो भन्दा पहिलेको प्रस्तर मूर्ति देखिन्छ। यो मूर्ति पाल्पा भगवतीको प्रस्तर मूर्तिको समकालीनको बराबरी देखिन्छ। यस्तो पुरानो मन्दिर सूर्यविनायकको सेवा गर्न पाउनु हामी सबैले सौभाग्य सम्झनु पर्दछ। यसै क्रममा उक्त मन्दिरको खरको छाना वि.सं. १९६५ मा आगलागी भएपछि राखिएको पित्तलको छानाबाट मन्दिरमा पानी पर्दा पानी चुहिएर काठहरूलाई समेत असर पारी मक्किएको देखिन्छ। यसै अनुरूप वि.सं. २०६६ साल भदौ १७ गते उक्त छाना मर्मत गर्न पुरातत्त्व विभागबाट स्वीकृति भई अनुदान समेत प्राप्त भएर कार्य शुरूवात भएको थियो। तानसेन गुठी काठमाडौंका विभिन्न सदस्यहरूः

गृहमान सिंह रू. ७००७।-, महेशमान सिहं रू. ५००५।-, अ.प्रा.सहायक रथी डा. शम्भुमान सिंह रू. ५००५।-, अनुपलाल कक्षपति रू. ५१११।-, स्व. श्रीमती शान्ता कक्षपति (पुष्पलाल कक्षपति) रू. ५१०१।-, शोभा श्रेष्ठ रू. ५०००।-, कृष्ण प्रसाद श्रेष्ठ र मन्जु श्रेष्ठ रू. ५०००।-, हेमन्तराज कोलाक्षपति रू.५१०१।-, ई. शंकरकृष्ण मल्ल रू. ५१०१।-, जगदिश श्रेष्ठ र शशी श्रेष्ठ रू. ५१११।-, केशव नारायण श्रेष्ठ रू. ५००१।, सर्जुमान लिगल रू. ५००१।-, स्व. चन्द्रलक्ष्मी वैश्यत र देवेन्द्रमान वैश्यत रू. १२१५५।-, सुवासचन्द्र राजभण्डारी रू. ७१७१।-, करूणागोविन्द श्रेष्ठ रू. ५०००।-, गरी कुल रकम रू. ८६५७१।- जम्मा भएको थियो। उक्त रकमबाट गजुरमा २ तोलाको सुनको जलप र बाँकी रकमबाट छानामा सत्तरी फिट लामो पितलको झल्लर र ३ वटा आँखीझ्याल राख्ने महत्वपूर्ण कार्य सम्पन्न भएको थियो।



*टक्सार गणेशको छाना मर्मत*

तानसेन बजारमा रहेका विभिन्न १२ देवदेवीहरू (रणउजीरेश्वरी भगवती टोल, लक्ष्मी नारायण वसन्तपुर टोल, सूर्य विनायक टक्सार टोल, सिध्दि विनायक श्रीनगर, बुध्द भगवान् रथयात्रा टक्सार, भीमसेन जात्रा भगवती टोल, वटुक भैरव अमरगञ्ज, पाल्पा भैरव पाल्पा भैरवस्थान, काल भैरव टक्सारटोल, अमर नारायण मन्दिर नारायणटोल) को रथयात्राको लागि आ.व.२०७८।०७९ मा गुठीबाट जम्मा रू.१,५०,०२०।- रकम पठाइएको थियो।

पर्यटक आकर्षण कार्यक्रम अन्तर्गत आ.व.२०७८।०७९ मा रू.१९६५९।- पठाएको थियो।

धवलपुस्तकालयको लागि रु.१७,६६२।- र स्वास्थ्य उपचारको लागि विभिन्न व्यक्तिहरूलाई रू. ३१,२५६।-, तानसेन बजारका विभिन्न स्कुल, कलेजका छात्रछात्राहरूलाई छात्रवृत्ति (आर्थिक सहयोग) वापत रु. ८०,१३३।- पठाइएको थियो। पाल्पा तानसेनमा कुल जम्मा रकम रु. २,९८,७३७।- पठाइएको थियो।

तानसेन पर्यटन विकासको निम्ति २०५१ साल आषाढ १७ गते काठमाडौंस्थित होटेल सोल्टी होलिडे ईन क्राउन प्लाजामा तत्कालीन पर्यटन मन्त्री रामहरि जोशीको आतिथ्यमा एकदिने गोष्ठी गरिएको थियो। उक्त कार्यक्रममा तानसेन नगरपालिकाका तत्कालीन मेयर धीरेन्द्र प्रसाद श्रेष्ठ, उद्योग वाणिज्य संघका तत्कालीन अध्यक्ष चकोरमान शाक्य र बुध्दि प्रसाद शर्मा उपस्थित हुनुहुन्थ्यो।

गुठीका तत्कालीन प्रमुख संयोजक लक्ष्मण प्रसाद श्रेष्ठको पालामा पाल्पा तानसेनमा २०५३ साल आश्विन २२ देखि २४ गतेसम्म तीनदिने Investment Opportunities in Tourism in Palpa बारे गोष्ठी गराइएको थियो। यस कार्यक्रममा काठमाडौं र पाल्पाका उद्योगीहरू सहभागी भएका थिए।

तानसेन बजारको विकास सम्बन्धी चर्चा गर्नुपर्दा तत्कालीन प्रधानपञ्च विन्दु नेपालीको पालामा नाङ्गो श्रीनगर डाँडामा वहाँ र वहाँका साथीहरूको सहयोगबाट सल्लाको बिरुवाहरू रोपिएका थिए। उक्त समयमा गुठी सल्लाहकार मी.सु. नारायण प्रसाद श्रेष्ठले Catalyst को भूमिका खेलेको स्वयम् मलाई बताउनु भएको थियो। त्यस्तै प्रकारले तानसेनमा जापानीज कार्यक्रम अन्तरगत भुल्केबाट तानसेन बजारमा खानेपानीको समस्या समाधान गर्न ई. सत्यमान श्रेष्ठज्यूलाई जिम्मा लगाई मी.सु. नारायण प्रसाद श्रेष्ठज्यूले Catalyst को भूमिका निर्वाह गरेको कुरा बताउनु भएको थियो।

तानसेन बजारमा बिजुली बत्ती बाल्नको निमित्त गुठी सल्लाहकार ई शंकरकृष्ण मल्लज्यूले त्रिशुलीबाट आफ्नो

पहलमा जेनेटर ल्याई बजारमा बत्ती बालेर झिलिमिली पारेको कुरा स्वयमले बताउनु भएको थियो ।

तानसेन बहुमुखी क्याम्पस अन्तर्गत विज्ञान संकायका कक्षा संचालन गर्नको लागि गुठी सल्लाहकार डा. युगलकृष्ण मल्लज्यूले महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएको थियो ।

तानेसनमा आँखा अस्पताल खोल्नको लागि गुठी सल्लाहकार वनमाली प्रसाद लाकौल र परिवारबाट जग्गा उपलब्ध गराई सहयोग गर्नुभएको थियो । यस अस्पतालमा प्राविधिक सहयोग डा. ओम कृष्ण मल्लले गर्नुभएको थियो भने अन्य सहयोग २०४२ सालतिर गणेश मान महर्जनले वहाँका सहयोगी साथीहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुभएको थियो ।

स्व. जर्नेल खड्ग शम्शेरले आफ्नो रानी तेजकुमारीको सम्झनामा पाल्पाको बराङ्दी खोला र कालीगण्डकीको संगम रहेको ठाउँमा वि.सं. १९४५ बाट सात वर्ष लगाएर ‘रानीघाट दरबार’ बनाएका थिए । उक्त दरबार अति नै जीर्ण अवस्थामा थियो । गुठी सल्लाहकार पृथ्वीराज लिगल राष्ट्रिय योजना आयोगमा उपाध्यक्ष हुँदा यसको संरक्षण र मर्मत गर्नको लागि महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुभएको थियो ।

तानसेन बजारको मध्यभागस्थित शीतलपाटीसँगै रहेको ठूलो ढोका ‘बग्गी ढोका’ ले परिचित छ । समय बित्दै जाँदा उक्त ढोका जीर्ण हुँदैगएको थियो उक्त ढोका मर्मत गर्नको लागि जिल्ला विकास अधिकृत (LDO) ले आग्रह गरेअनुसार ई. वरुण प्रसाद श्रेष्ठ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव रहँदा उक्त ढोका र नारायण टोलस्थित दुनधाराको महादेव मन्दिरको जीर्णोध्दार गर्नमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुभएको थियो ।

गुठी आजीवन सदस्य रामचन्द्र मान सिंह संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सचिव हुँदा वि.सं. २०६५ तिर तानसेन श्रीनगरमा भ्यूटावर निर्माण कार्य गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुभएको थियो ।

पाल्पा तानसेन प्रभासमा लुम्बिनी मेडिकल कलेज एण्ड रिसर्च सेन्टर खोल्नमा गुठी अक्षयकोष दाता डा. लोक विक्रम थापाले महत्त्वपूर्ण भूमिका खेल्नुभएको थियो ।

तानसेन पाल्पाको रणउर्जीरेश्वरी भगवती माताको जात्रा वि.सं. १८७८ देखि निरन्तर चल्दै आएकोमा भगवती गुठीका तत्कालीन अध्यक्ष केदार लाल श्रेष्ठले पाल्पामा जात्रा सञ्चालन गर्न कठिनाइ भयो भनेर गुठीलाई आग्रह गरिएको थियो । यस जात्रा तानसेन बजार भरी भव्यरूपमा मनाउन तानसेन गुठी काठमाडौंले गुठी सल्लाहकार शोभा श्रेष्ठ, तत्कालीन गुठी प्रमुख संयोजक लक्ष्मण प्रसाद श्रेष्ठ र स्वयम् मैले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा अनुरोध गर्दा त्यहाँबाट रु. १,५०,०००।- रकम दुई वर्षसम्म गरी रू. ३,०००००।- प्राप्त भयो र अहिले अन्य दाताहरूबाट पनि आर्थिक सहयोग प्राप्त भईरहेको छ । यसको ब्याजबाट वर्षेनी लगभग रू. ८०,०००।- देखि रू. ९०,०००।- सम्म रणउजीरेश्वरी भगवती माताको जात्रालाई पठाउने गरिन्छ । यस बोहक अन्य देवदेवीहरूको जात्राको लागि पनि आर्थिक सहयोग पठाउने कार्य गरिएको छ ।

गुठीका विभिन्न ५६ जना अक्षयकोष दाताहरूले गुठीको संरक्षणमा रहने गरी स्थापना गर्नुभएको अक्षयकोषको कुल रू. ७८,८३,४७७।- को मुद्दती खाता खोल्नुभएको छ । यस अक्षयकोषको ब्याजको रकम दाताको इच्छाअनुसार विभिन्न कार्यमा (शिक्षा, स्वास्थ्य, धार्मिक, देवदेवीको जात्रा, पुस्तकालय र पर्यटन आदि) वितरण र खर्च हुने गर्दछ ।

**गुठीको गठन प्रणाली आफ्नै प्रकारको छ –**

तानसेनमा जन्मी वा पुर्खौली सम्बन्ध भएको विशेष पेशा वा अन्य कारणले राजधानी काठमाडौं आएका कुनै पनि नेवार समुदायका व्यक्तिले यस गुठीको सदस्यता प्राप्त गर्न सक्नेछ । यस गुठीमा सदस्यता प्राप्त गरेको व्यक्तिको बुबा, आमा, श्रीमती, छोरा र छोरी एकै चुल्हाका परिवार (नछुट्टिएको) सदस्यलाई पनि स्वतः यस गुठीको सदस्य मानिनेछ ।

गुठीको पहिलो संशोधनमा निम्न शब्द थपिएको छ । तर तानसेन गुठीको कार्य समिति सदस्य हुनको लागि सम्बन्धित व्यक्तिले अनिवार्य व्यक्तिगत सदस्यता लिनुपर्ने छ । यसमा चार किसिमका सदस्य किटान गरिएका छन

क) साधारण सदस्य
ख) आजीवन सदस्य
ग) श्रेष्यकर सदस्य
घ) मानार्थ सदस्य

गुठीको पहिलो संशोधनमा प्रवेश शुल्क रू. ५०।- बाट रू. ५००/–, वार्षिक नवीकरण शुल्क रू. १००।- तोकिएको छ । आजीवन सदस्य रू. ५,०००/–, श्रेष्यकर शुल्क रू. १,००,०००/– तोकिएको छ ।

यस गुठीको उद्देश्य पूरा गर्नको लागि कार्य समितिमा एक जना प्रमुख संयोजक र अन्य १० जना कार्यकारी संयोजकहरूको व्यवस्था गरिएको छ । उनीहरूको काम, कर्तव्य र जिम्मेवारी फरक फरक छन् । यस समितिको कार्यकाल एक वर्षको रहनेछ पुनः एक वर्ष पनि थप गर्न सकिने प्रावधान रहेको छ ।

गुठीको कार्यकारी समितिमा केही पहिलो संशोधन गरिएका छन्-

गुठीको दैनिक कार्य सञ्चालन गर्नका लागि निर्वाचित ११ जना सदस्यहरूमध्येबाट निम्नलिखित पदाधिकारी एवं सदस्यहरू रहेको एक कार्यसमिति गठन गरिएको छ -

१. अध्यक्ष – १
२. उपाध्यक्ष – १
३. सचिव – १
४. कोषाध्यक्ष – १
५. सह-सचिव – १
६. सह-कोषाध्यक्ष – १
७. सदस्यहरू – ५

यस कार्यसमितिको पदावधि २ वर्षको रहेको छ। प्रत्येक सदस्यहरूको काम, कर्तव्य र जिम्मेवारी फरक फरक छन्।

**तानसेन बजारका नेवार जातिका व्यक्तिहरू**

विभिन्न समयमा काठमाडौंमा उच्च शिक्षा हासिल गर्न, सरकारी वा अर्ध सरकारी सेवामा काम गर्न, व्यापार गर्न तथा विभिन्न पेशमा संलग्न भई यहाँ बसोबास भएको देखिन्छ। आफू एक्लोपनबाट मुक्त हुनको लागि बजारका मित्र, छिमेकी, नातेदार र अन्यसँग चिनापर्ची, घुलमिल हुन एक आपसमा पारस्परिक सद्भावना कायम राख्न तानसेन गुठीको स्थापना गर्न अति नै आवश्यक देखियो। यसलाई कसरी कार्यान्वयन गर्ने भन्नका निम्ति काठमाडौं र आफू जन्मेको ठाउँमा आफूले गर्न सकिने आफ्नो क्षमताअनुसारको काम कार्यान्वयन र Catalyst को रूपमा काम गर्न केही महत्त्वपूर्ण उद्देश्यहरू राखी काम गरिएको छ। यसलाई दीर्घकालीन रूपमा परिचालन गर्नका निम्ति संगठनको आवश्यकता पर्ने भएको हुँदा २०५०।०५।०५ मा जिल्ला प्रशासन कार्यालय काठमाडौं (जि.प्र.का.का) मा दर्ता गरी २०५१ साल भदौ १३ गते दिन 'तानसेन गुठी काठमाडौं २०५०' नामाकरण गरी दर्ता गरी स्वीकृत भई आएको थियो। यसका विभिन्न पदाधिकारीहरू प्रत्येकको काम कर्तव्य र जिम्मेवारी फरक फरक छन्। आज तीन दशकसम्म पनि यस संगठन नियमानुसार चल्दै आईरहेको छ। आशा छ यसले पछि सम्म निरन्तरता पाउने छ।

## अनौठो



**रेणुकादेवी श्रेष्ठ जोशी**
आजीवन सदस्य
तानसेन गुठी

मान्छेले मान्छे चिन्नै सक्या छैन,
मान्छे लुटिएका छन् मान्छे भुटिएका छन्,
मान्छे लडिरहेका छन्, मान्छे पडिरहेका छन्,
अनि भन्छन्, विकाशतिर लम्किरहेछन्।
पढेका छन्, लेखेका छन्,
अनि शिक्षित भनाइ पनि खाएकै छन्,
तर
के भयो, अनौठो यस्तो
मान्छे मा मान्छेको भाव छैन
तर भन्छ, म मान्छे, कसरी मान्छे?
अन्धोले हात्ति छामेर, नाङ्लो जस्तो छ,
दाम्लो जस्तो छ,
भने जस्तै,
सबै भ्रममा पौडिरहेछन्
वास्तविकता सत्यता विमुख भएझैं
के यो विश्व रूमलिरहे छ?
मान्छेले मान्छे जान्नै नसक्ने
मान्छेले मान्छे चिन्नै नसक्ने,
चर्मचक्षुले हेरिरहेझैं
आत्मीय चक्षु बिलाइरहेझैं
टोलाइरहेछ।
मान्छेले मान्छे चिन्नै सक्या छैन,
मुख ठीक्क पछाडी दिक्क,
चरितार्थता मौलाइ सरी,
हाउ हाउमा दौडिरह्या छन्
मान्छे सँगै मान्छे हिंड्या छन्
मान्छेले मान्छे चिन्नै छोड्या छन्
अनौठो
प्रकृति सृष्टिमा ह्रास आइरहेछ,
मान्छेमा जोस अनि जाँगर दौडिरहया छ।
तर
किन? कहाँ? के को लागि,
छैन अत्तो पत्तो कतै।
अनि अनौठो कति,
मान्छेले मान्छे बुझ्नै छोड्या छ।।
अस्तु

*(गुठीको साहित्यिक कार्यक्रममा वाचन गरिएको)*

# रानीमहल पुरुष बिच भलिबल प्रतियोगितामा

(‘अमृतमान–पृथ्वी कुमारी श्रेष्ठ अविनाशी कोष’को सहयोग)



**सर्जुमान लिगल**
कार्यक्रम सल्लाहकार

ऐतिहासिक सुन्दर पर्यटकीयस्थल रानीमहलको कालीगण्डकीको बगर किनारामा २०८० साल वैशाख २८,२९, र ३० गते दोश्रो राष्ट्रिय बिच भलिबल प्रतियोगिता सञ्चालन भएको थियो। राष्ट्रिय खेलकुद परिषद्को प्रमुख सहयोग, नेपाल भलिबल संघको स्वीकृतिमा आयोजक ‘सञ्जय स्मृति मेमोरियल फाउण्डेसन’ र पाल्पा भलिबल संघको सह आयोजनामा प्रतियोगिता सम्पन्न भएको थियो। रानीमहललाई बिच भलिबल हबको रूपमा विकास गर्न तानसेन नगरपालिका र बगनाशकाली गाउँपालिका स्थानीय तहका प्रमुखले रानीमहललाई राष्ट्रिय बिच भलिबलको हब बनाउने घोषणापत्र सार्वजनिक गरेको थियो। साथै प्रतियोगिताका लागि आवश्यक पूर्वाधार विकास गर्दै खेलको निरन्तरताका लागि प्रतिबध्दता व्यक्त भएको थियो। यस प्रतियोगितामा कर्णाली, लुम्बिनी, गण्डकी, बागमती र मधेश गरी जम्मा पाँचप्रदेश, तीन विभागीय टिम गरी जम्मा नौ टिम सहभागी थिए। तीनदिनसम्म सञ्चालित राष्ट्रिय पुरुष बीच भलिबल खेलको फाइनलमा आर्मीको तर्फबाट दिल सुनार र दुर्गा प्रसाद महतोको जोडीले पुलिस क्लबका इमकबहादुर राना र चन्द्रबहादुर कुँवरको जोडीलाई २१–१९ र २१–१५ को सोझो सेटमा हराउन सफल भएको थियो। यसरी अन्तिम प्रतियोगितामा जित हासिल गरी विजेताको उपाधि प्राप्त गर्ने त्रिभुवन आर्मी क्लबका जोडी दिल सुनार र दुर्गा प्रसाद महतोलाई तानसेन गुठी काठमाडौंमा स्थापित अक्षयकोष ‘अमृतमान–पृथ्वी कुमारी श्रेष्ठ अविनाशी कोष’ को तर्फबाट गुठीका निवर्तमान अध्यक्ष श्री सर्जुमान लिगलज्यूबाट एकजोडी बुध्दको मूर्ति पुरस्कार प्रदान गर्नुभएको थियो।







आयोजकको तर्फबाट विजेता टिमलाई एकलाख पचासहजार रुपैयाँसहित ट्रफी र मेडल, उपविजेता टिमलाई एकलाख रुपैयाँसहित ट्रफी र मेडल र तेश्रो हुने टिमलाई पचासहजारसहित ट्रफी र मेडल तथा चौथो टिमलाई सान्वना पुरस्कारस्वरूप पच्चिसहजार रुपैयाँ वितरण गरिएको थियो। सर्वोत्कृष्ट खेलाडीलाई रू.दशहजार रुपैयाँ प्रदान गरिएको थियो। आयोजकका अध्यक्ष श्री निरज मास्केज्यूबाट पाल्पाको पर्यटन प्रवर्धन गर्ने उद्येश्यले आयोजना गरिएको प्रतियोगितामा तानसेन गुठी काठमाडौंको सहयोग रहेकोमा हार्दिक धन्यवादसहित गुठीलाई कदरपत्र प्रदान गर्नुभएको थियो। आगामी दिनमा रानीमहल बिच भलिबलको हबको रूपमा विकास हुँदै राष्ट्रिय बिच भलिबल देशको विभिन्न जिल्लाका महिला तथा पुरुषको बिच खेल प्रतियोगिता निरन्तर रुपमा सञ्चालन गरिरहन सकोस् यही हार्दिक शुभकामना व्यक्त गर्दछ।

## आमा



**नैना नेपाल ढकाल**

घर गृहस्थीको थकान पछि
आमा टुसुक्क बस्छिन्
घर मन्दिरको चोटामा,
आफ्नो नानीलाई काखमा च्यापेर
वात्सल्यता छचल्काउदै
सहस्र दुखको धारा बगाउछिन्।
चिसो जति आफैले सहेर
तताउँदछिन् नानीलाई
काढा आफैले कुल्चेर
मखमल बिछ्याउँछिन् नानीका लागि
आन्द्रा आफै सुकाएर
पेट भराउँछिन नानीको।
आमाको वात्सल्यता
कहाँ उनको नानीमा मात्र छचल्किएको छ
गाई, बाख्रा, कुकुर, बिराला
सबै सबै घर पालुवा
उनकै ममताको पछ्यौरीमा लुट्पुटिन्छ
सानो कुटी
सुन्दर बगैँचा
अनि सरद पनि आमामा हाँसेको हुन्छ
फलेको वृक्ष अपार स्रध्दा भाव राखेर
आमाको चटकमा झुक्छ
यस्ती ममताको आँखामा
बर्फ नबर्सियोस्
यस्ती ममताको मनमा
काँडा नरोपियोस्
सन्तान जे बन्छ
सन्तान जे गर्छ
त्यहाँ आमाको ममता लुकेको हुन्छ
उसले सबै सबै किन्न सक्छ
तर......सक्दैन किन्न आमालाई
लाख कमाए त के भयो ?
यदि आमा दुख्छिन् भने
त्यो राख हुन्छ
शान्तीले आफैलाई भुल्छ।

*(गुठीको साहित्यिक कार्यक्रममा वाचन गरिएको)*

# **कुलको चिराग** – डा. त्रिवेणीप्रसाद प्रधान



चैतन्य प्रधान



कुरा असनटोल तानसेन पाल्पाको हो। वि. सं. १९७२ साल माघ कृष्ण चतुर्थीको दिनको ठिक एकदिन अगाडिको रातको हो। सेठ काशी प्रसाद प्रधानको घर। घर बाहिरको भित्तामा टाँसिएको ढलोटको सुगा बत्ती बलिरहेको थियो। तानसेन शीतलपाटीदेखि नारायणटोलको दोबाटोसम्मको ठाडो बाटो जसमा चु. खड्ग समशेरले ढुंगा बिछाइएको बाटो थियो। बलेको सुगा बत्तीले तलमाथि गर्दै हिड्ने बटुवाहरुलाई उज्यालोको केही राहत मिलेको थियो। हिडिरहेका बटुवाहरु चपल लाउनेहरुले प्याट्रा प्याट्रा गर्दै हिडिरहेको आवाज आइरहेको थियो भने छालाको दाङग्रे जुत्ता लाउनेहरुको ट्याक्राक ट्याकको आवाजले बटुवाहरुको पहिचान दिइरहेको थियो।

घरको पछाडिको केही भाग पछिल्तिर श्रीनगर डाँडा डाँडाबाट रातको समयमा बेला-बेलामा हुइयाँ ... हुइयाँको स्याल कराएको आवाज आउँथ्यो। घर पछाडिको उत्तर-पूर्व दिशामा भएको अमर नारायण मन्दिर परिसरको जंगल जस्तो फूलबारीमा चमेराहरुको चिरबिर र लाटोकोसेरोको भुक्लुङ्ग ... भुक्लुङ्गको आवाजले ती सुनसान रातलाई त्रशित नै पारी दिएको थियो। सुनसान आकाशतिर हेर्दा केही देखिन सक्ने केही देखिन नसक्ने रजनी रात भएको थियो। खुला सुनसान आकाशमा केही तिलपिल गरिरहेको केही पिलिक पिलिक गरिरहेका ताराहरु चम्किरहेका थिए। सबै घरको कोठा-कोठामा बलीरहेको लालटिनको बत्ती सानो पार्दै मानिसहरु सुत्ने तरखरमा लागेको थिए।

यस्तै-यस्तै रात बित्दै गयो। अब ब्रम्हमुर्त पनि हुन थाल्यो। घरका गृहणीहरु पानी लिन आ-आफ्नो घरको जे-जेठा भएको हत्तर गाग्रो के के छ बोग्दै पानी लिन अमर नारायण स्थानको शिवलयमा अवस्थित दुन धारामा पानी भर्न जानेहरुको चहलपहल शुरु हुन थाल्यो। यस्तैमा ब्रम्हमुर्तको अन्धकारलाई चिर्दै मिरमिरे उज्यालो हुँदै गयो पूर्व क्षितिजबाट रातो लालिमा हुँदै सूर्य उदाउन थाले। हुँदा हुँदै तानसेन बजारनै सूर्यका प्रकाशले उज्यालो हुँदै बिहानी हुन थाल्यो। अब उज्यालोले गर्दा रात नै दिनमा परिणत भए।

कालीप्रसादको जेठो छोरा तीर्थ प्रसादको धर्मपत्नी कृष्ण कुमारीलाई बेथाले च्याप्न थाले। कृष्ण कुमारी छटपटाउन थाली। सम्भवतह उनको यो बेथा पाँचौ थियो। काशी प्रसादको घरमा मान्छेहरु आउने-जाने र सुत्केरी गराउने (अजी) सुडेनीहरुको आगमन बढ्दै गयो। यस्तैमा तीर्थप्रसादको कोठा भित्रबाट “चि. ह्या.. चि. ह्या " को अप्रत्याशित आवाजको चित्कार गुन्जयमान हुँदै आउन थाल्यो। यो नै काशी प्रसादको कुलको एक उज्यालो चिरागको ज्योति थियो। कृष्ण कुमारीको कोखबाट तीर्थ प्रसादको कनिष्ठ पुत्रको रुपमा बालक त्रिवेणी प्रसाद प्रधानको जन्म भयो।

समय दिनप्रतिदिन घस्किदै गयो। बालक त्रिवेणीप्रसाद केही ठूलो हुँदै केही हुर्कदै गयो। सबैको लाड-प्यारमै खेल्दै दिन बित्दै रहेको थियो। केही वर्षको फरक पारी आफ्नी आमा कृष्ण कुमारीको कोखबाट एक बहिनी ज्योति लक्ष्मीलाई जन्म दिएकी थिइन्। यस्तैमा अन्य चच्यरा बहिनीहरुको जन्मले खेल्दै हुर्कदै थिए - बालक त्रिवेणीप्रसाद प्रधान। तर दैवको लिला उनी ४ वर्ष ९ महिनाको के भएका थिए। आफ्ना बाबु

तीर्थप्रसादलाई ज्वरोले च्यापे उत्त ज्वरो सन्धीपात ज्वरोको रुप लिन पुग्यो । तानसेन बजारमा भएका कतिपय वैद्यहरुको औषधीमूलाले केही काम गरेन । तीर्थ प्रसादको रोगले झन-झन च्याप्दै लग्यो । कहिले बेहोस हुने कहिले होसमा आउने । समय-समयमा बरबराउनेको स्थितिमा पुगे । वैद्यहरुको सल्लाह सुझाबमा अर्ध जलको रुपमा रानीघाट लानु भने । तत्कालीन समय अनुसार घर परिवारले बिरामीहरु बोकी लाने डोलीको व्यवस्था गरी रानीघाट (रानीमहल) अर् धजल लगे । बाटोको ठाउँ-ठाउँमा कहिले होसमा आउने कहिले बरबराउन स्थिति हुँदै थियो । यस्तैमा होसको अवस्थामा आफ्ना माइला भाई मथुरा प्रसाद प्रधानलाई बोलाई भने -“माहिला कान्छा त्रिवेणीले आफ्नो जीवनमा पर्दा केही तरकी गर्ला जस्तो छ । उनलाई पढाउनु है । तिम्रो जिम्मामा छ है !” महिला भाई मथुरा प्रसादले पनि आफ्नो दाजु तीर्थप्रसादको वचनलाई शिरोधार्य गरी भने - "हुन्छ दाइ हजुरले चिन्ता लिनु पर्दैन, हजुरको बचनलाई अवश्य पूरा गरी कान्छा त्रिवेणीलाई अवश्य पढाउने छु ” भनी आफ्नो प्रतिबद्धता जाहेर गरे । बाटो भरी होस-बेहोसको अवस्थामा आफू बद्रीनाथको धामको यात्रा गएको महशुस गर्दै रहे - कहिले “काहाँ आइपुगे, रुद्र प्रयाग आई पुग्यो कि कहिले देव प्रयाग आई पुग्यो कि भन्दै आफ्ना भाइहरुलाई सोध्न पुग्थे । यस्तैमा बाटो काट्दै रानीघाट आई पुगे । यो दिन थियो - वि. सं. १९७७ भाद्र कृष्ण २ । यही दिन नै बालक त्रिवेणीप्रसाद माथि दैव लिला बज्रपात पर्‍यो । तीर्थप्रसाद प्रधानले चार छोरा - महेश्वर प्रसाद प्रधान, भुवनेश्वर प्रसाद प्रधान, सरस्वती प्रसाद प्रधान, र त्रिवेणीप्रसाद प्रधान र दुई छोरीहरु सुभद्रादेवी मास्के (प्रधान), र ज्योति लक्ष्मी ( कसजु श्रेष्ठ (प्रधान) हरुलाई टुहुरो बनाई यस धर्तीलाई बिदाइ दिई आफ्नो देहलिला ३० वर्षको उमेरमा अन्त्य गरे ।

आफ्नो बाबु तीर्थप्रसादले छोडेर गए पनि बाजे काशीप्रसाद प्रधान, बजै राधिका देवी, माइला बुबा मथुरा प्रसाद, साहिला बुबा हरिहरप्रसाद र कान्छा बुबा भगवती प्रसाद र आमा तीन दाजुहरु अभिभावकत्वको छत्र छाँयामा बालक त्रिवेणीप्रसाद हुर्कदै ठूलो हुँदै गयो ।

टुहुरा भएको कान्छो नाति, काशीप्रसादले बालक त्रिवेणीप्रसादलाई असाध्यै मायाममता र लाड-प्यारमा पुल-पुल्दै हुर्काउन थाले । आफ्नो बाजे काशीप्रसादको पाल्पा तैनाथवाला ज. प्रताप शमशेरको पाल्पा दरबारमा आऊ-जाऊ थियो । बाजेका लाडप्यारले बाल्य अवस्थामै त्रिवेणीप्रसाद निकै उद्दण्ड, निडर कसैलाई नटेर्ने र कसैको डरभर नभएको हुन थाले । पाल्पा दरबारको प्राङ्गणमा सजाएर राखेको तोपहरु माथि उफ्री - उफ्री खेल्न थालेछ । तोप खानाको सिपाहीले ओर्लन भनेछ । नमानी उल्टै भनेछ- “म सेठ काशीप्रसादको नाति हो, थाहा छ ? ” भन्दै फुर्ति-फार्ति गरेछन् । त्यसै समयमा काशीप्रसाद ज. प्रताप शमशेरलाई भेट्न भनी आएका रहेछ । सिपाहीले माथि दरबारमा बालक त्रिवेणीले गरेको हरकतको बारे खबर गरे छन् । काशीप्रसादलाई लाजबोध भई दरबारबाट तल झरेछ । अनि आफ्नो प्यारो कान्छो नाति त्रिवेणीप्रसादलाई कान निमोठी सजाय दिए । यो नै उनले बाजेबाट पाएको पहिलो र अन्तिम सजाय थियो ।

त्यस समयमा पाल्पा टुँडिखेलमा फुटबल टुर्नामेन्ट भईरहन्थ्यो । जसमा राणा परिवारको अगुवाइमा ज. प्रताप शमशेरको भाइ माधव शमशेरले गर्दथ्यो भने जनताको तर्फबाट भगवतिप्रसादको अगुवाइमा हुने गर्दथ्यो । दुबै टिम बीचमा पुरस्कार खशी बाजी राखिन्थ्यो । उक्त फुटबल खेलमा प्राय: भगवतिप्रसादको पक्षमा नै विजय हाँसिल हुन्थ्यो । घर परिवार भित्रको मासुको आपूर्ति त्यसै फुटबल खेलको टुर्नामिन्टबाट नै हुने गर्दथ्यो । भगवतिप्रसाद फुटबलमा मात्र माहिर होइन कि बाँसुरी र हार्मुनीयम बजाउन पनि उत्तिकै माहिर थिए । हार्मुनीयम र बाँसुरी बजाउँदा आफ्नो बाबु काशीप्रसाद खुशी भई केही रुपैयाँ बक्सिस पाएको यो पंक्तिकारलाई सुनाएको थियो ।

उक्त खेल मैदान टुँडिखेल मैदानमा पनि सैनिकहरुले तोपगोलाबाट सजाएका थिए । बालक त्रिवेणीले पहिले बाजेबाट साधरण कान निमुठाईको सजाए तर्सी सकिएको थियो । र त्यस टुँडिखेलमा बाजेको अनुपस्थितिको मौकाको फाइदा उठाई तोप खानामा चल्ने खेल्ने गर्न थाले । त्यहाँ गार्ड बसेको सैनिकहरु फुटबल खेलिरहेका माधव शमशमेर र भगवतिप्रसादलाई खबर गर्न पुगे । बालक त्रिवेणीको यस्तो हर्कत देखेर भगवतिप्रसादलाई सही नसक्नु भयो । उद्दण्ड अनुशासनहिनताको पराकाष्ठा नै भगवतिप्रसादले देखे । बालक त्रिवेणीलाई भगवतिप्रसादले पिट्नसम्म पिटे । कान्छा बाबुको पिटाई खाई रुदै कान्छा बुबाले घरमा ल्याई सब हाल घर परिवारमा बुझाए ।

सुतिरहेको बालक त्रिवेणीलाई आफ्नो माहिलो बाबु मथुरा प्रसादले सम्झाउने बुझाउने काम गर्न थाले । - " यसरी बरालिएर उदण्ड बदमासी गरेर हिंड्न हुँदैन । ज्ञानी भाइ पढेर जीवनमा अनेकौ तरक्की गरेर ठूलो नाम कमाउने हुनु पर्दछ । अब यसरी चलेर बदमासी नगरी पढ्ने कि नपढ्ने भनी मथुराप्रसादले सम्झाउन थाले र बालक त्रिवेणीले ‘पेढ्छु’ भन्ने शब्दको उच्चारण गरी आफ्नो प्रतिबद्धता जाहेर गरे ।

आफ्नो बुबा भगवतिप्रसाद पाल्पा जिल्लाबाट पहिलो तीन कलकत्ताबाट म्याट्रिकुलेशन पास गर्ने मध्ये एक थिए ।

धेरैमा भगवतिप्रसादले त्रिवेणीप्रसादलाई एक वर्षसम्म विभिन्न विषयमा अनौपचारिक शिक्षा दिए। औपचारिक शिक्षा दिन मथुराप्रसादले भारतको कुन ठाउँ राख्न सकिन्छ भन्दै खोजी गरियो। बुटवलमा आफ्ना दुकानमा लेखापालको काम गर्ने बुढो मुन्सी (जुटाशंकर लगडा मुन्सीको बाबु) सित बुझ्दा उनीहरुको घर रहेको भारतको उत्तरप्रदेशको बस्ती भन्ने ठाउँमा एक अंग्रेजी स्कूल रहेछ। उही मुन्सी परिवारलाई नै स्थानीय अभिभावक बनाउने पनि सजिलो हुने गरी घर सल्लाहमा एउटा भान्छा कोठा र एउटा बस्ने सुत्ने कोठा गरी साथै एउटा भान्छे ब्राम्हणको पनि बन्दोबस्त गरी बस्ती को स्कूलमा भर्ना गर्ने निधो भयो।

भान्छे ब्राम्हणको पनि व्यवस्था भयो। स्कूल भर्ना गर्न जान भगवतिप्रसाल जाने भयो। बुटवल हुँदै भारत जान पर्ने हुँदा भगवतिप्रसाद घोडामा र बालक त्रिवेणी कुम्लोमा बोकाई जानु पर्ने घोरबन्दाका एक कुमाललाई बोलाइयो। तत्कालीन समयमा घोरबन्दाका कुमालहरुलाई ऋण सापटी चाहियो भने ऋण दिई व्याज नलगाई व्याजको साटो बुटवल या अन्य कुनै ठाउँमा परिवारका महिलालाई कुम्लो बोक्न पर्ने हुन्थ्यो। बाटोको खाना आदि खर्च- पर्च पाउँथे। कुरा वि.सं. २०२७ सालको हो। मथुराप्रसाद प्रधानको दिवङ्गत हुँदा त्यस्तो दिनका दिन पितृ भोजन गराई ज्ञानेश्वरप्रसाद प्रधानले घोरबन्दका कुमालहरुको ऋणको तमसुक च्याति ऋण मोचन गरी दिएको यस पंक्तिकारले देखेको थियो।

मथुराप्रसाद तिथि-मिति र साइत मूर्हत निकाल्ने सामान्य ज्योतिषीको ज्ञान राख्ने व्यक्ति थिए। साइत निकालेर जाने दिन र समयको निधो भयो। बालक त्रिवेणीको मन त्यसै त्यसै कुदिलिरहेको थियो। आफ्ना बाजे बजै घर परिवारबाट पुलु पुलिएर खेल्दै हुर्कीएको घर-परिवार छाडेर जानु परेकोले मन त्यसै त्यसै रोहिरहेको थियो। अनुहार निन्याउरो पारी आँखाबाट आँसु तिल पिलाई रहेको थियो। धर-धरती रुनमात्र सकिरहेको थिएन। साइतको समय हुन लाग्यो बजै राधिका देवीले जानेहरु सबैलाई अक्षताको टिका लगाई दिए। भगवतिप्रसाद र त्रिवेणीप्रसादलाई अण्डा सगुन दिई माला लागाइदिए। रुन लागेको बालक त्रिवेणीलाई माइला बाबु मथुराप्रसादले सम्झाए ऊ समेत बोल्न नसके पनि उनको मनको आशय थियो – “मेरो बा नभएको वा पछिको बा नै तपाईं र अन्य बा हुनुहुन्छ तपाईंहरुको अभिभाकत्वको छत्रछाँयामा मलाई टुहुरो हुनुदिनु भएन।” भन्ने जस्तो थियो। यस्तै मन खेलाउदै आँखामा आँसु थामे। साइतको ठीक समय भयो र घरबाट प्रस्थान भए। त्यसै समयमा मथुराप्रसादले फेरि सम्झाए - “त्यतिकै जान लागेको होइन। पढ्न विद्या हासिल गर्न जान लागेको बेला-बेलामा छुट्टीमा घर आइहाल्छौ नि।” भन्दै बुझाए। भगवतिप्रसाद घाडामा र त्रिवेणीप्रसाद कुम्लोमा बोकाई प्रारम्भ भएको यात्रा टुँडिखेल पुगे। भीमसेन टोलको (हालको बसस्टप मुनि बस्दै आएका) गन्धर्वहरुले यात्रा टोली देखि सारङ्गी रेट्दै “छ मासे जालैमा" भन्ने गाइने भाकामा गाउँदै प्रभास सम्म छोड्न गए र केही बक्सीस हात पारी फर्के। यात्रा टोली नयाँ पार्टी मसाङ्गको डाँडा मढाक, ङुम्रे, दोभान हुँदै बुटवलको आफ्नो व्यपारी दुकान घरमा पुगे। १२ दिन त्यहाँ विश्राम गरी उत्तर प्रवेशको 'बस्ती' र सबै थर ठेगाना बुढा मुन्सी सित बुझी पुनह बुटवलबाट यात्रा शुरु भै नौतनवा पुगे र भरियालाई त्यहिबाट फर्काइदिइ गाडि रेल हुँदै यात्रा टोली बस्ती मा पुगे। मुन्सी बुढोले व्यवस्था गरी दिएको आफ्नो डेरामा पुगी गन्तव्य यात्रा टुङ्गियो। त्यस दिन त्यही आराम गरी भोलिपल्ट भनिएको स्कूल पुगी बालक त्रिवेणीलाई स्कूल भर्ना गरियो। आवश्यक लुगा कपडा अनि जुत्ता आदिको व्यवस्था गरी किताव - कापी आदिको समेत खरिद व्यवस्था भयो।

भोलि विहानै स्कूलको समयमा नै भगवतिप्रसादले बालक त्रिवेणीलाई छोड्न स्कूल गए। फर्कन लागेको आफ्नो कान्छा बुबालाई समाई आँखाबाट धर-धरती आँसु चुहाई बालक त्रिवेणी रुन थाले। मुखले भन्न नसके पनि मन मनै भन्दै थिए -“मलाई नछोड्नुस्, म टुहुरोको सहारा भन्नु नै तपाई बा हरु नै।” भन्ने आशयले रुन थाले। कान्छा बुबा भगवतिप्रसादले पनि आँखाबाट आँसु निकाल्न सकेन “नरुनु चाँडै स्कूल बिदाहुने बेलासम्म लिन आउने छु भन्दै सम्झाई बुझाई फर्के भगवतिप्रसाद डेरामा आई ब्राम्हणलाई भन्न थाले - “बाहुन नानी अब त्रिवेणी बाबु तिम्रो जम्मामा छोडेर जाँदैछु। उनको पढाईको रेखदेख गर्नु। जानेको तिमीले पनि हिन्दी, संस्कृत पढाउन नजानेको विषयमा स्कूलको शिक्षक सित के कस्तो छ। बेला-बेलामा स्कूल गई बुझ्दै



गर्नु । उनीहरुको सल्लाहमा आवश्यक ट्युसन राख्न परे खबर गर्नु । खर्च-पर्च पठाई दिने छु । खान पिन सबै राम्रो सित हेर्नु । तिम्रो जिम्मामा छ । टुहुरो बच्चा हो । टुहुरो पनको उनलाई कुनै महशुस हुन नदिनु ।" भने ।

ब्राम्हणले पनि भने -"हुन्छ, काका हुन्छ, हजुरले कुनै चिन्ता नलिनुस् । म सक्दो बाबुको हेरचाह र पढाइ सबै कुरा हेर्छु । तपाई ढुक्क सित जानु भए हुन्छ काका ।" भने । भगवतिप्रसाद मुन्सीको परिवारलाई स्थानीय अभिभावकत्वमा छोडेर डेरा हुदै बस्तीबाट घर फर्के ।

बस्तीको स्कूलमा त्रिवेणीलाई शुरुमा घुल-मिल हुन अली अप्ठेरो भए पनि पछि सहज हुँदै गयो । स्कूलको दिनचार्य बित्दै गयो । घर छोडेर त्यति टाढा बस्ती भन्ने ठाउँमा शिक्षाको आउँन पर्दा शिक्षाको महत्त्व बुझ्न थाले । शिक्षाले हाम्रो जीवनमा आवश्यक परिवर्तन ल्याउछ र यस्को जीवन सित रहस्यात्मक महत्त्व हुन पर्छ भन्ने बालक त्रिवेणीको मन-मस्तिकमा घुसीसकेको थियो । उनले मन दिएर पढ्न थाले । स्कूलले दिएको गृहकार्य अनि स्कूलको आन्तरिक र बाह्य परीक्षामा पनि राम्रो नतिजामा उत्तीर्ण हुन थाले । अब स्कूलको लामो बिदा पनि हुन थाले घरबाट लिन आए । यस्तै गरी बिदा-विदामा घरबाट लिन आउने छोड्न जाने क्रम जारी नै रह्यो ।

घरमा आउँदा आफ्ना बहिनी र चचेरा बहिनीहरुलाई मिठाइहरु ल्याई दिने गर्दथ्यो । लामो समय पछि आफ्ना दाजु आएको पाउँदा "त्रिवेणी दाइ आए, त्रिवेणी दाइ आए" भन्दै रमाउथे । उनको एक जनामात्र दिदी- सुभद्रा देवी मास्के एकजना मात्र बहिनी ज्योतिलक्ष्मी कसजु श्रेष्ठ । अनि बहिनीहरु रन्तलक्ष्मी श्रेष्ठ, अनन्तलक्ष्मी राजभण्डारी, सत्यलक्ष्मी राजभण्डारी र तेजलक्ष्मी लाकौल थिए । छुट्टीको दिन घरमा आउँदा यिनीहरुसित खेल्ने, उफ्रनेमा नै दिन बित्यो । जब बिदाको दिन सिद्धिदै जान्थ्यो स्कूल जाने समय आए पछि नरमाइलो महशुस गर्दथ्यो ।

यस्तै यस्तै गरी दिन बित्दै गयो र स्कूलले विद्यार्थी जीवन पनि त्रिवेणीको सिद्धियो । अब कलेज जीवन शुरु गर्न बनारसको हिन्दु विश्व-विद्यालयमा गई विज्ञान विषय लिएर अध्ययन गर्न थाले ।

सन्दर्भ, कलेजको एउटा घटना हो । कलेजको एउटा उत्सव थियो । उक्त महोत्सवको नाटक प्रदर्शन गर्ने कुरा चल्यो । त्यस नाटकमा त्रिवेणीप्रसादलाई सबैले मंगोलीयन अनुहार पाएर चाइनिज राजनेताको भूमिका निर्वाह गर्न दिए । चाइनिज राजदूतको चरित्र निर्वाह गर्ने कुनै सोच र आइडिया अनि कुनै तयारी ने गरिएको थिएन । अघिल्लो दिन मस्तिका साथ चार अण्डा खाई पेट दुखाई सुतिरहेका थिए । घरबाट केही भाइ भतिजाहरु आएका थिए । आफ्नो समस्या उनीहरुलाई सुनाए । उनीहरुले पनि एउटा आईडिया निकाले । स्टेजमा जाने नेवारीमा भटाभट भाषण गर्ने । नभन्दै त्रिवेणीप्रसादले पनि त्यसै गरे । चाईनिज राजदूतको भूमिका निभाउदै स्टेजमा गई नेवारी (नेपाल भाषा) मा भषण गर्न थाले - " जी म्हं, प्यंग रव्य नयाः, साफे प्वाः स्यानाचन । यस्तै-यस्तै नेवारमा एक गफ दिएर भाषण टुङ्गयाछन् । कलेजमा प्राध्यापक उपस्थित साथीहरुले वाहा प्रधान वहाँ भन्दै थपडीका थपडी तालीको गडगडाहड् पिट्नुसम्म पिटेछन् । प्रधान नै क्या अक्षेसे चाइनिज राजदूतका भूमिका निभाया । प्रधानने कहाँसे चाइजि ल्याङ्वेज कहाँ से सिका यार । अक्षे चाइनिज बोल्ते हे यार । प्रधान ने । भन्दै वाह... वाह खाए छन् । यता घरबाट आएका भाइ - भतिजाहरु कलेजको कुनामा बसी पेट मिची मिची, मरी मरी हाँसेछन् ।

...

यस्तै उतार-चढाउका साथ कलेजमा विज्ञान विषय लिएर हिन्दू विश्व विद्यालयबाट बि.एस.सी. उत्तीर्ण गरे । उनको चिकित्सक बन्ने मनोकांक्षा हुँदा हुँदै पनि कारणवश बाध्य भई आगरा इन्जिनियरिङ्ग कलेजमा भर्ना हुन पुगे । एक जना भलादमी सित भलाकुसारी कुराकानी हुँदा पढाईको कुरा चल्यो । उनले डाक्टरी नपढी किन इन्जिनिरिङ्ग पढेको भनी प्रश्न गरेछन् । तत्कालीन समयमा डाक्टरी पढ्न भारतीय नागरिक या अङ्गीकृत प्रवासी हुनु पर्ने भएकोले डाक्टरी पढ्ने इच्छा हुँदाहुँदै इन्जिनियरिङ्ग पढ्न बाध्य भएको सुनाएछन् । उक्त भलादमी व्यक्ति धनाढ्य साहु रहेछ । आफ्नो एक्लो छोरालाई डाक्टरी पढाउने ठूलो धोका हुँदा-हुँदै पनि आफ्नो छोराले कुनै हालतमा पनि डाक्टरी पढदिन भनी ढिपी नै गरेको रहेछन् । यसरी उनी आफ्नो छोरालाई डाक्टरी पढाउन नपाएकोमा दिक्दारी भई पीडित रहेछन् ।

यस प्रकारको भलाकुसारीले गर्दा दुवैको यात्राको गन्तव्य बदलिएर गयातर्फ लागेछन् । ती साहुले कोटबाट आवश्यक प्रक्रिया पुरा गरी अङ्गीकृत प्रवासी प्रमाण-पत्र दिलाई दिए । यसरी त्यो भलादमी साहु धर्मपिता र धर्मपुत्रको रुपमा मानवीय साइनो गाँस्न पुगेछन् । त्यसको लगतै इन्जिनीयरिङ्ग शिक्षा त्यागेर डाक्टरी पढ्न पटना मेडिकल कलेजमा भर्ना भइ उक्त कलेजबाट एम. बि. बि. एस. उत्तीर्ण भई डाक्टर त्रिवेणीप्रसाद प्रधान भए । उनको अध्ययन क्रममा चार वर्ष बनारसमा छ वर्ष पटनाको भारतीय स्वतन्त्रता आन्दोलनको प्रभाव निकै गहिरो छाप परेको थियो । यसैले तत्कालीन समयमा विश्वेश्वरप्रसाद कोइराला सित परिचय भई उनी सित घनिष्ठताका बावजुत प्रगाढ सम्बन्ध रहिरह्यो । गणेशमान सिंह, मातृकाप्रसाद कोइराला, सुर्वण सम्शेर, सूर्य प्रसाद उपाध्याय अनि डल्ली

रमण रेग्मीहरु जस्ता उच्च स्तरीय नेताहरु सितको राजनैतिक सम्बन्ध र सहकार्य दिनानुदिन बढ्दै गए। पछि सन १९४६ मा नेपाली राष्ट्रिय कांग्रेसको सदस्यता लिए।

डाक्टरी पास गरे पछि आफ्नै गृहनगर घरमा आई पहिलो स्थानीय डाक्टर भई सबैको स्वास्थ्य सेवामा लागे। डाक्टर पास भएको खुशीयालीमा आफ्ना साहिला बुबा हरिहरप्रसाद प्रधानले आफूले डिजाइन गरेर बनाएको आफ्नो घर पछाडि बनाएको बंङ्गला घर उपहार स्वरुप उपहार दिए। साहिंला बाबु एक कुशल वास्तुकार ( वास्तुकलाकार) थिए। त्यही बङ्गला घरबाट नै आफ्नो क्लिनिक या स्वास्थ्य सेवा संचालन समेत गर्दै आए।

पाल्पा गौडाको तैनाथवाला ज. रुद्र शम्शेर आफ्नो रोल मिची पाल्पा धपाईएका थिए। उनलाई प्रजातन्त्रका लागि आन्दोलनकारी या भनौं कांग्रेसी बनाउन सजिलो हुने हुँदा डा. त्रिवेणीको मध्यस्थातामा विश्वेश्वरप्रसाद र ज. रुद्र शमशेर बीच गोप्य वार्ता गर्ने कार्यक्रम राख्ने प्रयास भयो। तर श्री ३ भएका मोहन शमशेरको जासुसहरुले थाहा पाएर गोप्यता भंग भयो। विश्वेश्वर र डा. त्रिवेणी भागा-भाग हुनु पर्‍यो।

गोप्य योजनामा राजा त्रिभुवनलाई पाल्पा ल्याई सैनिक विद्रोह गरी मुक्ति सेना सित संयुक्त मोर्चा बनाई प्रजातन्त्रको लागि पाल्पाबाट गृह युद्ध शुरु गर्ने योजना थियो। तर यो योजना असफल भए पछि राजा त्रिभुवन डिल्ली लाग्नु पर्‍यो। राष्ट्रको आन्तरिक मामलामा विदेशी सहयोग र गुहारेर विदेशमै राणा क्रान्तिकारीहरु बीच सम्झौताले "डिल्ली सम्झौता धोका हो।" भन्दै आन्दोलन भएको थियो। भारतले नेपाललाई त्रिभुवन राजपथ र प्रजातन्त्रको उपहार स्वरुप नेपालले भारतालाई कोशी सम्झौता गरी बाध्यात्मक राष्ट्रघात गर्नु परेको थियो। यस्तो ऐतिहासिक गल्तीको शिक्षा नलिई आजका नेताहरु कर्तुतले डिल्ली गई १२ बुँदे सम्झौताले गर्दा आज भई रहेको परिस्थितिले नेपाल र नेपालीहरुले भोग्नु परेको छ। पछि स्वतः ज. रुद्र शमशेर र उनका परिवार कांग्रेसी भई २००७ साल पाल्पामा सैनिक विद्रोह गराई जनक्रान्तिमा होमिएका थिए।

पछि यस्तै श्री पंचमीको दिन एउटा घटना घट्यो। पाल्पा दरवारको गद्दी बैठकको झ्यालमा बसेर डा. त्रिवेणीले चुरोट पिएको देखेर रुद्र शमशेरले अनुशासन हिनताको निहुँ बनाई घोडे लप्टनलाई लगाई डा. त्रिवेणीको कान निमोठ्न लगाएछ। दुबैको प्रतिष्ठानको विषय बन्यो। यस घटनाको प्रतिकार गर्दै खबरदार राम रत्न राजभण्डारीको सक्रियतामा तानसेन बजार बन्द गरी हडताल गरे। रुद्र शमशेरले माफी मागी हात मिलाई अङ्कमाल गरे।

पछि समयको बगाई भनौ कागताली भनौं वि.सं. २०१५ सालको आमनिर्वाचन पश्चातको तत्कालीन श्री ५ को सरकारको डा. त्रिवेणीप्रसाद योजना स्वास्थ्य मन्त्री थिए। उता रुद्र शमशेरको पदोन्नति भई फिल्ड मार्शल भई सैनिक पोशाकमा सजिएका थिए। दुबै जना संयोगवश काठमाडौको टुडिखेलमा घोडेजात्रा पर्वमा औपचारिक कार्यक्रममा भेटघाट भयो। डा. त्रिवेणीलाई देखेर रुद्र शमशेरले बकाइदाका साथ सलाम गरेछन्। यस्तो कार्य सैनिक अनुशासन र मर्यादाको कदर थियो। यो कार्य कुनै कटुता र कर्कशको विषय थिएन। २००७ सालको आन्दोलनमा दुवै सहयात्री बीचको यो अविस्मरणीय सुखद क्षण थियो।

कुरो २००८ साल तिरको हो। विशेश्वरप्रसाद दोश्रो पटक पाल्पामा आगमन भयो। उनको स्वागतार्थ डा. त्रिवेणीको अगुवाइमा भइरहेको थियो। तत्कालीन समयमा कांग्रेस र कम्युनिस्टको राम्रो सित संगठन बन्न सकेको थिएन। तर आफूले विश्वास गरेका साथीहरुबाट ठूलो भिडभाड गरी जनसमुदायबाट नै कालो झण्डा देखाई विरोध गरी अचानक आक्रमणको रुप लिन गयो। विश्वेश्वरप्रसादलाई आफू र केही आफ्ना साथीहरुको सहयोगमा मानविय घेरा हाली (स्कटिङ्ग) गरी सुरक्षितरुपमा इन्द्रलाल भारती मास्टरको घरमा पुयाए। यस्तो अप्रत्यशीत धोकाले डा. त्रिवेणी चकितमात्र भइनकी उनलाई चिन्तित र मनमा चोट परी मर्माहत भई नेपालगञ्ज बसाई सरेको हो कि ? नेपालगञ्जको बसाइले उनलाई राजनैतिक र स्वास्थ्य सेवामा पनि फलिफाप भएको देखिन्छ।

वि.सं २०१३ सालमा नेपाली कांग्रेसले अवज्ञा आन्दोलनको आव्हान गरे। यस कार्यक्रममा उनले पाल्पा जिल्लाको नेतृत्व लिएका थिए। यसले गर्दा उनी नजरबन्दमा परेका थिए। वि. सं. २०१६ साल वैशाखमा भएको बैकंकमा ESAP को वार्षिक बैठकमा उनले नेपाली प्रनिधि मण्डलको नेतृत्व गरेका थिए। २०१७ सालमा पौष १ गतेको संसदीय व्यवस्थाको भंग गर्दा केही महिना जेल परे। जेल पर्दा पाल्पा आफ्नो घरमा हुने " गीत-गोविन्द" भजन नित्य हुन्थ्यो। त्यस भजनको अन्त्यमा आरती उतार्नु पर्दथ्यो। त्यसबेला बाजे काशीप्रसादले आफूलाई आरती उतार्न लगाउने भएकोले बेला-बेलामा त्यही घट्ना सपनामा देखिने गरेको सुनाउने गर्दथे।

पछि वि. सं. २०२१ सालमा श्री ५ महेन्द्रबाट राष्ट्रिय पञ्चायतमा मनोनित गरी भूमिसुधार, खाद्य, कृषि तथा स्वास्थ्य मन्त्रीमा नियुक्त भए। ई.सं.१९६६ मा पश्चिम जर्मनी सरकारबाट ग्राण्ड कस दोस्त्रोबाट विभूषित र शुभ राज्यभिषेक पदकबाट पनि विभूषित भएका थिए। वि. सं. २००४ सालमा पद्मोदय

पाल्पा पब्लिक हाइस्कूलको पनि संस्थापक सदस्य भएका थिए । नेपालगञ्जको रेडक्रस सोसाइटीको अध्यक्ष, क्षयरोग निवारण संघ नेपालगञ्ज शाखाको अध्यक्ष समेत भएका थिए । वि. सं. २०३६ सालको जनमत संग्रहमा बहुदलको पक्षमा खुलेर लागेका थिए । वि. सं. २०३० सालमा आपाङ्ग संघको पश्चिमाञ्चल क्षेत्रको अध्यक्ष हुनाका साथै केन्द्रमा सदस्य भएका थिए । साथै नेपाल चिकित्सक संघको आजीवन सदस्य समेत रहे । सिन्हागुठीमा आफ्ना केही रकम चन्दा दिई अक्षयकोषको शुरुबाट गराएका थिए ।

डा. त्रिवेणीको विद्यार्थी जीवनकाल प्रेम प्रसंग सुनिएको थियो भने कतिपय व्यक्तिहरुबाट साहेव ज्यू खलकका महिलासित प्रेम प्रसंग रहन गएको सुनिन्थ्यो । तर मानवीय जीवन लिला अनौठो हुँदो रहेछ । दैबको लिला भनौं या जीवनको नियतिको लेखाइ भनौं डा. त्रिवेणीप्रसादको लगन गाँठो कहिले जुटेन । यो एउटा उनको जीवनको विडम्बना नै भन्नुपर्‍यो । तर उनले आफ्ना माहिला दाजु भुवनेश्वर प्रसाद प्रधानको जेठो छोरा त्रिपुरेश्वरप्रसाद प्रधानलाई बैदिक सनातनी परम्परामा पूजाआजा हवन-यज्ञ गरी साथै कानुनी रुपमा आफ्नो श्री सम्पत्ति घरबार सबै लिखित रुप लेखिदिई धर्मपुत्रको रुपमा ग्रहण गरी पारिवारिक गृहस्थ जीवनको अन्त्यसम्म बिताए ।

उनको जीवनमा आस्तिक प्रवृत्ति हावी भएको देखिन्छ । बेला-बेलामा साधु सन्तहरुको सत्संगत गर्नुका साथै जीवनको अन्त्यतिर पूजा- पाठमा समेत रुचि राख्दथे । वर्षेनी जस्तै भारतको जवलपुरको रामस्नेही बाबाकाहाँ जाने गर्दथे । ज्ञान प्राप्त गर्न र आशिर्वाद प्राप्त गर्न ।

मानवीय चोला न इश्वरीय देहलिला नेपालगञ्जको आफ्नै निवासमा वि.सं. २०४३ साल पौष शुल्क पञ्चमीका दिन मृगौलाको आघातले निधन भई भौतिक देहलाई त्याग गरे । भौतिक शरीर यस लौकिक लोकमा नरहे पनि डा. त्रिवेणीप्रसाद प्रधान हाम्रो समाज र राष्ट्रलाई दिएको स्वास्थ्य अनि राजनैतिक योगदान चिरस्मरणीय भइरहेको छ । सेठ काशीप्रसाद प्रधानको परिवार र कुलको एक उज्वल ज्योतिको रुपमा कलको चिराग भई उज्यालो छरी अमर भएर बाँचेका छन् ।

भान्छे ब्राम्हणको पनि व्यवस्था भयो । स्कूल भर्ना गर्न भगवतिप्रसाद जाने भयो । बुटवल हुँदै भारत जान पर्ने हुँदा भगवतिप्रसाद घोडामा र बालक त्रिवेणी कुम्लोमा बोकाई जानु पर्ने घोरबन्दाका एक कुमाललाई बोलाइयो । तत्कालीन समयमा घोरबन्दाका कुमालहरुलाई ऋण सापटी चाहियो भने ऋण दिई व्याज नलगाई व्याजको साटो बुटवल या अन्य कुनै ठाउँमा परिवारका महिलालाई कुम्लो बोक्न पर्ने हुन्थ्यो । बाटोको खाना आदि खर्च-पर्च पाउँथे । कुरा वि.सं. २०२७ सालको हो । मथुराप्रसाद प्रधानको दिवङ्गत हुँदा त्यस्तो दिनका दिन पितृ भोजन गराई ज्ञानेश्वरप्रसाद प्रधानले ती घोरबन्दका कुमालहरुको ऋणको तमसुक च्याती ऋण मोचन गरी दिएको यस पंक्तिकारले देखेको थियो ।

## हामी पाल्पा बस्दैनौं भन्दैमा पाल्पाली होइन भन्न कहाँ पाइन्छ र ?



**हिमाल कसजू**
पूर्व अध्यक्ष तानसेन गुठी

हामी पाल्पामा बस्दैनौं भन्दैमा
पाल्पाली होइन भन्न कहाँ पाइन्छ र ?
बस्यालजीले आफ्ना साथीहरूलाई आफ्नो दक्षिण
अफ्रिका
घुमाइको कहानी सुनाउँदै भने
त्यहाँ एकजना यस्तो पाल्पाली डाक्टरलाई भेटें
जसले आफ्नै निजी अस्पताल चलाएर बस्दो रहेछ
उनको बसाई यहाँका राजा महाराजाहरूभन्दा कम छैन
हामी पाल्पा बस्दैनौं भन्दैमा
पाल्पाली होइन भन्न कहाँ पाइन्छ र ?
शीतलपाटीबाट चँङ्गा उडाउँदै गरेको
अझसम्म बिर्सन सकेको छैन
सन्ध्याकालमा नारायणस्थानको घण्टी सँगसँगै
फूलबारीबाट चमेराको झुण्ड उडेको बिर्सन सकेको छैन
बजारभरी हल्लाखोर गर्दै हिंडने
डम्बरे र चाउरेको आवाज पनि बिर्सन सकेको छैन
हामी पाल्पा बस्दैनौं भन्दैमा
पाल्पाली होइन भन्न कहाँ पाइन्छ र ?
पाल्पा कुनै रहरले छोडेको होइन
आफ्नो थातथलो छाड्नाको पीडा हामी छाड्नेलाई
मात्र थाहा हुन्छ
न हामीले पाल्पा छाड्न सक्छौं
न पाल्पाले हामीलाई छाड्न सक्छ
हामी पाल्पा बस्दैनौं भन्दैमा
पाल्पाली होइन भन्न कहाँ पाइन्छ र ?
धन्यवाद ।

*(गुठीको साहित्यिक कार्यक्रममा वाचन गरिएको)*

# तानसेन पाल्पा को इतिहास र केही स्मरण



**शंकर मान सिंह**
आजीवन सदस्य

महाकवि लक्ष्मी प्रसाद देवेकोटापाल्पा तानसेन आगमनको सन्दर्भमा आफ्नै हस्तलिपिमा लेखेका छन्- “**चैत्र ६, २००९ अपरान्ह , म तानसेन आएर मनमनै विचार गरें, यो अविकशित नेपाली बृहत् दार्जीलिंग रहेछ , यसमा ज्ञान प्रचारका साधन कस्ता होलान् भन्ने स्वाभाविक जिज्ञासाले प्रेरित भएर धवल पुस्तकालयमा अहिले आएर सरसरी दृष्टि लगाएँ ।......**” भन्ने भनाइबाट समेत तानसेनको महत्त्व झल्किन्छ ।

**विकेन्द्रित**

सहरबाट गाउँ–गाउँमा यातायातको पहुँच र बजार विकेन्द्रित हुन थालेपछि तानसेनको व्यवसायिक बजार संकुचित र साँगुरिदै गएको देखिन्छ।फलस्वरूप त्यहाँ व्यापार गर्ने लघु, घरेलु र सानाउद्यमी व्यवसायीहरू पनि बुटवल, भैरहवा, नारायणघाट, नेपालगञ्ज, दाङ, काठमाडौं, पोखरा लगायत अन्य सम्भावना बोकेका क्षेत्र र बजारमा बसाइसराइर सम्भावनाको खोजीमा हिंडे र यो स्थानमा जोडिएका ठाउँहरुबाट मानिसहरू यहाँ बसोबास खासगरी बालबालिकाको स्वास्थ्य र उपचारको लागि घरघडेरी किनेर बस्न थालेको र नेवार समुदाय क्रमश: विस्थापित भएको सहज अनुमान लगाउन सकिन्छ ।

मुलुकको नयाँ **संविधान २०७२** तथा स्थानीय निकाय सम्बन्धी ऐनले पाल्पा जिल्ला संघीय संरचनासँगै ८ वटा गाउँपालिकार दुई नगरपालिकामा विभाजित भएर गाउँमा अधिकार सम्पन्न स्थानीय सरकारले शासन व्यवस्था गरिरहेका छन् ।

**तानसेन : सदरमुकाम**

पाल्पाको सदरमुकाम तानसेनले शिक्षा, स्वास्थ, पर्यटन र घरेलु उद्योगको नारालाई अगाडि बढाएर आफूलाई विस्तारित गर्नेप्रयास भने गरी नै राखेको छ। तर सफल हुन सकेको अनुभूति आम जनताले अनुभूत गर्न सकेका छैनन् । यसमा संरचनात्मक चिन्तनमा परिवर्तनको खाँचो, सरकारकोप्रतिवध्दता, जनताको समर्थन र सहयोगको ठूलो भूमिका र अपेक्षा रहेको हुन्छ।

**रुद्र सेन**

यसै क्रममा, खस राज्यको विघटन पछि रिब्दीकोटका शासक रुद्र सेनले वि.सं. १५५० मा पाल्पा राज्यको स्थापना गरेका थिए। पाल्पाजिल्लाको प्रभास भन्ने ठाउँमा रहेको शिवालय जिर्णोद्वार गर्दा पाइएको एकशिलालेखमा वि.सं. १५४९ मा रुद्र सेन राजा भएको देखिएको छ ।

पाल्पा राज्यको स्थापना वि.सं. १५५० मा रुद्र सेनले गरेका थिए । पछि यसको अस्तित्व वि.सं. १८६१ सम्म कायम थियो ।यस राज्यमा सेनवंशका बाह्र जना राजाहरूले तीन शताब्दीसम्म शासनगरेका थिए। मुकुन्दसेन प्रथमको शासनकालमा यो राज्यको भौगोलिक क्षेत्रविशाल भू-भागमा फैलिएको थियो । **“गण्डकी महात्म्य”** मा यस राज्यको सिमाना पूर्वमा बराहक्षेत्रसम्म, पश्चिममा रुरु क्षेत्रसम्म, उत्तरमा मुक्तिक्षेत्रसम्म र दक्षिणमा हरिहरक्षेत्रसम्म फैलिएको कुरा उल्लेख गरिएको छ ।

**मुकुन्द सेन**

मुकुन्दसेन प्रथमको समयमा पाल्पा राज्यको समृध्दि, ख्याती र उन्नति चरम् उत्कर्षमापुगेको थियो । उनको समयमा भएको पाल्पा राज्यको भौगोलिक क्षेत्र विस्तार तथासभ्यता र संस्कृतिको उन्नतिले उक्त कुराको पुष्टि गर्छ। मुकुन्द सेनलेगण्डकी प्रदेशको गोरखासम्म आफ्नो अधिकार जमाउन सफल भएका थिए। एक स्रोतमाउल्लेख भएअनुसार कान्तिपुरका राजा रत्न मल्ललाई कुकुनाम र देवान नामगरेका भोटका जमातले दुःख दिंदा उनले गुहार मागेकाले पाल्पाका राजा मुकुन्दसेनले रत्न मल्लको उध्दार गरेका थिए।

**भौगोलिक, राजनैतिक अवस्था**

तानसेन नेपालको लुम्बिनी प्रदेशको पाल्पा जिल्लाको सदरमुकाम तथा एक नगरपालिका हो। पाल्पा जिल्लाको तत्कालीन पाल्पा तानसेन इलाकाका क्षेत्रहरूलाई समेटेर

वि.सं. २०१४ जेष्ठ १७ गते नेपाल राज्य नगरपालिका ऐन, २००९ लाई आधार बनाएर यो नगरपालिका घोषणा गरिएको थियो। तत्कालीन राजा महेन्द्र शाहले वि.सं. २०१७ पुष २२ गतेनेपालमा पञ्चायती व्यवस्था लागु गरेपछि तानसेन नगरपालिकाको नाम स्वतः परिवर्तन भई 'तानसेन नगरपञ्चायत' भएको थियो।

नेपालको संविधान२०७२अनुसार वि.सं. २०७३ साल फाल्गुण २२ गते नेपालमा स्थानीय तह कायम गर्दा पाल्पा जिल्लामा साविक बराङ्दी, मदनपोखरा, तेल्घा, बन्दिपोखरा, बौघगुम्बा, बुघा, पोखराथोक, रअर्गलीगाउँ विकास समितिहरूलाई समेटेर यो नगरपालिकाको क्षेत्र विस्तार गरिएको हो।

यो पश्चिम नेपालको एक एतिहासिक सहर हो। यो शहर बुटवल तथा पोखरा भएर जाने राजमार्गमै अवस्थित छ। तानसेन दरबार, रानीमहल, भगवती मन्दिर, अमर नारायण मन्दिर, भैरव स्थान मन्दिर, यहाँका लोकप्रिय पर्यटकीय स्थलहरू हुन्।

तानसेनको समग्र विकासका प्रशस्त सम्भावना रहेका छन्।यस्तै जिल्लामा एक अर्ब बढी होटल तथा रेस्टुराँ क्षेत्रमा लगानी भएका छन्, जसले पाल्पालाई पर्यटनको 'हब' बनाउन सहजता हुने सहजै अनुमान गर्न सकिन्छ ।

विगतमा करिब पाँच दशक अगाडिसम्म जनप्रिय होटल र बस स्टपमा केही लोकल होटेल बाहेक स्तरीय होटेलको अभाव रहेकोमा हाल त्यो स्थिति छैन। पाल्पामा ठूला उद्योग र कल-कारखानाको विकासका लागि भन्दा पनि पर्यटनकै विकासमा लाग्ने हो भने जिल्लाको विकास हुने देखिन्छ। पाल्पामा विविध जातजाति र भेषभूषाले भरिपूर्ण, ऐतिहासिक वीरताको गाथा बोकेको, सिंगो पाल्पा जिल्ला वन, कृषिजन्य, खनिज पैदावारको द्दष्टिले पनि उर्वर छ। विभिन्न कोट, गढी, किल्ला, दरबार, तालतलैया, मन्दिर, ऋषिमुनिका तपो केन्द्रसहितका पुरातात्विक धरोहररू पनि उत्तिकै छन्।

शिक्षा,स्वास्थ्य र पर्यटनमा नेपालकै नमुना जिल्ला बन्ने लक्ष्य बोकेको मात्र होइन, मुलुककोसमग्र विकासमा आफनो भूमिका अन्य जिल्लाको भन्दा पृथक र अहम् हुनुपर्छ भन्नेकुरामा समेत प्रतिवध्द देखिन्छ। यहाँको प्राकृतिक सम्पदामा मात्रै आकर्षणरहेको होइन कि सांस्कृतिक, धार्मिक र ऐतिहासिक पक्षहरूमा पनि त्यत्तिकैआकर्षण रहेको पाइन्छ।

**माओवादी द्वन्दमा पाल्पा**

माओवादी द्वन्दकालमा दरबार र मूलढोका लगायतमा ठूलो नोक्सानी भएको मासो पुनःनिर्माण भैसकेकोछ। योघटनालाई पाल्पाबासीले कहि कदापि बिर्सन सक्दैनन्। तत्कालीन लडाइँकालमा गठन गरेको 'जनमुक्ति' लडाकुका चार जना डेपुटी कमान्डरमध्ये जनार्दन शर्मा देशको आर्थिक नीति तर्जुमा र कार्यान्वयन गर्ने मन्त्रालयको नेतृत्वमा आइपुगेका थिए। तानसेन आक्रमण पनि उनकै नेतृत्वमा भएको भिडियो युट्युबमा देख्न सकिन्छ। त्येसैले पाल्पाली र तानसेनवासीमा तत्कालीन अर्थमन्त्रीबाट ठूलो आशा, विश्वास एवम् अपेक्षा थियो तर फगत त्यो पूरा भएको अनुभूति गर्न सकेनन्।

**पाल्पालीको योगदान कम नआँकियोस ?**

पाल्पामा जन्म भई वा आबध्द भई कसले के गरे के गरेनन् भविष्यका पुस्ताले मूल्यांकन गर्लान्। यो छलफलको विषय पनि हुनसक्छ तर अहिले त्यसको मूल्यांकन गर्नुभन्दा आफ्नो अनुभूति मात्र राख्ने द्दस्टता गरिएको छ। नारायणप्रसाद श्रेष्ठ, चेत बहादुर कुँवर, तत्कालीन राज दरबारमा काम गर्ने अर्को कानुनी सल्लाहकार नरेन्द्र श्रेष्ठ , दरबारमा भेटेनरी डाक्टर, क्याप्टेन रवीन्द्र प्रधानले पनि आफ्नो आत्मवृतान्तमा आफूले गरेका, भोगेका र चिन्तन लेखेका छन्। राष्ट्रिय योजना आयोगमै केही समय जागिर खाएर बसेका डा. मोहनमान सैंजू, पृथ्वीराज लिगल, प्रा.डा.पुष्पा श्रेष्ठ, पोषराज पाण्डेहरूले समेत मुलुक र पाल्पाको लागि केही न केही गरे तर त्यो नाप्ने यन्त्र छैन र त्यसको सान्दर्भिकता अहिलेको सन्दर्भमा नदेखिए पनि यसको महत्त्व छ। पृथ्वीराजले केही बजेट रानीमहललाई छुट्याए भन्ने सुनिन्थ्यो। पोषराजले विश्व व्यापार संगठनमा प्रवेश गर्नेकाममा भूमिका खेलेर बहस पैरवी गरे।

यही पंक्तिकार पनि नेप्सेमा महाप्रबन्धक भएर शेयरकोअभौतिकीकरण गर्न भारतसँग प्राविधिक सहयोग जुटाउन र सीडीएस कम्पनी संचालन गर्न सफल भए। यो कार्यमा पूर्वसचिव रामेश्वर खनालको मार्गदर्शन, सहयोग र सदभाव बिना सम्भव थिएन। यसको फलस्वरूप, आज कम्प्युटरमा बसी शेयरको कारोबार र रकम बैंकमा जम्मा हुने आदि व्यवस्था हुन सक्यो।

पद्मपब्लिक स्कुलमा खेलराज पाण्डे हेडमास्टर हुँदा त्यही अध्यापन गर्थे। विदेशबाट प्रशिक्षित भन्थे । खेलराज पाण्डेले हामीलाई अप्सनल गणित पढाउने र उनी छाता ओढेर अफिस वा भनूँ स्कुल आएको देखेपछि सबै थुरथुर आ-आफ्नो कोठामा टाप कस्थे। न उनले कसैलाई पिट्थे न गाली गर्थे तैपनि अनुशासन त्यस्तो थियो। सिल्खान टोलका गणेश सर, बुध्दि शर्मा, यसपाल शाक्य, गणित पढाउने ईश्वर, लक्ष्मण सर, मदनकुमारी म्याडम, भूगोलका शिक्षक पशुपति मल्ल,

धन बहादुर सर, आदिको योगदान हाम्रो स्कुल शिक्षामा निकै महत्त्वपूर्ण रह्यो ।

धीरेद्र सर पाल्पामै बसेर क्याम्पस प्रमुख, नगर प्रमुख र पछि आफ्नै क्याम्पस खोले। उनको योगदान पाल्पा र छिमेकी जिल्लाका शिक्षा प्रेमीलाई अतुलनीय रहेको छ । वाणिज्य संकायलाई त उनले सतिशाल झैँ मजबुत बनाएका थिए । रिडीवाल बेणीप्रसादका तीन भाइ छोराहरू आनन्द सर, विनोद सर र विज्ञान सरले क्रमश: अंग्रेजी, नेपाल परिचय, भूगोल, वाणिज्य अंकगणित र तथ्याङ्क पढाए। पृथ्वीराज लिगलले केहि समय अर्थशास्त्र योजना र माइक्रो इकोनोमिक्स पढाए। राम्रो काम र अवसरको खोजीमा कीर्तिपुर आए राम्रा शिक्षक थिए विषयमा पारङ्गत थिए। शालिग्राम कोइरालाले बजारीकरणदेखि लेखासम्म अध्यापन गर्थे मिहेनती थिए। आरएनएसीको जागिर छोडेर आएका भन्थे। मोहम्मद अस्फाक अन्सारी विदेशीमूलका भएर पनि पाल्पा र क्याम्पसलाई निकै माया र समर्पण भावले व्यापार व्यवस्थापनदेखि वाणिज्य कानुन पढाउने गर्थे। शक्ति श्रेष्ठ पनि केही समय अध्यापन गरी पछि नेपाल राष्ट्र बैंक हुँदै विश्व बैंकसम्म काम गरेको र बनारसबाट पीएच.डी. पनि गरे। विश्वनाथको अंग्रेजी, बस्याल सर केही मनमौजी किसिमका थिए। गर्मीमा बुटवल जाँदा कोट लगाएर जान्थे र भन्थे "कोट लगाए पनि पसिना आएकै छ, नलगाए पनि के फरक छ र ?" छत्रराज शाक्य अर्थशास्त्रका बेजोड शिक्षक हुन्। पछि लुम्बिनी विकास कोषसँग पनि आबद्ध भए । अहिले पनि पाल्पामा समाजिक सेवामा सक्रिय छन्।

भगवती मन्दिरका मूल पुरोहित हिक्मत बहादुर बज्राचार्यको अहिलेसम्मको भगवान प्रतिको त्यो लगन, बैद्यगोविन्द लाल श्रेष्ठ, दशरथ मुनि शाक्यको व्यापारिक र सामाजिक सेवा, पूर्णमान शाक्यको राजनीतिक यात्रा, सुरेश सरको अध्यापन, मेघराज श्रमको पत्रकारिता , सावित्री कक्षपतीको साहित्यप्रतिको निष्ठा, डा. श्रीकृष्ण श्रेष्ठको अध्यापन, डा. चिरन्जीवीलाल श्रेष्ठको लामो सरकारी सेवा, तिलक प्रेसका तलक उनका दाजु, प्रेम मल्लको प्रेस र राजनीतिप्रतिको झुकाव र क्रियाशीलता पनि मननयोग्य छन्।

पाल्पा तानसेनमा तत्कालीन अवस्थामा भुयुमान लिगलको त्यो लगनशिलता, समर्पणभाव र तत्काल निर्णय लिने क्षमता आज खोइ कता छ ? भित्ताभित्तामा **"पोखराको बाटो तानसेन भएरजा नुपर्छ"** भन्ने लेख्ने, राजाको गाडीमै गएर कुरा भन्न सक्ने, लायन्स रोटरीको मिसन हस्पितल नजिकै जग्गा प्राप्तिदेखि निर्माण सम्पन्नसम्म छाता ओढेर लागे । श्रीनगरमा पोखरी बनाउने उनको धोको प्राविधिक कारणले पूरा भएन। पानी रसाएर वा लिकेज भयो क्यारे ? सामाजिक कार्य, पशुबलि रोक्ने कार्यमा लगातार लागि रहे, रोटरी क्लबबाट अमेरिका पुगेतर अमेरिका उनलाई मन परेन सायद उमेरको तासिरले होला । सिनेमामा 'संतोष सिनेमा' चलाए । त्यस क्षेत्रको लागि मनोरन्जनको एकमात्र साधन । उनी भन्दा अगाडि मणिध्वज मास्के र टक्सारका गंगा बैजुले समेत चलाएका थिए। तर त्यो व्यवसायिक रनिरन्तरता थिएन होला सायद !

नेपाली चलचित्रका महानायक तथा पूर्वराजदूत एवम् पाल्पा हाईस्कुलका तत्कालीन प्रधानाध्यापक चुडाबहादुर हमालका पुत्र राजेश हमालले चलचित्र क्षेत्रमा पुर्याएको योगदान, संगीतकार बसन्तजंग रायमाझी, गौरी मल्ल, धिरेन शाक्य, शर्मिला मल्लको एभरेष्ट टुथपेस्टदेखि कान्छीसम्मको यात्रा, संजय मास्केको सिनेमामा सुरुवाती प्रवेश रकेशरजंग रायमाझीको "कम्युनिस्टदेखि राजतन्त्र र राजसभासम्मको यात्रा, सूर्यबहादुर सेन ओलीको मुखबाट निस्केको बोली र गोली फिर्ता हुँदैन" भन्ने जनबोली थियो । त्यस्तो प्रशासक जसले सायद पोखरामा सिडिओ हुँदा न्याय सेवाकै लागि थुनामा राखी कारबाही गरेको आदि चर्चित छन्।

"आँखा छोपी नरोऊ भनी भन्नु पर्‍याछ....." आदि कालजयी गीतका रचनाकारले समेत पाल्पामा केही समय भूमि सुधार अधिकारी भएर २०२१ सालतिर र पछि नेपालकम्युनिस्ट पार्टीका तीन संस्थापकमध्ये नारायण विलाशजोशीको सेवा पनि पाल्पालीले पाउनु सौभाग्यकै कुरा हो । "गाउँ गाउँबाट उठ, बस्ति बस्तिबाट उठ, यो देशको मुहार फेर्नलाई उठ....., यो देशको मुहार फेर्नलाई उठ....!" स्वरका धनी एवम् जनताका गायक रामेश पनि उनको बुबा माल अड्डामा काम गर्दा मेहल्धारामा जन्मेका रहेछन्। पछि सन् २०२२ मा उनले "अहा ! कति रमाइलो पाल्पा" गीत गाए जुन युट्युबमा उपलब्ध छ। गीति क्षेत्रका नक्षेत्र तथा पाल्पाकि बुहारी देविका बन्दनाले गाएका असँख्य गीत, भजन पनि कर्णप्रिय छन्।

पाल्पामा सिडिओ भएर आएका लव विक्रम शाहको सक्रियतामा तानसेनमा देउराली परिवारको सांगितिक संगठनको जन्मभएको जस्तो लाग्छ। प्रमुख सात हस्ती थिए: मदन, किशोर, भरत, भारत, महेश, राजेन्द्र, काशीकुँवर। **"म सानो छैन रेलमा चढी सुइकन बेर छैन.."** आदि गीतको कार्यक्रमले क्रमिकता पाएको थियो। सांगीतिक माहोल निकै राम्रो थियो उतिबेला पाल्पामा।

बसन्तपुर टोलका सुन्दरलाल श्रेष्ठले नेपाल राष्ट्र बैंकमा नोट र सिक्काको डिजाइन गरी पाल्पाको गौरव राखे। उनको पितापुर्खा पनि प्राविधिक, स्वाथ्य क्षेत्र र निर्माण व्यवसायमा पनि योगदान रहेको छ।

"नेपाल एक कृषि प्रधा नमुलुक हो।" भनी पढाउने र सुरुमा लेख्न सिकाउने पद्मनाथ गुरु, गोपीकृष्ण गुरु र टीकाराम गुरु नेपालीका धुरन्धर थिए। धनबहादुर र करुणा मास्टरकहाँ ट्युसन पढेर केही जग मजबुत भयो।

समय समयमा पाल्पा काकाकुल हुन्थ्यो। लिफ्ट गरेर होलङ्दीबाट बसन्तपुरसम्म पानी पुर्‍याइएको थियो हामी बच्चा हुँदा। कुरुङ खोलाबाट तानसेनवासीलाई पानी खुवाउन दुई किलोमिटरपहाड छेडेर चण्डी भञ्ज्याङमा बनाइएको सुरुङ र त्यसमा तेर्सो गरी बिछ्याइएकोठूलो अजंगको पानीको पाइप मर्मत पर्खिरहेको छ। तानसेनमा पानी र भौतिक पूर्वाधारको कुरा गर्दा कीर्तिपुरबाट पाल्पा गई भीमसेन टोलमा बस्ने रामकृष्ण श्रेष्ठको नाउँ आउँछ। उनले तानसेन नगरपालिका र पछि खानेपानीमा बसी योगदान पुर्याएका थिए। वचनका पक्का, सरल स्वभाव, नियमित औषधिको रूपमा अल्कोहलको सेवन गर्ने उनको दैनिकी थियो। उनको पुत्र श्रीकृष्ण र बालकृष्णले समेत राष्ट्रिय स्तरमा शैक्षिक क्षेत्रमा र विविध क्षेत्रमा सेवा गरी नाम राखे।

डा. दिनेश नाथ गोंगल, पद्म चन्द श्रेष्ठ, बैश्यत, शाक्य, बज्राचार्य, सिल्खानका कर्माचार्यहरूको भूमिका र योगदान स्वास्थ्य, बैंक,व्यवसाय, कृषि व्यवसाय, आदिमा प्रमुख रूपमा रह्यो। स्थानीय स्तरमा राजनैतिक एवम् प्रजातान्त्रिक मूलधार बोकेर हिंडेका पूर्णमान शाक्य, बैकुण्ठ ध्वज राजलवट, भगवती ध्वज र उनका पुत्रहरू राजनीति र पछि व्यापारमा लागे। देवराज कोलाक्षपती, इन्द्र राज कोलाक्षपती र पद्म चन्द श्रेष्ठ , त्रिवेणीप्रसाद प्रधानहरूले स्वास्थ्य क्षेत्रमा तानसेनको विकासमा आ–आफ्नो स्थानबाट सक्दो योगदान पुर्याएकै हो। जगदीश श्रेष्ठले सेज़को स्थापनामा खेलेको भूमिका महत्त्वपूर्ण रहेको छ।

साहित्यिक र संस्कृतिकक्षेत्रमा माधवप्रसाद, कुलमणि र कृष्णचन्द्र देवकोटा, चन्द्रप्रसाद अधिकारी, कवीन्द्र मानसिंह, बेटी बज्राचार्य, भागीरथी श्रेष्ठ, पत्रकार विनय कसजू, प्रकाशलाल श्रेष्ठ, मेघराज शर्मा, उत्पलमानसिंह, हरिबहादुर कुँवर, शम्भु श्रेष्ठले (दृष्टि पत्रिकाको करिब ४ दशकदेखि अनवरत प्रकाशन), चैतन्यप्रधान, शान्ता शाक्य, पुष्करराज रेग्मी, टक्सारका अशोक मान, वसन्तपुरका हरिराम, रत्न लगायत थुप्रै सर्जकहरूले योगदान पुर्‍याएका र पुर्‍याउँदै आइरहेका छन्।विभिन्न काल खण्डमा 'नगर', 'पाहुर', 'सत्य', बाल कथा र डाईजेस्ट पत्रिका प्रकाशित गरिँदै आएको कुरा उल्लेखनीय रहेको छ।

त्यसैगरी सांस्कृतिक फाँटका अथक योध्दा भीमसेन टोलका लाले जोकर, बढीज्ञान टोलका प्राणप्रसाद उदय, ठाडो गल्लीका थापाकाजीको जात्रा र खासगरी गाईजात्रामा उनले हातमा बजाएर निर्गुणको व्यवस्थापन गर्ने, शिक्षामा चिनियाँलाल बज्राचार्य, मुक्तिप्रसाद श्रेष्ठ, रामप्रसादश्रेष्ठ, लहरेपिपलका नारायण शर्माको हँस्यौली, चित्रबलिरामको जोक र शिक्षा आदिको योगदानले पाल्पावासीको शान बढाएको तथ्य अझै पाल्पावासीले बिर्सिएका छैनन्। आधुनिकतासंगै पाल्पामा हाल प्रशारण भइरहेका केही एफ.एम. रेडियो/ टी भी च्यानलहरूले पाल्पावासीमा केही उत्साह बढाएका छन्।

धरमपानी र 'रमा निवास' मा बस्ने पाण्डे गुरुज्यूहरूको भव्य भवन कलेजलाई हस्तान्तरण गरेको आफ्नै इतिहास छ। विद्वान फणीन्द्रराज पाण्डेले नेपाली र संस्कृत शब्दकोष तयार पारेका छन् भने घण्टप्रसादको अथक प्रयासमा मदन पोखराको चोला फेरिएको छ।

साथै, मगर समुदायलाई शिक्षित बनाउन जीवन नै लगाए, माष्टर अयोध्याप्रसाद प्रधानले। उनी बुध्द धर्मका साधक थिए। पाल्पामा हवाईजहाज बनाएर उडाउने, चटक र जादु गर्ने बुढा जुंगे गुरुजु बाजे थिए। उनको आगमनले सँधै हामीलाई केही अंग्रेजीमा प्रश्न सोध्ने गर्दथे भने आफ्नैबुध्दि र प्रविधि लगाएर टेलिभिजन सञ्चालन गर्न सक्षम थिए– बुध्दरत्न रमहेशदेउराली।

ठाडोगल्लीका अम्बिकाप्रसाद लाकौल र नरेन्द्रप्रसाद लाकौलले तपाल्पाको आर्थिक, शैक्षिक र सांस्कृतिक इतिहास चिनाउन अथक प्रयास मात्र गरेनन्, पश्चिमाञ्चलकै पहिलो छापाखाना खोले। 'आरोग्य विज्ञान' भन्ने पुस्तक त पाठ्यक्रममै थियो। पद्मपब्लिक स्कुलमा रहे , त्रिभुवन क्याम्पसका सेक्रेटरी, प्रजातान्त्रिक आन्दोलन २००७ मा सक्रिय रही शिक्षा, स्थानीय सुशासन र प्रकाशन विभागका मन्त्री भएको र उनले खेलेको अहम् र महत्त्वपूर्ण भूमिकाको उल्लेख भवेश्वर पंगेनीको २०४९ को मदन पुरस्कार प्राप्त पुस्तक, **"पाल्पामा प्रजातान्त्रिक आन्दोलनका सय दिन"** पुस्तकमा समेत उल्लेख छ। साथै, **"पुस्तक पढ्ने दलान"** जुन हालको धवल पुस्तकालको रूपमा छ, त्यसको बिजारोपण र सुरुवात गरे। साथै बनमाली प्रसाद लाकौलले बालककालमा "बाल सखा मण्डलमा" मोहनमान सैंजुसँग आबध्द भईकाम गरेको,त्रिभुवन कलेजमा प्रिन्सिपल, स्कुलमा अध्यापन र पछि काठमाडौंमा राम्रो अवसरको खोजीको सन्दर्भमा परराष्ट्र मन्त्रालयबाट जेनेभामा "चार्ज डी अफ्फैर्स" र "चिफ अफ प्रोटोकल" समेत भए।

गोपीकृष्ण गुरुले नेपाली व्याकरण, राम प्रसाद गुरुको "मेरो प्यारो ओखलढुंगाको साधारण र श्रृँगार रसमा व्याख्या", कृष्ण बहादुर सरको अंग्रेजी करेक्सन गर्ने तरिका, ड्रिल मास्टरको शारीरिक व्यायाम, मंगल मास्टरको प.प.स्कुलमा

“निर्देशनालाय” को कोठामा बस्नु हुने एस.एल.सी.को फर्म भर्दा नौकक्षामा प्रेम उदास सरले सबैको जन्ममिति अंग्रेजीमा रूपान्तरण गर्ने जस्ता कुरा रमाइलो परिघटना हो। बसन्तपुर टोल निवासी झमेन्द्र सरले एस.एल.सी. को सुप्रिटेन्डेन्ट र जेभिटीको प्रधानाध्यापक भएर सफल भई नाम, तक्मा र इज्जत कमाए।

साथै, तानसेनलाई तानसेन बनाउन शिक्षक गुणाकर भट्टराई, मालती र प्रेमकुमार भट्टराईहरूको ठूलो योगदान रहेको छ। तानसेनका रत्न लोकेन्द्र मान सिंहले बनारसस्थित बी.एच.यु. मा काम र नाम कमाए। बीपीसँग भित्र कुरा गर्दा बहिर गिरिजा कुरेर बस्थे भन्ने सुनेको हो। पछि यो अवस्थाको सम्झना आउने ठानी सकेसम्म उनले लोकेन्द्रसँग भेट्न नचाहने कुरा पनि गर्दथे। भुपेन्द्रजंग केसी (बोहरा मास्टर), तरुलता रायमाझीहरूको योगदान पनिकम छैन। सूर्यलालले पनि राजनैतिक वृत र शैक्षिक क्षेत्रमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेकै हुन्। मुख्य सचिव माधव घिमिरे, का.मु. र सचिव हुनेमा हित सिंह श्रेष्ठ, रामचन्द्र मान, दामोदर रेग्मी आदिले पनि देश र स्थानीय विकासमा केही न केही गरेकै छन्। ‘पाल्पाली संगम’ का पदाधिकारी र सदस्यहरू, मन्त्री परिषद्‌का तत्कालीन अध्यक्ष तथा सर्वोच्चका प्रधान न्यायाधीश खिलराज रेग्मीले समेत आफ्नो कालमा यस क्षेत्रका लागि बजेट राखेकै हुन्।

**आर्थिक**

तानसेनकोसमग्रविकासमा आर्थिक मेरुदण्डका रूपमा परिचित मणिध्वज मास्के, गोविन्द बैद्य, सेठहरुमा: मथुराप्रसाद मास्के, हरिहर प्रधान, भगवतीप्रसाद प्रधान, डा. महेन्द्रप्रसाद प्रधान, केवलप्रसाद, किस्मतबहादुर, भव नेपाल, रायमाझीहरूका सन्ततीहरूले पुर्खाले आर्जेको गौरवलाई अक्षुण राख्नुपर्ने बेला आएको मताराख्नेहरूको संख्या उल्लेख्य छ। उद्यमशीलताको उदाहरण भएको ‘नाङ्लो’का श्याम सुन्दर र गोपाल सुन्दर कक्षपति नेपाल कै गौरव हुन्।

कम्पाउन्डर श्यामकृष्ण मल्ल तथा उनका छोराहरूले स्वास्थ्य र इन्जिनियरिङ क्षेत्रमा पुर्याएको योगदान अविस्मरणीय छ। संयुक्त राष्ट्र संघका उपमहासचिव कुलचन्द्र गौतम पनिपाल्पाकै उपज हुन्। उनीबाट पनि पाल्पाले केही अपेक्षा राखेको छ। पुष्कर राज रेग्मी र राजेन्द्र गोपाल सिंहले तानसेनमा आफ्नै सक्रियतामा संग्रहालय र पाल्पा साहित्य समाज आदि स्थापना गरी सक्रिय रूपमा कार्य गरिरहेका छन्, केदार लाल श्रेष्ठ, राजेश्वर प्रसाद उदय, विजय उदय पाल्पाली आदिले आ-आफनो क्षेत्रमा पुर्याएको योगदानको व्याख्या गर्न र सबैको नाममात्र लेख्न पनि सम्भव नहुने रहेछ। फुटबलमा प्रकाशले कर्नरबाट हानेको गोल, दरबार भित्रको चोकमा ब्याडमिन्टनमा खेलेको खेल, विजय प्रधानको उचाइ र उनले भलिबलमा हान्ने शट स्मरणीय छ।

भारती मास्टर (इन्द्र लाल भारती), राधा भारती, डायमण्ड शमशेर, वनमाली निराकार, विधानचन्द्र, ठाकुरमल्ल, शम्भुरत्न मुनन्कमी, महेन्द्र मुनन्कमी, रमेशमुनन्कमी, ज्ञानुमान मल्ल, तुम्ला लाकौल, जुनु मल्ल (थापा), शान्त शाक्य, नीलम गोंगल लगायत शान्ता श्रेष्ठ जस्ता अनेकौं व्यक्तित्वहरू पाल्पाले पाएको छ र उल्लेख्य योगदान गरेकै छन्। सँधै पाल्पा र तानसेनको विकासकै लागि चिन्तन गर्ने गंगा मास्टर र बैकुण्ठ लाकौल जस्ता मान्छेहरू फेरि जन्मँदैनन्।

साथै, डा. यादवप्रसाद पन्त, डा. देवेन्द्रराज पाण्डे, डा. हरिहरदेव पन्त र योगेश्वर पन्तका नाम पाल्पासँग गाँसिएका नामहरू हुन्। एकताका त्रिरत्न बज्राचार्य, झलकमान गन्धर्व, पूर्ण नेपाली, हरि हितमाया, मन थकालीहरूले पाल्पाली स्वर घन्काएका मात्र थिएनन् बरु नृत्यमा समेत दखल थियो। उतिबेला गर्भेराम, हेट्टाराम र बोकेरामहरू मिलेर पाल्पाली सांस्कृतिक क्षेत्र तताएका थिए। मीन बहादुर मास्टरको कव्वाली कसले बिर्सेको होला र !

त्रिभुवन कलेजको सेक्रेटरी, गरिब गुरुवाहरूलाई निःशुल्क र कम शुल्कमा जाँच्ने र औषधि वितरण गर्ने कविराज दशरथमान सिंहले पुर्‍याएको योगदान उनले आफ्नो पुस्तक, **‘त्यो समय त्यो परिवेश’** मा लेखेका छन्। दशरथ मान सिंह र औषधोपचार पर्यायवाची थियो तत्कालीन अवस्थामा। उनकै सहयोगी गोर्खेकोट निवासी मीन बहादुर श्रेष्ठ पनि अति मिलनसार, स्वास्थ्य सेवामा दक्खल भएको व्यक्तिले समेत घरघरमा गई स्वास्थ्य सेवा उपलब्ध गराएको स्मरण हुन्छ। हुतेन्द्रमानसिंह, मुर्तेन्द्रमान, पूर्णमानसिंहकुल्दिप्तमानसिंह, मानबहादुर, पुरन मेडिकलका पुरन र उनका पिता, चन्द्र मेडिकलका चन्द्रमान र विश्व र उनका भाइ, बेलभक्त, शिवराम प्रधानाङ्ग आदिले स्वास्थ्य क्षेत्रमा गाउँ गाउँमा गई पुर्‍याएको योगदान तत्कालीन समयमा निकै महत्त्वपूर्ण थियो।

बेलभक्त प्रधानांग र उनको छोरा डा. शिब राम प्रधानांग आफैंले समेत औषधि उत्पादन गर्दथे, भजन र हार्मोनियमका सोखिन सिल्खानको त्यो बाटो हिँड्दा भजन श्रवण गर्ने, गुलियो र नुनिलो पाचक किन्ने हाम्रो बानी जस्तै भएको थियो। साथै, त्यस्तै मिहेनती नौनिधीमान र उनकी श्रीमतीले बेच्ने सोडा, पाचक, संखत्रा, बसलोचन आदि पोका पारेर पसलमा झुण्ड्याएको, कुड्छे घरमा सोडा र पाचक आदि बेच्ने धेरैको मानस पटलमा ताजा हुनुपर्छ। उनकै पुत्र शुक्लमानले विषम् परिस्थितिमा नवलपरासीमा स्वास्थ्य सेवा पुर्याएको, गृहमान

राष्ट्रिय अभिलेखालयमा कागज डाक्टर भएको देखिन्छ । राजमान सिंह सरकारी सेवाबाट स्वास्थ्य सेवा पुर्याएका थिए। धरणीमान ले मत्स्य विकासमा गाउँ गाउँमा बसी व्यवसायिक मत्स्य पालन र अनुसन्धानमा योगदान दिए। बी.के. मान एक जना मुटु रोग विशेषज्ञ र अर्को चार्टर्ड एकाउण्टेन्ट भई सेवा दिए। शक्तिमान ले आईटीसीमा, शम्भु मान सिंह दन्त रोगको निराकरण तथा उपचार र उपेन्द्र मानले पशु चिकित्सामा लामो योगदान गरे। अच्युतमान सिंहले सिंचाई क्षेत्रमा सरकारी स्तर र विकास साझेदारको हैसियतमा योगदान दिए । पी.चन्द्र हस्पिटल र युनाइटेड मिसन हस्पिटलले पुर्‍याएको योगदान समेत महत्त्वपूर्ण रहेको छ।

जमुना श्रेष्ठको कपडा पसलमा जाँदा "सबैले जंगलमा सोझो रुखै काट्छन् बाँङ्गो काट्दैनन्" भन्ने सुनेको बाल मनोविज्ञानको असर परिरहने रहेछ। बसन्तपुर टोलको कपडा पसल, बगाले शाक्यहरूको पसल, नयाँ रिडीवाल दुकानको नामबाट चलाइएको निर्मल कसजुको पसलमा राखिएको 'च्यानल गेट' पनि नौलो लाग्थ्यो । भगवती टोलको 'झी' पसल, नन्दलाल फत्तेलालको किराना पसल, बृष बहादुर टिका बहादुरका आँगनमा ठूलो कराहीमा लुम्पेकी घ्यू तात्दा आधा तानसेन बसाउँथ्यो भने भीमबहादुर र युगल सैंजुको दुकान नै तत्कालीन अवस्थामा तानसेनको लागि लबिम मल, भाटभटेनी र डिपार्टमेन्टल स्टोर थिए। कृष्णलाल, दुर्गालाल (रिडिवाल) साहुहरूले नयाँ दुलही सजाउन उधारो कपडा दिएर पाल्पावासी गरिब जनता खासगरी मगर समुदायको मन जित्न सफल भएका थिए।

राजनीतिज्ञ यादवसिंह रायमाझी, हरिबहादुर थापा, गम्भीरजंग कार्की, हरि नेपालहरू सांसद भए । जंगप्रसाद अमात्य, दुर्गा अमात्यबाट पनि पाल्पाले केही अपेक्षा गर्यो होला। डा. सच्चेकुमार पहाडी, सावी पहाडी र शोभा शाक्यहरू आफ्ना समयमा सक्रिय थिए र छन्। कृष्णदेव शर्मा, कुलराज गुरूहरू, भरत खनाल, लक्ष्मण खनाल, चोलेश्वर शर्माहरूबाट पनि पाल्पाले निकै पायो। तानसेनमा बौध्द संस्कृतिको संरक्षण र संवर्ध्दन गर्ने भिक्षु अमृतानन्द, कुमार काश्यप र ज्ञानपूर्णिक आदि काठमाडौंका विभिन्न विहारहरू आनन्दकुटी विहार,विश्वशान्ति विहारमा वौध्द शिक्षालय स्थापना गरी उल्लेखनीय योगदान पर्याए।तरउनी पनि काठमाडौं गए र स्वयम्भुमा आनन्द कुटी विद्यालय स्थापना गरीपरमेश्वरमा लिन भए।

पाल्पामा वैचारिक क्रान्ति गर्न सफल पत्रकार आदित्यमान श्रेष्ठ, पाल्पाकै बसाई सरेर पोखरा लागेका सांसद हरिप्रसाद पाण्डे, विष्णु पौडेल, पद्म प्रसाद पाण्डे, सोमप्रसाद पाण्डेहरूबाट पनि पाल्पाले ठूलो आशा राखेको छ। मेरा मित्र निरज गोविन्द श्रेष्ठले समेत समग्र विश्वमै नाम राखी पाल्पाको लागि समेत उल्लेख्य काम गरे, जस्तै: भगवती मन्दिरमा पाटीको निर्माण । लाकौल आँखा लायन्स् क्लब र उद्योग वाणिज्य संघको सडकको जग्गा अम्बिका लाकौल परिवारले सार्वजनिक प्रयोगमा दिएर ठूलो गुण लगाए भन्नुमा अत्युक्ति नहोला । कक्षपति परिवार र कोलाक्षपति परिवारले समेत होटेल, राजनीति र सामाजिक सेवाको क्षेत्रमा देशका विभिन्न क्षेत्र लगायत ठाउँहरूमा पाल्पा केन्द्रित काम गरेको नाङ्लो प्रस्ट छ। देवराज र इन्द्रराज कोलक्षेपति क्रमश: प्रधानपन्च र उनको भाई निर्माण व्यवसायी भई धेरै काम गरे। मास्के परिवारमा मणिध्वज, केशव, माधव र मनोहर मास्केले धार्मिक बिरासत मात्र थामेनन् बरु कृषि र आधुनिक व्यवसाय लगायत सामाजिक सेवामा समेत अग्रणी भूमिका खेले।

गृह प्रशासनमा सचिव नारायण मलेगो, आईजीपी कुबेर राना, एआईजी किरण बज्राचार्य लगायतले मुलुकमा अमन चैन, सुशासन र भ्रष्टाचार निवारण गर्न उल्लेखनीय भूमिका निभाएको स्पस्ट छ। त्यस्तै, सहकारीको कुरा गर्दा केशव थापा, उमेश्वर गोंगल, हरि नेपाल, रामेश्वर खनाल समेतको नाम स्मरण हुन्छ। विध्युतमा जीवन प्रधान, प्रदीप गोंगल, आदिको नाम हाम्रो समकालीनमा देखिन्छ।विधान चन्द्रले पनि पढाए, जागिर खाए र वास्तुविद् भए।

कैलाशनगरको केवल प्रसाद सिमाङ्वैडा देखि टुँडिखेलका अमृतमानसम्म जेभिटीदेखि खुद्रा तथा थोक सामग्री बिक्रीको स्मरण, सेन स्कुलमा जगत बहादुर जोशी, धवल पुस्तकालयमा क्याप्टेन राम बहादुर थापाको योगदान, प्रताप प्रसाद प्रधान (लेखा परीक्षक) दशरथ मुनि शाक्य (सामाजिक क्षेत्र) आदि थप्रै स्मरणहरू स्थान अभावको कारण नाम तथा विवरण उल्लेख गर्न सम्भव भएन। सम्भव भएसम्म अर्को अंकमा समावेश गर्ने प्रयास रहने छ। धरैको नाम र काम छुट्न गएको छ त्यसको लागि क्षमा चाहन्छु।

दाँतको महेन्द्र डाक्टर, संगीतकार मुनिन्द्र मास्टर, रोमेल को औषधी पसल, इतिहासकार निर्मल श्रेष्ठ, रवीन्द्र प्रधान, देविका बन्दना लगायत इन्द्र गुठीका तमाम सदस्यहरू आदिको समेत विविध क्षेत्रमा योगदान रह्यो। नगरप्रमुख सन्तोष श्रेष्ठले नबीन कार्य गरेका छन् उनका दाजु डा. मनोहर श्रेष्ठले भैरवको मूर्तिको नयाँ आवरण निर्माण लगायत कार्य भएको छ। मेरा मित्र पूर्वनगरप्रमुख अशोक शाहीले समेत नगरको विकासमा उल्लेखनीय काम गरेका थिए। स्थान अभावको कारण सबै को नाम र काम उल्लेख गर्न सम्भब नभएको मा क्षमा प्रार्थी छु।

**पाल्पा : मुख्य आकर्षणहरू**

**शीतलपाटी**

लोक गायक झलकमान गन्धर्वले पाल्पाको तानसेनको महिमा यत्तिकै गाएका हैनन् । प्राकृतिक सौन्दर्यको खानी त छँदै छ, सांस्कृतिक सम्पदाले समेत भरिपूर्णतानसेन पुग्दा जो-कोहीको मन चङ्गा हुन्छ । मास्टर मित्रसेन र उनको सिर्जना पुस्तकमा, '**तानसेनको शीतलपाटी**' शिर्षकमा लेख्छन्–

**"ए कान्छी तानसेन डुल्न जाऊ है ...,**
**केन जाने,**
**डुल्न जाने केन जाने ,**
**तानसेन कस्तो छ भनौ त तानसेन कस्तो छ ?**
**भन्नु होस न!**
**बीच बजारमा आठ कुने ढोका, तानसेनको शितल पाटी !**
**समझदा झल्किन्छ छाती नि झर झर......."**

शीतलपाटी तानसेन नगरको मध्य भागमा अवस्थित गोलो आकारको पौवा हो। यसलाईगोलघर पनि भन्ने गरिन्छ। यस स्थानमा स्थानीय कार्यक्रम तथा स्थानीय मानिसहरूलाई कुराकानी गर्ने स्थानको रूपमा प्रख्यात प्राप्त गरेको छ।गोलघरको संरचना गोलो आकारको एक तल्ले भवन र बीचमा खुला स्थान रहेको छ । योसंरचनामा सेतो रङ लगाइएको छ ।

साथै तानसेन को भगवती मन्दिर र जात्रा, भैरवस्थान, शिव मन्दिर आदि दर्शनीय स्थल धेरै छन्।

**सूचना तथा सञ्चार**

**धवल पुस्तकालय** नेपालको जेठो र ऐतिहासिक पुस्तकालय हो । पाल्पाको तानसेनमा वि.सं. १९८३ मा 'पुस्तक पढ्ने दलान' नामबाट सुरू भएको यो संस्था जाहानिया राणा शासनका बेला जनजेतनाको विगुल फुक्न अग्रणी मानिन्छ । महाकवि लक्ष्मीप्रसाद देवकोटाले तानसेन भ्रमणको क्रममा आफ्नै हस्तलिपिमा लेखेका छन् । "........**मैले देखेका सब पुस्तकालय भन्दा धवल पुस्तकालयले नै मलाई ज्यादा सन्तोष दियो, सेतो हिउँका चुचुराहरू अगाडि रहेको यो ज्ञानमन्दिर जनताको निजी चन्दाले, उत्साहले र ज्ञान पिपासाले झाङ्गिएको रहेछ र राम्रो धवलसँग । यसलाई यस जिल्लाले मात्र होइन, केन्द्रले पनि विशेष ध्यान र आर्थिक तथा अरू सहायता दिनु आवश्यक छ । किनकि यो न खालिस्तान हो, प्रकाशन केन्द्र हो, नमरोस्, जीवन पाओस् । यसलाई विशाल स्वरूप दिएर फैलाउनु, शाखा प्रसखा खोल्न लगाउनु र भरिभराउ गराई दिनु र यसलाई पोषण दिनु– प्रत्येक नेपाली नागरिक, लेखक, देशभक्त र अधिकारीको परम् कर्तव्य हो।"** (पथ–प्रदर्शक–धवल विशेशांक २०६६) भन्ने महान् तथा दूरगामी भनाइबाट पनि धवलपुस्तकालयको गरिमा झल्कन्छ।

तानसेन बजार नेपालकै पुरानो नगरपालिकामध्येमा पर्छ । सायद उपत्यका पछिको पहिलो नगरपालिका हुनुपर्छ। कुनै समय सेन राजाहरूको गढ रहेको यो ठाउँमा राणा शासकहरूले काठमाडौंबाट नेवार समुदायका कालिगढ लगेर सहरको मुहारै फेरेका थिए। त्यसैले तानसेनका गल्लीहरू चहार्दै गर्दा घरिघरि काठमाडौंको झल्को मिल्छ । जस्तै: असन, मखन टोल, वसन्तपुर, टुँडिखेल सबै भेटिन्छन् ।

**वर्तमान परिदृश्य :**

केबलकारको शिलान्यास २०७७ साल फागुन १ गते पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले गरेका थिए। अहिले प्रधानमन्त्री प्रचण्डले उद्घाटन गरे। जसमा कम्पनीले ३ अर्ब ५२ करोड लागत अनुमान गरेको थियो। केवलकार ३ किलोमिटर लम्बाइको छ । केबलकारको बुटवल-३, बमघाटमा तल्लो स्टेसन र पाल्पाको तिनाउ गाउँपालिका–३, वसन्तपुरमा माथिल्लो अन्तिम स्टेसन रहेको छ ।

मखनटोल सडकको एकतर्फ पुरातत्त्वको नाममा भत्काइएको छ । यसको वाणिज्यमा कस्तो असर पर्ला सो समयले बताउने नै छ।

बुटवल पाल्पा जोड्ने सडकमा टनेल बनाउने कुराले मूर्तरूप लिनु पर्छ तब मात्र आवागमन सहज, सरल र नियमित हुन सक्दछ । निर्वाचित जनप्रतिनिधि र ठेकदार एवम् सम्बन्धित निकायले 'फास्ट ट्र्याक' मा काम गर्नु आवश्यक र अनिवार्य छ।

चिटिक्क परेकी पहाडकी रानी एवं पश्चिमाञ्चलमै शिक्षा र सभ्यतामा नाम कमाइसकेकी पाल्पाली डाँडालाई बिरानो पारेर ठाउँ सर्ने होडबाजी चल्न थाल्यो। बुटवल, भैरहवार काठमाडौंमा पाल्पालीहरूले बसाइ सरे । गगनचुम्बी घर खडा गरेर अवसरवादीतातर्फ अग्रसर हुँदै आफ्नो थातथलोलाई चटक्कै बिर्सिएका पाल्पालीहरू अहिले 'पानी मरुवा पाल्पाली' भन्ने मत राख्ने पनि छन् तर त्यसको मूल्यांकन भावी पुस्ताले गर्नेछ।

टुँडिखेलमा उजिरसिंह कप फुटबल पुन: धेरै वर्षपछि संचालन हुन लागेको राम्रो संकेत हो। भीमसेनटोलकोभीमसेन मन्दिर पुनःनिर्माण भएको छ, बसन्तपुरटोलको लक्ष्मीनारायणको मन्दिरको छाना परिवर्तन भएको छ। भैरव मन्दिर पुनःनिर्माण भएको छ। राम्रा कुरा पनि भएका छन् तर

समाज रुपान्तरणको गति तीव्र भएको विश्वमा र नेपालमै पनि त्यो गति पाल्पाले समात्न नसकेको हो भन्नुमा कुनै झिझक मान्नु पर्दैन । हालैको संघीय बजेट वक्तव्यमा बुढानीलकण्ठ स्कुलस्तरको स्कुल पाल्पामा समेत खोल्ने कुरा वक्तव्यमा त पर्‍यो बजेट पर्नु पर्छ, काम हुनै पर्छ, राम्रो हावापानी, कम अवरोध शैक्षिक विकासको सम्भावनालाई मूर्तरुप दिनुपर्दछ, पर्छ ।

खानेपानी समस्या पाल्पा तानसेनको लागि जटिल समस्या हो र साथै फोहर व्यवस्थापन उचित रूपमा समाधान गर्नुपर्ने देखिन्छ ।

तानसेन बजारको पूर्वी पुछारमा करिब १०० प्लस रोपनीमा फैलिएको गोलाकार रूपमा टँडिखेल रहेको छ । तानसेन जस्तो पहाडी, उकालो ओरालो भिरालो भूभागमा पनि यस्तोसम्म परेको गोलाकार हुनु आफैमा आश्चर्यको कुरा हो ।त्यसैले यो टुँडिखेल तानसेनको पहिचान, विशेषता र आकर्षणको केन्द्र बन्नपुगेको छ । त्यसैले तानसेन पुग्ने जो कोही पनि एक पटक टुँडिखेल पुग्न चाहन्छन् । टुँडिखेलको हरियो दुबोमा बसेर सुस्ताउन चाहन्छन् । पर्यटन प्रवर्धन गर्न स्काई प्याराग्लाईडिङले समेत योगदान पुर्‍याएको छ । भविष्य उज्वल छ, मात्र प्रतिवध्दता र सोंचको खाँचो छ ।

(यो लेखको जवाफदेही लेखक स्वयम् हुनेछ)

# तानसेन



**विनोद नेपाल**
पोखराथोक, माडी, पाल्पा / हाल काठमाडौं ।

ढल्काउँछ ढाकाटोपी शिरमा
र चुलिन्छ अझै
पिउँछ करूवाबाट पहिचानको पानी
र मेट्न प्यास ।
चियाउँछ टुँडिखेलबाट मायालु
माडीफाँटको सेरोफेरो
नियाल्छ माछापुच्छ्रे-अन्नपूर्णसम्मका दृश्य
श्रीनगरबाट
आहा !
हेर्दाहेर्दै कस्तो भव्य भयो सेरोफेरो
समयले ल्याएको परिवर्तनलाई देखेर
रमाउँछ ।
गर्दैन कुनै गुनासो
बुटवल झर्ने, काठमाडौ-पोखरा सर्नेसँग
आफ्नै काखमा जन्मीहुर्की
भाग्यको खोजीमा परदेशिनेसँग पनि त छैन
केहि भन्नु उसलाई
यो गतिशील युग,
यो प्रतिस्पर्धाको जमाना हो बुझेको छ
उसले
अवसरको खोजीमा दौडनेसँग के गुनासो
गर्नु ?
छैन बसाइ सर्ने उच्च ओहदाधारीहरूसँग
पनि कुनै असन्तुष्टि उसको
बरू
आफैलाई सम्झाउँछ ऊ
चाहन्छ सबैको भलो
र भन्छ,
नबिर्सनु थतथलो
नबिर्सनु गुन ।
इतिहास छ गौरवमय
प्रतिष्ठा छ आफ्नै
तर पनि कत्ति छैन दम्भ
आफ्नोपन नहराओस् यहि चिन्ता छ
हो, अलिकति काकाकुल हुनुको पीडा
अवश्य छ ।
अलिकति उपेक्षाको शिकार हुनुपरेको
दुखेसो अवश्य छ
तर पनि छैन निराश,
आउँछ दिन अवश्य, आशावादी छ ।
छैन तौलिनु कसैको तराजुमा उसलाई
छैन दाँजिनु कसैसँग
श्रीनगरको काख प्यारो छ
सल्लाको सुसाइ र सुवास प्यारो छ
अनि प्यारो छ आफ्नोपन
यसैले त
नारायणथानको आरतीमा हर्षले विभोर
हुन्छ
भगवतीथानको घण्टको टङटङमा
गुञ्जन्छ ।
फुर्सदमा सम्झन्छ
आफूले फैलाएको शिक्षाको उज्यालो घाम
इतिहासका कालखण्डको वीरता प्रदर्शन ।
समयको साक्षी
स्वाभिमानको अग्लो धरहरा हो तानसेन
बाँच्नु र नाच्नु छैन कसैको इसारामा
उसलाई
तानसेन त्यो हो
जो आफैमा उदाहरण बनेर बाँचेको छ
जो हर्ष होस वा विस्मात सधैं उसैगरी
हाँसेको छ ।
वाहवाही छैन
थकथकी छैन
सधैं छ एकसमान ।
गौरवमय इतिहास बोकेर उभिएको
सतिसाल हो तानसेन
धैर्यताको अर्को नाम हो
सिंगै देशको सान हो तानसेन
नेपालभित्रको अर्को नेपाल हो तानसेन ।

*(गुठीको साहित्यिक कार्यक्रममा वाचन गरिएको)*



तानसेन गुठीले ३० वर्ष पार गरी
३१ औं वर्ष प्रवेशको अवसरमा
गुठीको उत्तरोत्तर प्रगतिको लागि
हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

प्रा.डा. पुष्पा श्रेष्ठ
अध्यक्ष

**AMRIT-PRITHVI TRUST**
**अमृत-पृथ्वी अविनाशी गुठी**
म्हेपी, काठमाडौं






प्रमी श्रेष्ठ
अध्यक्ष

जि.प्र.का.द.नं. १३२/०७०/७१

**Hattiban Social Service Centre (HSSC)**
**हातीवन सामाजिक सेवा केन्द्र**
Setidevi-3, Dakshinkali Municipality, Kathmandu

# HEALTH, HEALTHCARE AND LOCAL GOVERNMENT



**Prof. Dr. Manohar Lal Shrestha**
Life Member, Tansen Guthi, Kathmandu

There are lots of views, ideas, and philosophies regarding the definition of health. Different institutions have defined health for different purpose over the long period of time. Just physical fitness without any disease process was thought to be the Good Health by some while others considered having capacity to do physical function efficiently is good health. Another group of people consider health is the natural function and metabolic efficiency to adapt to physical and mental changes that body is exposed to. Normal anatomy, physiological status, biology, psychology status was considered as good health by some.

If we explore the possibilities of different article or literature we may find many different definition, views, philosophies, explanation about health. Adam Felmon considers "Health as a state of complete emotional, mental and physical well being". In 1948, WHO have defined health as: "a state of complete physical, mental and social well being and not merely the absence of disease and infirmity". This definition was questioned and criticized for being vague and excessively board and was not constructed as measureable. After a lot of discussion, brain storming a new conception and definition of health came in 1986 where WHO has played a leading role –"The extent to which individual or group is able to realize aspiration, satisfy need and to change or cope with the environment, health is a resource of everyday life not merely the objective of living". It is positive concept emphasizing social and personal resources as well as physical capacities. Late in 2009, Lancet defines health as ability of the body to adapt new threats and information.

To understand the good health we must go deep to the cellular level of our body constructions. Cells which are made up of varieties of chemical substances are fundamental unit of all living being. Every cell has got its specialized activities in our body. The cells of allied nature group together to form a tissue and these groups together to form an "Organ". This organ constitutes the different function in a system in the body like the blood circulation by cardiovascular system, oxygenation to the system by the respiratory system, excretion of waste material by the genitourinary system to filter in urine. For digestion and fulfill the energy demand, gastrointestinal system. For reproduction, the reproductive system : female and male. To regulate the body central and peripheral nervous system. To regulate and keep the internal homeostasis, there is quite a no of organs that produce hormones, etc.

A single cell the Zygote has got unimaginable qualities with prefixed areas within it which develop to specific part of the human body: external as well as internal cells tissues organs and the systems. A complete Human body with physical, mental, social, and all anatomical, physiological, biochemical psychological functions. A good health depends upon the quality completeness of the cells that it is going to develop to complete Human Body.

To have a healthy cell at the stage of formation of zygote the mother and the father has to be genetically healthy and free of any diseases. The mother has to be free from the all sorts of physical, mental, psychological, biochemical, social stress in the process of development of baby from zygote till delivery and later on as well.

One need to understand that to have a good health, the cells need enough energy which is produced by combustion of the glucose and oxygen carried to the targeted cells through blood vessels. This is the secret of cells which ultimately leads to the Good Health. Secondly there is lots of interconnectedness between the various organs systems in our body which needs energy available from same process of combustion. Deprived of these elements bodily activity starts getting hampered.

We should know and understand why we need good health and its importance, and then only we will care about our health and will be determined to maintain it.

The importance of good health is:

1. It improves longevity.
2. It prevents from communicable disease as well as to great extent the non communicable disease.
3. It provides immunity strength against various viral, bacterial and defense to fight against the foreign agents that can harm the body.
4. It gives overall mental & psychological wellbeing.
5. It gives to productive life which reflects the progress and development of the society and country as well.
6. There are financial benefits of having good health - don't have to spend money on the treatment of disease and preventive measures.

To achieve the good health we are very much conscious of our social life, environment and it's importance. The good health makes us feel better, energetic, stress free and we could spend quality time with family and community; quality productiveness in national prospective.

The factors those influence good health status and quality of life as WHO stated that it is not only through the advancement and application of health science but also taking into account different determinants. The main determinants of the health are social, economical, physical environment & individual behavior. There are quite a number of key factors that has been found to influence health and to mention few, they are:

1. Education and literacy of individual
2. Employment and working condition
3. Physical and social environment
4. Social support network biological and genetics
5. Gender health care service
6. Healthy child development
7. Personal health practices and coping skills.

The figure explains in more detail framework of influencing factors that determine the health.

To answer our question that how can we achieve Good Health and maintain it - It is an ongoing process shaped by evolution of healthcare knowledge and practice as well as personal strategies. Steps that can help us to attained and maintain good health includes:


1. Healthy eating Habit: A healthy diet includes varieties of food that provides nutrients to the body which provides energy to run the body functions. A balanced nutritious diet from different natural sources containing carbohydrates, proteins & fats. Fatty acids, minerals, vitamins, water is consumed to strengthen the cells, tissue, organs and the

body systems. Making balanced and healthy food choice can lower the risk of most of the diseases like obesity, heart disease, cancer and others. Adapting healthy life style in food consumption habit plays an important role in over all development to boost the immune system and improves health. Lots of information is available in literature regarding types, timing, amount, and quality etc of food we should consume.

2. Exercise: As we age we tend to lose muscle strength, mass, power, weaknesses of bones, stiff painful joints, cardiovascular and respiratory insufficiencies problems. To be active and physically fit w need regular physical exercise and maintain physical mental fitness and overall health wellness. So exercise is essential to strengthen our bone, joints, muscle, improve cardiovascular, respiratory, digestive, renal, brain and nervous system healthy and in god functioning state.

There are many studies which proved that regular exercise for 30 minutes a day or 1500 mins a week reduces the risk of heart attack, stroke, high blood pressure, cancer, diabetes, obesity, depression, anxiety. In my opinion, daily regular exercise of any modality for 30 mins maintaining the pulse rate of 120 per mins and have good sweating is good enough exercise to reduce the risk of medical problems. Exercise according to the age, gender can be of different level which is to be adjusted by the individual or as suggested by the experts. Exercise could be of any form like sports, walking, house hold work which fulfills all the criteria's of quality physical exercise.

3. Sleep: Normally anew born need 14-17 hrs of sleep, preschool children 10-12 hrs, teenager need 8-10 hrs adult 7-9 hrs and older above 65 yrs needs 7-8 hrs sleep a day. Sleep is essential part of healthy life and good health. A bad night sleep we experienced affects our next whole day, feel sluggish, tiredness, heavy head, anorexia, and change in regular daily activities. Even bad night sleep increases the risk of many diseases like heart disease, obesity, dementia to name few. A good sleep is defined as the length quality and timing of our sleep. We realize that after a good night sleep we feel fresh, light, and energetic, rejuvenated and so on. So the benefit of a good night sleep improves attention, concentration, helps learning and making the memories helps in maintaining healthy weight improves cardiovascular, respiratory and other



bodily functions It increases both immunity reduces stress supports emotional and mental wellbeing, supports the social life.

4. Role of Health sciences: it is focused on the study and research of human body and health issues to understand its function and application of that knowledge to improve health and to prevent and cure diseases of physical and mental impairments. The health sciences have developed to the extent that previously health worker used to deal with functional body systems and focused on organ involved. Now the technology has advanced so much that we are dealing the diseases in cellular level. So we are getting the health services so precise and deep to the cellular level. Now we are dealing the diseases in molecular level. Health care system plays a great and effective level in achieving and maintaining the good health which is the duty and responsibility of public health sector.

Health care can be divided to two sections for all practical purposes; one being the public health services and seconds the curative health services. It will be very difficult to cover all in such article but this article will try to mention what should be the role of local government in health care system. There are more than 50 % of the diseases which are preventable simply by public health related developments. A pure drinking water supply to the population by the concerned government will minimize almost all communicable water borne diseases which further reduces tangibly the mortality and morbidity rate in the population specially infants and children. Good water supply will help and encourage the population to maintain their personal hygiene which in turn reduces the related diseases.

A healthy environment , clean city, good drainage, green city, healthy food in public places, smoke free policies, scientific and hygienic waste management – all above are developmental activities which definitely reduce the disease process in the population. A good organized scientific School Health Program should be made compulsory in primary, secondary school and other public places as well. Where early detection of diseases helps its treatment in time.

Health education to all level of population through various health agencies can be implemented to make aware about the prevention of the diseases and encouraging the population to attend the nearest hospital. Many diseases could be prevented by simple, timely inoculation of vaccine for varieties of diseases from infant to adult which will protect the population from many diseases. The COVID 19 has given us the lesson of vaccine inoculation. A penny spent now will save a pound later. A Healthy mother will have healthy offspring so the role of good Antenatal Health Check up is much of importance. Ensuring quality ANC and its implementation is the responsibility of Local Government.

Local government has got all the legal authorities to check the quality of food that are available in the market which may be detrimental to health of the public. The local government is concerned and responsible for the health services, general health, occupational, environmental, community health, behavioral health which are the integral part of public health services. The local government is responsible to deal with Road Traffic Accidents, natural calamities, epidemics and be prepare to manage in emergency. The local government should have the disaster management plan of different origin and be ready to tackle the unexpected and for immediate response. The local government should have high level committee to develop different health policies, administrating the services, research, outbreaks, curative, preventive, prophylactic health services,

family planning, all communicable and non communicable disease management.

The constitution of Nepal has clearly mentioned about the role, responsibility, power and legality of the local government in the Palikas & municipalities. Local government should be able to take responsibilities of all aspect of health focusing more to the deprived and marginalized population due to their ignorance, lack of education and not able to put their grievances.

Apart from public health service it has got the responsibility of curative health care which is categorized into primary secondary and tertiary health care. Health post is the health institution in grass root level and tertiary care hospital in the headquarters. What I feel that, a health post (primary care) in every ward and a tertiary care hospital in the center of the municipality which should be well equipped for diagnostic and curative services in different specialties. There should be well organized referral System at all level of Health System.

A good successful, impactful health service can be measured by status of the health of individuals and the population at large. The measuring yard of success being evaluated by life expectancy, morbidity, mortality, disability adjusted life years, health adjusted life expectancy and self assessed health status.

Central as well as local government allocates very minimal budget in Health services depriving the availability of even the basic Health services to the general population. The concerned authorities should realize the unhealthy population results in constrain in their productivity and hence the poor development of the country. Healthy population is **THE INDICATOR** of the Healthy Nation.

## तानसेन गुठी र पाल्पालाई शुभकामना



**डा. सीता बिष्ट कार्की**
**(सीबिका)**

जन्मेको गुठी पचास साल उमङ्ग बोकेर
तान्सेन नाम सेवा हो काम हृदय खोलेर
पसिना झार्दा सुख दुखमा रम्दछ यो मन
जोश जाँगर गुठीको देख्दा ईश्वर नि दङ्ग ।।

कोयली नाच्दा गुराँस फुल्दा करूवा टल्किन्छ
त्यो ढाका टोपी लाएर हेर चेहरा चम्किन्छ
ती भिरपाखा लेक र बेसी गुठीको नजर
सौन्दर्य खानी तानसेन हो पाल्पाको शहर ।।

हे तानसेन तिम्रो गुठीले मोती नै फुल्यायो
धर्तिको सानो त्यो पाल्पाबाट ज्योति नै जगायो
पवित्र मन लिएर गुठी कोर्दछ सृजना
त्यो पूण्य संस्था सबैले गर्दै पुजा र अर्चना ।।

सुरम्य ताज भिरेर गुठी देखिन्छ जवानी
पोखेर शीत झुल्किन्छ घाम क्या राम्रो बिहानी
हे गुठी तिम्रो सदैव हामी गर्दछौं कामना
समाज सेवा गर्ने त्यो तिम्रो सुन्दर भावना ।।

आत्मीय भाव राखेर छर्छ गुठीले सौरव
ऐतिहासिक धार्मिक क्षेत्र पाल्पाको गौरव
शुभकामना तान्सेन गुठीको हरेक वर्षमा
खुसीको रङ पोतेर आज रम्नेछु हर्षमा ।।

रङ्गी बिरङ्गी फुलेका फूल सुगन्ध छरेका
बिहान झुल्के कलिला घाम फूलबुट्टा भरेका
जूनको रात प्रेमिल बात क्या राम्रो खुलेको
अप्सरा ठानी स्वर्गको ईन्द्र आएर भुलेका ।।

विविध जाती धर्म संस्कृति पाल्पाको सान हो
सयौं फूलको एउटै माला राष्ट्रको मान हो
ती झ्याँउकिरी गाँउछन् गीत प्रेमिल भेषमा
हिमाल मुनी स्वर्गको धर्ती लुम्बिनी प्रदेशमा ।।

*(गुठीको साहित्यिक कार्यक्रममा वाचन गरिएको)*

तानसेन गुठीले ३० वर्ष पार गरी ३१ औं वर्ष प्रवेशको अवसरमा
गुठीको उत्तरोत्तर प्रगतिको लागि हार्दिक
शुभकामना व्यक्त गर्दछौं ।




कालिकानगर, बुटवल–११
फोन नं. ०७१–४३७२४३, ४१५१९६, फ्याक्स ०७१–४३८७३६
E-mail: satyasaihardware2054@gmail.com

तानसेन गुठीले ३० वर्ष पार गरी ३१ औं वर्ष प्रवेशको
अवसरमा गुठीको उत्तरोत्तर प्रगतिको लागि
हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

Siddhi®
Butwal

# तानसेनको चिनारीः साहित्य र संस्कृति

## अन्तरक्रिया-पत्र



**पुष्कर अथक रेग्मी**
अध्यक्ष, पाल्पा साहित्य समाज


**राजेन्द्र गोपाल सिंह**
संरक्षक, पाल्पा साहित्य समाज


**शुभारम्भ**

नेपाल राष्ट्रको लुम्बिनी प्रदेश भित्र पर्ने पाल्पा जिल्लाको सदरमुकाम तानसेन हो। ऐतिहासिक एवं साँस्कृतिक नगरी तानसेन जन्मथलो भई कर्मथलो काठमाडौं बनाउँदै आएका नेवार समुदायका उत्साहित व्यक्तित्वहरूको सोंचले सामाजिक सेवा गर्ने उद्देश्यका साथ वि.सं.२०५० साल भाद्र ५ गते तानसेन गुठी काठमाडौं स्थापना भई वि.सं.२०५१ सालमा जि.प्र.का. काठामाडौंमा दर्ता भएको हो। पाल्पामा र बुटवलमा समेत तानसेन गुठीका शाखाहरू रहेका छन्।

विनोद कुमार श्रेष्ठको अध्यक्षतामा गुठी स्थापना भएपछि हालसम्मका अध्यक्षहरू कमशः लक्ष्मण प्रसाद श्रेष्ठ, हेमन्तराज कोलाक्षपति, ज्ञानुमान मल्ल, श्यामसुन्दरलाल कक्षपति, विधानचन्द्र राजभण्डारी, ई.करुणा गोविन्द श्रेष्ठ, गृहमान सिंह, शरण रत्न शाक्य, हिमाल कसजु, अनुपलाल कक्षपति, शान्ता शाक्य, सर्जुमान लिगल हुँदै निलम गोंगल रहनुभएको छ। तानसेन शाखामा अध्यक्षहरू क्रमशः सर्जुलाल बज्राचार्य, दिलबहादुर शाक्य, राजेश्वर उदय, गोपाल प्रसाद श्रेष्ठ र सुशील प्रधान रहनुभएको छ भने बुटवल शाखामा निर्मल प्रसाद लाकौल र अर्जुनमान सैंजु अध्यक्ष रहनुभएको छ।

तानसेन गुठी काठमाडौंले वार्षिक सङ्गालोको रूपमा चिनारी प्रकाशन गर्दै आएको छ। वि.सं.२०७४ सालमा रजत महोत्सव विशेषाङ्कसहित २०७९ सम्म आइपुग्दा गुठीले चिनारीको २७ औं अङ्कसम्म प्रकाशन गरेको छ। प्रस्तुत पत्र तानसेन गुठीद्वारा प्रकाशित चिनारीभित्र रहेका विशेषतः साहित्य र संस्कृति केन्द्रित गतिविधिहरूको परिचयात्मक चर्चा परिचर्चा गर्ने उद्देश्यका साथ प्रस्तुत गरिएको छ।

**१. तानसेन गुठीका प्रमुख उद्देश्यहरूः**

(क) जन्मभूमि तानसेनबाट काठमाडौं आई विभिन्न पेशा र व्यवसाय गरी बसेका तानसेनवासीहरूबीच सुमधुर सम्बन्ध स्नेह, मित्रता र भातृत्व एवं सद्भाव कायम गरी पारस्परिक मेलमिलाप र सहयोग अभिवृध्दि गर्दै लैजाने।

(ख) सामाजिक कार्य अन्तर्गत बेलविवाह (इहि) व्रतबन्ध आदि सामूहिक रूपमा सम्पन्न गराउने।

(ग) गुठी सरस्य वा परिवार आकस्मिक, अस्वस्थ, संकट र अन्य भवितव्य पर्दा र मर्दा एक अर्कालाई गुठी मार्फत सक्दो सहयोग गर्ने।

(घ) तानसेन ऐतिहासिक,धार्मिक, साँस्कृतिक आदि सम्पदाको संरक्षण, सम्वर्ध्दन र संभार गर्ने कार्यमा गुठी उत्प्रेरकका रूपमा काम गर्ने र सक्दो सहयोग गर्ने।

(ङ) शिक्षा, स्वास्थ्य, पर्यटन, वातावरण र आर्थिक क्षेत्रमा प्रत्यक्षरूपले सकारात्मक प्रभाव पार्ने क्रियाकलापमा टेवा दिने कार्य गर्न प्रयत्नशील रहने।

(च) महिलाहरूको सहभागिता हुने सीप विकासका लागि आवश्यक कार्य गर्ने।

(छ) गुठी सदस्यका छोराछोरी एकत्रित गर्न विशेष खालका कार्यक्रमहरूकोआयोजना गर्ने।

**२. साहित्य, संस्कृति, सम्पदा संरक्षणका लागि सहयोग र पुरस्कारहरूः**

श्रीरणउजीरेश्वरी भगवती मन्दिर, श्रीनगर सिध्दि विनायक मन्दिर, सूर्य विनायक मन्दिर, बुध्दरथयात्रा गुठी, भीमसेन मन्दिर, शीतलपाटी भिमसेन मन्दिर, आनन्द विहार, बटुक भैरव मन्दिर, लक्ष्मी नारायण मन्दिर, पाल्पा भैरव मन्दिर, अमर नारायण मन्दिर, देउराली साँस्कृतिक प्रतिष्ठान, नाट्यकला संस्कृति प्रतिष्ठान, लाखे नृत्य समूह, धवल पुस्तकालय, कालभैरव मन्दिर, साँस्कृतिक पर्व संचालन, नेवाः धिमे बाजा खलः लगायतका मन्दिर तथा संस्थाहरूलाई आर्थिक सहयोग पुर्याएको छ भने धामिक साहित्यिक एवं नेपाल भाषा साहित्यमा योगदान पुर्याए बापत प्रा.डा. प्रेमशान्ति तुलाधर, छत्रराज शाक्य, विजय सागर र साहित्यको क्षेत्रमा योगदान पुर्याए बापत साहित्यकार गंगा लिगल र पुष्कर अथक रेग्मीलाई सम्मानसहित पुरस्कृत गरेको छ।

**३. तानसेन गुठीद्वारा प्रकाशित चिनारी भित्रका लेखका स्रष्टाहरूः**

**(क) महिलाहरू**

शुभ श्रेष्ठ, शान्ता शाक्य, प्रा.डा.सावित्री मल्ल कक्षपति, प्रकाश प्रधानाङ्ग, प्रमी श्रेष्ठ, निलम गोंगल, रेणुकादेवी जोशी श्रेष्ठ, डा.पुष्पा श्रेष्ठ, सरिता श्रेष्ठ मास्के, शशीप्रभा श्रेष्ठ, तुमला लाकौल, शोभादेवी श्रेष्ठ, विजया के.सी., जयन्ती श्रेष्ठ, अर्चना शाक्य, उषा मल्ल सिंह आदि ।

**(ख) पुरुषहरूः**

प्रा.डा. विनोद कुमार श्रेष्ठ, लक्ष्मणप्रसाद श्रेष्ठ, गृहमान सिंह, दिलबहादुर शाक्य, सर्जुमान लिगल, सुरेन्द्र लोहनी, विजय सागर, वनमाली निराकार, भागवत खनाल, शंकरमान सिंह, दिपेन्द्रमान थैव, हिमाल कसजु, छत्रराज शाक्य, लोकदर्शन बज्राचार्य, आनन्दप्रसाद श्रेष्ठ, डा.मोहनमान सैजू , आदित्यमान श्रेष्ठ, मदन देउराली, जगतबहादुर जोशी, बुध्दिप्रसाद शर्मा, आर.पि. प्रधान, देवेन्द्रनाथ गोंगल, क. दशरथ मान सिंह, पुष्पलाल प्रधान, डा.चेतहादुर कुँवर, कविन्द्रमान सिंह, देवराज कोलाक्षपति, अमृतमान श्रेष्ठ, डा.महेन्द्रप्रसाद प्रधान, जगतहादुर जोशी, विजय उदय पाल्पाली, शंकरकृष्ण मल्ल, तिलक कायस्थ, सत्यनारायण श्रेष्ठ, शरणरत्न शाक्य, दिनेश थान्जू, डा.चिरञ्जिवीलाल श्रेष्ठ, योगेन्द्रमान श्रेष्ठ, खिमानन्द आचार्य, सरोज शाक्य, शिशिरराज कोलाक्षपति, सुरज कुमार बज्राचार्य, निर्मल श्रेष्ठ, राजेश्वर उदय, कृष्णलाल प्रधान, नवीन गोविन्द श्रेष्ठ, चैतन्य प्रधान, ओम धौभडेल, दुर्गाप्रसाद शाक्य, श्याम श्रेष्ठ, राजु प्रधान, क्या. रवीन्द्रप्रसाद प्रधान, सन्तोषलाल श्रेष्ठ, प्रा.डा. विनोद प्रसाद श्रेष्ठ, पुरन शाक्य, शम्भु श्रेष्ठ, पुरुषोत्तम लाल श्रेष्ठ आदि ।

**४. चिनारी भित्र साहित्य, संस्कृति, सम्पदा र इतिहास**

तानसेन गुठीद्वारा वार्षिक प्रकाशन चिनारी भित्रका विभिन्न अंकमा साहित्य, संस्कृति, सम्पदा र इतिहासको क्षेत्रमा प्रकाशित लेख/ सिर्जना प्राप्त भएसम्म निम्नानुसार प्रस्तुत गरिएको छ ।

| क्रसं | साल | शीर्षक | लेख | क्षेत्र |
|---|---|---|---|---|
| १. | २०५५ | पाल्पा तानसेन महोत्सव एक अनुभव | लक्ष्मण प्रसाद श्रेष्ठ | संस्कृति, साहित्य |
| २. | २०५५ | नेपाल भ्रमण वर्ष १९९८ र तानसेन | डा. मोहनमान सैंजू | संस्कृति, साहित्य |
| ३. | २०५५ | तानसेनमा बौध्द पर्यटन विकासको सम्भावना | छत्रराज शाक्य | संस्कृति, साहित्य |
| ४. | २०५५ | Palpa Destination | Capt. RP Pradhan | संस्कृति, सम्पदा |
| ५. | २०५५ | तानसेन पाल्पा एक चिनारी | बुध्दिप्रसाद शर्मा | इतिहास |
| ६. | २०५६ | हाम्रो धार्मिक सम्यक ज्ञानको चिठी | विधानचन्द्र राजभण्डारी | संस्कृति |
| ८. | २०५८ | पाल्पा भगवतीदेवी र मन्दिरको रूप | गृहमान सिंह | इतिहास, संस्कृति |
| ९. | २०५९ | Who is Who | तानसेन गुठी | इतिहास, साहित्य |
| १०. | २०५९ | तानसेनमा मनाइने भदौरे जात्रा | कविन्द्रमान सिंह | संस्कृति, साहित्य |
| ११. | २०६० | वास्तु ज्ञानको महत्त्व | विधानचन्द्र राजभण्डारी | संस्कृति |
| १२. | २०६० | तानसेन गुठी र भगवती जात्रा एक संस्मरण | जगतबहादुर जोशी | संस्कृति, साहित्य |
| १३. | २०६० | कमैया | विजय सागर | साहित्य |
| १४. | २०६० | पाल्पाली करुवाको महिमा | शान्ता शाक्य | इतिहास |
| १५. | २०६० | स्वामित्वको खोजीमा रानीमहल | विजय उदय पाल्पाली | इतिहास |
| १६. | २०६१ | नेवारी भाषा | विजय सागर | भाषा साहित्य |
| १७. | २०६१ | तानसेन मेरो इतिहास पानाबाट | प्रकाश प्रधानाङ्ग | इतिहास, संस्कृति |
| १८. | २०६२ | घर निर्माणको लागि जग्गा छनौट | विधानचन्द्र राजभण्डारी | संस्कृति, साहित्य |
| १९. | २०६३ | वास्तु एवं ज्योतिष शास्त्रका केही बोधगम्य सार | विधानचन्द्र राजभण्डारी | संस्कृति |
| २०. | २०६३ | तानसेन हिजो तानसेन आज | मदन देउराली | साहित्य |
| २१. | २०६४ | हिजोको पाल्पा बसाइ सराइ र पेशा चिनारी | चिरञ्जिवीलाल श्रेष्ठ | इतिहास, संस्कृति |
| २२. | २०६४ | तानसेन नेवाः गुठी | योगेन्द्रमान श्रेष्ठ | इतिहास, संस्कृति |
| २३. | २०६४ | ऐतिहासिक पाल्पा दरवारको पुनःनिर्माण | सरिता मास्के | इतिहास, सम्पदा |

| क्रसं | साल | शीर्षक | लेख | क्षेत्र |
|---|---|---|---|---|
| २४. | २०६५ | मुक्तिनाथ तीर्थयात्रा एक संस्मरण | शुभ श्रेष्ठ | साहित्य |
| २५. | २०६५ | वास्तुवृत्तको अफिस र पसल | विधानचन्द्र राजभण्डारी | संस्कृति |
| २६. | २०६५ | Who is Who | तानसेन गुठी | इतिहास, साहित्य |
| २७. | २०६६ | रुद्र सेनको राज्य तान्सिङ | खिमानन्द आचार्य | इतिहास,सम्पदा |
| २८. | २०६६ | नेवाःभ्वय छत्वाःचा म्हसिका | सरोज शाक्य | संस्कृति,साहित्य |
| २९. | २०६६ | पाल्पा ऋषिकेशःएक चिनारी | तानसेन गुठी | संस्कृति,सहित्य |
| ३०. | २०६६ | शुध्द पानी जीवनको मूल आधार | शिशिरराज कोलाक्षपति | स्वास्थ्य शिक्षा |
| ३१. | २०६७ | पर्यटकीय प्राचीन स्मारक रानीमहल रानीघाट दरबार र संरक्षण | गृहमान सिंह | सम्पदा |
| ३२. | २०६७ | देउरालीलाई फर्केर हेर्दा | मदन देउराली | इतिहास,साहित्य |
| ३३. | २०६७ | समाजसेवी भुयुमान लिगलको जीवनी र योगदान | सर्जुमान लिगल | साहित्य |
| ३४. | २०६८ | देवघाट तीर्थस्थल भ्रमण | शुभ श्रेष्ठ | साहित्य |
| ३५. | २०६८ | तानसेनको विकासको लागि स्थानीय व्यक्तिहरूको भूमिका | प्रा.डा.पुष्पा श्रेष्ठ | सम्पदा,संस्कृति |
| ३६. | २०६८ | तानसेन पर्यटन विकासका अवसर र चुनौतीहरू | प्रा.डा.विनोदप्रसाद श्रेष्ठ | सम्पदा,साहित्य |
| ३७. | २०६८ | समाजसेवी गणेशमान सैंजु | हिमाल कसजु | साहित्य |
| ३८. | २०६८ | नेवार जातिको उत्पत्ति | शान्ता शाक्य | इतिहास,साहित्य |
| ३९. | २०६९ | दोलखा भीमसेन तीर्थयात्रा | शान्ता शाक्य | संस्कृति,साहित्य |
| ४०. | २०६९ | तानसेन गुठीलाई जीवन्त बनाउन आवश्यक | हिमाल कसजु | संस्कृति,साहित्य |
| ४१. | २०६९ | श्री ७ सूर्यविनायक गणेश, टक्सार तानसेनको द्वितीय शतवार्षिकी भव्य जात्रा एक संस्मरण | सुरज बज्राचार्य | संस्कृति,सम्पदा |
| ४२. | २०६९ | तानसेनका दर्शनीय बौध्दविहार एवं स्थलहरू | छत्रराज शाक्य | संस्कृति,सम्पदा |
| ४३. | २०६९ | तानसेन हुँदै लुम्बिनीको तीर्थयात्रा | लोकदर्शन बज्राचार्य | संस्कृति, साहित्य |
| ४४. | २०६९ | Tansen (Timeless Magic of the Countries) | आनन्दप्रसाद श्रेष्ठ | सम्पदा,साहित्य |
| ४५. | २०६९ | जगतबहादुर जोशी परिचय | गृहमान सिंह | साहित्य(जीवनी) |
| ४६. | २०६९ | एक प्रतिवध्द शिक्षक जगतबहादुर जोशी | मोहनमान सैंजू | साहित्य (जीवनी) |
| ४७. | २०६९ | आदर्श शिक्षक जगतबहादुर जोशी | आदित्यमान श्रेष्ठ | साहित्य |
| ४८. | २०६९ | पाल्पाको सांगीतिक नालीबेली | मदन देउराली | इतिहास, संस्कृति |
| ४९. | २०७० | कुशल एक इमान्दार शिक्षकः करुणा प्रसाद प्रधान | गृहमान सिंह | साहित्य (जीवनी) |
| ५०. | २०७० | पर्यटन विकासमा साँस्कृतिक सम्पदाको महत्त्वः सन्दर्भ तानसेनको | शोभादेवी श्रेष्ठ | संस्कृति, सम्पदा |
| ५१. | २०७० | Late Bhuyu Man Ligal: Synonym of Palpa | चिरञ्जीवीलाल श्रेष्ठ | साहित्य इतिहास |
| ५२. | २०७० | मैले देखेको पाल्पाको ऐतिहासिक भगवती जात्रा | राजेश्वर उदय | सम्पदा, संस्कृति |
| ५३. | २०७० | उझाँथाछैँको उद्गम सम्बन्धी एक चर्चा | कृष्णलाल प्रधान | इतिहास, संस्कृति |
| ५४. | २०७० | ओझेलमा गुरुज्यूको दरबार | बुध्दिप्रसाद शर्मा | इतिहास, सम्पदा |
| ५५. | २०७० | तानसेनको नेवारी साँस्कृतिक परम्पराको कुटुरो फुकाउँदा | मदन देउराली | संस्कृति, साहित्य |
| ५६. | २०७० | नेपालको प्रजातान्त्रिक आन्दोलनमा पाल्पाका लेफ्टिनेन्ट प्रतिमान चन्दको भूमिका | विजया के.सी. | इतिहास |
| ५७. | २०७० | तानसेनः मेरो आत्मविश्वास | लक्ष्मी मनराल | साहित्य |
| ५८. | २०७१ | तानसेनमा साहित्यिक गतिविधिः विगत र वर्तमान | वनमाली निराकार | साहित्य |
| ५९. | २०७१ | भक्तपुर राजदरबारका केही दुर्लभ भित्तेचित्रहरू | प्रा.डा. पुरूषोत्तम लोचन श्रेष्ठ | इतिहास, सम्पदा |
| ६०. | २०७१ | पर्यटकीय नगरी तानसेन र पाल्पा सङ्ग्रहालय | अर्चना शाक्य | सम्पदा, संस्कृति |

| क्रसं | साल | शीर्षक | लेख | क्षेत्र |
|---|---|---|---|---|
| ६१. | २०७१ | नेपाल भाषा साहित्य ख्यलय् योगदान ब्यूपिं.......... | ज्ञानकाजी शाक्य | साहित्य |
| ६२. | २०७१ | नेवार जातिका मुख्य मुख्य संस्कारहरू | शोभा श्रेष्ठ | संस्कृति |
| ६३. | २०७१ | नेवारहरूको इतिहास, संस्कृति र परम्पराबारे ........ | शान्ता शाक्य | संस्कृति, साहित्य |
| ६४. | २०७२ | डोलेश्वर तथा इन्द्रेश्वर तीर्थयात्रा भ्रमण | प्रमी श्रेष्ठ | संस्कृति, साहित्य |
| ६५. | २०७२ | तानसेन गुठी भूकम्प राहत कार्यक्रम | नवीन गोविन्द श्रेष्ठ | सम्पदा, इतिहास |
| ६६. | २०७२ | तानसेन गुठी काठमाडौंको आयोजनमा तानसेनमा सम्पन्न कार्यक्रमहरू | सर्जुमान लिगल | सम्पदा, इतिहास, संस्कृति |
| ६७. | २०७२ | श्री ७ सूर्यविनायक गणेश टक्सार | दिलबहादुर शाक्य | सम्पदा, इतिहास |
| ६८. | २०७२ | श्री डोलेश्वर महादेव केदारनाथ | शुभ श्रेष्ठ | साहित्य, संस्कृति |
| ६९. | २०७२ | पाल्पाको साँस्कृतिक इतिहास | मदन देउराली | इतिहास, संस्कृति |
| ७०. | २०७२ | तानसेनमा सम्पन्न २०१६ सालको बृहत् नेपाल भाषा सम्मेलनको एक झलक | प्रकाश प्रधानाङ्ग | इतिहास, साहित्य |
| ७१. | २०७२ | श्री गंगाप्रसाद श्रेष्ठः एक कलाकार एक योध्दा | चैतत्य प्रधान | साहित्य |
| ७२. | २०७२ | पूर्खा खोज्दै जब भक्तपुर पुगें | हिमलाल कसजु | इतिहास |
| ७३. | २०७२ | आकाश छुने साँस्कृतिक धरोहर पाँचतले मन्दिर | ओम धौभडेल | संस्कृति, साहित्य |
| ७४. | २०७२ | चैनपुरका नेवारहरूको धार्मिक तथा साँस्कृतिक परम्परा | दुर्गाप्रसाद शाक्य | संस्कृति, साहित्य |
| ७५. | २०७२ | जनकपुरको धार्मिक र ऐतिहासिक पृष्ठभूमिमा नेवारी संस्कृति र परम्परा | श्याम श्रेष्ठ | संस्कृति, इतिहास |
| ७६. | २०७३ | वर्षै भरि जात्रै जात्रा, चाडै चाड | मदन देउराली | संस्कृति |
| ७७. | २०७३ | तानसेनको टुँडिखेलः यथार्थ परिचय | वनमाली निराकार | इतिहास |
| ७८. | २०७३ | सेनवंशको पहिला राजधानी रिब्दीकोट | निर्मल श्रेष्ठ | इतिहास |
| ७९. | २०७३ | तानसेन हीरापोखरा (हार्थोक) पदयात्रा | वनमालीप्रसाद लाकौल | साहित्य |
| ८०. | २०७३ | ऐतिहासिक तथा पुरातात्त्विक सुन्दर सहरः नाला सहर | प्रा.डा. हरिप्रसाद श्रेष्ठ | साहित्य, सम्पदा |
| ८१. | २०७३ | धीरेन्द्र सरको अभिभावकत्व | प्रा.डा. सावित्री कक्षपति | साहित्य |
| ८२. | २०७३ | सबैकी आमाः पृथ्वी आमा | द्वारिका प्रसाद शर्मा | साहित्य |
| ८३. | २०७३ | तानसेनको धर्मचक्र महाविहार र चूडाकर्म संस्कार | छत्रराज शाक्य | साहित्य, संस्कृति |
| ८४. | २०७४ | नेवारी संस्कृतिका विविध पक्ष र मेरो अनुभूति | वनमाली निराकार | संस्कृति, इतिहास |
| ८५. | २०७४ | नेवा भ्वय् या छुँ खँ | हरिशरण राजोपाध्याय | संस्कृति |
| ८६. | २०७४ | बालसखा मण्डल, तानेस | वनमाली प्रसाद लाकौल | साहित्य |
| ८७. | २०७४ | देवीप्रसाद प्रधानको व्यक्तित्व र सामाजिक योगदान | प्रकाश प्रधानाङ्ग | साहित्य |
| ८८. | २०७४ | मेरो सम्झनाका दाजु जगत बहादुर जोशी | रेणुकादेवी जोशी श्रेष्ठ | साहित्य |
| ८९. | २०७४ | तानसेन गुठी सृजनाको मर्म - मेरो अनुभूतिमा | क्या.रवीन्द्रप्रसाद प्रधान | साहित्य, संस्कृति |
| ९०. | २०७४ | अल्जाइमर्स डिजीज | करूणा गोविन्द श्रेष्ठ | स्वास्थ्य साहित्य |
| ९१. | २०७४ | The Best Thing I Ever Did | Vicki Ritschard | इतिहास |
| ९२. | २०७४ | राजकुमारी प्रधान- एक कर्मठ नेतृ | शोभा श्रेष्ठ | साहित्य |
| ९३. | २०७५ | रजत महोत्सवको उपलक्ष्यमा तानसेन भगवती जात्रा दर्शन यात्रा कार्यक्रम | सर्जुमान लिगल | संस्कृति, सम्पदा |
| ९४. | २०७५ | बज्रयोगिनी शालीनदी, माधव नारायण तीर्थयात्रा | राजु प्रधान | संस्कृति |
| ९५. | २०७५ | तानसेन गुठी रजत महोत्सव (२०७४–०७५) सम्म आइपुग्दा | शान्ता शाक्य | इतिहास, संस्कृति |
| ९६. | २०७५ | रजतजयन्ती मनाउँदै तानसेन गुठी | डा. मोहनमान सैंजू | इतिहास, संस्कृति |
| ९७. | २०७५ | श्रीनगरस्थित सिध्दि विनायक तथा सेन पौवा | शोभा शाक्य | इतिहास, सम्पदा |

| क्रसं | साल | शीर्षक | लेख | क्षेत्र |
|---|---|---|---|---|
| ९८. | २०७५ | के अरनिको पाल्पाली थिए ? | हिमाल कसजू | इतिहास, साहित्य |
| ९९. | २०७५ | रौनकविहीन हुँदैछन् तानसेन जात्राहरू | मदन देउराली | इतिहास, संस्कृति |
| १००. | २०७५ | Nineteenth Century Palpa Tansing | डा.चिरञ्जीवीलाल श्रेष्ठ | इतिहास |
| १०१. | २०७५ | अयोध्याप्रसाद प्रधानको बौध्दिक व्यक्तित्व, योगदान | प्रकाश प्रधानाङ्ग | इतिहास, साहित्य |
| १०२. | २०७५ | गुरु कवि कुलमणि देवकोटाको सम्झना | रेणुकादेवी श्रेष्ठ | इतिहास, साहित्य |
| १०३. | २०७५ | नेपालको ताजः रानीमहल पाल्पा सेरोफेरो | पुरनबहादुर शाक्य | इतिहास, सम्पदा |
| १०४. | २०७५ | मा. कवीन्द्रमान सिंहः जीवनी व्यक्तित्व र कृतित्व | चैतन्य प्रधान | इतिहास, साहित्य |
| १०५. | २०७५ | जनरल खड्ग शम्सेर र पर्यटकीय गन्तव्य रानीघाट दरबार | निर्मल श्रेष्ठ | इतिहास, सम्पदा |
| १०६. | २०७६ | गुठी नवयुवा 'अभिमुखीकरण' कार्यक्रम | मनिस श्रेष्ठ | साहित्य |
| १०७. | २०७६ | तानसेनको समग्र क्षेत्रको विकास निर्माण छलफल | जीवनज्योति बज्राचार्य | साहित्य, सम्पदा |
| १०८. | २०७८ | वाङमय शताब्दी पुरुष तथा वरिष्ठ संस्कृतविद् सत्यमोहन जोशी | प्रमी श्रेष्ठ | संस्कृति |
| १०९. | २०७८ | पाल्पाको सम्झना | सत्यमोहन जोशी | इतिहास |
| ११०. | २०७८ | तीर्थयात्रा कार्यक्रम | निलम गोंगल | संस्कृति, साहित्य |
| १११. | २०७८ | पाल्पा तानसेन टक्सार पर्यटन महोत्सव | दिपेन्द्रमान थैव | सम्पदा, संस्कृति |
| ११२. | २०७८ | भगवानले पटकपटक बचाएको कोरोनायुक्त मान्छे | सर्जुमान लिगल | साहित्य |
| ११३. | २०७८ | समाजसेवी राधा भारती | रेणुकादेवी श्रेष्ठ | साहित्य |
| ११४. | २०७८ | तानसेन गुठीको उन्नयन | सुरेन्द्र लोहनी | साहित्य |
| ११५. | २०७८ | डा. महेन्द्र प्रसाद प्रधानको व्यक्तित्व  र योगदान | प्रकाश प्रधानाङ्ग | साहित्य |
| ११६. | २०७८ | सानो तानसेनभित्र ठूलो सहर छ | वनमाली निराकार | कविता |
| ११७. | २०७८ | परित्यक्त पाल्पा | भागवत ढकाल | इतिहास, साहित्य |
| ११८. | २०७९ | तीर्थयात्रा कार्यक्रम | राजु प्रधान | संस्कृति |
| ११९. | २०७९ | स्रष्टा परिचय | शान्ता शाक्य | साहित्य |
| १२०. | २०७९ | रानीमहल महिला बिच भलिबल प्रतियोगिता | सर्जुमान लिगल | पर्यटन साहित्य |
| १२१. | २०७९ | श्यामकृष्ण  मल्लः एक व्यक्तित्व | चैतन्य प्रधान | साहित्य |
| १२२. | २०७९ | तानसेन नगरपालिकाको अबको बाटो | सन्तोषलाल श्रेष्ठ | सम्पदा |
| १२३. | २०७९ | तानसेन गुठीमा महिला सहभागिता | शोभा श्रेष्ठ | संस्कृति, साहित्य |
| १२४. | २०७९ | तानसेन | शान्ता शाक्य | कविता |
| १२५. | २०७९ | हाम्रो मनमस्तिष्कमा बाँचिरहनु भएका  श्यामदाइ | शम्भु श्रेष्ठ | इतिहास |
| १२६. | २०७९ | पाल्पा तानसेनका नेवार समुदाय र त्रयी स्रष्टाहरू | विजय सागर | संस्कृति, साहित्य |
| १२७. | २०७९ | उपत्यका बाहिर बसोबास गर्ने नेवारहरूमध्ये पाल्पाली नेवार | हिमाल कसजू | संस्कृति, साहित्य |
| १२८. | २०७९ | संस्कृति र साँस्कृतिक जीवनचर्चा | प्रा.डा. सावित्री कक्षपति | संस्कृति, साहित्य |
| १२९. | २०७९ | उँभो लाग्न नसकेको तानसेनको पर्यटन | मदन देउराली | सम्पदा, साहित्य |
| १३०. | २०७९ | भुयुचति हाःगु चाः | ज्ञानकाजी शाक्य | संस्कृति |
| १३१. | २०७९ | हुलाक टिकटमा पाल्पा र पाल्पाली व्यक्तित्व | नवीन गोविन्द श्रेष्ठ | सम्पदा, साहित्य |
| १३२. | २०७९ | तानसेनको सरकारी अस्पतालमा पहिलो महिला डाक्टर | जयन्ती श्रेष्ठ | इतिहास, साहित्य |
| १३३. | - | तानसेन र पर्यटन | देवेन्द्रनाथ गोंगल | साहित्य |
| १३४. | - | तानसेन मेरो आठदशकको यात्रामा | क.दशरथमान सिंह | इतिहास |
| १३५. | - | तानसेन भगवती जात्रा (अंग्रेजी) | आनन्दप्रसाद श्रेष्ठ | इतिहास, संस्कृति |
| १३६. | - | तानसेन श्रीनगर एक ऐतिहासिक स्थल | डा.चेतबहादुर कुँवर | इतिहास, सम्पदा |
| १३७. | - | दशैंको नवदुर्गा भवानी पूजाविधि | डा. महेन्द्रप्रसाद प्रधान | संस्कृति |

**५. तानसेनको संस्कृति, सम्पदा, इतिहास, कला, संगीत र साहित्य**

नेवारी सभ्यता र परम्परा एवं नेपाःभाषा हिन्दु तथा बौध्द संस्कारसँग सम्बन्धित रीतिरिवाज, जात्रा तथा पर्वहरू तानसेनको मूल संस्कृति हो । शीतलपाटी, मूलढोका, मन्दिर र विहारहरू, रानीघाट दरबार, गुरुज्यूको दरबार, पुराना मठमन्दिर पाटीपौवा तानसेन, श्रीनगर, हाम्रा पुर्खाका पौरखहरू तानसेनका इतिहास हुन् । करूवा तथा काँसका सामग्रीहरू, कलात्मक मन्दिरहरू, हस्तकला, चित्रकला, वास्तुकला, ढाका उत्पादनहरू हाम्रा कला हुन् । जात्रा पर्व तथा नवदुर्गामा गाइने भजन तथा बजाइने रागहरू, धिमेबाजाहरू, मन्दिरका शंख, घण्ट तथा नगराहरू तानसेनका संगीतहरू हुन् । नेपाल तथा नेपाः भाषामा लेखिएका महत्त्वपूर्ण ग्रन्थ तथा दस्तावेजहरू हाम्रा साहित्य हुन् । राजा पृथ्वीपाल सेन, छविलाल नेपाल, अयोध्याप्रसाद प्रधान, अम्बिका प्रसाद लाकौल, माधव प्रसाद देवकोटा, कुलमणि देवकोटा, जगतबहादुर जोशी, कवीन्द्रमान सिंह आदि राष्ट्रिय रूपमै चर्चित तानसेनका साहित्यकारहरू हुन् । उल्लेखित संस्कृति / सम्पदा / इतिहास / कला / संगीत र साहित्यले तानसेनको व्यापीकरणका लागि महत्वपूर्ण कार्य गर्दै आएका छन् ।

**६. तानसेन गुठी / चिनारीका विशेषताहरूः**

(क) तानसेन गठीको वार्षिक गुठीपूजा ऐतिहासिक, उदाहरणीय एवम् विलोकनीय रहेको छ ।

(ख) वार्षिक भेला र क्रियाकलाप रहरलाग्दा छन् । भेलाबाट नवीनतम नेतृत्वकर्ता र समन्वयकर्ता जन्माउन पक्ष सुन्दर छ ।

(ग) गुठीका कार्यक्रमहरू उद्देश्यमुखी एवंम् उपलब्धीपूर्ण रहेका छन् ।

(घ) आर्थिक रूपमा सवलीकरण र पारदर्शितामा अब्बल रहेको छ ।

(ङ) विभिन्न अक्षयकोष स्थापना, व्यवस्थापन, परिचालन र सहयोगमा निरन्तरता रहेको छ ।

(च) छात्रवृत्ति / पुरस्कार / सम्मान / अभिनन्दन / रथारोहण कार्यमा पहिचान सहित निरन्तरता प्रदान गर्दै आएको छ ।

(छ) तानसेनको सर्वाङ्गिण विकासका लागि प्रतिवध्द रहँदै आएको छ ।

(ज) निरन्तर नियमित रूपमा चिनारी वार्षिक सङ्गालो प्रकाशन गरेको छ ।

(झ) चिनारी र तानसेन पर्यायवाची रहेको छ । किनकी चिनारीभित्र क्रमिक रूपमा सम्पूर्ण तानसेनको परिचय रहेको छ ।

(ञ) धार्मिक, साँस्कृतिक एवं तीर्थयात्रा कार्यक्रमको व्यापीकरण गर्नुका साथै जेष्ठ नागरिकलाई सम्मान र अभिनन्दन गर्दै आएको छ ।

(ट) नेवारी सभ्यता, परम्परा, संस्कार, भाषा, कला, साहित्य र इतिहासको लिपिवध्द रूपमा दस्तावेज, प्रचार एवं प्रसार कार्यक्रम तीव्रता पाएको छ ।

(ठ) चिनारीले उदियमान, क्रियाशील, स्थापित र प्रतिष्ठापित लेखक / स्रष्टा / साहित्यकारहरूलाई पहिचानसहित स्थान दिएको छ ।

(ड) चिनारीले अग्रजलाई सम्मान र अनुजलाई स्थान दिंदै आएको छ ।

(ढ) चिनारीभित्र स्रष्टा परिचय, व्यक्तित्व परिचय, जन्मभूमिदेखि कर्मभूमिसम्मका कर्मवीरहरूको परिचय दिइएको छ ।

(ण) चिनारीले पाल्पा तानसेनसँग सम्बन्धित नेवारी संस्कृति र इतिहासको परिचयका साथै बाहिरी जिल्लाका नेवारी सभ्यताको समेत परिचय दिंदै आएको छ ।

(त) महिला सशक्तीकरणमा जोड दिई नेवार समुदायका महिलाहरूलाई अग्रगामी यात्रातर्फ प्रोत्साहन गरेको छ ।

(थ) गुठीद्वारा गैर-नेवारहरूका बालबालिकाहरूलाई समेत शैक्षिक छात्रवृत्ति मार्फत प्रोत्साहन गरेको छ ।

(द) गैर-नेवार लेखक / स्रष्टाहरूलाई समेत चिनारीमा स्थान दिएको छ ।

(ध) तानसेनका समाचारहरू र विद्यार्थीका भावनाहरूले समेत स्थान पाएका छन् ।

(न) गुठी रजत महोत्सव मनाउन सफल भएको छ ।

(प) नेवाः भ्वय नेपाः भाषा नेवारी कला र संस्कारको विस्तारीकरण गर्नमा क्रियाशील रहँदै आएको छ ।

(फ) पुराना दस्तावेज, सामग्री स्रोतहरू र ऐतिहासिक तस्विरहरूको संग्रह प्रकाशन गरी तानसेनका धरोहरहरूलाई जीवन्त राखेको छ ।

(ब) श्री ७ रणउजीरेश्वरी भगवतीको सम्मान र आराधना स्वरूप काठमाडौंमा भगवतीको प्रतिमूर्ति स्थापित गरी पूजा गर्दै आएको छ ।

(भ) भाषा, कला, संस्कृति, सम्पदा, इतिहास र साहित्यको माध्यमद्वारा तानसेनको संरक्षण, सम्वर्ध्दन र प्रवर्ध्दनसहित व्यापीकरण गर्दै आएको छ ।

**समापन**

तानसेनको चिनारीः साहित्य र संस्कृति विषयक अन्तक्रिया पत्र सीमित स्रोत सामग्री र कम समयको बावजुद तयार गरिएको हो। चिनारीमा प्रकाशित साहित्य, संस्कृति, सम्पदा र इतिहासका विषयवस्तुहरूलाई मात्र आधार लिई जानकारीमूलक ढंगले अन्तरक्रियात्मक छलफलका लागि प्रस्तुत गरिएको हो। यसमा समावेश गर्न नसकिएका शिक्षा, स्वास्थ्य, पर्यटन, अर्थ, विकास, योजना, कृषि उत्पादन, चित्राङ्कन, सामाजिक एवं विविध पक्षका गतिविधिहरूलाई आगामी दिनमा प्रस्तुत गर्नेछौं। प्रस्तुतिको क्रममा त्रुटिहरू हुन गई कमी कमजोरी रहेमा हामी क्षमा याचना गर्दछौं।

तानसेन गुठीको क्रियाकलाप र चिनारी प्रकाशनले निरन्तरता पाइनै रहोस्। सरोकारवालाहरू एवं सम्बन्धित विज्ञहरूको भेला गराई तानसेन सम्बन्धी अन्तरक्रियात्मक छलफल भई नै रहोस्। जन्मभूमि पाल्पा र कर्मभूमि बुटवलको पनि गुठी अझै क्रियाशील रहोस्। गुठीका हरेक क्रियाकलापहरू हस्तान्तरण र पुस्तान्तरण हुँदै जाओस्। चिनारीको प्रकाशन अझ शोध, खोज, सोंच र ओजपूर्ण निरन्तर भइरहोस्। तानसेनको प्रतीकको रूपमा तानसेन गुठी र तानसेनको दस्तावेजको रूपमा चिनारी रहिरहोस्। अतः गुठी स्थापना जति महत्त्वपूर्ण छ, त्यति नै महत्त्वपूर्ण पाटो चिनारी प्रकाशनमा रहेको छ। अन्तमा तानसेन गुठीका पूर्व अध्यक्ष शान्ता शाक्यलाई विशेष धन्यवाद। गुठीका अध्यक्ष निलम गोंगल सहित तानसेन गुठीलाई साधुवाद!

(प्रस्तुत अन्तक्रिया पत्र शान्ता शाक्य, राजेन्द गोपाल सिंह र पुष्कर अथक रेग्मीसँग भएका तानसेन गुठीको प्रकाशन चिनारीका विभिन्न अंकहरूको आधारमा तयार पारिएको छ।)

१८ चैत२०७९ पाल्पा (प्रस्तुतिः काठमाडौं)



# नमन्! नमन्! नमन्!

**प्राज्ञ बेटी बज्राचार्य**

अजम्बरी नीलो क्षितिज
अनन्त भित्रको रहस्यमय पिण्डहरू
अन्वेषकहरूकै मस्तिष्क भित्र खेलिरहने हुत्हुती
ग्रह नक्षत्र भित्रकै बुझी नसकिने उनकै व्यथा कथा
छताछुल्ल भैरहने पृथ्वीका धरातलका आफ्नै संसार
हौं हामी मान्छे जाति ढुङ्गेयुगबाट आजसम्म आईपुग्दा
सर्वशक्तिमान हरक्षेत्र भित्र अद्वितिय हामी मान्छे
त्यो युग आजको युग पन्ना पन्ना भित्रका शौभाग्यमान
ईतिहासका अक्षरहरू
हाम्रै धरोहर, हाम्रै गौरवशाली, सनातन धर्म र कर्म
हाम्रा कला संस्कृति हाम्रै संस्कार भित्र गुजिरहेका
चारजात छत्तिस वर्णका हामी नेपाली
हौं सुन्दर शान्त नगरी तानसेन कै
निसान धारा नजिकै घरभित्रै सात दशक अघि
एउटा शिशुको च्याँ च्याँ गुञ्जयमान प्रथम मातृत्वका अनुभव
भित्र
आमाको हँसिलो आँसुसँग जन्म लिएका
आज योध्दाको सिँढी चढ्दै भन्दै आफ्नै नगरीका हर
नागरिकलाई
मेरो जन्मभूमि महान नगरी तानसेन नमन्! नमन्!नमन्!
होला कथा व्यथा सबैको जन्म लिएपछि हर मान्छेको
होला दुखः सुखः प्रक्रिया सबको भोग्नु पर्ने नियति हर मान्छेको
कोही चाँदीको चम्चा जन्ममा नै मुखमा रे
कोही आफ्नै न्यानो आमाको काखमा छैन अन्न त्यो घरमा रे
हर मान्छे आफ्नै आफ्नै कर्मका सिपाही
जन्मे व्यापारी घरमा चिन्दथिए धार्मिक क्षेत्र, सामाजिक क्षेत्र
हुँदै राजनैतिक क्षेत्रमा पनि परिवारका एक सदस्य आज पाएँ
कर्मक्षेत्र कान्तिपुर नगरीभित्रकै बने शाक्यबाट म बज्राचार्य!
गर्दै अभिवादन उपस्थित मान्यजन सबै सबैमा दुई शब्द
आत्मासाक्षी राखी आफ्ना जनहरूकै समक्ष एउटा प्रार्थना
पस्कँदै चिरकाल देखिको ईच्छा
हाम्रा राष्ट्र निर्माताको एउटा शालिक स्थापित गर्ने....।
प्रेरणा प्राप्त गर्नेछौं हामीले..........एकता !एकता ! एकता !
कविताञ्जली यहीं हजुरहरूकै करकमलमा अर्पित गर्दै सुनाएँ
गद्गद् हुँदै
प्रार्थना छ गर्दै मान्यजन समक्ष यही मेरो थयो निवेदन
पुनः नमन्! नमन्! नमन्!

*(गुठीको साहित्यिक कार्यक्रममा वाचन गरिएको)*



# पाल्पाली अग्रणी नारी प्रतिभा
# प्रकाश प्रधानाङ्ग



**शान्ता शाक्य**
पूर्व अध्यक्ष, तानसेन गुठी, काठमाडौं

पाल्पाका नारी साहित्यकारहरूमा नेपालभाषा साहित्यको चर्चा गर्दा पाल्पाली चेली प्रकाश प्रधानाङ्गको नाम अग्रस्थानमा आउँछ । यस क्षेत्रको साहित्यिक श्रीवृद्धिमा उहाँको योगदान उल्लेखनीय एवं अतुलनीय छ । जीवनको साढे चार दशक पार गरेर पनि साहित्य साधनामा निरन्तर तल्लीन उहाँको व्यक्तित्व अत्यन्त प्रशंसनीय रहेको छ । मुख्यत: नेपाल भाषामा उहाँको कलम निरन्तर अगाडि बढ्नुको कारण वहाँमा भएको तीक्ष्ण स्मरणशक्ति, जीवन भोगाइका अनुभव, दक्षता र प्रतिभाको प्रतिफल मान्नुपर्दछ । साँच्चै भन्नुपर्दा उहाँलाई लेखनमा उमेरले कहिल्यै छेकेन । उहाँ मानसिक ऊर्जाशील व्यक्तित्व हुनाले स्वास्थ्यको कारणले केही कठिनाइको सामना गर्नुपरे तापनि त्यसलाई पराजित गर्दै लेखन र प्रकाशनमा निरन्तर लागिपर्ने स्रष्टा हुनुहुन्छ । उहाँको लेखन तर्फको जाँगर, क्रियाशीलता र कर्मशीलता अत्यन्त प्रशंसनीय रहेको छ । उहाँ नेपालभाषा साहित्यको उन्नयनमा उल्लेखनीय योगदान पु-याउने अनवरत कर्मशील पाल्पाली नारी स्रष्टा हुन् ।

## पारिवारिक पृष्ठभूमि

प्रशंसनीय प्राकृतिक, सांस्कृतिक, शैक्षिक, धार्मिक एवं ऐतिहासिक दृष्टिकोणले प्रसिद्ध पाल्पा जिल्लाको तानसेनमा माता लक्ष्मी प्रधान तथा पिता देवी प्रसाद प्रधानको कोखबाट वि.सं १९९४(ने. सं. १०५८) रामनवमीका दिन उहाँको जन्म भएको हो । उहाँका जुजुबाजेलाई राणा कालमा 'सेठ' पदवी दिइएको थियो । उहाँ समृद्ध र ठूलो परिवारमा हुर्कनु भएको थियो । पिताका तीन छोरापछि छोरी जन्मेकीले र छोरीको चाहना पूरा भएकोले उहाँको नाम प्रकाश राखिएको थियो । घरमा लक्ष्मी भित्रिएको घरलाई उज्यालो बनाई खुसी भरिदिएको कारणले उक्त नाम रहन गएको भनिएको छ । उहाँका १० सन्तानमध्ये ३ दाजु ३ बहिनी र ३ भाइहरू छन् । उहाँको विवाह तेह्रथुमका डा. कृष्णभक्त प्रधानाङ्गसँग वि. सं. २०१८ मा भएको हो । विवाह पश्चात् उहाँको साहित्यिक नाम 'प्रकाश प्रधानाङ्ग' नै रहन गयो । उहाँको प्रारम्भिक शिक्षा आफ्नै माइलाबुबा अयोध्या प्रसाद प्रधानबाट भएको हो । उहाँ घरपरिवारका सदस्यहरूसँग नजिकैको आनन्द विहारमा जाँदा शील प्रार्थना गर्ने, धर्मदेशना सुन्ने, बौध्द भिक्षु, गुरूमाहरूसँगको संगत, प्रथम गुरू सुदर्शन भन्तेबाट प्रेरणा प्राप्त गरी आई. एड. सम्मको शिक्षा हासिल गर्नुभयो । सुरुमा कक्षा ६ देखि ८ सम्म मोहनकन्या हाइस्कुलमा र गोरखपुर हाइस्कुलबाट एस. एल.सी. उत्तीर्ण गर्नुभएको थियो ।

## साहित्यिक व्यक्तित्व

प्रकाश प्रधानाङ्ग मूलतः नेपालभाषा साहित्य क्षेत्रका वरिष्ठ साहित्यकार हुन् ।साहित्यका विविध विधा जस्तै नाटक, निबन्ध,

आत्मकथा, कथा आदिमा कलम चलाउनु हुने प्रतिभाशाली नारी प्रतिभा हुन्। कथा विधामा प्रसिध्दि पाएका उहाँको साहित्यिक यात्रा वि.सं. २०१३ 'धर्मोदय' पत्रिकामा प्रकाशित 'प्रतिज्ञा' कथाबाट भएको हो भने वि.सं. २०२० 'मस्याङ्पा' कथासंग्रह पुस्तकका रूपमा प्रकाशित पहिलो कृति हो। वि.सं २०१७ मा 'कलाकार' नाटक लेखेर तानसेनमा मञ्चन पछि वि. सं. २०५४ मा उक्त नाटक प्रकाशित भएको थियो। वि.सं.२०६० मा'"लुफिं' कथासंग्रह, २०६३ मा अपवाद कथा संग्रह,'"प्रतिज्ञा' कथा संग्रह (ने.सं. ११२७) आत्मप्रकाश (ने.सं. ११३०) भाग १, २०७३ मा भाग २, मस्याङ्पा (२०७५), नमेटिएका स्मृतिका छालहरू (२०७३), आस्थालाई चिठी (पत्र साहित्य २०७३) माया पौ काय्यात (पत्र साहित्य २०७५), उहाँ म अनि हाम्रो सहयात्रा (२०७८), प्रेरणाका स्रोत सुदर्शन भन्ते (२०७९) गरी फुटकर रचना बाहेक विभिन्न विधाका १६ पुस्तक नेपाल भाषा तथा नेपाली भाषामा प्रकाशित गरी महत्त्वपूर्ण एवं उल्लेखनीय योगदान पु-याउनुभएको छ।

प्रधानाङ्ग नेपाल भाषामा नाटक तथा आत्मकथा लेख्ने प्रथम महिला लेखकका रूपमा प्रतिस्थापित हुनुभएको छ। जीवनमा आफूले भोगेका र देखेका सुखदुःख, घटना दुर्घटना आदिलाई विषयवस्तु बनाएर त्यसको जीवन्त रूपमा अत्यन्त सरल एवं सहज भाषाका माध्यमबाट त्यसलाई आफ्नो स्मरणले भ्याएसम्म हुबहु रूपमा चित्रात्मक शैलीमा प्रस्तुत गर्नु उहाँको प्रमुख विशेषता रहेको छ।

बौध्द दर्शन, वर्गीय चेतना, नारीवादी चेतना, सामाजिक एवं राजनैतिक चेतनालाई पनि उहाँले सशक्त रूपमा अभिव्यक्त गरिएको पाइन्छ। उहाँका कृति पढ्दा पाठकलाई आफूसँगै डो-याएर लानसक्नु अर्को खुबी मान्नुपर्छ। एक एक पल, स्थानलाई टिप्न सक्नु, त्यसलाई रोचक ढंगले अगाडि बढाउन सक्नु र पढ्दा नसकुन्जेल छोड्न मन नलाग्नु उहाँमा भएको अद्वितीय प्रतिभाको प्रतिफल मान्न सकिन्छ।

## साहित्यिक व्यक्तित्व

प्रकाश प्रधानाङ्ग साहित्यिक व्यक्तित्वले मात्र धनी नभईकन विभिन्न क्षेत्रसँग सम्बन्धित व्यक्तित्वको उल्लेख गर्नु पनि अत्यन्त सान्दर्भिक हुन आउँछ। जीवनमा उकाली ओराली पार गर्दै अनेक अनुभव समेट्नु भएका उहाँले आफ्ना रचनाहरूमा जीवन्त रूपमा उतार्नु भएको छ भने अर्कोतिर शिक्षण पेसालाई पनि अगाडि बढाउनुभयो। स्वयम्सेवकका रूपमा ६ महिना स्कुलमा पढाउनुभएको थियो भने वि.सं. २०१३ मा आमाको देहवसान पछि भाइबहिनीहरूको अभिभारा बहन गर्नुपरेकोले त्यसलाई निरन्तरता दिनसक्नु भएन। पछि २०१४ मा नियुक्ति पत्रसहित कन्यास्कुलमा पढाउनुभयो। २०१४ साल देखि २०१७ साल बीच पढ्ने, पढाउने र लेख्ने कार्यमा क्रियाशील रहेको देखिन्छ। कक्षा १ देखि 'नेपालभाषा वर्णमाला' लेख्नुभयो। पछि ९ – १० कक्षामा इच्छाधीन नेपालभाषा पढाउने काम पनि गर्नुभयो। श्रीमान्‌को जागिरको सिलसिलामा अनेक जिल्लामा जानुपर्ने, बालबच्चा हुर्काउनुपर्ने र पछि काठमाडौंमै बस्नुपर्ने भएपछि पढाउने इच्छालाई पूरा गर्ने प्रयासस्वरूप तारिणी प्राथमिक विध्यालयमा सरकारी स्कुलमा नियुक्त हुनुभई वि. सं. २०३२ देखि निरन्तर २६ वर्षसम्म अध्यापन गर्नुभयो। उहाँले साहित्यिक क्षेत्र सँगसँगै पेसागत जीवनलाई पनि इमान्दारिताका साथ निभाउनुभयो।

## सामाजिक व्यक्तित्व

सामाजिक प्राणी हुनाले समाजसँग आबद्ध रही सानैदेखि समाजसेवा गर्नुपर्छ भन्ने भावना प्रकाश प्रधानाङ्गमा रहेको देखिन्छ। अभिभावकहरूसँग विहारमा गई धर्मदेशना सुन्ने, गुरुमाहरूसँगको सानिध्यता र सङ्गतले गर्दा सामाजिक एवं धार्मिक कार्यक्रमहरूमा सहयोग गर्ने र, सहभागी हुने गरेको देखिन्छ। जुनकीरी संघमा सदस्य भई विभिन्न कार्यक्रममा सहभागी हुनेदेखि श्रीमान्‌को कार्य सिलसिलामा जहाँ गए पनि आफूले सक्दो साथ र सहयोग गर्ने हुनाले उहाँ एक शिक्षित विवेकशील, संवेदनशील, कुशल गृहिणी, सहयोगी, सक्षम र क्रियाशील उदाहरणीय एवं प्रेरणादायी व्यक्तित्वका रूपमा प्रतिस्थापित हुनुभएको छ। आफ्नो परम्परागत सामाजिक संस्कार र संस्कृतिलाई आत्मसात् गर्नुका साथै बौद्ध धर्ममा पनि विशेष श्रद्धा र आस्था राख्ने उपासिका हुन्। दुःखीहरूमाथि करुणा भाव राख्ने, सक्दो सहयोग गर्ने प्रवृति हुनाले उहाँ धेरैका प्रिय पात्र हुनुहुन्छ। वहाँ सकुञ्जेल विभिन्न विहारमा जाने, भोजनदान, आवश्यक दान गर्ने, बौद्ध संस्कारलाई मन पराई पालनागर्दै आइरहनुभएको छ।

बुटवलमा बस्दा विहारमा जाने र भन्ते गुरुमाहरूसँग सत्संगत गर्ने हुनाले गुरूमाहरू र अन्य उपासिकाहरूसँग मिलेर उहाँले 'कथिकोदक' संस्था खोली अध्यक्ष भई काम गर्नुभयो। साथै पाल्पा तानसेनमा पनि सोही संस्था बनाउनुभयो।

उहाँलाई सामाजिक, धार्मिक एवं सामाजिक क्षेत्रमा अभिप्रेरित गर्ने व्यक्तित्व बौद्ध विद्वान् भिक्षु सुदर्शन हुनुहुन्थ्यो । कथा लेखन र वाचनदेखि हरेक क्रियाकलापमा प्रेरणा दिने हुनाले सुदर्शन भन्तेद्वारा लिखित 'सुप्रिया' नाटक (२०१६) नेपाली भाषामा उहाँले अनुवाद गर्नुभएको थियो भने कन्या स्कुलको प्राङ्गणमा मञ्चन पनि गरिएको थियो। सुरुमा पत्र लेख्न सिकाउँदा सिखाउँदै पछि कथा लेखनमा अग्रसर रहेको कुरा गुरु भन्ते सुदर्शनबाट अभिप्रेरित भएकाले भन्तेलाई उहाँले दाजु, गुरु र प्रेरणाका स्रोत मानेका छन् । गुरुको देहवसान पछि उहाँको गुण र योगदानको स्मरण गरी आफ्नै अध्यक्षतामा ने.सं.११२५ मा प्राज्ञिक र साहित्यिक कार्य अगाडि बढाउने उद्देश्यले 'भिक्षु सुदर्शन लुमन्ति पुचः' स्थापना गर्नुभयो ।

**निष्कर्ष**

नेपाल भाषा साहित्य क्षेत्रका वरिष्ठ कथाकार एवं प्रथम नारी नाटककार प्रकाश प्रधानाङ्गको नेपाल भाषा तथा नेपाली भाषा साहित्यको क्षेत्रमा पु-याउनु भएको अतुलनीय योगदानको उच्च कदर गरी उहाँलाई विभिन्न संघसंस्थाबाट सम्मान र पुरस्कारबाट सम्मानित एवं पुरस्कृत गरिएको छ । उहाँ तानसेन गुठी काठमाडौँ (२०६८) लगायत नौ संघसंस्थाबाट सम्मानित तथा 'इन्द्रपद्म स्मृति पुरस्कार' (२०७२) लगायत अन्य ४ संघसंस्थाबाट पुरस्कार प्राप्त गर्नुभएको छ ।

उमेरले साढे चार दशक नाघिसक्नु भएका प्रधानाङ्ग जीवनको उत्तरार्धसम्म पनि निरन्तर कमल अगाडि बढाइरहने सक्रिय, ऊर्जाशील प्रेरणाका स्रोत व्यक्तित्व हुनुहुन्छ । यस्तो उमेरमा पनि उहाँ साना भन्दा साना घटनाहरूलाई हुबहु स्मरण गरी यथार्थ घटना र विषयलाई टपक्क टिपी अत्यन्त सरल, स्वाभाविक र रोचक तरिकाले प्रस्तुत गर्नुहुने प्रशंसनीय पाल्पाली नारी प्रतिभा हुन् । मातृभाषाप्रति अगाढ स्नेह राख्ने, लेखनमा नथाकिकन निरन्तरता दिने, शारीरिक अस्वस्थतालाई पर्वाह नगर्ने क्रियाशील, ऊर्जाशील एवम् प्रेरणाका स्रोत हुनुहुन्छ- पाल्पाली वरिष्ठ साहित्यकार प्रकाश प्रधानाङ्ग ।



### नेपालभाषा म्वाकेनु (माभासं खं ल्हायनु, मा भाषं च्वयेनु)

# फुइँफाँय्या यात्रा, क्या जात्रा !



ज्ञानकाजी शाक्य

**लण्डन**

थ्व नं वि.सं. २०२८ सालया अमेरिकाय् तालिम कयाः नेपाः लिहां वयाबले बेलायत व फ्रान्से जिपिं ट्रान्जिट पेसेन्जरया रूपय् च्वनागु बेलाया खँ खः। अमेरिकाय् पासापिंसं ला धाःगु खः यूरोप चाःह्यू वनेबले न्हापांतुं होटल वा थः बाय् च्वनेगु थाय्या व्यवस्था पक्का यायेमाः। जि ला उबले २८ दँ क्यंम्ह ल्याय्म्ह हे जुल, सहयात्री पासा गोपालमान जि स्वयां भतिचा थकालि। जिमिगु युरोप चाःहिलेगु प्रोग्राम न्हापांतुं तये जूगु मखु; ट्रान्जिट पेसेन्जरया रूपे चाःहिले खनीगु मौकाया सदुपयोग जक जिमिसं याये त्यनागु। का खल्तिइ डलर गाक्कं दु, बेलायत फ्रान्स न्ह्यात्थाय् वंसां बाय् च्वनेत थाकुइ मखु धैगु जिमि ल्याय्म्हबलेया फुइँ धायेमाल। फुइँ छाय् धायेमाःगु धाःसा बास्तविकतानाप तापागु खँयात थुइके मफु, भतिभाति ध्यबा दत धायेव थःत कुबेर सम्झे जुइगु ताल जिमिके पिहांवःगु जुयाः।

२१ फेब्रुअरी १९७२ (९ फागुन २०२८) कुन्हु जिमिसं न्यूयोर्कया केनेडी एयरपोर्ट त्वःताः अमेरिकायात 'बाइ ! बाइ !' याना। थुबले अमेरिकी समय अनुसार बहनीसिया ८ बजे जुयाच्वंगु खः। कन्हेकुन्हु सुथय् अंग्रेजी समय अनुसार ७:५० बजे बेलायतया हिथ्रो विमानस्थले जिपिं कुहांवया। जिमिगु सामानत विमानस्थलया लकर (Locker) य् स्वथना। वि.ओ.ए.सी. (B.O.A.C.) या नितँ जाःगु बस (Double decked bus) य् च्वनाः भिक्टोरिया टर्मिनले कुहांवया। दृश्यावलोकन याकीगु बस (Sight-seeing bus) गयाः ११ बजेनिसें १ बजेतक्क लण्डनया नांजाःगु थाय्त स्वःवना— वेष्ट मिनिष्टर ताँ (Westminster bridge), थेम्स नदी (Thames River), संसद भवन (Parliament House), बेलायतया प्रधानमंत्रीया निवास (10 Downing Street), ट्राफलगर चोक (Trafalgar Square), बकिंगघम राजदरवार (Buckingham Palace), हाइद पार्क (Hyde Park) आदि।

ताःहाकःगु हवाईयात्रा यानाः वयापिं जुयाः जिपिं बस गयाः लण्डन शहर चाःह्यू वनाबले जिमित त्यानुचाया वये धुंकूगु खः। थथे जूगुयात व्भत बिन नं धाइ। अथे जुयाः त्यानु लंकेत आः बाय् च्वनेगु थाय् निं मालेमाल धकाः जिपिं निम्हेसिया सल्लाह जुल। अमेरिकाय् व्यक्तिगतरूपं जिपिं चाःह्यू वनाबले थाय्थासे दंगु बासस्थलया रूपे युथ होस्टल (Youth Hostel) दुगु जुयाः थन नं थजाःगु होस्टल दु धाःगु न्यनाः न्हापां थ्व होस्टलनिं माःजुया। थुकिया लागि जिपिं बोल्टन्स गार्डेन्स ३८ (Bolton's Gardens 38) वनाः भिक्टोरिया टर्मिनलं सब–वे (Sub-way) ज्वनाः अर्ल्स कोर्ट (Earl's Court) तक्क थ्यंकः वना। अनं न्यासि जुइ माल। त्यानुइ धुंकल। छकूचा न्यासि वनेत नं महाभारत थें जुल। होस्टल नं थ्यन। मनूतय् चालचुल हाःसः हे न्यनेमदु। छाय् खनी सा धकाः मूलुखा स्वःवना। होस्टल बन्द धकाः सुचं बियातल। आः जिमिगु ख्वाःया उन हे पाना वन। उखेंथुखें न्यना। थजाःगु होस्टल हलेण्ड पार्क (Holland Patk) य् नं दु धकाः न्यनागु जुयाः उखेरपट्टि जिपिं थ्यंकः वना। होस्टल लुत। सनिलया ५ बजे तिनि चाइ धकाः अन च्वंपिंसं धाःगु जुयाः जिके दुगु ब्याग गोपालमानया जिम्माय् त्वःताः नये पित्यागुलिं होस्टल नापं दुगु मार्केटे वनाः पिज्जा (Pizza) नःवना। प्वाः जायेकाः लिहांवया, गोपालमानं ख्वाः गथखेसे यानाः न्यंकल, "थन थाय् खालि मदु धाल।"

निम्हेसिया खँल्हाबल्हा जुल वाई.एम.सी.ए (Y.M.C.A.) छक्वः ट्राइ याये नु धकाः। नापं दुगु टेलिफोन बुँथे गोपालमान दुहाँवन। अन च्वंगु टेलिफोन डाइरेक्टरीइ दुगु लण्डनया वाई. एम.सी.ए.या नम्बर स्वस्वं गन गन फोन यात अन अन सुनां हे क्वथा खालि (Vacancy) दु मधाः। गोपालमान थाके जुल। जि दुहाँवनाः लण्डन बाहेक म्यानचेष्टर (Manchester) आदि लण्डनं सत्तिगु थाय्या टेलिफोन नम्बर माला। तःगूमछि वाई. एम.सि.ए.या होस्टलया फोन नम्बर ला लुत, तर फोन यानाबले गनं हे च्वं वा मधाः, थाय् खालि मरु (No vacancy Sir !) धया हइगु। जिपिं निम्ह पालंपाः दुहाँपिहाँ जुया। विभिन्न होस्टले फोन यानाः सनाच्वँच्वं हे द्यः खिउँया वल। लण्डनया खसुं नं भुनाहल। अथें हे चिकुगु थाय्, पार्क ला झन् खुल्ला थाय् जुयाः चिकुगुया माःचाः हे मन्त। ओभरकोटं हे भ्यावे मज्वीला धैथें

च्वंक । छगू हिसाबं जिपिं वाथावाथा हे कन । छगू खँ थन छु महसूस जुल धाःसा अमेरिकाय् गुलि सहयोगी मनूत नापलाः थन उलि हे सहयोग यायेत तत्पर मजुइपिं जक नाप लात । प्रायः पार्के एशियाइ मूलयापिं मनूत छम्ह निम्ह ध्वदुइगु, इमिसं जिमिगु न्ह्यसःयात मताःछु यानाः वनीगु । द्यः खिउँया वःगु जुयाः थन मनूतय्त पत्याः याये मज्यू धैगु धारणा दयेमाः । जिपिं ला चिन्ताया सागरे धकाः लाल काःवःपिं थें जुल । थजाःगु इलय् गन सुयाथाय् च्वंवनेगु ?

जिपिं इरुथिरु जुयाः सनाच्वंगु इमरान धाःम्ह छम्ह मनुखं स्वयाच्वंगु जुयाच्वन । बहनी ७ बजे जक जूसां द्यः तसकं खिउँइ धुंकल । जोर्डनयाम्ह इमरानं जिमित आकाझाकां न्यन, "छिपिं छाय् थपाय्सकं चिन्ता कयाः सना च्वनागु ?" जिमिसं बाय् च्वनेत यानागु कुतःया खँ कना । "गनं हे मलू । फसाद जुल बाः !" धया । "थन हलैण्ड रोडे जिमि पासाया होटल दु, अन छक्वः कोशिश याना स्व !" धकाः वं लण्डन भिजिटर होटल (London Visitor Hotel) या ठेगाना बिल । पार्कं होटल तापाः नं मजू । जिपिं होटल थ्यंकः वना । होटलवालायात इमरानं छ्वयाहःगु धासेंलि, "ग्व ! क्वय्या क्वथा छकू हे खालि मदु । दकसिबे च्वय् बैगः थें जाःथाय् जक खालि दु । छिपिं च्वने न्ह्याइ ला ?" वं धाल । पिनेया ठण्डीं जिमि सातो वने धुंकूगुलिं छेँय् दुने दुहाँवये साथ जिमित लुमुल । "बैगःसां ज्यू, चच्छि ला खःनि" धकाः धया । अले वं स्वपु स्वाहाने थाहांवनाः क्वथा क्यन । निगू बेड दु । क्वथा लुमु । जिमिसं गुलि कायेगु धकाः छुं हे मन्यँसे ल्हाते च्वंगु सामानत टेबुले वांछ्वयाः निम्हं द्यनापिं गुलि न्ह्यःवल ज्वी, कन्हेकुन्हु सुथसिया ७ बजे तिनि छक्वलं न्ह्यलं चाल ।

**पेरिस**

न्ह्यलंचाये साथ लण्डन भिजिटर होटलं जिपिं एयरपोर्ट ब्वां वना । १० बजे ला पेरिसया लागि ब्वये हे माःगु जुल । एयर इण्डिया (Air India) या अन्नपूर्ण 707 धाःगु जेट विमानं आकाशे ब्वये मलाःनि लण्डने हण्डर नयागुलिं जिपिं निम्हेसियां दिमाग क्वाना वये धुंकल । ट्याक्सीं विमानस्थल वनाच्वनाबले बाय् च्वनेत छु यायेमाली धैगु खँय् सहलह जुल । उपाय न्ह्यःने छुं नं दंमवः । विमान १० बजे हे ब्वल । आकाशय् ब्वयागु २० मिनेट मजूनि म्ह हे झसंग ज्वीगु सूचना वल— "जहाजया इन्जिन स्यन । आः हिथरो एयरपोर्टय् हे लिहांवनी ।" जहाज लिहांवल । थुकिया मर्मत जुइव याकनं ब्वयेदइ धैगु सकलें यात्रीतय् आश । आशा नं व्यर्थ हे जुल । जहाज ध्वग्गीक्क स्यन ला छु थें, उकिया बारे एयर इण्डियां छुं जानकारी मवः । पेसेन्जरतय् लञ्च नयेगु टाइम जुल । जहाजे खःसा नकेहये धुंकल ज्वी । आः जिपिं ट्रान्जिटे च्वंच्वनाबले नकीगु खः ला मखु ला ! नये पित्याना वःलिसे इण्डियन पेसेन्जरत हालाहल— 'एयरलाइन्सं इले हे नके म्वाःला झीत ?' छम्ह यायां निम्ह यायां सकलें एयरलाइन्सया अफिसे हूल मुनाः वन । अनयापिं कर्मचारीतसें थजागु भवितब्यया स्थितिइ नकेगु प्रोभिजन (व्यवस्था) मदु धकाः शुरू शुरूइ खूब धाँक तयाः खँल्हात । पेसेन्जरतय् नं तं पिहांवल । "थ्वाथःगु प्लेन छाय् ब्वयेका ? जिमि कनेक्टींग फ्लाइट (मेगु जहाज चेञ्ज यानाः वनेगु) छखे लात, छिमिसं हर्जाना पुले फु ला ?" इपिं हालाहल । थथे वादविवाद चर्के जुया वसेंलि छम्ह कर्मचारीं शायद वया हाकिमयात ज्वीमाः फोन यानाछ्वत । उखें स्वीकृति वल 'नकि' धकाः । एयरपोर्ट दुने हे छगू रेष्टराँय् जिमित नकेगु ज्या जुल ।

जिमिगु प्वाः जाल, किन्तु विमान मर्मत जुयाच्वन तिनि धयाहल । प्युप्युं ३ बजे जुल । सुथय् हे पेरिस थ्यनेमाःपिं क्याः ! पेसेन्जरतय् धैर्यया खिपः नं चबुबुं वल । इले हे मर्मत मजुइगु जूसेंलि मेगु जहाजं सां छ्वयेगु व्यवस्था यायेम्वाः ला ? पेसेन्जरत हाकनं हाःवन । जहाज मर्मत पूवनी मखुत धैगु सीदत । आखिरे इण्डियन एयरलाइन्सं जिमित एयर फ्रान्स (Air France) या विमाने ट्रान्सफर याना बिल । सन्ध्या ई ५:४० बजे थ्व विमानं जिमित कुबियाः हिथरों ब्वयावनाः करीब ४० मिनेटं जिमित पेरिसया ओर्लि (Orly) विमान स्थले थ्यंकाः बिल ।

थन थाय् छु जुल धाःसा जिपिंनाप च्वंवःम्ह छम्ह पेसेन्जर जुल भारतया लेखराम सुखवाणी (सिन्धि) । वनाप हिथरो एयरपोर्टे हे जिमिगु परिचय जूगु खः । पेरिसे वं च्वनेगु थाय् बुक यानातःगु जुल— केप्लर (Kepler) धाःगु होटले । जहाजे नं व गोपालमाननाप प्यपुंगु सिटे दुगु जुल । जिनाप छम्ह फ्रेञ्च । तर वं अंग्रेजीं खँल्हाःगु जुयाः वनाप जिगु नं खँ जुल । निम्हेसिया वनाप व, वनाप व न्ह्यइपुक हे खँ जुल ।

विमानं क्वाहां वयेधुंकाः विमानस्थल दुने च्वंगु छगू रिसेप्सनीष्ट च्वनीगु क्वथाय् वना । वयात थनं होटल बुक यायेत छु यायेमाः धकाः न्यना । वं टेलिफोन बुथ क्यना बिल । जि बुथ दुने दुहाँवनाः छगू निगू होटले अंग्रेजीं "थाय् दु ला ?" धकाः न्यनाछ्वया । उखेरं अंग्रेजी भाषं लिसः हे मवः । फ्रेञ्च भाषां नवाना हइगु जिं छुं हे थूगु मखु । आः थ्व चक्करे लानाच्वने मजिल धकाः जि बुथं पिहांवया । थुब्ले हे जिनाप ब्वयावःम्ह फ्रेञ्च सहयात्री नं ध्वदुक्क नापलात । जिं थन बाय् च्वनेत दंगु, बांलाःगु होटल गन दइ धकाः न्यना । वं ला अंग्रेजी भाय् हे मथू थें यात । जितः छुं मधासे व शुरू शुरू वन । 'का ! आः जिमिगु विपत्ति शुरू जुइगु जुल, द्यः नं खिउँइ धुंकल ।' जिगु मतिइ थथे वसेंलि जिं गोपालयात "थ्व लेखराम सुख वाणीयात झीसं त्वःते मज्यूनि न्हिं" धया । अले जिपिं निम्हेसिनं वयात धया—

"लण्डन थें थन नं जिमित आपद ज्वीगु जुल । अंग्रेजी भाय् थूपिं हे मदु थें च्वं । उकिं छ च्वनीगु होटले जिपि नं वये । अन हे माःमाःथें यानाः च्वने ।" शारीरिक दृष्टिं सुख वाणी जिपिं स्वयाः ल्ह्वं, प्वाः भतिचा पिहांवः । हाइट (Height) य् नं जिपिं स्वयां आपाः मपाः । ख्वालं भलादमीपन झल्के जू । वया मतिइ छु वल थें मस्यू ? शायद पेरिसे याकःचा चाःहिलेगु बोर हे ज्वीफु धैगु मतिइ तल ला ! फ्रेन्च भाय् वं नं छतिं हे मथू । वं जिमिगु आग्रह स्वीकार यात । छगः हे ट्याक्सीइ च्वनाः बहनी जिपिं पेरिसया गल्लिगल्लिइ दुहांवनाः केप्लर होटल थ्यंकः वना ।

थ्व दंगु हे किसिमया होटल जुयाच्वन । बँय् गनं छुं लानातःगु मदु, अफिस थें ज्याःगुथाय् कर्मचारीया छगू सिँया कुर्सी, टेबुल व आगन्तुकतय्त तःहाकःगु सिँया हे मेच तयातल । अन छम्ह जक कर्मचारी दुगु जुल । वं सुखवाणीया रिजर्भेशन भ्वं स्वयाः वयात क्वथा छकू बिल । जिमित नं मिले याना ब्यू धकाः इनाप याना । 'भ्याकेन्सी मदु' धाल । "आः थज्याःगु द्यः खिउँसे च्वनावये धुंकल, जिमिसं गन माःवनेगु ? थन ला अंग्रेजी सःपिं नं मदु थें च्वं । उकिं थन हे गनं जिमित क्वथा व्यवस्था याना ब्यु रे ।" जिमिसं करं क्यंकेत सना ।

"खालि दःसा मिले यायेगु का ! छिमिसं न्हापा हे रिजर्वेशन यायेमाःगु नि । आः थत्थें वयाः छिमित गन काःवनाः क्वथा बीफइ ?" वं धाःगु खँ बिलकुल मनासिब खः । जिपिं थः हे जान्ने (Over smart) जुयाः आः ढङ्ग मदयेकाः च्वनेमाल धैगु मतिइ जुल । जिपिं हालाच्वंगु खनाः सुखवाणीं नं जिमित ग्वाहालि यायेत वल । व कर्मचारीं 'थाय् द हे मदु' धकाः वयात नं धाल ।

सुखवाणीनाप अलग च्वनाः जिमि खँल्हाबल्हा जुल । "छंगु क्वथाय् जिपिं निम्ह च्वने मज्यू ला ? द्यनेत न्ह्याग्गु यानाः मिले यानाः द्यने का ।" वयात जिमिसं प्रस्ताव याना । व माने जुल । वं हे खँल्हाना बिल । "म्वाःल का ! जिपिं पासापिं खः । जिगु हे क्वथाय् जिं थ्यने यंके ।"

"No ! No ! (मज्यू ! मज्यू !) । छम्ह च्वनीगु क्वथाय् निम्ह स्वम्ह तयेगु नियमं मिले मजू ।" वं अडान हे काल ।

जिमित छखें थः खनाः थःत हे तं पिहांवल । छखें थपाय्सकं अनुनय विनय यासेंलि थ्व कर्मचारीं जिमित छुं सहानुभूति ला क्यनेमाःगु खः, गपाय्सकं कडाम्ह जुइ धैथें जुल । ख्वय्ला न्हिलेला जुल जिमित । अन्ते जिं वयात धया— "अन्तिम आग्रह (Last request) । छं क्वथा बिइ मिले हे मजू धासेंलि छं हे जिपिं गन च्वंवनेगु खः, छं पासापिन्त धयाःसां मिले याना ब्यू ।"

वया मतिइ छु वल थें मस्यू वं धाल— "म्वाःल का । सुखवाणीया क्वथाय् च्वं, निगू लथ्याये छिंगु खाता (Folding beds) हया बिइ । थुकी द्यंगुया एक्स्ट्रा चार्ज १० फ्रांक पुलेमाः ।" न्हापा हे थुलि धाःसा गाःगु, अनेक नियम तर्क यानाः फत्तलिं फत्तले ख्याना छ्वयेत सन । थुलि एक्स्ट्रा ध्यबा कायेत खनी । तर वं धाल— "जिमि बोसं (Boss) छिमित क्वथाय् तल धकाः सीकल धाःसा जिगु जागीर चट ज्वी नि ।"

"थ्व खँ लीक (Leak) ज्वीमखु ।" जिमिसं बचं बिया । अले जिपिं द्यनेगु क्वथाय् जिमिके दुगु सामानत त्वःताः जिपिं पिहाँवया । पेरिसे स्वयेगु हे नाइट लाइफ धाइगु न्यनागु जुयाः व कर्मचारीयाके बहनी गन चाःहिलेगु धकाः न्यना ।

"शेम्प इलिसी सडके (Champs Elyse Avenue) हुँ, अन यक्व चहल पहल ज्वीगु थाय् खः, न्हिने थें" धाल ।

वं धाःथें जिपिं स्वम्हं शेम्प इलिसितक होटलं न्यासि हे वना । अन ला तराईया हाट बजार थें मनूत इलिलिलिं खना । फरक छु धाःसा मिसा मज्वंसे लँय् जुइपिं जिपिं स्वम्ह हे जक । युवा-युवतितय् जक जोडी मखु, बुढाबुढीत नं अन चाःहिलाच्वंगु खना । ल्याय्म्ह ल्यासेत घय्घय् पुनाः म्हुतु ल्वाकाः ल्वाकाः जूगु खनेदत धाःसा हिसि मदयेक बुढापिंसं ल्यासेत ज्वना जूगु नं खनेदत । थ्व ला सुरा व सुन्दरीतय् थाय् धकाः जुयाच्वन ।

थथे न्यासि जुजुं वनाबले जिमि प्वाथे बाजं थानाहल । छगू रेष्ट्रराँय् वना । मनूत टन्न जाः । किसिम किसिमया अय्लाःया शिशी न्ह्यःने तयाः इपिं गफगाफे भुले जुयाच्वन । ख्वँय् छगः व चाउमिन हाफप्लेट नया । पासापिंसं नं नल । ध्यबा पुले माःबले नुगले स्याः जिमि । तसकं थिके खनी ।

जिपिं शेम्प इलिसिया तःब्या व तःहाकःगु सडके चाःह्युह्युं वनाच्वना । जिमित फ्रेन्च थें मतायाः खः ला रेष्ट्ररां पिहाँ वसांनिसें जिमि ल्यू ल्यू छम्ह मनू वयाच्वन । गोपालमाननाप नेवाः भाषं व सुखवाणीनाप हिन्दी भाषं जिमिसं खँ ल्हाना च्वनागु वं न्हाय्पं बियाः न्यनीगु जुयाच्वन । वया दिमागं धाःसा थुपिं गन यापिं खः धैगु थाःगाः हे काये मफया च्वन । सुखवाणीयात "भारतं वयाम्ह ला ? (From India) ?" धकाः न्यन । 'खः' धाल । जिमिसं 'मखु' धया । वं ज्यः जुयाः जिमित स्वल । भारतीय हास्य कलाकार जोहनीवाकरया थें ख्वाः सिकुसिकु च्वंम्ह व मनू छाय् ल्यू ल्यू वःगु ज्वी धैगु जिमित सन्देह जुयाः जिमिसं न्यना— "छाय् छ जिमि ल्यू ल्यू वयाच्वनागु ?" वया लिसलं जिपिं छक्क चाल । "२५ फ्रांक दःसा गाः । ल्यासेनाप यःसा प्याखं ल्हु वा यःसा होटले ब्वना यंकि, छिमि यत्थे ।"

जिमिसं वास्तायिस्ता मतया । व धाःसा ल्यूल्यू वयाः व हे खँ झिक्वः लिसा काकां धयाच्वन— "२५ फ्रांक, प्याखं नं ल्हुइम्ह, होटले नं वइम्ह । थुलि दंक मेपिं दइमखु ।" "छं धाःगु जिमित म्वाः । जिमि ल्यू ल्यू वयेमते," ("We don't need your offer. Please don't follow us.") ।

जिमिसं न्ह्याक्व धाःसां वं तेरे मयाः । ह्यामि हे तालं धयाच्वन, "थुलि दंक दइमखु ।" "छिमि अबु ! जिमित म्वाः

धासेंलि म्वा हे म्वाः का !” जिं तं पीमफयाः हालाः नेवाः भाषं धया । व तक्क दित । खँ थुयाः मखु, थुपिं धात्थें तंम्वयेकल धकाः । अनंलि जिमि ल्यूल्यू मवः ।

जिपिं चान्हे चाःहिला च्वना । अण्डर ग्राउण्ड पेरिस स्वःवना । च्वय्या सडक, सडकं क्वय् वा दुने धाये बांबांलाःगु बजार दु, फेसन फेसनया ड्रेस मिइगु थाय् । जिपिं न्याःवनेत मखु केवल मिखाया सन्तुष्टिया लागि थन वयागु । शायद न्याना कायेत जिमि औकातं भ्यावे ज्वीमखु । जिमिसं भाः हे मन्यना । चान्हसिया २ बजे तक जिपिं थुकथं चाःहिला । त्यानुल । अले होटेले वयाः द्यं वया ।

कन्हे अर्थात १२ फागुन २०२८ कुन्हु छगू होटले नये–नी यानाः छगः दृश्यावलोकन याकीगु बस (Sight seeing bus) य् च्वनाः पेरिस शहर चाःहिला । शहर तसकं व्यवस्थित खना, थाय् थासे क्यब दु, खुल्ला थाय्, विल्डिंगत बांबांलाक्क इवःलिक्क दयेका तल । थुकिं सम्पन्नता स्पष्टरूपं झल्केजू । थ्व बसं जिमित थाय् थासय् दिकाः छुं निर्धारित समय तक्क स्वयेगु थासय् त्वःता ब्यूगु जुल । जिमित एलफिल टावर क्यने यंकल । विश्व प्रशिद्ध लुभ्र म्यूजियमे नं दुहांवने खन । समय सीमित जुयाः जिमिसं मोनालिजाया मुस्कान (Monaliza's Smile) धाःगु लियोनार्दो दा भिन्चीया नांजाःगु मौलिक चित्र (Original Painting) निं न्हापालाक्क स्वःवना । जिपिं थः कलापारखिपिं मखुसां थ्व अद्भुतगु कलात्मक चित्र स्वये खंबले धात्थें हे आनन्द वल । थ्व पेन्टिंगया सुरक्षाया लागि छम्ह सैनिक मेशिनगन ज्वनाः पाः बियाच्वंगु खना । थ्व सुन्दर चित्र ल्हातं थिइगु ला छु, थ्वया लिक्क तकं सुयातं वंके मब्यू । पटक पटक खुया यंकूगु जुयाः थथे कडा सुरक्षा व्यवस्था याःगु ज्वी ।

अनं लुमंकेबहःगु थाय् खः नेपोलियनया चिहान (Napoleon's Tomb) । फ्रेन्चतय् लागि नेपोलियन देशभक्ति व वीरताया प्रतिक जुयाच्वन । फ्रेन्च साम्राज्य विस्तार यानाः वं कीर्तिमान स्थापना याःगु खः, तर वाटरलू (Water-loo) या युद्धे व अंग्रेजतय् नाप परास्त जुल व इमिगु बन्दी जुल । नेपोलियन तसकं मातृभक्त धाइ । वया छगू उद्गार तसकं प्रसिद्ध— “जितः छम्ह भिंम्ह मां ब्यु, जिं छिमित भिंगु देय् बिइ” (:Give me a good mother and I will give you a good nation") ।

पेरिस चाःहिलागु जिमित न्ह्याइपुल । लन्डने दुःख स्यूगु फुक्क ल्वःवन । गुगु ज्या बांलाक सिधइ अज्यागु न्ह्याग्गुं ज्या बांलाइ (Every thing ends well that ends well) धाःगु खः थें ताल ।

रचना कालः— २०७९ मंसिर २६ व २७, बुटवल

## मेरो देशले के माग्छ ?



**चैतन्य प्रधान**
आजीवन सदस्य
तानसेन गुठी

मेरो देशले के माग्छ ?
मेरो देशले पसिना माग्छ
किन भने यहाँ
अन्याय, अत्याचार र शोषणले
भ्रष्टाचार, विलाशिता र तस्करीले
मेरो देश खोक्रो हुन लागेको छ
हाइड्रोजन भरेको बेलुन भै माथि माथि उडेको
विस्फोट भै फुट्न लागेको छ ।
त्यसैले मेरो दिश चिच्याई रहेको छ
चित्कार गरिरहेको छ
वरको बोट जस्ता गुणहरू सित
पिपलको बोट जस्ता गुणहरू सित
मेरो देशले रगत मागिरहेको छ
मेरो देशले पसिना मागिरहेको छ
बुध्द र सगरमाथाको नाम लिन छोडीदेउ
गौरवपूर्ण वीरताको मेरो देशको इतिहास अब नसुनाउ
ती गौरवपूर्ण वीरताको मेरो देशको इतिहास
अब अन्त्य कथा भैसकेको छ
अब मेरो देश त मेसेनरी सोल्डर्सको देश भएको छ
कति युवकहरू विदेशमा बेचिएको छ
कति युवतीहरू विदेशमा बेचिएको छ
त्यसैले मेरो देश चिच्याईरहेको छ
चित्कार गरिरहेको छ
वरको बोट जस्ता युवाहरू सित
पिपलको बोट जस्ता युवतीहरू सित
मेरो देश रगत मागिरहेको छ
मेरो देश पसिना मागिरहेको छ

*(गुठीको साहित्यिक कार्यक्रममा वाचन गरिएको)*

# तानसेन नगरपालिकाको दीर्घकालीन महत्त्वका कार्यक्रमहरू



**सन्तोषलाल श्रेष्ठ**
नगर प्रमुख, तानसेन नगरपालिका



तानसेन नगरपालिकाले आफ्नो पाँचवर्षे कार्यकालमा दीर्घकालीन महत्त्वका कार्यहरूलाई अगाडि बढाउँदै सुशासन, पारदर्शिता, जवाफदेहिता, विधिको शासन र जनता मैत्री सामाजिक क्रियाकलापलाई जोड दिँदै आएको छ । स्थानीय तहको दोस्रो निर्वाचनमार्फत् २०७९ वैशाख ३० मा निर्वाचित भएको यस नगरकार्यपालिकाले संघ, प्रदेश र स्थानीय (तीन) तहका सरकार र विकास साझेदारहरूसँगको समन्वयमा कामहरूलाई अगाडि बढाइरहेको अवस्थामा कतिपय सङ्घीय तथा प्रादेशिक कानुनहरूले पूर्णता पाउन सकेका छैनन् । त्यसैले यो समयमा मौजुदा कानुनलाई ध्यानमा राखेर कार्यसञ्चालनको आवश्यकता छ ।

जनताको आधारभूत आवश्यकताको परिपूर्तिसँगै दीर्घकालीन विकासको खाका तयार पार्न विधिको शासन स्थापना, जनसहभागिता, जीविकोपार्जन, उद्यमशीलताको स्थापना, स्थानीय स्रोत र साधनको उपयोगमा ध्यान दिँदै कलासंस्कृतिको जगेर्ना, स्थानीय सीपको विकास, गणतन्त्रको सुदृढीकरण, मानवअधिकार रक्षा, बालविकास, प्रविधि हस्तान्तरण, महिला तथा सिङ्गो सामुदायिक सशक्तीकरण, सचेतीकरण, स्वास्थ्य चेतना, पर्यटन प्रवर्द्धन, शैक्षिक जागरण, बचत प्रवर्द्धन, कृषि, पशुपालनलाई व्यवसायीकरण गर्ने कार्यमा निरन्तर लागिपरेका छौं ।

कृषि उत्पादनका वस्तुलाई प्याकेजिङ गर्ने, ग्रेडिङ गर्ने, प्रोसेसिङ गर्दै कृषि उत्पादनको वृध्दि आजको आवश्यकता बनेको छ। सीपमूलक तालिममार्फत नयाँ दक्ष जनशक्ति उत्पादन गर्न सकिन्न । उत्पादकत्व वृद्धि नगरी आर्थिक समृध्दि सम्भव छैन। यसका लागि लगानीमैत्री नीति आवश्यकता पर्दछ। यस्तै धेरै ऐन, कानुन तथा नीति कार्यक्रमहरूको तर्जुमा गर्न तानसेन नगरपालिका लागि पर्दै आइरहेको छ। आफ्नो नीति र व्यवहारले मतदाताबीच पारदर्शी हुनुपर्छ भन्ने उद्देश्यले नै अल्पकालीन, मध्यकालीन र दीर्घकालीन विकासको योजनासहित हामी अगाडि बढिरहेका छौं । तानसेन नगरपालिकाको जिम्मेवारी वहन गरेसँगै नगरको दीर्घकालीन विकासका लागि परेका छौं। राष्ट्रमा देखापरेको आर्थिक समस्याका बीच वडा र वस्तीस्तरबाटै बजेट निर्माणको प्रक्रिया सुरुवात गर्दै नगरसभाले पारित गरेका नीति तथा कार्यक्रम अन्तर्गत बनेका योजनाहरू समयमै सम्पन्न गरिएका छन् ।

२०७९ जेठ ५ गतेदेखि जिम्मेबारी वहन गरेको एक वर्ष पूरा हुँदै गर्दा राजस्व संकलनमा तीव्रता, विद्यालय शिक्षालाई व्यवस्थापन, दरबार क्षेत्र व्यवस्थापन, कार्यालय क्षेत्रमा सुशासन प्रवर्द्धन तथा कार्यालयबाट प्रवाह गरिने दैनिक सेवा प्रवाह छिटोछरितो र पारदर्शिताका साथ गर्दै कार्यालय खर्चमा कटौती गरी सीमित स्रोत र साधनलाई व्यवस्थापन गर्दै राजश्व संकलनलाई वृद्धि गरिएको छ, जसबाट ७ करोड २६ लाख रुपैयाँ राजस्व संकलन भएको छ । करका दर नबढाई दायरा फराकिलो बनाउने तथा नगर क्षेत्रभित्र व्यवस्थित सहरीकरण तथा दीगो विकासका लागि पहल भइरहेका छन् । नदीजन्य पदार्थ चोरी निकासी गरिरहेको अवस्थालाई न्यूनीकरण गर्दै घाटगद्दी गरेको नदीजन्य पदार्थ नियन्त्रणमा लिई सो वापतको

राजस्व असुलउपर गरिएको छ ।

पाल्पा दरबार परिसरका घरटहरा भत्काउने र हटाउने कार्य सम्पन्न भएको छ । पाल्पा दरबार परिसरलाई विश्व सम्पदा सूचीमा पार्ने योजनासहित ५७ वटा घरटहरा हटाइएको हो । यस क्षेत्रको व्यवस्थापनका लागि बजेट विनियोजन गरी टेन्डर अगाडि बढाइएको छ ।

तानसेन नगरपालिकाभित्रका १४ वटा विद्यालयमा समायोजन, एकीकरण, कक्षा कटौती र दरबन्दी मिलान गरिएको छ । विद्यार्थीको संख्या कम भएका विद्यालयहरूको कक्षा कटौती, समायोजन र एकीकरणले विद्यालयहरुमा राज्यको धेरै ठूलो लगानी बचत भएको छ । कमजोर भौतिक पूर्वाधार र न्यून शैक्षिक उपलब्धिका बीचबाट सेवा दिइरहेका विद्यालयलाई गाभेर सुविधा सम्पन्न र गुणस्तरीय शैक्षिक संस्था निर्माण गर्नेतर्फ नगरपालिकाको ध्यान गएको छ ।

जनताको आधारभूत आवश्यकताको रुपमा रहेको खानेपानीको व्यवस्थालाई पूरा गर्न वर्षौंदेखि समस्या समाधान हुन नसकेको खानेपानी उपभोक्ता समितिलाई वैधता दिनका लागि तदर्थ समिति गठनमा सहजीकरण गरिएको छ। तानसेनको ऐतिहासिक महत्त्व बोकेको रानीमहल दरबारलाई ब्रान्डिङ गर्न प्रेम दिवसका अवसरमा रानीमहलमा पुग्ने जोडीलाई तानसेन नगरपालिकामार्फत सम्मानसहित प्रेमको प्रतीकका रुपमा रहेको रानीमहलको प्रचारात्मक, प्रवर्धनात्मक तथा संरक्षणात्मक कार्य गरिएको छ। रानीमहललाई रङरोगन सहित कर्मचारी व्यवस्थापन गरी संरक्षणमा ध्यान दिइएको छ। समस्याग्रस्त सहकारी संस्थाको व्यवस्थापन तथा सहकारी संस्थाहरूलाई विधि र पद्दतीअनुसार सञ्चालन गर्न सञ्चालक समितिका पदाधिकारी र व्यवस्थापकलाई नियमन तथा व्यवस्थापन तालिम प्रदान गरिएको छ। वडा कार्यालयलाई पूर्वाधार र प्रविधिमैत्री बनाउँदै स्थानीय जनसमुदायलाई सहजरूपमा सेवा प्रदान गर्न वडा कार्यालयका भवनहरू निर्माण गर्ने क्रममा वडा नं. ११ को कार्यालय भवन ११ महिनामै निर्माण सम्पन्न गरी नयाँ भवनबाट कार्यहरू सुरु गरिएको छ । वडा नं. ९ को कार्यालय व्यवस्थापन भएको छ र वडा नं. १ मा वडा कार्यालय भवन निर्माणको क्रममा रहेको छ । सडक खाना महोत्सवमा सहयोग गरिएको छ । तानसेन नगरपालिका वडा नं ६ भीमसेन टोलमा रहेको वीरेन्द्र फूलवारी पुनः निर्माण, संरक्षण तथा संचालनको लागि तानसेन नगरपालिका र पाल्पा उद्योग बाणिज्य संघबीच सम्झौता भई कार्यप्रक्रिया अगाडि बढेको छ ।

तानसेनमा मनाइदै आएका जात्रा पर्वहरूको व्यवस्थापन तथा संरक्षणका लागि कामहरू गरिएका छन् । नगरपालिकाले बहालविटौरी करको कानुन पास गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, विपद व्यवस्थापन, विद्यालय, सार्वजनिक सेवा तथा क्षमता विकास र लेखा अनुगमन, राजस्व परामर्श लगायतका समितिहरू गठनसहित कार्यक्रम र सामाजिक सुरक्षा व्यवस्थापनका विभिन्न प्रयास गरिएका छन् । 'ग' वर्गको अपाङ्गता कार्ड भएका व्यक्तिहरूलाई मासिक पाँच सय रुपैयाँ भत्ता उपलब्ध गराइएको छ । न्यूनतम २० युनिटसम्म विद्युत खपत गर्ने तानसेन नगरबासीको विद्युत शुल्क नगरपालिकाबाट भुक्तानी गरिएको छ । समुदायस्तरबाट सञ्चालित लघु प्रकृतिका लिफ्ट खानेपानी आयोजनामा खपत हुने विद्युत महशुलमा २५ प्रतिशत अनुदान दिने कार्य गरिएको छ । समुदायमा पछाडी परेका जाति वर्ग, अल्पसंख्यक र दलित समुदाय र ६० वर्ष नाघेका अविवाहित र एकल जीवनयापन गरेका पुरुषहरूलाई स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गतको बीमा शुल्क नगरपालिकामार्फत भुक्तानी गरिँदै आएको छ । छोरी शिक्षा कार्यक्रमलाई निरन्तरता दिइएको छ ।

पशुपालन एवं कृषितर्फ नगरलाई मासुमा आत्मनिर्भर बनाउने उद्देश्यले एकल वा समूह बनाई ५० बाख्रा, २५ पाडा, ३० बंगुरपालक कृषकहरूलाई प्रति कृषक अधिकतम रू. दुइ लाखसम्म अनुदान सम्झौताको व्यवस्था गरिएको छ। दुग्ध उत्पादनमा वृध्दि र उत्पादित भएको दूधको बजारीकरण गर्नका लागि किसानलाई प्रोत्साहनस्वरुप प्रतिलिटर रू २।- दूधमा अनुदान दिने व्यवस्था कार्यान्वयनमा लगिएको छ। तानसेन लगायत लुम्बिनी र गण्डकी प्रदेशको सिध्दार्थ राजमार्गले छुने १५ वटा पालिका क्षेत्रमा आर्थिक, सामाजिक, साँस्कृतिक विकास स्तर अभिवृध्दि गर्न ल्याइएको 'सिध्दार्थ आर्थिक करिडोर' विकास लक्ष्य हासिल गर्न ६ बुँदे घोषणपत्र जारी गरी कार्यान्वयनमा लैजाने योजना निर्माण गरिएको छ ।

तानसेन नगरपालिकाको सेवा प्रवाहलाई सरल र सहज बनाउन प्रत्येक वडामा एक जना प्राविधिक, प्रशासनिक लगायत अरू थप दुइ जना सहायक तथा सहयोगी कर्मचारीहरू रहने गरी वडा कार्यालयको प्रशासनिक ढाँचालाई पुर्नसंरचना गरिएको छ। तानसेनका सडक मानवहरूको व्यवस्थापन गरिएको छ । तानसेनमा रहेका छाडा पशुहरूको उध्दार गरी तिनीहरूलाई तानसेन नगरपालिका वडा नं. १४ कुसेनीमा रहेको रुरु गौ सेवा आश्रममा व्यवस्थापन गरिएको छ। भेटेरीनरी अस्पताल तथा पशु सेवा केन्द्र र कृषि शाखामार्फत विभिन्न स्थानमा लम्पी स्किन डिजिजबाट प्रभावित पशुहरूको स्वास्थ्य परीक्षण तथा उपचारात्मक सेवाहरू प्रदान गरिएको छ । नगरपालिका तथा संघ र प्रदेशबाट सञ्चालित पूर्वाधार

योजनाहरूमा उपकरणसहित अनुगमनको कार्यलाई व्यवस्थित रुपमा निरन्तरता दिईएको छ ।

तानसेन नगर क्षेत्रभित्र रहेका जोखिमपूर्ण जीर्ण रुखहरूका हाँगाहरू कटान गरी व्यवस्थापन गरिएको छ । साथै सडक मानवहरूको व्यवस्थापन गर्ने कार्य प्रारम्भ गरिएको छ । यसको दीगो व्यवस्थापकीय कार्यका लागि सरोकारवाला संस्थासँगको छलफल तथा कार्यान्वयन अगाडि बढेको छ । टुँडिखेलको व्यवस्थापन सम्पन्न भई खेलकुद क्रियाकलापहरू सञ्चालन गरिएका छन । लघु प्रकृतिका खानेपानीहरूलाई अनुदान प्रदान गरिएको छ । वनदेवीमा बसपार्क निर्माणका लागि बोलपत्र आह्वान र सम्झौता गरी सो कार्यको लागि २५ करोड ५० लाख बजेट समेत विनियोजन गरिएको छ ।

तानसेनमा जनसंख्याको चाप वृध्दि गर्न र बसाइसराइ रोक्नका लागि घर निर्माण सम्पन्न र बाटोको मापदण्ड सम्बन्धी नीतिहरूमा हेरफेर गरी थोरै क्षेत्रफल भएका जग्गाधनीहरूले पनि निर्माण कार्य गर्न पाउने गरी निर्णय प्रक्रिया अगाडि बढाइएको र अभिलेखीकरण गर्ने व्यवस्था मिलाइएको छ । यसबाट राजस्व संकलन वृध्दि भएको छ । भूमिहीन सुकुम्बासी, भूमिहीन दलित र अव्यवस्थित बसोबासीलाई व्यवस्थित गराउनका लागि झण्डै १ हजार ८ सय घरधुरीको तथ्यांक संकलन गरिएको छ ।

तानसेन आफै सुन्दर, मनमोहक, प्राकृतिक सम्पदाले भरिपूर्ण ऐतिहासिक तथा साँस्कृतिक नगर भएकाले यसको अस्तित्व जोगाउनका लागि यहाँको मौलिक स्वरूपको जगेर्ना तथा कलासंस्कृतिको जगेर्ना गर्नका लागि थप अध्ययन तथा अनुसन्धानका माध्यमबाट कार्य अगाडि बढाएका छौं ।

तानसेन नगरपालिकाको अधिकांश वडाहरू ग्रामीण परिवेशमा रहेका हुँदा त्यस क्षेत्रको आधारभूत आवश्यकता परिपूर्ति गर्ने कार्य पालिकाको प्रमुख तथा महत्त्वपूर्ण कार्य हो । पुरानो तानसेनको रूपमा रहेका शहरी परिवेशका वडाहरूको पनि ऐतिहासिक, सांस्कृतिक, प्रशासनिक तथा पुरातात्विक महत्त्व रहेको छ । दुवै पक्षलाई समय, काल र परिस्थितिअनुसार विकास तथा विस्तार गर्दै लैजानुपर्ने दायित्व नगर सरकारलाई छ । यस सन्दर्भमा तानसेन नगरपालिका तथा यस पालिकामा बसोबास गर्ने सम्पूर्ण जनसमुदायहरू जीवनस्तरको अभिवृध्दि गर्न तथा तानसेन नगरको वातावरण स्वच्छ सफा, सरल र पारदर्शी राख्न सरोकार समूहको आवश्यक सहयोगको अपेक्षा गर्दै यस नगरको विकास र विस्तार सदैव सबैसँग हातेमालो गर्ने प्रतिवध्दता व्यक्त गर्दछु ।

धन्यवाद ।

## टुक्का कविता



**शोभा आचार्य गौतम**
काठमाडौं

१
घुम्नलाई आफ्नै पाखा पखेरा हिमाल राम्रो,
छ राम्रो हावापानी मिलेको प्यारो देश हाम्रो ।
२
डाँफे मुनाल नाच्छन्, मुरलीको धुन सुनेर,
कोइलीले गीत गाउँछन्, वनपाखा गुनेर ।
३
नागबेली बन्दै बगेका खोलानाला सुन्दर हेर कति,
भिरपाखा सुन्दरता बढाउँदै हरियाली राख्ने अति ।
४
बिहानी सूर्य प्रकाशले यहाँ धर्ती जगमगाउँछन्
रङ्गिन फूलको वासनाले आँगन मगमगाउँछन् ।
५
सूर्य प्रकाश सरि उदाउँदै ज्योति छर्न मन लाग्छ,
हरेक प्राकृतिक तत्त्वहरूलाई हेर्दा चेतना यसै जाग्छ ।

*(गुठीको साहित्यिक कार्यक्रममा वाचन गरिएको)*

## तीन मुक्तक



**द्वारिका कुइँकेल**

१. भ्रष्टाचारको विरूध्दमा हुन्छन् सँधै नारी !
त्यही भएर खल्ती नभा लाउँछन् ब्लाउज सारी !!
पुरूषको जताततै खल्ती भाको कारण !
भ्रष्टाचार बढ्यो मेट्छछौं निमिट्यान्न पारी!!

२. साँचो पाए रेल पनि कुदाउँछन् नारी!
पूर्व पश्चिम उत्तर दक्षिण छुकछुक पारी!!
के सोँचेको नारीलाई अबला र कायर?
यस्तो सोँच्ने पुरूषको उखेल्ने हो साह्ाी!!

३. मौका पाए जहाज पनि उडाउछन् नारी!!
बादलको ढिक्का फोरी सरसर पारी!!
मनुष्य त मनुष्य हुन् एकै गाँसमा झ्याप्प!!
ब्रह्मलोकमै पुगी तान्छन् ब्रह्माजीको दाह्री!!

*(गुठीको साहित्यिक कार्यक्रममा वाचन गरिएको)*

# हुलाक टिकटमा पाल्पा र पाल्पाली व्यक्तित्व - २



नवीन गोविन्द श्रेष्ठ

विक्रम संवत २०७९ को "चिनारी" मा प्रकाशित मेरो लेख "हुलाक टिकटमा पाल्पा र पाल्पाली व्यक्तित्व " को अन्तिम हरफमा "पाल्पा जिल्लाले भविष्यमा हुलाक टिकटमा थप स्थान पाउने आशा गर्न सकिन्छ" भनि उल्लेख गरेकै वर्षमै पाल्पा जिल्लाको ३ नयाँ स्थानले हुलाक टिकटमा प्रकाशित हुने अवसर पाउँदा मैले पनि मेरो लेखलाई निरन्तरता दिने मौका पाएको छुँ ।




**यो वर्ष प्रकाशित तानसेन पाल्पा सम्बन्धी हुलाक टिकटहरू**

---

विक्रम संवत २०७९ जेठ २५ ( 8th june 2022 ) मा रम्भा देवी मन्दिर अंकित रु ५ को हुलाक टिकट प्रकाशित भएको थियो ।

विवरण

## रम्भा देवी मन्दिर

पाल्पा जिल्लाको रम्भा गाउँपालिकामा अवस्थित सांस्कृतिक, धार्मिक, ऐतिहासिक, पुरातात्विक एवं पर्यटकीय महत्व बोकेको रम्भादेवी मन्दिर श्रद्धालु भक्तजन तथा पर्यटकहरुको लागि उत्कृष्ट गन्तव्य रहेको छ । यो मन्दिरमा गइ चोखो मनले भाकल गरे मानोकाँक्षा पूरा गर्ने जनविश्वासले गर्दा दिनहुँ भक्तजनहरुको घुइंचो लाग्ने गर्दछ । यस क्षेत्रमा भगवान राम र सीता घुम्दै आउँदा सीतालाई पानीको प्यास लाग्दा रामले वाण हानी पानी उत्पन्न गराई प्यास मेटाएकोले यस क्षेत्रलाई रामपानी भनिएको र पछि अपभ्रम्श भई रामापानी, रमापानी हुँदै रम्भापानी भएको र यस ठाउँमा स्थापित देवीलाई रम्भा देवी भनिएको जनविश्वास देखिन्छ । पौराणिक कथनानुसार विष्णु पत्नी लक्ष्मीलाई रमा पनि भन्ने गरेको र यिनै रमादेवीलाई रम्भादेवी र उनको मन्दिरलाई रम्भादेवी मन्दिरको रुपमा प्रसिद्धि पाएको छ । यस मन्दिरमा बर्सेनि भाद्र कृष्णाष्टमीका दिन विशेष मेल लाग्ने गर्दछ ।

जिल्ला सदरमुकाम तानसेन बजारबाट करिब ३१ किलोमिटर पूर्व र सिद्धार्थ राजमार्गमा पर्ने आर्यभन्ज्यांग देखि करिब १४ किलोमिटरको दुरीमा रहेको तनहु नजिकै रहेको यस मन्दिर धार्मिक सांस्कृतिक हिसाबले मात्र नभई सामुदायिक वाण, पर्यटन तथा जैविक विविधताको दृष्टिले पनि महत्वपूर्ण रहेको हुँदा नेपाल सरकारले घोषणा गरेको नयाँ एक सय पर्यटकीय गन्तव्य स्थलहरु मध्यमा समेत यस मन्दिर पर्दछ ।




प्रथम दिवसीय आवरण

विक्रम संवत २०७९ पुष ३ (18th December 2022 ) मा माण्डव्य ऋषिमन्दिर अंकित रु ५ को हुलाक टिकट प्रकाशित भएको थियो ।

विवरण

## माण्डव्य ऋषिमन्दिर

पाल्पा जिल्लाको तानसेन नगरपालिका - ९ मा माण्डव्य ऋषिको मन्दिर अवस्थित छ । हिन्दु धर्मग्रन्थ पद्मपुराण अनुसार प्राचिन कालमा माण्डव्य ऋषि प्रत्येक दिन कालिगण्डकी नदीमा स्नान गरि गण्डकीको तपस्या गर्ने गर्दथे । तपस्याबाट प्रसन्न भएकी गण्डकीले म तिलको दाना जति तिनाउ (तिलोत्तमा नदी) मा मिसिंछु भनेकी हुँदा माण्डव्य ऋषिले आफ्नो स्नानादी कृत्य कालिगण्डकीबाट तिनाउ नदीमा सारी सोहि नदी किनारमा तपस्या गर्न थाले । ठूलो समुहले लखेटी रहेका केहि व्यक्तिहरुले आफ्नो सामग्री लुट्न लखेटिएको भनि ऋषि माण्डव्यसंग बचाउको अनुरोध गरेकाले उनीहरुलाई आफ्नो कुटी भित्र सामग्री राख्न दिए बापत उनलाई रानीका हार तथा गरगहनाहरु चोरी गराएको आरोप लग्यो । सो चोरीको दण्ड स्वरुप ऋषि माण्डव्यलाई तपस्थलीबाट दरबारमा ल्याई शूली चढाउंदा ऋषिलाई केहि नभएकोले उनलाई निर्दोष ठानी मुक्त गरिएको पौराणिक कथन छ । यसै ठाउंलाई ऋषि माण्डव्यको तपस्थल मानी उहाँको पाषण मूर्ति सहितको मन्दिर स्थापित छ । पौराणिक कल देखिनै धार्मिक, सांस्कृतिक , ऐतिहासिक एवं पुरातात्विक रुपले महत्वपूर्ण मानिंदै आएको सत्यवादी माण्डव्य ऋषिको यस मन्दिरमा भक्तजनहरुले दर्शन तथा पूजा गर्ने गर्दछन ।




प्रथम दिवसीय आवरण


२०७९ पुष १४ ( 29th December 2022 ) मा पाल्पा सम्बन्धि यो वर्षको तेस्रो तथा अन्तिम हुलाक टिकटको रुपमा पाल्पा दरबार संग्रहालय अंकित रु १० को प्रकाशित भएको थियो ।

विवरण

### पाल्पा दरबार संग्रहालय

संग्रहालय देशको राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिक, ऐतिहासिक स्थिति झल्काउने ऐना हो । यो राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा सबैले बुझ्न सक्ने खुला विद्यालय हो । पाल्पाको तानसेन स्थित पाल्पा दरबार प्रारम्भमा राणाकालिन दरबार र पछि प्रशासकीय कार्यालय हुँदै संग्रहालयमा परिणत भएको हो ।

संग्रहालय परिसरमा दरबार संस्थापक जनरल प्रताप शमशेर राणाको अर्धकदको शालिक राखिएको छ । संग्रहालय भित्र थारु, मगर लगायत नेपालको जनजातिहरुको पहिचान झल्कने भेषभूषा रहेका छन् । नेपाल अंग्रेज युद्धमा प्रयोग भएको तोप, हातहतियार, नेपाली सैनिकका पोशाक जस्ता ऐतिहासिक महत्वका वस्तुहरु संग्रहालयमा राखिएका छन् । अंग्रेज र नेपाली सैनिक बीच बुटवलको जितगढीमा भएको युद्धमा नेपाली सेनाका लागि घ्यू तताउन प्रयोग गरिएको ठूलो कराही, परम्परागत हलो, भोटेताल्चा, खुर्पेटो, मुङ्ग्रो लगायतका सामग्री समेत संग्रहित छन् । संग्रहालयमा राखिएका पाल्पा आसपास क्षेत्रका रमणीय तस्विरहरुले थप शोभा दिएको छ । नेपालका अमूल्य सम्पदाहरुको संग्रहमा पाल्पा दरबार संग्रहालयले पुर्याएको अतुलनीय योगदानको उच्च कदर गर्दै नेपाल सरकार हुलाक सेवा विभागले पाल्पा दरबार संग्रहालयको चित्र अंकित १० दरको हुलाक टिकट प्रकाशनमा ल्याएको छ ।




प्रथम दिवसीय आवरण

**प्रतिक्रिया पठाउने बारे**

चिनारी पत्रिकामा प्रतिक्रिया स्तम्भ शुरु गरिएको हुनाले गुठीप्रति आफ्नो धारणा, गुनासा तथा सल्लाह सुझावहरु तलको इ-मेल ठेगानामा प्रकाशनार्थ पठाउनु हुन हार्दिक अनुरोध गर्दछौं।

tansenguthi@gmail.com

**मानसम्मान सम्बन्धी सूचना**

गुठियारहरुले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको मान सम्मान, विशिष्ट उपलब्धि तथा पद्वी पुरस्कार आदि विशिष्ट सम्मान प्राप्त गर्नु भएको छ भने समयमै गुठीलाई जानकारी दिनुहोला ।

## प्राविधिक विवरण

| **Subject** | **Rambha Devi Temple, Palpa** | **Mandavya Rishi Temple, Palpa** | **Palpa Durbar Museum, Palpa** |
|---|---|---|---|
| Denomination | Rs. 5 | Rs. 5 | Rs. 10 |
| Color | 6 colors including fluprescent ink and forensic feature. | 6 colors including fluprescent ink and forensic feature. | 6 colors including fluprescent ink and forensic feature. |
| Sheet Composition / each sheet | 40 stamps | 40 stamps | 40 stamps |
| Size in mm | 45 X 35 | 45 X 35 | 45 X 35 |
| Process | Offset Lithography / Photogravure | Offset Lithography / Photogravure | Offset Lithography and Photogravure |
| Quantity | 1 million | 1 million | 1 million |
| Format | Horizontal | Horizontal | Horizontal |
| Paper | Security Stamp UV dull with visible and invisible fibers and Phosphorescent dots. | Security Stamp UV dull with visible and invisible fibers and Phosphorescent dots. | Security Stamp UV dull with visible and invisible fibers and Phosphorescent dots. |
| Designer | Purna Kala Limbu | Purna Kala Limbu | Purna Kala Limbu |
| Printer | Perum Peruri, Indonesia. | Perum Peruri, Indonesia. | Perum Peruri, Indonesia. |

स्रोत: विवरण तथा प्राविधिक विवरण नेपाल फिलाटेलिक ब्यूरो

---

प्रथम शीत ईश्वर कृष्ण के सी

## केहि शीतहरु

शीत  
सँग  
मित  
लाएँ

शीत  
हित  
मायाँ  
प्रित

शीत  
इश  
पद  
पाएँ

शीत  
लेख्दा  
हुन्छ  
जीत

## केहि सुसेलीहरु

**शिर्षक: मीठो दहीमा**  
सुन्नु होस साथी हो  
पाल्पा महिमा

लाग्यो तिर्सना  
सक्दिन म हजूर  
पाल्पा बिर्सन

म त जाल्पाको  
मायाँ लाग्छ अति नै  
हाम्रो पाल्पाको

मिठो हाँसियो  
पाल्पा सँग हजुर  
मायाँ गाँसियो

छैन दोमन  
उपस्थित जनमा  
मेरो नमन

राख मुट्ठीमा  
तानसेन पाल्पाली  
सबै गुठीमा

गरौँ तपस्या  
साहित्यले सन्तोष  
मिल्छ अवस्य

सोच्नै सक्दिन  
साहित्य विना त म  
बाँच्नै सक्दिन

देख्छु झल्झली  
साहित्यमा अब्बल  
स्रष्टा पाल्पाली

नेपाली शान  
साहित्यमा पाल्पाली  
निकै अघि छन्

पानी जरुवा  
नेपालीको शान हो  
पाल्पा करुवा

भाका सुसेली  
नेपालीको गौरव  
टोपी पाल्पाली

राख्छु मन्तव्य  
साहित्यले बनायो  
पाल्पा गन्तव्य

पाल्पा तान्सेन  
साहित्यको तीर्थ हो  
सबै भन्छन

लाग्यो मोहनी  
भ्रमण गर्न पाल्पा  
न गै नहुनी

मिल्छ है हर्ष  
जाने गर्छु पाल्पामा  
प्रत्येक वर्ष

*(गुठीको साहित्यिक कार्यक्रममा वाचन गरिएको)*

# छ पुस्तादेखि चिकित्सा व्यवसायमा निरन्तरता: तानसेनको गौरव–हाम्रो वैद्य परिवार



रामचन्द्रमान सिंह

**सन्दर्भ**

तानसेनमा चिकित्सा व्यवसायको ऐतिहासिक विकासक्रमलाई नियाल्दा एउटा लामो कालखण्ड प्रख्यातीको शिखरमा हुनुहुन्थ्यो हाम्रो बुबा स्वर्गीय कविराज दशरथमान सिंह। उहाँले वसन्तपुरटोलमा राणाकालमै वि.सं. २००३ सालदेखि संचालन गर्नुभएको औषधालयबाट हजारौं हजार मानिसले सेवा प्राप्त गरे र अहिले पनि कैयन मानिसहरूले त्यहाँबाट उपचार पाई पुनर्जीवन प्राप्त गरेको जस्ता अभिव्यक्तिहरू सुन्दा हामीलाई गौरव लाग्छ। बुबा स्वयम् करिव ६ दशक त्यही बसेर स्वास्थ्य सेवा प्रदान गर्ने काममा निरन्तर लागि रहनुभयो भने अहिले ८ दशक नजिक पुग्दा समेत त्यो औषधि पसल विगतको आफ्नो गौरवलाई स्मरण गर्दै साविक ठाउँमा आफ्नो उपस्थिति जनाइरहेको छ।

तानसेन जस्तो धेरै व्यापारिक चहलपहल नभएको ठाउँमा यसरी एकै स्थानमा एउटै व्यवसाय निरन्तर ७०-८० वर्षसम्म चल्दै आएको सायदै होला। त्यो हिसाबबाट यसले आफ्नै इतिहास निर्माण गरिसकेको छ भने त्यो भन्दा पनि महत्त्वपूर्ण त्यो केवल एउटा औषधि पसल मात्र नभइ करिव दुई सय वर्षको अन्तरालमा ६ पुस्तादेखि निरन्तर चल्दै आएको औषधि (चिकित्सा) व्यवसायको एउटा सच्चा प्रतिकको रुपमा प्रस्तुत भएको छ।

परिवर्तित समयको माग अनुरूप परम्परागत रूपमा चल्दै आएको चिकित्सकीय व्यवसायमा सुधार गर्दै आफ्नो जन्मथलोमा हाम्रो पूर्वजहरूले पुर्याएको अतुलनीय योगदानको स्मरण गर्दा हामीलाई पनि गौरव लाग्छ। यो लामो यात्रा तय गरेर आजको दिनमा आइपुग्दा धेरै कुराले फड्को मारिसक्यो। तानसेनकै सन्दर्भमा अधिकाँश स्थानीयबासीहरू त्यहाँबाट पलायन भइसके। तथापी छैठौं पुस्तासम्म आइपुग्दा पनि कुनै न कुनै रूपमा कायमरहेको यो व्यवसाय र ८० वर्षदेखि एकै ठाउँमा रहेको त्यो औषधालयले प्रदान गरेको गौरवपूर्ण तथ्यहरू संक्षेपमा प्रकाश पार्ने प्रयास गरेको छु।

**तानसेनको आधुनिक स्वरूप र हाम्रो पूर्वजहरू**

नेपालको ऐतिहासिक विकासक्रमको विवचेना गर्दा पाल्पाको नाम विविध दृष्टिकोणबाट अग्रपंक्तिमा आउँछ। सेन वंशीय राजाहरूको राज्य पाल्पा त्यस वेलाको बाइसे, चौबिसे राज्यहरूको जमानामा ज्यादै शक्तिशाली मानिन्थ्यो। यसैले नेपाल एकीकरणको सिलसिलामा अन्य सम्पूर्ण बाइसे, चौबिसे राज्यहरू नेपालमा विलय भएतापनि पाल्पा राज्य भने वि.सं. १८६० सालसम्म स्वतन्त्र नै थियो। वि.सं. १८६१ मा मात्र गोर्खा राज्य विस्तार गर्ने क्रममा वाँकी रहेका अन्तिम राज्य पाल्पा विशाल नेपाल राष्ट्रमा गाभियो। एकीकरण पश्चात राणाकालसम्म पनि पाल्पा पश्चिम नेपालको एक प्रमुख प्रशासनिक केन्द्रको रुपमा स्थापित थियो।

यसरी गौरवशाली इतिहास सहित कला र वैभवले सम्पन्न, प्राकृतिक रमणीयताले सुशोभित र शिक्षा तथा सभ्यताको विकासले सुपरिचित नेपालको अग्रणी जिल्लाहरूमध्ये पर्ने पाल्पा इतिहासको लामो र किर्तिमानी फन्को पार गरेर वर्तमानमा आइपुगेको हो। पाल्पा भन्ने वित्तिकै यस जिल्लाको सदरमुकाम र नेपालमै प्रसिध्द तानसनेको नाम अगाडी आइहाल्छ।

सेनवंशीहरूको शासनकालमा साविक तानसेनबाट लगभग २५ किलोमिटर पश्चिमतर्फ पर्ने रिब्दीकोट भन्ने ठाउँमा रहेको राजधानी वि.सं. १८४४ मा त्यहाँबाट तानसेन माथिको सुन्दर डाँडा श्रीनगरमा सारेको पाइन्छ। श्रीनगरमा शासकहरूको दरवारका साथै श्रीनगरको काखमा तानसेन शहर बसालेको बुझिन्छ। तर आधुनिक तवरबाट तानसेन बजार निर्माण गर्ने कार्यको थालनी तत्कालीन जिल्ला मुख्तियार वख्तावरसिंह थापाले वि.सं. १८८६ सालमा प्रारम्भ गरेका थिए। इतिहासविद्हरूका अनुसार वि.सं. १८८६ मा ठूलो आगलागी भई पाल्पा तानसेन शहरै सखाप भयो। त्यस समयसम्म खरले छाएका घरहरू मात्र भएको र जनसाधारणलाई जग्गाको स्वाभित्व नदिइएको हुँदा आफ्नो

अनुकूल प्रयोग गर्न र बेचबिखन गर्न सम्भव थिएन । सरकारले चाहेको बखत उनीहरू त्यो ठाउँ छाड्न वाध्य हुनुपर्दथ्यो । यस कारण कसैले पनि पक्की घर निर्माण नगरी अस्थायी प्रकृतिका छाप्राहरू बनाउँदथे ।

यस परिस्थितिमा भीषण आगलागी पछि त्यसठाउँमा पुनः घर बनाई बजार बसाउन सारा जनता हिच्किचाउन थाले । आफूलाई पर्न आएको कठिनाइ बीच स्थानीय रैती र महाजनहरूले सरकार समक्ष निवेदन गरे, जसमा व्यक्तिगत सम्पत्तिको सुरक्षाको ग्यारेण्टीको माग गरिएको थियो । यसै निवेदनलाई मान्यता दिँदै सरकारबाट एउटा लालमोहर जारी भयो, जसमा सरकारी अधिकार प्राप्त व्यक्तिहरू–अमाली चौधरीले कसैको घर मनपरी पजनी गर्न नपाउने तथा कुनै व्यक्तिले गाउँ बजार छाडी जान चाहेमा आफूले बनाइ बसेको वा किनेर बसेको घर पनि बिचेर आफ्नो मोल उठाएर लैजान पाइने नियम बाँधी आदेश जारी गरियो । साथै बजार र शहर गुल्जार गरी बस्ने अपिलको आदेश जारी गरियो । *फलस्वरुप तानसेनमा झिँगटीका छानाहरू भएका पक्की घरहरू निर्माण हुन थाले र त्यहाँको वस्ती क्रमशः विस्तार हुँदै गयो ।

तानसेनको आधुनिक स्वरूपको यो विकासक्रमको सन्दर्भ यहाँ चर्चा गर्नुको मुख्य उद्देश्य ठीक यहि बजार विस्तारको समय वि.सं. १८९० देखि मेरो पूर्वजहरूको तानसेनसँग स्थायी र अटूट सम्बन्ध गाँसिन पुग्यो । त्यस अघि देखि नै अरू नेवार समुदायका मानिसहरूले त्यहाँ वसोवास गर्न थालिसेकेकोले उनीहरू (पूर्वज) लाई केही सहज महसुस भएको हुनुपर्दछ भने नयाँ बजार विस्तारको क्रममा भएकोले आफ्नो व्यवसायको लागि थप सम्भावनाको आशा पनि जागेको हुनुपर्दछ ।

## तानसेन र हाम्रो परिवारः दुई शताब्दीदेखिको सम्बन्ध

काठमाडौं उपत्यकाभित्र वसोवास गरेका नेवारहरू इतिहासको विभिन्न कालखण्डमा विविध परिवेशमा मूल थलोबाट बिस्थापित भइ देशको कुना कन्दरामा पुगेको इतिहासमा उल्लेख भएको पाइन्छ ।

इतिहासविद्हरूले नेवारहरू उपत्यकाभित्रबाट वसाइ सराई गर्नुपर्दाको राजनीतिक, सामाजिक र व्यापारिक लगायत विभिन्न कारणहरू उल्लेख गरेका छन् । कतिपय सन्दर्भमा यसरी विस्थापित हुनुपर्दाको अवस्था ज्यादै पीडादायी र मर्मस्पर्शी देखिन्छ तापनि ठाउँ ठाउँमा पुगेका नेवारहरूले आफ्नो धर्म, संस्कृति र कूल परम्परालाई अक्षुष्ण राख्दै मूलतः व्यापार व्यवसायमा संलग्न रहेर त्यस स्थानलाई गुल्जार बनाई बजारको रूपमा विस्तार गरेको पनि पढ्न र वुझ्न पाइन्छ । देशभित्र मात्र होइन छिमेकी राष्ट्रको विभिन्न स्थानमा समेत यी नेवारहरू पुगी आफ्नो कला, कौशल, ज्ञान र सीपको प्रयागद्वारा आफ्नो विशिष्ट पहिचान बनाउन सफल भएको गौरवशाली गाथा सुन्न र देख्न पाउँदा यस समुदाय भित्रका सबै सदस्यहरू स्वाभाविक रूपमा आफ्नो पुर्खाप्रति गौरव गर्दै सम्मान प्रकट गर्दछन् ।

बसाइ सराइको क्रम चलिरहेको यस्तै अवस्थामा वि.सं. १८६० मा भक्तपुरबाट एउटा परिवार पोखरा गई त्यहाँ ३० वर्ष जति व्यतित गरी वि.सं. १८९० देखि निरन्तर तानसेनमा बसोबास गर्दै आएको थियो । औषधि मूलो गर्ने परम्परागत चिकित्सा व्यवसायको ज्ञान, सीप, दक्षता भएको यो वैद्य परिवार पहाडको त्यस दुर्गम ठाउँमा के कति कारणले पुगे भन्ने प्रमाणित तथ्य फेला परेको छैन तथापि कुनै वाध्यताको कारण अथवा थप अवसरको उत्तम विकल्पको खोजीमा तुलनात्मक रूपमा सुगम ठाउँबाट त्यस समयको अतिविकट ठाउँमा पुगेको हुनुपर्दछ भन्ने अनुमान सम्म गर्न सकिन्छ ।

पाल्पा तानसेनमा बसाइ गरेर वि.सं. १८९० देखि स्थायी बसोबास गर्ने हाम्रो वैद्य परिवारका प्रथम पुस्ता वृध्दिनरसिंहको सन्तान विस्तारको चर्चा गर्दा उहाँको दुइ छोरा चेतसिंह र जीतमान सिंह मध्ये चेतसिंहको सन्तान नभएको र जीतमान सिंहकातर्फबाट एकछोरा इन्द्रमान सिंह (मेरो बाजे) सहित तीन छोराहरू थिए । यसरी तेस्रो पुस्तामा आइपुग्दा मेरो बाजे वैद्य इन्द्रमान सिंह सन्तान मै एक्लो छोरा भएकोले आफ्नो वंशको निरन्तरतालाई कायम राख्ने दायित्व उहाँमा आइपरेको थियो । उहाँका छजना छोराहरू र पाँचजना छोरीहरूको सन्तान अहिले विस्तार भई करिव तीन सय नाघेको हुनुपर्दछ । ती सन्तानहरू नेपालभित्र र विदेशका विभिन्न भागमा छरिएर आ-आफ्नो क्षेत्रमा क्रियाशील छन् । कतिपय सन्तानहरू स्वदेश र विदेशमा समेत विभिन्न विधामा ख्याती आर्जन गर्न सफल भइ पुर्खाको शान उच्च राख्न योगदान पुर्याएका छन् । इन्द्रमान सिंहका कान्छा छोरा हुनुहुन्थ्यो – हाम्रो बुबा दशरथमान सिंह, जसले निरन्तर ६ दशकसम्म तानसेनमा चिकित्सा व्यवसायमा संलग्न रही त्यहाँको स्वास्थ्य सेवालाई उचाईमा पुर्याउनु भएको थियो ।

## पुस्तौँ देखिको चिकित्सा व्यवसाय

आफ्ना पूर्वजहरूले गर्दै आएको परम्परागत चिकित्सा व्यवसाय (वैद्य पेशा) लाई नै आफ्नो मूल कार्यक्षेत्र सम्झी

* चित्तरञ्जन नेपाली-जनरल श्री भीमसेन थापा र तत्कालीन नेपाल, रत्न पुस्तक भण्डार, काठमाडौं, छैठौं संस्करण,२०७६

तद्रूप ज्ञान, सीप हासिल गरी भक्तपुरबाट बसाइ सरेको यो परिवारले तानसेन पुगेर पनि त्यही व्यवसायलाई निरन्तरता मात्र दिएनन, त्यसपछिका लगभग ४,५ पुस्तासम्मका सदस्यहरू यही व्यवसायमा आवध्द रहे। पुस्तौदेखिको अनुभवले खारिएको ज्ञान, स्थानीय स्तरमै उपलव्ध प्राकृतिक स्रोत साधन (जडीवुटी)हरुबाट औषधि निर्माण गर्ने प्रविधिको प्रयोग गरेर निष्ठापूर्वक निरन्तर यो कार्यमा सक्रिय रहेकोले यो परिवारका सदस्यहरू आफ्नो व्यवसायमा सफलता प्राप्त गरी समाजमा आफ्नो प्रतिष्ठा कायम गर्न सफल भएका थिए। स्पष्ट रूपमा हस्तलिखित जडीबुटीहरूबाट औषधि निर्माण गर्ने प्रविधि उल्लेखित पुस्तिका, विभिन्न रोगहरू उपचार गर्ने पध्दति लगायतका सामग्रीहरू निश्चय नै उपयोगी सन्दर्भ सामग्रीका रूपमा प्रयोग गरिन्थे र ति सामग्री पुस्तान्तरण हुँदै आएको देखिन्छ।

पुस्तौदेखिको यस्तै अभ्यास र अनुभवले त्यस समय प्रभाव पारेको हुनुपर्दछ। आफ्नो कार्यकुशलताले प्रभाव पारेर तत्कालीन समय समाजका विभिन्न क्षेत्र तथा प्रशासकहरूद्वारा विभिन्न तवरबाट हाम्रो पुर्खाहरू समय–समयमा पुरस्कृत र सम्मानित भएको चर्चा हामी अग्रजहरूबाट सुन्ने गर्दथ्यौं। राणाकालीन समयमा खड्ग शमशेर पाल्पाको गभर्नर भएको बेला बाजे इन्द्रमान सिंह उनका सर्वाधिक विश्वासपात्र वैद्य थिए भनिन्छ। खड्ग शमशेरकी रानी तेजकुमारी (जसको निधन पश्चात उनको सम्झनामा पाल्पामा प्रख्यात रानी महलको निर्माण भयो) सिकिस्त बिरामी हुँदा उनको उपचारमा निरन्तर बाजे इन्द्रमान सिंह खटिएका थिए। चौबिसै घण्टा निरन्तर पुर्याएको उपचार सेवा वापत खुशी भई खड्गशमशेरले पुरस्कृत गरेको र पल्टनमा वैद्यको जागीर समेत दिलाएको भनाइ छ।

यसरी तानसेनमा बसाई प्रारम्भ गरेदेखि नै शुरू भएको चिकित्सकीय पेशालाई पछिल्ला पुस्ताले निरन्तरता दिँदै गए। उल्लेख्य कुरा के छ भने चौथो पुस्ता सम्मका सबै तथा पाँचौ पुस्ताका पनि धेरै वरिष्ठ सदस्यहरू यस्मा निरन्तर संलग्न रहे र उनीहरूमध्ये धेरै अविचलित भई तानसेनमा नै आफ्नो जीवन व्यतित गरे। त्यसबखत तानसेन जस्तो सानो ठाउँमा लामो समय संयुक्त परिवारको रूपमा रही सबै एउटै व्यवसायमा संलग्न रहेको एउटा उत्कृष्ट नमूना परिवारको रूपमा चर्चित थियो। समयक्रममा केही अन्य स-साना व्यवसायमा लागेपनि चिकित्सा व्यवसाय मूल व्यवसायको रूपमा रह्यो।

**आयुर्वेदबाट आधुनिक चिकित्सा तिर**

राणाकालमा औपचारिक पढाइको लागि धेरै दुःख थियो। विद्यालयहरू खुलेका थिएनन्। सामान्य माध्यमिक तहको पढाइको लागि पनि भारत या काठमाडौं आउनुपर्ने वाध्यात्मक अवस्था थियो। त्यस्तो विषम् परिस्थितिमा बुबाले भारतको दरभङ्गामा गई ६ कक्षामा भर्ना भई त्यहीँबाट सन् १९४२ मा म्याट्रिक (एस.एल.सी.) उत्तीर्ण गरी बनारस हिन्दु विश्वविद्यालयबाट आयुर्वेद स्नातक उपाधि हासिल गर्नुभयो।

चौथो पुस्ताका छोराहरूमा सवैभन्दा कान्छा मेरो बुबा कविराज दशरथमान सिंह (वि.सं. १९७६–२०७४)ले आयुर्वेदमा स्नातक तह उत्तीर्ण गरेपछि पारिवारिक शैक्षिक वातावरण र व्यवसायिक क्षेत्र क्रमशः आधुनिकता तर्फ मोडिन पुग्यो। बुबाले उच्च शिक्षा हासिल गरेपछि आयुर्वेद र एलोपेथिक दुवै चिकित्सा पध्दतिमा व्यस्त रहनुभयो र खास गरी आधुनिक चिकित्सा पध्दति (एलोपेथिक) तर्फ नै उहाँको लगाव रह्यो।

बुबाको अरू सबै चारैजना दाजुहरू र वरिष्ठ भतिजाहरू आयुर्वेद पध्दतिकै उपचारमा समर्पित भई जीवन व्यतित गरे। मैले थाहा पाउँदासम्म पनि कम्तिमा ६ घरहरूमा जडीवुटीहरू संकलन गरी ओषधि बनाउने काम हुन्थ्यो। परिवारको मूल व्यवसाय नै यही भएको हुँदा परिवारका अरू सदस्यहरू पनि औषधि लगायत विभिन्न कार्यमा सहयोग पुर्याउन संलग्न रहन्थे।

**स्वास्थ्य सेवामा बुबाको योगदान**

वि.सं. २००३ सालमा अध्ययन पूरा गरी फर्केपछि सम्बन्धित सरकारी निकायमा विधिवत् दर्ता गरी बुबाले आफ्नो चिकित्सा व्यवसाय स्वतन्त्र रूपमा प्रारम्भ गर्नुभयो। त्यसबेला प्रायः मानिसहरू हिउँदको समय बुटवल आउने र अरू समय तानसेन जाने भएकोले व्यापार व्यवसाय गर्ने मान्छेहरू त्यही अनुरूप आफ्नो व्यवहार चलाउँथे। बुबाको पनि प्रारम्भिक कालमा त्यसै अनुरूप व्यवसाय सञ्चालन गर्नुभयो।

यो त्यस्तो समय थियो जुनबेला मानिसहरूमा जनस्वास्थ्यको चेतनाको अभाव थियो, स्वास्थ्य सेवा सुलभ थिएन। अधिकांश मानिसहरू धामी झाँक्रीको विश्वास गर्दथे। तर तुलनात्मक रूपमा तानसेनमा स्वास्थ्य सेवाको लागि सुविधा थियो। बजारभित्रै पनि औषधि मूलो गर्ने ख्याति आर्जन गरेका वैद्यहरूमात्र होइन दक्ष स्वास्थ्यकर्मिद्वारा एलोपेथिक उपचार पध्दतिबाट सेवा दिने कार्यको थालनी भइसकेको थियो। यसको अतिरिक्त सरकारी अस्पतालले पनि दक्ष चिकित्सकबाट सेवा पुर्याउँदै आएको थियो। तानसेन जस्तो

सानो ठाउँमा यत्रो प्रतिस्पर्धा बीच चिकित्सा व्यवसाय नयाँ सिराबाट प्रारम्भ गर्नु निश्चय नै चुनौतिपूर्ण कार्य थियो ।

बुबाले आफ्नो जन्मथलोमै बसी आफूले आर्जन गरेको ज्ञान, सीपद्धारा सेवा पुर्याउने अठोट गर्नुभएको हुँदा निरन्तर यस कार्यमा लगनशिल भएर लाग्नुभयो । निश्चय पनि शुरूका वर्षहरू निकै संर्घषपूर्ण थिए तर बिस्तारै बिरामीहरूको विश्वास आर्जन गर्न सफलता प्राप्त हुँदै गएपछि प्रगतिका पाइलाहरूले क्रमशः चुम्दै जान थाले । चिकित्सा सेवामा रहँदा उहाँको विशेषता के रह्यो भने उहाँ पाल्पा मात्र होइन छिमेकी जिल्लाहरू स्याङ्जा, गुल्मी, आर्धाखाँची लगायतका विभिन्न गाउँहरूमा पुगी बिरामीहरूको घर दैलोमा पुगी स्वास्थ्योपचारमा संलग्न रहनु भयो । भौगोलिक कठिनाइ, प्रतिकूल मौसमी परिस्थितिको कुनै परवाह नगरी दिनरात यसरी बिरामीको नजिक पुग्नु भएका कारण पनि उहाँलाई यस पेशामा बिस्तारै स्थापित हुन मद्दत पुग्यो । उहाँले लामो समय पाल्पा र त्यस वरपरका क्षेत्रमा पुर्याउनु भएको स्वास्थ्य सेवा बारे त्यसबेलाका सबैलाई राम्रो जानकारी हुनुपर्दछ ।

**पेशामा विविधिकरण**

बुबापछिको पिंढिहरूले शुरुमा भारतका विभिन्न ठाउँमा र पछि नेपालमा स्कूलहरू खुलेपछि नेपालमै विभिन्न विषय अध्ययन गर्ने अवसर पाए । शिक्षाको अवसर प्राप्त भएपश्चात बुबाका भतिजा, नातिहरू विभिन्न व्यवसायमा संलग्न रहने परिस्थति बन्यो । यसले परम्परादेखि चल्दै आएको वैद्य काममा क्रमिक रुपमा कमी हुँदै गयो र अन्य व्यवसायतर्फ विस्तारित भयो । बुबापछिको पंक्तिमा भतिजाहरू चिकित्सा पेशामा कम्पाउण्डर, शिक्षक र अन्तराष्ट्रिय क्षेत्रमै ख्याति प्राप्त चिकित्सकसम्म बन्न सफल भए भने नयाँ पिंढिहरूको व्यवसाय अरु विस्तार भई देशको वरिष्ठ प्रशासक, इञ्जिनियर, डाक्टर, अन्य प्राविधिज्ञ, प्राध्यापक लगायत विविध पेशा व्यवसायमा संलग्न रहने अवसर पाए । पछिल्लो समय सबै क्षेत्रमा देखिएको परिवर्तन अनुकूल यस वैद्य परिवारका अधिकाँश सदस्यहरू विश्वका विभिन्न मुलुकहरूमा रही विविध क्षेत्रमा क्रियाशील रहेका छन् ।

**अहिलेको अवस्था**

माथि उल्लेख गरिएझै हाम्रा बाजेका सन्तानहरू धेरैले तानसेन छाडिसके । हाल स्थायी रूपमा त्यहाँ बस्ने चार घर छन् । पुर्ख्यौली पेशा अब अपवादको रूपमा रहेको छ । सौभाग्य र संयोगको कुरा बुबाले संचालन गर्नुभएको औषधालय अहिले पनि सिमित रूपमा भएपनि संचालित छ र यसको सु–संचालनमा दशरथमान सिंहको नाति मेरो भतिजा समीरमान सिंह (छैठौं पुस्ता) लागेका छन् । आफ्नो बाजेको जीवनकालमै उहाँसँग चिकित्सा व्यवसायमा संलग्न रहँदै आएका समीरले त्यो ऐतिहासिक धरोहरलाई कायम राखेका छन् । साथै स्थानीय मेडिकल कलेजसँग समन्वय गरी अर्को टाउन क्लिनिकमा पनि उनको संलग्नता रहेको छ । यसरी आफ्नो पारिवारिक व्यवसायलाई विस्तार गर्दै लगेकोमा खुशी पनि लागेको छ ।

वैद्य सन्तानको सन्ततीहरूमध्ये नै एकजना भतिजा विरेन्द्रमान सिंहले आयुर्वेदिक औषधिको व्यवसाय आफ्नै ढङ्गले चलाएका छन् ।

**अन्त्यमा**

तानसेनको सन्दर्भमा यति लामो समय एकै किसिमको व्यवसायमा परिवारका सन्ततीहरूले निरन्तरता दिँदै आएको सायदै होला । त्यस अर्थमा म हाम्रो परिवारलाई उदाहरणीय र असाधारण मान्दछु । यस क्रममा वि.सं. १८९० देखि झण्डै २०० वर्ष लगातार विभिन्न तवरबाट पाल्पा तानसेनमा स्वास्थ्य सेवा प्रदान गर्दै आएको हाम्रो पूर्वजहरुप्रति सम्मान छ । पराम्परागत चिकित्सा व्यवसायलाई आधुनिक चिकित्सा पध्दतिसँग गाँसेर त्यसैमा जीवन अर्पण गर्नुभएका पिताजीप्रति श्रध्दाभाव प्रकट गर्नु आफ्नो कर्तव्य सम्झन्छु । अहिले छैठौं पुस्ताको प्रतिनिधिको रूपमा भतिजा समीरले पुर्खाको यो गौरवशाली धरोहरलाई सम्हाल्दै आएकोमा धन्यवाद दिन चाहन्छु ।

## पुरुषार्थी



**ज्ञानकाजी शाक्य**
महाराजगन्ज

हि चःति हायक
गुम्हेसिनं याइ कमाइ
वैत धाहं
क्या इमान्दार
सोझाम्ह
अझ ला
बिचरा, वफरा !
कर्किया कमाइ
गुम्हे सिनं
मोज याइ
वैत हे धाइ
पुरुषार्थी !

*(गुठीको साहित्यिक कार्यक्रममा वाचन गरिएको)*

जन्मथलोको समाचार

# पाल्पामा जापानी नागरिक 'ओकेबाजे'को चौरासी पूजा



पाल्पा – जापानी नागरिक काजुमासा काकिमी ओकेबाजेले चौरासी पूजा गर्नुभएको छ। ८४ वर्ष पुगेको अवसरमा नेपाली परम्परा अनुसार पाल्पाको रामपुरमा ओकेबाजेले आइतबार चौरासी पूजा गर्नुभएको हो। रामपुरस्थित गंगा माविको प्राङ्गणमा नेपाली धार्मिक परम्परा अनुसार ओकेबाजेले भव्य रूपमा चौरासी पूजा गर्नुभएको हो।

पाल्पालाई तीन दशकदेखि कर्मथलो बनाउँदै आउनुभएका जापानी नागरिक काकिमीले जिल्लाको शिक्षा, स्वास्थ्य, विपन्न महिलाको आयआर्जनका लागि आर्थिक सहयोग गर्दै आउनुभएका काकिमीले पाल्पाली जनताको सेवा गरेर आफूले नेपालमै ८४ पूजा गर्न पाएकोमा निकै हर्षित भएको बताउनुभयो। काकिमीले आफूले लामो समय बाँच्नका लागि नेपाली दाजुभाइको हौसला र प्रेरणा प्रदान गरेको उल्लेख गर्नुभयो।

८४ वर्षको उमेरमा पनि उहाँ पाल्पाको पूर्वखोला गाउँपालिकाको सबैभन्दा दुर्गम गाउँ जल्पास्थित ढालीमारा गाउँमा घर बनाएर बस्नुभएको छ। म ८४ वर्षको भएपनि आफूले अझैं नेपाली र नेपालको लागि सेवा गरिरहने काकिमीले बताउनुभयो।

काकिमीको चौरासी पूजाका लागि जिल्लाको विद्यालय, क्लब, महिला समूह, तथा अन्य संघसंस्थाको सहयोग रहेको थियो। 'जापानी नागरिक काजुमासा काकिमी ओकेबाजेले पाल्पाको विकासमा धेरै योगदान गर्नुभएकाले उहाँको चाहना अनुसार विद्यालयमा चौरासी पूजा गरेको रामपुरस्थित गंगा माविका प्रधानाध्यापक देवराज देवकोटाले बताउनुभयो।

काकिमीले जिल्लाको सामुदायिक विद्यालयको भवन निर्माण, कक्षा कोठा सुधार, स्वास्थ्य संस्थाको भवन निर्माण, महिला तथा युवाका लागि आयआर्जनका लागि आर्थिक सहयोग तथा कोष स्थापना गर्नुभएको छ। जापानका विभिन्न क्षेत्रमा क्रियाशील नागरिकको सहयोगमा काकिमीले हरेक वर्ष करोडौं रकम पाल्पाका सङ्घसंस्थालाई सहयोग गर्दै आउनुभएको तानसेनस्थित भुसलडाँडा माविका शिक्षक सुन्दर श्रेष्ठले जानकारी दिनुभयो।

साभारः रानीमहल संवाददाता
२४ आश्विन २०७९

# बुढेसकालमा पनि छुटेन ढाका बुन्ने मोह



रामपुर। नेपालमै ढाका कपडाले प्रसिध्दि पाएको जिल्ला हो, पाल्पा। यहाँ घुमघामको सिलसिला होस् या अन्य काम विशेषले आउने आन्तरिक तथा बाह्य पर्यटकले ढाका कपडाबाट उत्पादित सामग्री कोशेलीका रुपमा लैजाने गर्छन्।

मुलुकमै ढाका कपडाको उत्पादन नभएको अवस्थामा पाल्पामा उद्योगका रुपमा ढाका कपडा सञ्चालन गर्ने पूर्णमाया महर्जन र उनका श्रीमान् स्वर्गीय गणेशमान महर्जनको योगदानकै कारण आज जिल्लाको पहिचान बनेको छ। उनीहरूकै देखासिकीबाट देशका अन्य जिल्लामा पनि ढाकाको उद्योग र व्यापार फस्टाएको छ।

स्वदेशी बस्त्रकला पाल्पाली ढाका टोपी उद्योगका सञ्चालक महर्जनले उद्योग स्थापित गरेपछि यहाँका बेरोजगार, गरिब, विपन्न व्यक्तिले रोजगारको राम्रो अवसर पाएका छन्। जोस, जाँगर र सीप भयो भने उमेर बढ्यौलीपन लागे पनि ढाका उद्योगमा बसेर काम गर्ने मोह जवानी अवस्थाकै देखिन्छ ८५ वर्षीय पूर्णमाया महर्जनको।

अहिले पनि पूर्णमाया हँसिलो मुद्रामा ढाकाको तानमा बसेर ढाका बुन्न पाउँदा जीवनका सारा दुःख पिडा भुल्छिन्। उनको जोस, जाँगर र साहस देख्दा १६ वर्षे जवानीकै जस्तो फुर्तिलो छ।

ढाका कपडा उत्पादनमै उनको दैनिकी बितिरहेको छ। उनलाई ढाकाको तान बुनेर दिन बिताउन पाउँदा संसारको सबैभन्दा बढी खुशी मिल्दछ। उद्योगमा सीप सिकाउने र उनीहरुलाई रोजगार दिने गरेका कारण उनको उद्योगमा धेरै श्रमिकहरु काम गर्न रुचाउँछन्। “महिलालाई स्वरोजगार सिर्जना गर्न पाल्पामा तानबाट ढाका बुन्ने उद्योग सुरु गरेको हुँ” उनले भनिन्, “अहिले जिल्लाभरि नै उद्योग फैलिदै गएको देख्दा असाध्यै खुशी लागेको छ, ढाका उद्योगले जिल्लालाई देश तथा विदेशमा चिनाएको छ।”

रोजगारीको क्रममा उनका श्रीमान् गणेशमान महर्जनसँगै भारतमा गएकी पूर्णमायाले त्यहाँ बस्ने क्रममा महिलाले ढाका कपडा बुनेको देखेकी थिइन्। उनले पनि फुर्सदको समय सदुपयोग गर्न सीप सिकिन्। सो सीपलाई स्वदेशमै विस्तार गर्ने अठोटका साथ गृह जिल्ला पाल्पा तानसेनमा फर्केर ढाका उद्योग थालनी गरिन्। पाल्पा जिल्लामै पहिलोपटक २०१५ वैशाख १५ गतेदेखि उद्योग सुरु गरेको उनी बताउँछिन्।

महिला घरको चुलोचौकामै सिमित रहेको उतिबेलाको समयमा उनकै सक्रियतामा उद्योग स्थापना हुनु सानो कुरा थिएन। त्यस समयमा उद्योग खोल्दा धेरैले उनका कुरामा विश्वास गरेका थिएनन् तर हिम्मत र साहसका साथ उनी अगाडि बढिन्। आठ दशक पार गरेपनि उनी अहिले पनि बिहानै उठेर कारखानामा खटिएका कामदारसँगै काम गर्छिन् ।

उनले उद्योग खोल्दा आफ्नो रोजगारीका निम्ति मात्रै नभएर गाउँका गरिब, विपन्न, घरपरिवारको अपहेलना सहेका महिलालाई स्वरोजगार सिर्जना गर्ने गरी उद्योग सुरु गरेको बताउँछिन्। सुरुमा परिवारले मात्रै धानेको यस व्यवसायलाई बढाउँदै जाँदा २०२० देखि कामदार राखेर काम गराएकी थिइन। सुरुआती चरणमा सातवटा तानबाट उद्योग स्थापना गरीसात जना महिलालाई रोजगार दिएकी थिइन्। आफूले सकुन्जेलसम्म व्यवसाय चलाउने उनको योजना छ .

उनी भन्छिन्, “महिला आर्थिक क्षेत्रमा अब्बल नहुँदा घरपरिवार, श्रीमानको थिचोमिचो सहेर बस्नु परेको छ, आय आर्जनको क्षेत्रमा बलियो बनाउन मैले महिलालाई नै सीप सिकाएर स्वरोजगारको ढोका खोलिदिएको छु, धेरै महिलाले उद्योगमा काम गर्ने अवसर पाउनुभएको छ।”

उद्योग स्थापनाका समयमा सडकमा मजदूरी गर्ने, गिट्टी कुट्ने, ढुङ्गा, माटो, बालुवा बोक्ने, भारी बोक्ने महिलालाई डो-याएर उद्योगमा ल्याएर ढाका बुन्न लगाएको उनले अनुभव सुनाइन्। उद्योगमा ढाका बुन्ने महिलाहरु अहिले सीप विकास गरी आफैं उद्यमी बनेर व्यवसाय चलाएको देख्न पाउँदा खुशी लागेको उनले बताइन्। उनकै प्रेरणाबाट ढाका कारखानामा काम गरेका थुप्रै श्रमिकहरु आफैं उद्योग चलाएर मालिक बनेका छन्।

पाल्पाली ढाका कपडा सङ्घका अध्यक्ष समेत रहेकी महर्जनले चलाएको कारखानामा करिब २५ महिलालाई दैनिक रोजगार पाएका छन्। महिला कामदारलाई प्राथमिकता दिएर उद्योगमा तान बुन्न दिने गरेको उनको भनाइ छ।

उनको उद्योगमा एक सय वटा विभिन्न खालका तान तयारी अवस्थामा छन् । पित्लुम (खाल्डेतान), हेण्डलुम, हाते जेकार्ड, हातेतान लगायतका तानमा बसेर महिलाले ढाका कपडा तयार पार्ने गरेका छन् । पाल्पाकै पहिलो र पुरानो उद्योग भएकाले यहाँ नयाँ पूराना सबैजसो तानहरु चलनचल्तीमा आएका छन् ।

उद्योगमा नेपालका ३६ जिल्लाबाट सीप सिक्न आएर विभिन्न ठाउँमा व्यवसाय सञ्चालन गरिरहेको महर्जन बताउँछिन् । बिहानदेखि साँझसम्म उद्योगमा कामदार नियमित खटिरहेका हुन्छन् । आफूले जति धेरै उत्पादन गर्न सकियो सोही अनुसार आम्दानी हुने भएकाले उद्योगमा कामदार जुनसुकै समय निरन्तर काममा व्यस्त देखिन्छन् । यहाँ ढाका बुन्न बिहान–दिउँसो–साँझ जुनसुकै समय आफ्नो अनुकूल मिलाएर महिलाहरु आउने गर्दछन् ।

यस उद्योगमा उत्पादन भएको कपडा देशको प्रमुख शहरहरुमा पुग्ने गरेको छ । नेपालको पूर्वदेखि पश्चिमसम्मका तथा विभिन्न मुलुकबाट पनि सामान खरिद गर्न आउने गरेको उनको भनाइ छ ।

पहिला मासिक रुपमा तलव दिएर कामदार खटाउने महर्जनले अहिले भने ढाका बुनाई मिटरको हिसाबले पारिश्रमिक दिने गरेको बताउँछिन् । उनका अनुसार एक मिटर ढाका बुनेबापत डिजाइन अनुसार रु तीन सयदेखि छ सयसम्म पारिश्रमिक दिने गरिएको छ । व्यावसायिक रुपमा ढाका बुन्ने महिलाले यसबाट राम्रै कमाई गर्ने गरेका छन् ।

महर्जनले हालसम्म सात हजार बढी महिलालाई आफ्नो कारखानाबाट आयआर्जनको अवसर दिएको बताउँछिन् । उनी उमेरले डाँडापारिको घामजस्तो भए पनि यस व्यवसायमा धेरै महिला उद्यमी उत्पादन गरेर रोजगारको ढोका खोलिदिएकी छिन् । उमेरले बुढ्यौली लागे पनि विशेषगरी एकल महिला, गरिब, विपन्न, दलित, जनजाति, घरपरिवार, समुदायबाट अपहेलित भएका महिलालाई प्राथमिकता दिदै ढाका बुन्ने कार्यमा सीप तथा हौसला दिने गर्छिन् ।

महर्जनले थालनी गरेको ढाका कपडा उद्योगका कारण अहिले देश तथा विदेशमा पाल्पाको पहिचान बनाउन सफल भएको छ । उद्योग सुरुआतका क्रममा पाल्पा कारागारमा रहेका थुनुवाहरुबाट कपडा बुन्ने काम गराउँदा बन्दीलाई आम्दानीको राम्रो माध्यम बनेको थियो । उहाँको उद्योगबाट साडी, कुर्ता, टोपी, पछ्यौरा, पर्स, झोलालगायतका गरी करिब ९० थरिका सामान उत्पादन हुने गर्दछ ।

पहिला ढाका भन्ने बित्तिकै चोली, टोपी, भोटोमा मात्रै सिमित थियो भने हिजोआज सर्ट, साडी, ब्लाउज, व्याग, कुर्ता, पछ्यौरा, आस्कोट, पर्दा, जुत्ता, चप्पललगायतका ग्राहकको रोजाई अनुसार विभिन्न सामग्री तयार पारिन्छ ।

बाहिरबाट भित्रिएका मेसिनबाट उत्पादित ढाका कपडाले गर्दा पाल्पाका केही उद्योग बन्द पनि नभएका होइनन् । अहिले ब्राण्डमा लगिएपछि भने पुनःउद्योगीमा उत्साह थपिएको सम्बद्ध व्यावसायी बताउँछन् । उद्योग, व्यापार फस्टाउदै जाँदा नयाँ नयाँ वस्तुको माग पनि थपिने क्रम जारी छ ।

जिल्लाको सदरमुकाम तानसेनसँगै ग्रामीण भेगहरु कसेनी, मदनपोखरा, कुसुमखोला, चिर्तुङ्धारा, बन्दिपोखरा, अर्गलीमा ढाका कपडा बुन्ने गरिन्छ । रामपुर क्षेत्रमा तानसेनमा बुनेका ढाका कपडा खरिद गरेर व्यापार व्यावसाय गरिएको छ । जिल्लामा हाल १५ वटा ढाका कारखाना सञ्चालित छन् । पाल्पाली ढाकाको नाममा छल गरेर बाहिर उत्पादन भएका ढाका यहाँ भित्रन थालेपछि दुईवटा ढाका कारखाना बन्द हुन पुग्यो । अहिले पुनः बन्द रहेका कारखानालाई सञ्चालनमा ल्याइएको छ ।

पाल्पाली ढाका कपडा सङ्घले ढाका कपडासम्बन्धी सीप विकास तालिम, नयाँ कारखाना स्थापना गर्ने व्यावसायीलाई विभिन्न बैंकबाट ऋण सहयोग, सहज रुपमा धागो उपलब्ध गराएको छ । सङ्घले ढाकाको सामग्री बिक्री नभएमा व्यवसायीबाट खरिद गरी तानसेनमा रहेको कोसेली घरबाट बिक्री गर्ने व्यवस्था मिलाएको छ ।

विसं २०७८ फागुन १९ गते पाल्पाली ढाकालाई ब्राण्ड घोषणा र चैत १२ गते ढाका कपडाको राजधानीका रुपमा घोषणा गरिएको थियो । हरेक वर्ष चैत १२ का दिन ढाका महोत्सव मनाउने सङ्घको योजना छ ।

जिल्लाभित्र न्यूनतम तीनदेखि बढीमा एक सयभन्दा बढी तान राखेर कारखाना सञ्चालन गरिएको छ । एकसय बढी तान भएका चारवटा कारखाना रहेको छ । पाँच÷सात लाखको लगानीमा व्यावसाय चलाउन सकिने हुँदा ढाका उद्योगबाटै राम्रै लाभ लिन सकिनेछ ।

ढाकाको महत्व बुझ्दै गएपछि पछिल्लो समय ढाकाको व्यापार फस्टाउँदै गएको छ । दुई वर्ष कोभिड सङ्क्रमणले असर गरे पनि हिजोआज पुनः ढाका कपडाको व्यापार बढ्दो छ । पाल्पा भित्रिने नयाँ व्यक्तिले चिनोको रुपमा केही न केही ढाकाको सामान किन्ने गरेको व्यापारी बताउँछन् ।

साभारः आर्थिक न्यूज

आइतबार, ०१ माघ २०७९



# पर्यटकीय गन्तव्य पहिचान गर्न पदयात्रा अभियान

रामपुर (पाल्पा), ११ साउन । पर्यटकीय क्षेत्रको विकास गर्न पदयात्रा कार्यक्रम सुरु गरिएको छ । पाल्पाको तानसेनमा ओझेलमा परेका तर पर्यटन क्षेत्रको सम्भावना बोकेका क्षेत्रको खोजी गर्दै पदयात्रा अभियान कार्यक्रम थालनी भएको छ ।

नेपाल एसोसिएसन अफ टुर एण्ड ट्राभल एजेन्टस् (नाट्टा) पाल्पा च्याप्टरले साउन महिनाको प्रत्येक शनिबार पर्यटकीय गन्तव्यको पहिचान गर्न पदयात्रा कार्यक्रम सुरु गरेको हो । पहिलो दिन तानसेनबाट चण्डी भञ्ज्याङ हुँदै बौघा पोखराथोकसम्म पदयात्रा गरिएको छ। साउन महिनाको पहिलो शनिवारबाट पदयात्रा अभियान थालनी गरिएको नाट्टा च्याप्टर पाल्पाका अध्यक्ष राजीवकुमार शाहले बताए ।

उनले भने, “प्रचुर सम्भावना बोकेका धेरै ठाउँ छन्, विकास अभाव, प्रचारप्रसार नहुँदा ओझेलमा परिरहेका छन्, ती क्षेत्रको विकास गरी मुख्य पर्यटकीय गन्तव्यस्थल बनाउन पदयात्रा अभियान कार्य सुरु गरिएको छ ।” उनका अनुसार यो अभियान साउन महिनाको प्रत्येक शनिबार गरिनेछ। तानसेनमा रहेको भगवती मन्दिरमा पदयात्राको शुभारम्भ गरी अभियान अगाडि बढाइएको छ ।

पदयात्रा अभियानले पाल्पामा रहेका महत्वपूर्ण पर्यटकीय क्षेत्र तथा ओझेलमा परेका पर्यटनको प्रचुर सम्भावना बोकेका क्षेत्र पहिचान गर्न सघाउ पुग्ने तानसेन नगरपालिकाका प्रमुख सन्तोषलाल श्रेष्ठले बताए । “पर्यटकीय क्षेत्रको सोधखोज नहुँदा सम्भावना बोकेका धेरै स्थान ओझेलमा परेका छन्, पौराणिक ऐतिहासिक, धार्मिक क्षेत्रसँग जोडिएका महत्वपूर्ण पर्यटकीय क्षेत्रको विकास र विस्तारमा तानसेन नगर सरकारले सहयोग गर्नेछ”, नगर प्रमुख श्रेष्ठले भने ।

पदयात्राको पहिलो दिन पाल्पाका तत्कालीन तैनाथवाला प्रताप शमसेरले तानसेन बजारको खानेपानीको लागि बनाउन लगाएको चण्डीभञ्ज्याङमा रहेको एक सय वर्ष अघि बनेको सुरुङको अवलोकन गरिएको छ । त्यहाँबाट बौघापोखराको थाम्केडाँडामा पदयात्रा टोली पुगेको थियो । थाम्केडाँडाबाट मनोरम हिमश्रृङ्खलाका साथै, कालीगण्डकी नदी र नदी आसपाससँग जोडिएका सुन्दर बस्ती अवलोकन गरिएको छ । सोही ठाउँमा रमणिय दृश्य अवलोकन गर्न ट्रि हाउस, एडभेन्चर स्विङ पनि रहेको छ ।

नाट्टा लुम्बिनी अध्यक्ष रचना पन्त, वरिष्ठ उपाध्यक्ष चन्द्र थापा, बोर्ड सदस्य प्रदीपकुमार पोखरेलसहित नाट्टा पाल्पा च्याप्टरका पदाधिकारी तथा सदस्य र पर्यटन क्षेत्रसँग आबद्ध व्यक्ति, जनप्रतिनिधि, सरोकारवालाको सहभागितामा पदयात्रा सुरू गरिएको हो ।

पाल्पा अवलोकन गर्न आउने पर्यटक तानसेन, श्रीनगरडाँडा, भैरवस्थान मन्दिर, रानीमहल, रिडी क्षेत्र धेरै पुग्ने गर्दछन् । पौराणिक महत्व बोकेका, पर्यटनमा सम्भावना बोकेका क्षेत्रलाई पर्यटन विकाससँग जोडेर काम गरियो भने आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउन सकिने छ । यहाँ धेरै पर्यटकीय गन्तव्यस्थल बन्ने ठाउँ छन् । खोजी नहुँदा सधैं पछाडि परिरहेका छन् । पदयात्रा अभियानले ओझेलमा परेका क्षेत्र बाहिर आउने र पर्यटन विकासमा ठूलो टेवा पुग्नेछ । रासस

साभारः रिपोर्टर्स नेपाल
प्रकाशित मिति : 2023 July 27, 10:36 am

# तानसेनमा ऋण लिएर बनाइएका संरचना वर्षौंदेखि अलपत्र




तानसेन – तानसेनमा विश्व बैङ्कसँग ऋण लिएर बनाएको ऐतिहासिक संरचना अलपत्र बनेको छ। तानसेन नगरपालिकाले ११ वर्षअघि विश्व बैङ्कसँग ऋण लिएर बनाएको नारायणस्थान फूलबारीको ऐतिहासिक संरचना केही वर्षदेखि अलपत्र बनेको हो।

नगरपालिकाले उक्त संरचनाको उपयोग र संरक्षण गर्न नसक्दा ऋण लिएर बनाएका संरचना जीर्ण बनेको छ। नारायणस्थान वरपरका ऐतिहासिक संरचनालाई मर्मतसुधार गरेर पर्यटकलाई आकर्षित गर्ने नगरपालिकाको योजना थियो। तर उक्त स्थानमा बनेका ऐतिहासिक पाटी, पौवा, शौचालय, स्नान घर लगायतका संरचना प्रयोग हुन सकेको छैन। विश्व बैङ्कसँग तीन करोड ८० लाख रुपियाँ ऋण लिएर वि.सं. २०६९ चैत ८ गतेदेखि तीन स्थानका ऐतिहासिक संरचना बनाउन सुरू गरिएको थियो।

ढिला गरी निर्माण सम्पन्न भएको संरचना हाल प्रयोगहीन बनेको स्थानीय बासिन्दाको भनाई छ। निर्माण व्यवसायीले पुराना र जीर्ण संरचनाको निर्माण तथा मर्मतसुधार गरेर नगरपालिकालाई हस्तान्तरण गरिसकेको चार वर्ष बितिसकेको छ। तर निर्माण भएका संरचनाको प्रयोग र रेखदेख हुन नसक्दा ती संरचना जीर्ण बनेको स्थानीय बासिन्दाको भनाइ छ। नगरपालिकाले ऐतिहासिक नारायणस्थान वरपरको फूलबारीलाई प्रयोगमा ल्याउन नसक्दा पाटी, पौवा, विश्रामस्थल, शौचालय भत्किएको छ।

फूलबारीमा पिकनिक स्थल, अस्थायी संरचना बनाएर साना कफी शप तथा नास्ता खाजा खाने स्थल तथा विश्राम स्थल बनाउन सकिन्छ। यतिमात्र होइन गर्मीको मौसममा शित्तल चाहने मानिसका लागि आराम गर्ने स्थान, विवाह मण्डप तथा हाटबजारका लागि समेत फूलबारी प्रयोग गर्न सकिने तानसेनका बासिन्दा राजु महर्जनले बताउनुभयो। बनेका संरचनालाई नगरपालिकाले उपयोग गर्न नसकेको उहाँले बताउनुभयो।

तानसेन नगरपालिकाले भने नारायणस्थान फूलबारीलाई प्रयोगमा ल्याउने विषयमा हालसम्म योजना बन्न नसकेको जनाएको छ। फूलबारीलाई कुन रुपमा प्रयोग गर्ने भन्ने हालसम्म कुनै योजना नबनेको नगरपालिकाका सूचना अधिकारी भरत आचार्यले बताउनुभयो। आचार्यले भन्नुभयो, 'नारायणस्थानका संरचना र जग्गालाई कसरी प्रयोग भन्ने हालसम्म कुनै निर्णय हुन सकेको छैन।' नगरपालिकाले मात्र होइन, नारायणस्थान गुठी व्यवस्थापन समितिले समेत यसको रेखदेख र उपयोग गर्न नसकेको स्थानीय बासिन्दाको भनाई छ।

दश वर्षअघि बनेका पाटी, पौवा, शौचालय, प्याराफुट, तथा अन्य संरचनाको उचित संरक्षण हुन सकेको छैन। पाँच वर्षअघि ऐतिहासिक संरचना बनाउँदा लापरबाही गरेको भन्दै अख्तियारमा समेत उजुरी परेको थियो। नारायणस्थान मन्दिर सेना वंशको पतनपछि वि.सं.१८६३ मा मुख्तियार अमरसिंह थापाले बनाउन लगाएका थिए। नारायणस्थान मन्दिरभित्रका टुंडालमा कामकलाका आकृति कोरिएका छन्।

साभारः रानीमहल संवाददाता
३ जेष्ठ २०८०, बुधबार

# आजीवन सदस्यहरूले पाउने सहुलियतको विवरण

आजीवन सदस्यहरूले गुठीले उपलब्ध गराएको परिचय-पत्र प्रयोग गरी निम्न वस्तु तथा सेवा प्रदायकहरूबाट विशेष सहुलियत (Special Discount) प्राप्त गर्न सक्नु हुनेछ ।

| क्र.सं. | वस्तु तथा सेवा प्रदायकको नाम | सेवा | दर(%) | सम्पर्क व्यक्ति |
|---|---|---|---|---|
| १) | नगरकोट हिलसाइड रिसोर्ट | रिसोर्टका सेवाहरू | २५% | हेमन्त राज कोलाक्षपती ६६८००४४/६६८०००४ |
| २) | सुखी परिवार क्लिनिक, कालीमाटी | प्रजनन् स्वास्थ्य, स्त्री रोग, बाँझोपन (हाड जोर्नी तथा नशा रोग समेत) | १०% | डा. तुम्ला लाकौल शाह ९८५१०३००२४ |
| ३) | ईआरएमसि इण्टरनेशनल, पुल्चोक, ल.पु. | वास्तु परीक्षण र दोष निवारण तथा इन्जिनियरिङ डिजाइन, प्लानिङ, निरीक्षण | १०% | ई. विधान चन्द्र  राजभण्डारी फोन नं. ५५४८५५१ मोबाइल नं. ९८४१३०३३७४ |
| ४) | पूजा कम्प्युटर कन्सल्ट, तानसेन, पाल्पा | कम्प्युटर तालिम प्रिपरेशन कक्षा भाषा कक्षा तथा अन्य | १०% | रोशनीमाला बज्राचार्य ९८४७०२९९४७ |
| ५) | हिमाल नर्सिङ होम, नक्साल | आँखा चिकित्सा (७५ वर्ष भन्दा माथिका गुठियार सदस्यहरूलाई निःशुल्क उपचार) | १०% | डा. ओम कृष्ण मल्ल ९८४१२५०९२० |
| ६) | प्यूठानी बस्त्रालय, मखन, तानसेन | लत्ता कपडाहरू | १५% | राजेन्द्र कक्षपती (प्यूठाने) ९८४७०२९५१५ |
| ७) | पाल्पा मनी ट्रान्सफर, तानसेन | पाल्पाबाट काठमाडौं मनी ट्रान्सफर | निःशुल्क | ९८४१२३८३४४ जीवन बज्राचार्य<br>सर्जु लाल बज्राचार्य ९८५७०६५५९९ |
| ८) | आशास हेल्थ केयर प्रा.लि. | फिजियो र डेन्टल सेवामा | १०% | डा. अमिर नेउपाउने (PT) ९८५१२३८५५५ |
| ९) | जय मारुती फर्निचर्स, सामाखुशी | विभिन्न स्वदेशी तथा विदेशी फर्निचर्सहरू | १०% | रमेश नारायण श्रेष्ठ ९८४१२८१०३८ |
| १०) | न्यू तानसेन करुवा उद्योग टक्सार | करुवा बिक्रीमा | १०% | मंगल प्रसाद वज्राचार्य ९८४७११००२० |
| ११) | होटल लाकौल, बुटवल | सेवाहरूमा | २०% | हेमन्त लाल कोलाक्षपती ९८०१०२३०७७ |
| १२) | दर्शन फेन्सी हाउस, तानसेन | सामानमा | १०% | किशोर दर्शन बज्राचार्य ९८४७०२९१५९ |
| १३) | सिद्धि कलर ल्याब, बसपार्क, तानसेन | फोटो र फ्लेक्स | १०% | सुनिल गोविन्द श्रेष्ठ ९८५७०६०८१० |
| १४) | पाल्पाली चिनो पसल | ढाकाको सामानमा | १०% | मधु दयाल सैंजू ९८४७०२९४२२ |
| १५) | होटल इन्द्रेणी एण्ड रेष्टुरेण्ट | लजिङ तथा रेष्टुरेण्टमा | १०% | मोहन प्रसाद श्रेष्ठ ९८५७०६०११२ |
| १६) | एलाईट मल्टी कूजिन रेष्टूरां, नयां वानेश्वर | खानामा १५% /पेय पदार्थमा १०% छुट । | १०-१५% | श्री समिट राज शाक्य ४७८१५९१ |
| १७) | मनमोहन मेमोरियल हस्पिटल स्वयम्भू, सुभेक्षा हस्पिष्टल सितापाइला, नेपाल नेशनल हस्पिटल कलंकी, मनमोहनल हस्टिल, ठमेल | आजीवन सदस्यलाई कन्सल्ट फी निःशुल्क, अन्य सदस्यलाई आधा फी | | डा. उस्पल बहादुर बज्राचार्य, कन्सल्ट यूरोलोजिष्ट ९८५१२११११०१ |
| १८) | मिलन स्टोर | फेन्सी कपडाहरू | १०% | सविन मल्ल, तानसेन पाल्पा ९८५७०६००१८ |
| १९) | श्रीया फेन्सी स्टोर | फेन्सी कपडाहरू | १०% | सुरज मलेकु, तानसेन पाल्पा ९८५७०६०१४४ |
| २०) | बिग स्माइल डेन्टल क्लिनिक, गणेश वस्ती, महाराजगञ्ज | फ्री डेन्टल चेकअप एण्ड कन्सल्टेसन, डेन्टल ट्रिटमेन्ट | १५-२०% | डा. विज्ञान गुभाजु<br>९७४५६६६६२०, ९८२३७४९९०२ |

नोट : उपरोक्त सहुलियतहरू उपभोग गर्न अनिवार्य रूपमा तानसेन गुठीबाट जारी आजीवन सदस्यको परिचय-पत्र पेस गर्नु पर्नेछ । उपरोक्त सुविधाहरू सम्बन्धित सेवा प्रदायक तथा यस तानसेन गुठीबिच भएको करार बमोजिम सम्झौता अवधिसम्म मात्र उपलब्ध हुनेछ ।

**PP PRADHAN & CO**
CHARTERED ACCOUNTANTS

PP Pradhan & Co
Sanepa, Lalitpur, PO Box: 3242
Kathmandu, Nepal
T: +977 1 5551126 E: info@pppradhan.com

श्री सदस्य महानुभावहरु,
तानसेन गुठी

**वित्तीय विवरण उपर प्रतिवेदन**

१. हामीले यसैसाथ संलग्न तानसेन गुठीको आषाढ ३१, २०७८ को वासलात, सोही मितिमा समाप्त भएको वर्षको आम्दानी खर्चको विवरणसाथै तत्सम्बन्धी महत्वपूर्ण लेखानीति तथा सम्मिलित वित्तीय विवरणहरुको लेखापरीक्षण गरेका छौं ।

***वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी***

२. नेपाल लेखामान तथा प्रचलित ऐन अनुरुप वित्तीय विवरण तयार एवं समुचित प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापनको रहेको छ । साथै, वित्तीय विवरण जालसाजी वा त्रुटीबाट हुने सारभुत गलत प्रस्तुतीकरणबाट मुक्त हुनेगरी तयार गर्न आवश्यक आन्तरिक नियन्त्रण प्रणाली छनौट तथा सोको प्रभावकारी कार्यान्वयन गर्ने जिम्मेवारीपनि व्यवस्थापनको रहेको छ ।

***लेखापरीक्षकको जिम्मेवारी***

३. हाम्रो जिम्मेवारी लेखापरीक्षणको आधारमा प्रस्तुत वित्तीय विवरणहरु उपर राय व्यक्त गर्नु हो । हामीले हाम्रो लेखापरीक्षणकार्य नेपाल लेखापरीक्षणमानको आधारमा गरेका छौं । ती लेखापरीक्षणमान अनुरुप व्यावसायिक नैतिक मूल्यमान्यताको पालना गर्दै वित्तीय विवरणहरु सारभुत रुपमा त्रुटीयुक्त प्रस्तुतिबाट मुक्त छन् भन्ने मनासिव आश्वस्तता प्राप्त गर्न लेखापरीक्षण योजना तर्जुमा एवं कार्यावन्यन गरेका छौं ।

४. लेखापरीक्षण कार्यमा वित्तीय विवरणमा प्रस्तुत गरिएका रकम तथा अन्य विवरणका बारेमा यथोचित तथा यथेस्ट लेखापरीक्षण प्रमाण प्राप्त गर्ने कार्य सामेल हुन्छ । यसरी अवलम्बन गर्ने लेखापरीक्षण कार्यविधि हामीले गरेको वित्तीय विवरणमा जालसाजी वा त्रुटीबाट सारभुत रुपमा गलत प्रस्तुती हुन सक्ने जोखिम मूल्यांकन सहित हाम्रो व्यवसायिक विवेकमा निर्भर हुन्छ । जोखिम मूल्यांकन गर्ने क्रममा हामीले परिस्थिति अनुकुल लेखापरीक्षण कार्यविधि तर्जुमा गर्ने उद्देश्यले सहकारीको वित्तीय विवरण तयारी र उचित प्रस्तुतीकरण गर्न आवश्यक आन्तरिक नियन्त्रण प्रणालीको मूल्यांकन गरेका छौं न कि सोको प्रभावकारिता माथि राय व्यक्त गर्न । लेखापरीक्षण अन्तर्गत वित्तीय विवरण तयार गर्दा प्रयोग भएका लेखा नीतिको औचित्यको विश्लेषण र व्यवस्थापनले गरेका लेखा अनुमानको मनासिवताका साथै वित्तीय विवरणहरुको समग्र प्रस्तुतिको विश्लेषण समेत समावेश छन् ।

५. हामीले प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलब्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं ।

***कैफियत सहितको राय व्यक्त गर्ने आधार***

६. कैफियत सहितको लेखापरिक्षण राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणहरुमा गहन असर पर्ने व्यहोरा निम्न अनुसार छ :

*तानसेन गुठीले टाईम्स सेभिङ्ग एण्ड क्रेडिट कोअपरेटिभमा हालसम्म ७४७,२६५।४६ लगानी गरेको छ । टाईम्समा रहेको मुद्दती रकम धेरै समयदेखि परिपक्क भएको छ । टाईम्स सेभिङ्ग एण्ड क्रेडिट कोअपरेटिभले मूल रकम फिर्ता नदिएको र प्राप्य व्याज पनि समयमा नदिएको अवस्था देखिन्छ । सो कारणले कोअपरेटिभ बित्तिय समस्यामा रहेको र हामीले यस संस्थाबाट प्राप्त गर्नुपर्ने रकम पनि पछि प्राप्त गरिन्छ भन्ने कुरा शङ्कास्पद रहेको छ ।*

हाम्रो रायमा माथी औल्याइएको विष्यवस्तुको वित्तीय विवरणहरुमा पर्ने असर बाहेक, संलग्न वित्तीय विवरणहरुले प्रचलित कानूनको अधिनमा रही लागू गर्न सकिने हदसम्म नेपाल लेखामान, प्रचलित कानून बमोजिम तानसेन गुठीको ३१ आषाढ २०७८ को वित्तीय अवस्था र सोही मितिमा समाप्त भएको वर्षको सञ्चालन नतिजा यथार्थ र उचित चित्रण गर्दछ ।

लेखापरीक्षक

P. P. Pradhan & Co. Chartered Accountants

प्रताप प्रसाद प्रधान
नि.पी.पी प्रधान एण्ड कम्पनी
चार्टर्ड एकाउण्टेण्टस्

मितिः २०७८/०९/१५

**UDIN Number:** 211230CA00010cBWcT

तानसेन गुठी, काठमाडौं
आर्थिक वर्ष २०७७/७८ को
आम्दानी खर्चको विवरण

| शिर्षक | अनुसूची | आ. व. २०७७/०७८ | | आ. व. २०७६/०७७ |
|---|---|---|---|---|
| **शुरुको कोषको विवरण** | १ | १२,८३५,७७० | | ११,६९४,०५३ |
| अक्षय कोष नयां थप | २ | १,३४९,०४७ | | १,३१२,१७० |
| गत वर्षको हिसाब मिलान | | | | ४,०४२ |
| **जम्मा कोष** | | १४,१८४,८१७ | | १३,०१०,२६४ |
| | | | | |
| **आम्दानी** | | | | |
| सदस्यता शुल्क (नयाँ, नविकरण र आजिवन) | १० | - | | ५०,८०० |
| विज्ञापन | | - | | २३६,८७५ |
| बैंक व्याज आम्दानी | ११ | ३०७,९९८ | | ४४८,००२ |
| वार्षिक भेला बाट | १२ | - | | १२२,३२० |
| अन्य आम्दानी | १३ | २२४,८९२ | | ३४,६६१ |
| कोभिड १९ आर्थिक सहयोग | | ३१,१५० | | ५३९,६०५ |
| धार्मिक सहयोग | | १९१,५२२ | | - |
| कुल आम्दानी | | ७५५,५६२ | | १,४३२,२६३ |
| **खर्च** | | | | |
| कोभिड राहत खर्च | १४ | १७८,८९३ | | ३६१,७५१ |
| वार्षिक भेला | १५ | - | | ७१२,२४० |
| धार्मिक कार्यक्रम खर्च | १६ | ३६१,९९० | | १९५,७२७ |
| विविध खर्च | १७ | २७,२७० | | १४७,१४२ |
| प्रशासनिक खर्च | १८ | १६४,५८७ | | १३७,९५१ |
| गुठी सहयोग | १९ | ३८,५०० | | ४३,३९६ |
| सम्पादित कार्यकमहरु | २० | - | | ८,५५० |
| कुल खर्च | | ७७१,२४० | | १,६०६,७५७ |
| यस वर्षको वचत | | (१५,६७८) | | (१७४,४९४) |
| **अन्तिम मौज्दात** | | **१४,१६९,१३९** | | **१२,८३५,७७०** |
| **अन्तिम कोषको विवरण** | | | | |
| सम्पत्ति | ३ | २०७,११६ | | २१७,०१८ |
| अक्षय कोष | ४ | ७,६६१,२६६ | | ७,०५०,१६६ |
| मुद्दती खाता | ५ | ५,०२३,५२१ | | ३,२०६,००० |
| बचत खाता | ६ | १,१३०,०८६ | | २,१७४,५०७ |
| लिनुपर्ने | ७ | १५५,१९८ | | १८१,१२८ |
| अन्य सम्पत्तिको अन्तिम मौज्दात | ८ | ३४,६५५ | | ३४,६५५ |
| भुक्तानी दिनुपर्ने | ९ | (४५,८२६) | | (३०,८२६) |
| नगद मौज्दात | | ३,१२३ | | ३,१२३ |
| **कुल जम्मा** | | **१४,१६९,१३९** | | **१२,८३५,७७०** |

(सर्जुमान लिगल)
अध्यक्ष

(गृहमान सिंह)
मुद्दती खाता व्यवस्थापक

(जीवनज्योति बज्राचार्य
कोषाध्यक्ष

(प्रताप प्रसाद प्रधान)
पि. पि. प्रधान एण्ड कम्पनी
चार्टर्ड एकाउण्टेण्ट्स

तानसेन गुठी
२०५०
काठमाण्डौ

**शुरुको कोषको विवरण** **अनुसूची १**

| सि.नं | शिर्षक | आ. व. २०७७/०७८ | आ. व. २०७६/०७७ |
|---|---|---|---|
| | **शुरुको कोषको विवरण** | | |
| १ | अक्षय कोषहरु | ७,०५०,१६६ | ६,४७८,९०७ |
| २ | मुद्दती खाताहरु | ३,२०६,००० | ३,२०६,००० |
| ३ | बचत खाताहरु | २,१७४,५०७ | १,७५९,४५२ |
| ४ | सम्पत्ति | २१७,०१८ | २२९,८०३ |
| ५ | असुर उपर गर्नुपर्ने रकम | १८१,१२८ | ५३,९४९ |
| ६ | अन्य सम्पत्ति मौज्दात (भेष्ट, चकटी, खादा आदी) | ३४,६५५ | ३७,१५५ |
| ७ | भुक्तानी दिन बाँकी रकम | (३०,८२६) | (७४,३३६) |
| ८ | नगद मौज्दात | ३,१२३ | ३,१२३ |
| | **जम्मा** | **१२,८३५,७७०** | **११,६९४,०५३** |

**अक्षय कोष नयां थप** **अनुसूची २**

| सि.नं | शिर्षक | आ. व. २०७७/०७८ | आ. व. २०७६/०७७ |
|---|---|---|---|
| १ | श्री अमरगन्ज बटुक भैरव अक्षय कोष | - | १६०,००० |
| २ | देवलक्ष्मी शान्तिलक्ष्मी स्मृति अक्षय कोष | - | १२१,००० |
| ३ | श्री भगवती प्रसाद, गीता देवी अक्षय कोष | - | १११,१११ |
| ४ | लाले जोकर सुख लक्ष्मी चित्रकार स्मृती कोष | - | २५,००० |
| ५ | देवी सरस्वती अक्षय कोष | - | १११,१११ |
| ६ | व्याज (अक्षयकोष) | ७३७,९४७ | ७८३,९४८ |
| ७ | स्व माधव राज मास्के स्मृती कोष | ५००,००० | |
| ८ | स्व युगल कृष्ण मल्ल स्मृती कोष | १११,१०० | |
| | **जम्मा** | **१,३४९,०४७** | **१,३१२,१७०** |

**सम्पत्ति** **अनुसूची ३**

| सि.नं | शिर्षक | आ. व. २०७७/०७८ | आ. व. २०७६/०७७ |
|---|---|---|---|
| १ | दराज | १६,८९०.९३ | १८,७६८ |
| २ | ल्यापटप | २४,०७५.०० | ३२,१०० |
| ३ | भगवती प्रतिमुर्ती | १५०,००० | १५०,००० |
| ४ | सम्पत्ति भगवती प्रतिमुर्ति छाता | १६,१५० | १६,१५० |
| | **जम्मा** | **२०७,११६** | **२१७,०१८** |

अक्षय कोष विवरण

अनुसूची ४

| सि नं | विवरण | बैंक | मु.र.न | रु |
|---|---|---|---|---|
| १ | मूर्तेन्द्र मोहन स्मृती अक्षय कोष | कुमारी बैंक | FD 04300333246000 | ३००,००० |
| २ | गृहमान गीता अक्षय कोष | कुमारी बैंक | FD 04300333246000 | ५०,००० |
| ३ | बेणी प्रसाद ज्योतीलक्ष्मी श्रेष्ठ | एक्सिस सहकारी, प्यूखा, न्यूरोड | FD-1200757 | २५,००० |
| ४ | नेपाल सरकार | एक्सिस सहकारी, प्यूखा, न्यूरोड | FD-1200757 | १५०,००० |
| ५ | महालक्ष्मी श्रेष्ठ स्मृती अक्षयकोष | सेण्ट्रल फाईनान्स, कुपन्डोल | C00001023398 | १०१,१११ |
| ६ | धर्मराज सूर्ये कुमारी लिगल अक्षय कोष | सेण्ट्रल फाईनान्स, कुपन्डोल | C00001023398 | ५०,००० |
| ७ | पूर्णलाल बैद्य स्मृती अक्षय कोष | सेण्ट्रल फाईनान्स, कुपन्डोल | C00001023398 | ११५,००० |
| ८ | चित गोबिन्द चन्द्र कुमारी अक्षय कोष | मुक्तिनाथ विकास बैंक | F00035406152 | १००,००० |
| ९ | दशरथ मिथिला अक्षय कोष | सेण्ट्रल फाईनान्स, कुपन्डोल | 00902000355 | १००,००० |
| १० | तेज कुमारी, गणेश ब. गुभाजू अक्षय कोष | सपना बहुउद्देश्य सहकारी, कमलादी | F41-01043-7 | ५१,००० |
| ११ | तानसेन नेवा छें कोष ( गुठी का.सन्चालन ) | सपना बहुउद्देश्य सहकारी, कमलादी | FD41-00408-2 | ३७८,००० |
| १२ | सिद्दि सकल तुल्सी कृष्ण इन्द्र दुर्गा अ कोष | सपना बहुउद्देश्य सहकारी, कमलादी | FD41-00750-1 | ३५५,७०० |
| १३ | जुन लोक थापा अक्षय कोष | सेण्ट्रल फाईनान्स, कुपन्डोल | C00001023398 | १०५,००० |
| १४ | राम लाल ज्योतीलाल अक्षय कोष | सेण्ट्रल फाईनान्स, कुपन्डोल | C00001023398 | ११०,००० |
| १५ | बैद्य गणेश कुमारी श्रेष्ठ चन्द्र कुमारी स्मृती | सेण्ट्रल फाईनान्स, कुपन्डोल | C00001023398 | ५०,००० |
| १६ | तेज लक्ष्मी लाल प्रसाद श्रेष्ठ स्मृती अ. कोष | सेण्ट्रल फाईनान्स, कुपन्डोल | C00001023398 | १००,००० |
| १७ | जगत बहादुर जोशी रुद्र बहादुर जोशी स्मृती | सेण्ट्रल फाईनान्स, कुपन्डोल | C00001023398 | ५०,००० |
| १८ | गणेश प्र.सानुमाया,महालक्ष्मी थान्जू | सेण्ट्रल फाईनान्स, कुपन्डोल | C00001023398 | ५०,००० |
| १९ | मुक्ती प्रसाद लक्ष्मी कुमारी श्रेष्ठ स्मृती | सेण्ट्रल फाईनान्स, कुपन्डोल | C00001023398 | ११०,००० |
| २० | पदम चन्द श्रेष्ठ स्मृती | सेण्ट्रल फाईनान्स, कुपन्डोल | C00001023398 | १००,००० |
| २१ | इन्द्र पदम् स्मृती सास्कृतीक कोष | सेण्ट्रल फाईनान्स, कुपन्डोल | C00001023398 | ५०,००० |
| २२ | नेपाल सरकार भगवती जात्रा | सेण्ट्रल फाईनान्स, कुपन्डोल | C00001023398 | १५०,००० |
| २३ | शिब नाथ यमुना देवी गोगंल | सेण्ट्रल फाईनान्स, कुपन्डोल | C00001023398 | १००,००० |
| २४ | उमा देवी गणेश नारायण श्रेष्ठ स्मृती अ .को | सेण्ट्रल फाईनान्स, कुपन्डोल | C00001023398 | १०१,१११ |
| २५ | अनन्त मथुरा प्रसाद राज भण्डारी | सेण्ट्रल फाईनान्स, कुपन्डोल | C00001023398 | १००,००० |
| २६ | जीवन जयन्ती अक्षय कोष | सपना बहुउद्देश्य सहकारी, कमलादी | FD- 41012589 | १११,१०१ |
| २७ | नारायण सरोज अक्षय कोष | सेण्ट्रल फाईनान्स, कुपन्डोल | C00001023194 | ३३०,००० |
| २८ | नारायण सरोज अक्षय कोष | सेण्ट्रल फाईनान्स, कुपन्डोल | C00001023194 | २२५,५५५ |
| २९ | गोबिन्द इन्दीरा अक्षय कोष | सेण्ट्रल फाईनान्स, कुपन्डोल | C00001023710 | २००,००० |
| ३० | धर्मराज सूर्ये कुमारी लिगल अक्षय कोष | सेण्ट्रल फाईनान्स, कुपन्डोल | C00001023445 | ५०,००० |
| ३१ | यज्ञ प्रसाद भगवती मााया अक्षय कोष | सेण्ट्रल फाईनान्स, कुपन्डोल | C00001023445 | १११,१११ |
| ३२ | बेणी प्रसाद ज्योतीलक्ष्मी श्रेष्ठ | सेण्ट्रल फाईनान्स, कुपन्डोल | C00001023445 | २५,००० |
| ३३ | गणेश प्र.सानुमाया,महालक्ष्मी थान्जू | सेण्ट्रल फाईनान्स, कुपन्डोल | C00001023445 | ५०,००० |
| ३४ | सुर्ये चन्दं स्मृती अक्षय कोष | सेण्ट्रल फाईनान्स, कुपन्डोल | C00001023445 | २००,००० |
| ३५ | जय चिरन्जीबी स्मृती अक्षयकोष | सेण्ट्रल फाईनान्स, कुपन्डोल | C00001023445 | ११०,००० |
| ३६ | श्रीनगर क्षात्रबृति | सेण्ट्रल फाईनान्स, कुपन्डोल | C00001023445 | ५०,००० |
| ३७ | दिब्यमान बैश्यत अक्षयकोष | सेण्ट्रल फाईनान्स, कुपन्डोल | C00001023445 | ५०,५०५ |
| ३८ | इन्द्रपदम सास्कृतिक तथा साहित्यीक अक्षयकोष | सेण्ट्रल फाईनान्स, कुपन्डोल | C00001023445 | १००,००० |
| ३९ | शिवनाथ यमुना देवी गोंगल अक्षय कोष | सेण्ट्रल फाईनान्स, कुपन्डोल | C00001023445 | १११,१११ |
| ४० | प्रतीमान निमा स्मृती अक्षय कोष | सेण्ट्रल फाईनान्स, कुपन्डोल | C00001023445 | १००,००० |
| ४१ | श्याम रत्न स्मृती अक्षय कोष | टाईम्स सेभिङ्ग एण्ड क्रेडिट कोअपरेटिभ | FD004350 | १००,००० |
| ४२ | पदम चन्द श्रेष्ठ स्मृती | टाईम्स सेभिङ्ग एण्ड क्रेडिट कोअपरेटिभ | बचत खाता | १११,१११ |
| ४३ | श्याम रत्न | कुमारी बैंक | FD 04300333246000 | २००,००० |
| ४५ | नारायण प्र. महाजन,हरी लाल महाजन अ. कोष | सेण्ट्रल फाईनान्स, कुपन्डोल | C00001023398 | ९९,९९९ |
| ४६ | भगवती पुजा प्रसाद सहयोग कोष | सेण्ट्रल फाईनान्स, कुपन्डोल | C770010230E4 | ७२३,६२९ |
| ४७ | दुर्गालाल ज्योतिलाल कक्षपति स्मृति अक्षयकोष | कुमारी बैंक | FD-24600006 | ४००,००० |
| ४८ | हरि प्रसाद कृष्ण माया प्रधान स्मृति अक्षय कोष | कुमारी बैंक | FD-24600007 | ५१,००० |
| ४९ | हरि प्रसाद कृष्ण माया प्रधान स्मृति अक्षय कोष | कुमारी बैंक | FD-24600008 | ६०,९०० |
| ५० | श्री अमर गंज बटुक भैरव अक्षय कोष | सेण्ट्रल फाईनान्स, कुपन्डोल | C00001023435 | १६०,००० |
| ५१ | देवलक्ष्मी शान्तिलक्ष्मी स्मृति अक्षय कोष | मुक्तिनाथ विकास बैंक | F00035406150 | १२१,००० |
| ५२ | श्री भगवती प्रसाद, गीता देवी अक्षय कोष | मुक्तिनाथ विकास बैंक | F00035406150 | १११,१११ |
| ५३ | लाले जोकर सुख लक्ष्मी चित्रकार स्मृती कोष | मुक्तिनाथ विकास बैंक | F00035406150 | २५,००० |
| ५४ | देवी सरस्वती अक्षय कोष | मुक्तिनाथ विकास बैंक | F00035406150 | १११,१११ |
| ५५ | स्व माधव राज मास्के | सेण्ट्रल फाईनान्स, कुपन्डोल | C11001023080 | ५००,००० |
| ५६ | स्व युगल कृष्ण मल्ल स्मृती अक्षय कोष | सेण्ट्रल फाईनान्स, कुपन्डोल | C11001023081 | १११,१०० |
| | कुल अक्षय कोषको मौज्दात | | | ७,६६१,२६६ |

तान सेन गुठी ★ २०५० ★ काठमाण्डौ

PP Pradhan & Co. Chartered Accountants

गुठीको मुद्दती खाताहरुको विवरण

अनुसूची ५

| सि.नं | विवरण | आ. व. २०७७/०७८ | आ. व. २०७६/०७७ |
|---|---|---|---|
| (क) | **मुक्तिनाथ विकास बैंक** | | |
| १ | F 00035406153 | ४०१,००० | ४०१,००० |
| २ | F 00035406151 | १७०,००० | १७०,००० |
| | | | |
| (ख) | **एक्सिस बैंक** | | |
| १ | FD No -2400054 | ५०,००० | ५०,००० |
| | | | |
| (ग) | **कुमारी बैंक लिमिटेड** | | |
| १ | FD 043003333324600005 | २००,००० | २००,००० |
| २ | FD 043003333324600004 | ३५०,००० | ३५०,००० |
| | | | |
| (घ) | **सेन्ट्रल फाईनान्स** | | |
| १ | FD C990023512 | ५००,००० | ५००,००० |
| २ | FD C99001023379 | २००,००० | २००,००० |
| ३ | FD C99001023379 | १,३३५,००० | १,३३५,००० |
| ४ | FD F11001020118 | २१७,५२१ | |
| ५ | FD C11001023087 | ८००,००० | |
| ६ | FD C00001023487 | ८००,००० | |
| | **कुल मुद्दती खाता मौज्दात** | **५,०२३,५२१** | **३,२०६,०००** |

गुठीको बचत खाताहरुको विवरण

अनुसूची-६

| सि.नं | विवरण | आ. व. २०७७/०७८ | आ. व. २०७६/०७७ |
|---|---|---|---|
| (क) | **टाईम्स सेभिङ्ग एण्ड क्रेडिट कोअपरेटिभ** | | |
| | बचत खाता 10403.0200.01052 | ५३६,१५४.४६ | ६३४,४८० |
| | पदम चन्द श्रेष्ठ स्मृती अक्षयकोष | - | (१११,१११) |
| | | ५३६,१५४.४६ | ५२३,३६९ |
| (ख) | **ओम शिबा ब. सहकारी संस्था** | | |
| | बचत खाता 5.5.550 | १०,६९०.५६ | १७,२७९ |
| (ग) | **सानिमा बैंक** | | |
| | चल्ती कल खाता 0010001137001 | ९७,०९७.०० | २३८,७४१ |
| (घ) | **सपना बहुउद्देश्य सहकारी संस्था** | | |
| | बचत खाता 02 00002 1 | २८,१३३.३० | ३१८,३७१ |
| (ङ) | **एक्सिस सहकारी, प्यूखा, न्यूरोड** | | |
| | बचत खाता FNR 000002 | २५,५८२.९० | १२६,९०४ |
| (च) | **एन एम बि बैंक** | | |
| | चल्ती कल खाता | - | - |
| (छ) | **सेन्ट्रल फाईनान्स** | | |
| | चल्ती खाता | २९८,७३९.४४ | ४५०,५५३ |
| (ज) | **कुमारी बैंक लिमिटेड** | | |
| | बचत खाता | ९७,१५८.११ | ४७५,४४९ |
| (झ) | **मुक्तिनाथ विकास बैंक** | | |
| | बचत खाता | ३६,५३०.५० | २३,८४० |
| | **कुल बचत खाता मौज्दात** | **१,१३०,०८६** | **२,१७४,५०७** |

तानसेन गुठी
२०५०
काठमाण्डौ

PP Pradhan & Co.
Chartered Accountants

लिनुपर्ने बँकी हिसाब

अनुसूची ७

| सि.नं | विवरण | गत बर्ष सम्मको | यस बर्षको | अपलेखन तथा स्थान्तरण | यस बर्षमा असुल | बाकी |
|---|---|---|---|---|---|---|
| (क) | भुक्तानी लिनुपर्ने (विज्ञापन नयाँ बापत) | २०,००० | - | - | - | २०,००० |
| | जम्मा | २०,००० | - | - | - | २०,००० |
| (ख) | बैंक मुद्दतिबाट प्राप्त हुनुपर्ने | | | | | |
| १ | ब्याज (अक्षयकोष) | २५,९३० | | - | २५,९३० | - |
| | जम्मा | २५,९३० | - | - | २५,९३० | - |
| (ग) | पेस्की हिसाब | | | | | |
| १ | प्रमी श्रेष्ठ | ५,७०४ | - | - | | ५,७०४ |
| २ | तानसेन गुठी तानसेन शाखा | १८,४९४ | | - | | १८,४९४ |
| ३ | प्रदिप बज्राचार्य | १००,००० | | | | १००,००० |
| | जम्मा | १२४,१९८ | - | - | - | १२४,१९८ |
| (घ) | अन्य | | | | | |
| १ | जिवन ज्योति बज्राचार्य | ११,००० | - | - | - | ११,००० |
| | जम्मा | ११,००० | - | - | - | ११,००० |
| | कुल जम्मा | १८१,१२८ | - | - | २५,९३० | १५५,१९८ |

तान सेन गुठी ★ २०५० ★ काठमाण्डौ

PP Pradhan & Co. Chartered Accountants

अन्य सम्पत्तिको अन्तिम मौज्दात — अनुसूची ८

| सि.नं | शिर्षक | आ. व. २०७७/०७८ | आ. व. २०७६/०७७ |
|---|---|---|---|
| १ | भेष्ट | ३४,६५५ | ३४,६५५ |
| | जम्मा | ३४,६५५ | ३४,६५५ |

भुक्तानी दिनुपर्ने — अनुसूची ९

| सि.नं | शिर्षक | आ. व. २०७७/०७८ | आ. व. २०७६/०७७ |
|---|---|---|---|
| १ | पि.पि. प्रधान एण्ड कंपनी | ३९,४७० | १९,७३५ |
| २ | भुक्तानीमा कर कट्टी | ६,३५६ | ६,०९१ |
| ३ | पाल्पाली सँगम | – | ५,००० |
| | जम्मा | ४५,८२६ | ३०,८२६ |

सदस्यता शुल्क — अनुसूची १०

| सि.नं | शिर्षक | आ. व. २०७७/०७८ | आ. व. २०७६/०७७ |
|---|---|---|---|
| १ | आजिवन सदस्यता शुल्क : | - | ४५,००० |
| २ | सदस्यता नवीकरण शुल्क | - | ५,८०० |
| | जम्मा | - | ५०,८०० |

व्याज आम्दानी — अनुसूची ११

| सि.नं | शिर्षक | आ. व. २०७७/०७८ | आ. व. २०७६/०७७ |
|---|---|---|---|
| १ | व्याज (मुद्दती) | २७३,५१५ | ३७३,५५० |
| २ | व्याज (बचत) | ३२,८४२ | ७४,४०७ |
| ३ | डिभिडेन्ट (कोअपरेटिभ) | १,६४१ | ४५ |
| | जम्मा | ३०७,९९८ | ४४८,००२ |

वार्षिक भेला बाट प्राप्त अनुसूची १२

| सि.नं | शिर्षक | आ. व. २०७७/०७८ | | आ. व. २०७६/०७७ |
|---|---|---|---|---|
| १ | वार्षिक भेला स्टल | - | | १२२,३२० |
| | जम्मा | - | | १२२,३२० |

अन्य आम्दानी अनुसूची १३

| सि.नं | शिर्षक | आ. व. २०७७/०७८ | | आ. व. २०७६/०७७ |
|---|---|---|---|---|
| १ | आर्थिक सहयोग | २१७,५२१ | | १९,७०० |
| २ | चिनारी पत्रिका | - | | ९०० |
| ३ | तिर्थ यात्रा दर्ता शुल्क | - | | ४,६३५ |
| ४ | फिल्म सेन्टर | ५,००० | | - |
| ५ | भगवती दान पात्र | २,००५ | | ९,४२५ |
| ६ | अन्य आम्दानी | ३६६ | | १ |
| | जम्मा | २२४,८९२ | | ३४,६६१ |

कोभिड राहत खर्च अनुसूची १४

| सि.नं | शिर्षक | आ. व. २०७७/०७८ | | आ. व. २०७६/०७७ |
|---|---|---|---|---|
| १ | कोभिड राहत | १४२,६११ | | - |
| २ | नि:सहाय सहयोग | ३६,२८२ | | |
| | जम्मा | १७८,८९३ | | - |

वार्षिक भेला अनुसूची १५

| सि.नं | शिर्षक | आ. व. २०७७/०७८ | | आ. व. २०७६/०७७ |
|---|---|---|---|---|
| १ | वार्षिक भेला भोज | - | | ५१८,४९६ |
| २ | विविध वार्षिक भेला | - | | ६,३३९ |
| ३ | पत्रिका छपाई | - | | १४८,८०० |
| ४ | शतवार्षिक समारोह | - | | ३८,६०५ |
| | जम्मा | - | | ७१२,२४० |

तान सेन गुठी २०५० काठमाण्डौं

Pradhan & Co. Chartered Accountants

**धार्मिक कार्यक्रम खर्च** | अनुसूची १६

| सि.नं | शिर्षक | आ. व. २०७७/०७८ | आ. व. २०७६/०७७ |
|---|---|---|---|
| १ | धार्मिक सहयोग | १९१,५२२ | १२४,३६९ |
| २ | भीमसेन रथ | १७०,४६८ | ७१,३५८ |
| | जम्मा | ३६१,९९० | १९५,७२७ |

**विवध खर्च** | अनुसूची १७

| सि.नं | शिर्षक | आ. व. २०७७/०७८ | आ. व. २०७६/०७७ |
|---|---|---|---|
| १ | युवा सदस्य अभिमुखीकरण कार्यकम | - | १,५०० |
| २ | साहित्य तथा सास्कृतिक पुरस्कार | - | १०,००० |
| ३ | स्वास्थ्य छात्रवृति | - | २,९६० |
| ४ | अन्य खर्च | ४,६५८ | ११७,०८८ |
| ५ | आर्थिक सहयोग | - | ५,००० |
| ६ | कार्य समिती बैठक | ३,६३५ | १०,५९४ |
| ६ | फिल्म सेन्टर बैठक | ७,१६५ | - |
| ७ | खोप खर्च | ११,८१२ | |
| | जम्मा | २७,२७० | १४७,१४२ |

**प्रशासनिक खर्च** | अनुसूची १८

| सि.नं | शिर्षक | आ. व. २०७७/०७८ | आ. व. २०७६/०७७ |
|---|---|---|---|
| १ | बैंक कमिशन | - | ६३५ |
| २ | बैंक ब्याजमा कर कट्टी | १२९,४६४ | ९३,५५१ |
| ३ | संचार तथा स्टेशनरी | १,८४५ | ६,२८० |
| ४ | लेखा परिक्षण शुल्क | २०,००० | २०,००० |
| ५ | वेव साइट नबिकरण | - | ४,७०० |
| ६ | गुठी नवीकरण शुल्क | ३,३७६ | - |
| ७ | ह्रास कट्टि | ९,९०२ | १२,७८५ |
| | जम्मा | १६४,५८७ | १३७,९५१ |

**गुठी सहयोग** | अनुसूची १९

| सि.नं | शिर्षक | आ. व. २०७७/०७८ | आ. व. २०७६/०७७ |
|---|---|---|---|
| १ | स्वास्थ उपचार सहयोग | ३८,५०० | ३३,८७० |
| २ | धवल पुस्तकालय सहयोग | - | ९,५२६ |
| | जम्मा | ३८,५०० | ४३,३९६ |

**सम्पादित कार्यकमहरु** | अनुसूची २०

| | शिर्षक | आ. व. २०७७/०७८ | आ. व. २०७६/०७७ |
|---|---|---|---|
| १ | ९० वर्षे पुजा | - | ८,५५० |
| | जम्मा | - | ८,५५० |

तान सेन गुठी ★ २०५० ★ काठमाण्डौ

P.P. Pradhan & Co. Chartered Accountants

अनुसूची २१

**श्री तानसेन गुठी, काठमाडौं**
**आर्थिक वर्ष २०७७/७८ को**
**प्रमूख लेखा निती तथा टिप्पणीहरु**

**१ लेखा परम्परा**

आर्थिक विवरणहरु एतिहासिक मुल्यको आधारमा तयार गरिएको छ र कम्पनीको कारोबारको लेखांकन accural basis मा गरिएको छ ।

**२ आर्थिक वर्ष**

यस गुठीको अर्थिक वर्ष नेपाली आर्थिक वर्ष अनुसार श्रावण महिना देखि अषाढ मसान्त निर्धारण गरिएको छ ।

३ यस आर्थिक वर्षमा अक्षयकोषबाट प्राप्त भएको ब्याज आम्दानी सोही कोषमा जम्मा गरिएको छ ।

४ यस गुठीमा आ ब २०७७/७८ सम्म निम्न प्रकारका कोषहरु रहेका छन्

| कोषको प्रकार | जम्मा रकम |
|---|---|
| अक्षय कोष | ७,६६१,२६६ |
| मुद्दती खाता | ५,०२३,५२१ |
| बचत खाता | १,१३०,०८६ |
| **जम्मा** | **१३,८१४,८७३** |

अक्षय कोषबाट प्राप्त ब्याज रकम अक्षयकोषदातासँग भएको सम्झौता अनुसार बिभिन्न कार्यहरुमा प्रयोग गर्ने गरिएको छ। मुद्दती तथा बचत खातामा गुठिको आफ्नो स्रोतबाट जम्मा गरिएको रकम तथा अक्षयकोष वापत प्राप्त भएको रकम तर मुद्दतीखातामा जम्मा भैनसकेको रकम समावेश भएका छन्।

५ आर्थिक विवरण रकमहरु पूर्ण रुपैयाँमा देखाएका छन्।

६ गत बर्षका रकमहरु आवश्यकता अनुसार शिर्षकहरुमा मिलान गरिएका छन्।

तान सेन गुठी २०५० काठमाण्डौ

PP Pradhan & Co. Chartered Accountants

# धन्यवाद ज्ञापन

यस गुठीको आ.व. २०७९/०८० मा सम्पन्न गरिएका विभिन्न कार्यक्रमहरू सफल पार्न आ-आफ्नो क्षेत्रबाट बौध्दिकरूपमा तथा शारीरिकरूपमा सक्दो अमूल्य समय दिई योगदान पुर्याउनुहुने तथा आर्थिक सहयोग प्रदान गरेर अमूल्य योगदान दिनुहुने सम्पूर्ण संघसंस्था तथा महानुभावहरूलाई गुठीको ३१औं साधारण सभा तथा वार्षिक भेला कार्यक्रमको सुअवसरमा गुठीको तर्फबाट हृदयदेखि आभार तथा हार्दिक धन्यवाद-ज्ञापन गर्दछ । साथै गुठीले वार्षिक मुखपत्र 'चिनारी' पत्रिका प्रकाशनमा शुभकामना सहित विज्ञापन उपलब्ध गराई सहयोग गर्नुहुने सम्पूर्ण संघ-संस्था र व्यक्तित्वहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्दछ । साथै भविष्यमा पनि यहाँहरूको निरन्तर साथ र सहयोगको अपेक्षा गर्दछ ।

**क) विज्ञापनदाताहरू:**

| SN | Company |
|---|---|
| 1 | AADIM National College |
| 2 | Cas Trading House Pvt.Ltd. |
| 3 | Central Finance Limited |
| 4 | College of Information Technolgy and Engineering |
| 5 | Dyansty Helicopter |
| 6 | Gokarna Forest Resort |
| 7 | Gorkha Saving & Credit Co-operative Ltd. |
| 8 | Happy Hour Pvt.Ltd. |
| 9 | Hattiban Social Service Center (HSSC) |
| 10 | HIST Engineering College |
| 11 | Ilum Agro Farm Pvt.Ltd. |
| 12 | Jalpa Devi Petrolium(P) Ltd. |
| 13 | Krishna Ganga Sai Suppliers |
| 14 | Kshitiz International College |
| 15 | Kumari Bank Limited |
| 16 | Lumbini Engineering College |
| 17 | Lumbini Medical College |
| 18 | Mahila Sahayogi Bachat Tatha Rin Sahakari Sanstha Ltd. |
| 19 | Mahjong Casino |
| 20 | Manang Air |
| 21 | Medrik Pharmaceuticals Pvt.Ltd. |
| 22 | Muktinath Bikas Bank Limited |
| 23 | Nepal Optical |
| 24 | Nepal Telecom |
| 25 | New Horizon Secondary School |
| 26 | Pascal National College |
| 27 | Prabhu Helicopter |
| 28 | Public Sutradhar Sahakari Sanstha Ltd. |
| 29 | Salt Trading Corporation Ltd. |
| 30 | Sanima General Insurance |
| 31 | Siddhi Butwal |
| 32 | Tansen Nagar Palika |
| 33 | The Bakery Cafe |
| 34 | Versatile Investment Pvt.Ltd. |
| 35 | Yeti Airlines |

**ख) नयाँ अक्षयकोषहरू**

**१. 'बैद्य गोविन्दलाल–चिनियादेवी भगवती माता पूजा प्रसाद अक्षयकोष'**

यस गुठीको संरक्षणमा रहनेगरी श्री सन्तोषलाल श्रेष्ठबाट उहाँको छोरी डा. निशा श्रेष्ठ संरक्षक रहने गरी रू.१,००,०००।- (अक्षरुपी एक लाख रुपैयाँ) को 'बैद्य गोविन्दलाल–चिनियादेवी भगवती माता पूजा प्रसाद अक्षयकोष' स्थापना गर्नुभएकोमा उहाँ तथा परिवारजनमा गुठी हार्दिक आभार सहित धन्यवाद व्यक्त गर्दछ ।

### २. 'कोकिल गीता मानवसेवा अक्षयकोष'

यस गुठीको संरक्षणमा रहने गरी गुठीका आजीवन सदस्य श्री कोकिल गोविन्द श्रेष्ठ तथा उहाँको धर्मपत्नी गीता श्रेष्ठको नाममा रू.२,००,०००।- (अक्षरूपी दुईलाख)को 'कोकिल गीता मानवसेवा कोष' अक्षयकोष स्थापना गर्नुभएकोमा उहाँ तथा परिवारजनमा गुठी हार्दिक आभार सहित धन्यवाद व्यक्त गर्दछ ।

### ३. 'रामेश्वर नाथ–कल्पना गोंगल रणउजीरेश्वरी भगवती माता पूजा अक्षयकोष'

यस गुठीका आजीवन सदस्य श्री रामेश्वरनाथ गोंगलबाट यस गुठीको संरक्षणमा रहनेगरी रू.१,००,०००।-(अक्षरुपी एकलाख रुपैयाँ) को 'रामेश्वरनाथ कल्पना गोंगल रणउजीरेश्वरी भगवती माता पूजा अक्षयकोष' स्थापना गर्नुभएकोमा उहाँ तथा परिवारजनमा गुठी हार्दिक आभार सहित धन्यवाद व्यक्त गर्दछ ।

### ४. 'तीर्थनाथ-जानकी देवी गोंगल अक्षयकोष'

यस गुठीको संरक्षणमा रहनेगरी गुठी सदस्य तीर्थनाथ गोंगलबाट स्वास्थ्य क्षेत्रमा रू. ३,००,०००।- को 'तीर्थनाथ-जानकी देवी गोंगल अक्षयकोष' स्थापना गर्नुभएकोमा उहाँ तथा परिवारजनमा गुठी हार्दिक आभार सहित धन्यवाद व्यक्त गर्दछ ।

### ५. गृहेन्द्र-मानकुमारी स्मृति अक्षयकोषः

यस गुठीको संरक्षणमा रहने गरी गुठी सदस्य श्री बालप्रसाद श्रेष्ठबाट २०८० साल जेष्ठ १९ गते शिक्षा क्षेत्रमा रू.१,४०,०००।- को 'गृहेन्द्र-मानकुमारी स्मृति अक्षयकोष' स्थापना गर्नुभएकोमा उहाँ तथा परिवारजनमा गुठी हार्दिक आभार सहित धन्यवाद व्यक्त गर्दछ ।

### ६. 'हेमन्तराज कोलाक्षपति साहित्य पुरस्कार'

गुठीका संस्थापक सदस्य तथा पूर्व अध्यक्ष हेमन्तराज कोलाक्षपतिबाट पाल्पाको साहित्यिक विकासमा टेवा पु-याउने उद्देश्यले 'हेमन्तराज कोलाक्षपति साहित्य पुरस्कार' स्थापना गर्नु भई पाँच वर्षसम्म प्रत्येक वर्ष 'पाल्पा साहित्य समाज'लाई उक्त समाजको उद्देश्य अनुरूप अगाडी बढ्न प्रोत्साहन र सहयोगस्वरूप रू.२५,०००।- (अक्षरूपी पच्चिस हजार) नगद पुरस्कार प्रदान गर्नुभएकोमा गुठीको तर्फबाट हार्दिक धन्यवाद-ज्ञापन गर्दछ ।

### ७. 'डा. शम्भुमान सिंह साहित्य पुरस्कार'

गुठीका संस्थापक सदस्य डा. शम्भुमान सिंहबाट 'पाल्पा साहित्य समाज' को सिफारिसमा पाल्पाको साहित्यिक विकासमा टेवा पु-याउने उद्देश्यले 'डा. शम्भुमान सिंह साहित्य पुरस्कार' स्थापना गर्नु भई पाँच वर्षसम्म प्रत्येक वर्ष पाल्पाको साहित्यिक संस्था वा व्यक्ति (साहित्यकार) एक जनालाई प्रोत्साहन स्वरूप रू.२०,०००।- (अक्षरूपी बिस हजार) नगद पुरस्कार प्रदान गर्नुभएकोमा गुठीको तर्फबाट हार्दिक-धन्यवाद ज्ञापन गर्दछ ।

### ग) गुठीका सल्लाहकारहरू

यसवर्षको चिनारी पत्रिकामा गुठीका सल्लाहकारहरूबाट गुठीको ३१ औं साधारण सभा तथा वार्षिक भेला कार्यक्रमको सफलताको शुभकामनासहित सहयोग गर्नुभएकोमा गुठीको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

### घ) नयाँ गुठी सदस्यहरू

आ.व. २०७९/०८० मा गुठीको सदस्यता लिनुभएका सम्पूर्ण आजीवन सदस्यहरूलाई स्वागत गर्दै हार्दिक बधाई तथा धन्यवाद ।

### ङ) ई. सुजित गोपाल श्रेष्ठ

गुठी सदस्य परिवार ई. सुजित गोपाल श्रेष्ठलाई गुठीको लागि अति आवश्यक लेखा सम्बन्धि सफ्टवेयर निःशुल्करूपमा बनाई महत्त्वपूर्ण योगदान पु-याउनु भएकोमा गुठीको तर्फबाट आभार तथा हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

### च) पारस मिश्र

गुठीको नियमित कार्यक्रम अन्तर्गत यस वर्षको जनकपुर-जलेश्वर तीन दिने तीर्थयात्रा कार्यक्रममा गुठी सदस्यका पारिवारिक आफन्त स्थानिय व्यक्तित्व पारस मिश्रबाट तीर्थयात्रा कार्यक्रमको लागि आवश्यक सम्पूर्ण व्यवस्था सहज र सुलभ तरिकाले मिलाईदिनु भई तीर्थयात्रीहरूलाई सहयोग गरिदिनुभएकोमा गुठीको तर्फबाट आभारसहित धन्यवाद ज्ञापन गर्दछ ।

### छ) परिवार नियोजन संघ

गुठीबाट आयोजित साहित्यिक कार्यक्रमको लागि परिवार नियोजन संघको हल निःशुल्करूपमा उपलव्ध गराउन पहल गरिदिनुभएकोमा गुठीका पूर्व अध्यक्ष हिमाल कसजु लगायत

परिवार नियोजन संघलाई गुठीको तर्फबाट आभारसहित धन्यवाद ज्ञापन गर्दछ ।

**ज) गोकर्ण हाउस**

गुठीबाट आयोजित दोश्रो अक्षयकोषदाता भेला कार्यक्रमको लागि सुपथ मूल्यमा सभा हल र बिहानको खाना (Lunch) व्यवस्था गर्न पहल गरिदिनु भएकोमा गुठीका पूर्व अध्यक्ष हेमन्तराज कोलाक्षपति साथै गोकर्ण हाउसलाई गुठीको तर्फबाट आभारसहित धन्यवाद ज्ञापन गर्दछ ।

**झ) बयोधा अस्पताल**

यसवर्ष गुठीले सञ्चालन गरेको ईन्फ्लुएन्जा र निमोनिया खोप कार्यक्रम गर्नको लागि स्थान र आवश्यक व्यवस्था मिलाइदिनुभई सामाजिक कार्यमा सहयोग गर्नुभएकोमा उक्त अस्पतालका डाइरेक्टर तथा गुठीका स्वास्थ्य सल्लाहकार डा. मनोहरलाल श्रेष्ठ तथा अस्पताल परिवारलाई हार्दिक धन्यवाद-ज्ञापन गर्दछ ।

**ञ) लेखापरीक्षक श्री पि.पि. प्रधान**

गुठीको लेखा परीक्षणमा निरन्तर योगदान पु-याउँदै आइरहनु भएका गुठीका शुभचिन्तक, आजीवन सदस्य तथा लेखा परीक्षक 'पि.पि. प्रधान एण्ड कम्पनी' का चार्टर्ड एकाउन्टेन्ट आदरणीय श्री प्रताप प्रसाद प्रधानज्यूले आ.व. २०७९-०८० को गुठीको सम्पूर्ण आय-व्ययको लेखापरीक्षण गरिदिनु भएकोमा हार्दिक धन्यवाद-ज्ञापन गर्दछ ।

**ट) दिनेश थान्जू**

यस गुठीको नियमित हिसाब किताब राख्न र वार्षिकरूपमा अन्तिम लेखा प्रतिवेदन तयार गर्न केही वर्षदेखि निरन्तर रूपमा सहयोग गर्दै आइरहनु भएकोका गुठीका पूर्व कोषाध्यक्ष श्री दिनेश थान्जूलाई उहाँको सहृदयताको लागि गुठी हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

**ठ) आर्थिक सहयोग**

गुठीका आजीवन सदस्य तथा लेखा परीक्षक श्री पि.पि. प्रधान एण्ड कम्पनीका चार्टर्ड एकाउण्टेण्ट श्री प्रताप प्रसाद प्रधानज्यूबाट गुठीलाई रू. २०,०००।- आर्थिक सहयोग गर्नुभएकोमा उहाँलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

गतवर्षको वार्षिक भेलामा तानसेन नगरपालिकाका मेयर श्री सन्तोषलाल श्रेष्ठज्यूबाट आफ्नो सुपुत्रको शुभविवाहको सुखद् उपलक्ष्यमा गुठीलाई रू. ३०,०००।- प्रदान गर्नुभएकोमा धन्यवाद-ज्ञापन गर्दछ ।

गत वर्ष 'जगत बहादुर जोशी-रूद्र बहादुर जोशी स्मृति साहित्य पुरस्कार'बाट सम्मानित हुनुभएका साहित्यकार श्री गंगा लिगलज्यूबाट सम्मानित हुनुभएको खुसियालीमा गुठीलाई रू. ११,०००।- सहयोग प्रदानगर्नु भएकोमा गुठी हृदयदेखी धन्यवाद ज्ञापन गर्दछ ।

गुठीका पूर्व अध्यक्ष हेमन्तराज कोलाक्षपतिबाट पाल्पामा लाखे नाच सञ्चालनको लागि रू. ५,०००।- सहयोगस्वरूप एक वर्षको लागि प्रदान गर्नुभएकोमा गुठी हृदयदेखी धन्यवाद ज्ञापन गर्दछ ।

गुठीका आजीवन सदस्य डा. शम्भुमान सिंहबाट पाल्पामा लाखे नाच सञ्चालनको लागि रू. ५,०००।- सहयोगस्वरूप एकवर्षको लागि प्रदान गर्नुभएकोमा गुठी हृदयदेखी धन्यवाद ज्ञापन गर्दछ

**ड) गुठीको कार्यालय कोठा**

पूर्व अध्यक्ष श्री गृहमान सिंहज्यूको कुलेश्वरस्थित आफ्नो निवासमा गुठीको कार्यालय राख्न एउटा कोठा निःशुल्क प्रयोग गर्न दिनुभए बापत गुठीको तर्फबाट उहाँलाई धन्यवाद सहित कृतज्ञता ज्ञापन गर्दछ ।

**ढ) एम. एस. माउस**

तानसेन गुठीबाट विभिन्न अवसरमा सम्पादित विविध कार्यक्रममा आवश्यक पर्ने कलात्मक र आकर्षक डिजाइनहरू निःशुल्करूपमा बनाई सहयोग गर्नुभएकोमा एम. एस. माउसका डाइरेक्टर श्री महेन्द्र लाल श्रेष्ठज्यूलाई हार्दिक धन्यवाद-ज्ञापन गर्दछ ।

**ण) साधारण सभा कार्यक्रम सञ्चालन**

विगत केही वर्षदेखि गुठीको वार्षिक साधारण सभा कार्यक्रम सञ्चालन (एम.सी.) गर्दै गुठीलाई सहयोग पु-याउँदै आइरहनु भएका गुठीका पूर्व कार्यसमिति सदस्य, आजीवन सदस्य तथा अक्षयकोषदाता श्री जयन्ती श्रेष्ठलाई गुठीको तर्फबाट हार्दिक धन्यवाद सहित कृतज्ञता-ज्ञापन गर्दछ ।

# हार्दिक श्रद्धाञ्जली



**जन्मः**
१९७७ वैशाख ३०

**स्वर्गारोहणः**
२०७९ असोज ३०

## वाङ्मय शताब्दीपुरूष डा. सत्यमोहन जोशी

वाङ्मय शताब्दीपुरूष वरिष्ठ इतिहासकार, साहित्यकार तथा संस्कृतिविद् श्रध्देय डा. सत्यमोहन जोशीको जन्म वि.सं. १९७७ वैशाख ३० गतेका दिन माता नुगलदेवी र पिता शंकरदासको जेष्ठ सुपुत्रको रूपमा पाटनस्थित बंखुबहालमा भएको थियो । उहाँले दरवार हाइस्कुलबाट प्राथमिक शिक्षा तथा त्रिचन्द्र कलेजबाट बि.ए. गर्नुभएको थियो । बिहान दैनिक ५ बजेतिर उठेर नित्यकर्म सकेर घरको आगनमा प्रतिस्थपित आफ्ना श्रध्देय माता पिताको प्रतिमालाई ढोगेर मात्र अन्य दैनिक कार्य शुरू गर्नुहुन्थ्यो ।

उहाँले आफ्नो जीवनकालमा नेपाली सजिलो वर्णमाला देखि विभिन्न नाटक, कविता संग्रह, कथा, संग्रह, महाकाव्य, नाटक, निबन्ध, प्रबन्ध, नेवारी भाषाका कृतिहरू आदी लेख्नुभएको थियो । नेपाल सरकारबाट २०७४ सालमा 'वाङ्मय शताव्दी पुरूष' को उपाधीबाट विभूषित उहाँ 'विख्यात त्रिशक्ति पट्ट', 'सुप्रवल गोरखा दक्षिणबाहु', 'प्रसिध्द प्रवल गोरखा दक्षिणबाहु' र 'उज्जवल कीर्तिमय राष्ट्रदीप' मान पदवीबाट विभूषित हुनुभएको थियो । विभिन्न समयमा तीनपटक 'मदन पुरस्कार' प्राप्त गर्ने उहाँ एकमात्र व्यक्ति हुनुहुन्छ ।

२०७६ सालमा नेपाल राष्ट्र बैंकबाट उहाँको तस्वीर अंकित चाँदीको सिक्का निष्काशन गरिएको थियो भने हुलाक विभागबाट उहाँको चित्र अंकित हुलाक टिकट प्रकाशनमा ल्याई सम्मान गरेको थियो ।

उहाँलाई २०७६ साल पौष १५ गतेका दिन तानसेन गुठीबाट शतवार्षिकी पूजा (१०० वर्ष) गरिएको थियो भने उहाँले गुठीको रजत-महोत्सव (२०७५) वार्षिक कार्यक्रममा प्रमुख आतिथ्य ग्रहण पनि गर्नुभएको थियो ।

वाङ्मय शताब्दीपुरूष तथा वरिष्ठ संस्कृतिविद् श्रध्देय डा. सत्यमोहन जोशीको मिति २०७९ असोज ३० गतेका दिन १०३ वर्षको उमेरमा स्वर्गारोहण भएकोमा सिंगो राष्ट्रकै लागि अपुरणीय क्षति, एक युगको अन्त्य भएकोमा तानसेन गुठी परिवार अत्यन्त दुःखी, मर्माहत एवम् स्तव्ध भएका छौं । यस दुखद् घडीमा दिवङ्गत आत्माको बैकुण्ठबासको कामना गर्दै उहाँप्रति भावपूर्ण श्रध्दाञ्जली अर्पण गर्दछौं । श्री रणउजीरेश्वरी भगवती मातासँग प्रार्थना गर्दै उहाँको परिवारप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**निलम गोंगल श्रेष्ठ**
अध्यक्ष
तथा तानसेन गुठी परिवार काठमाडौं

tansen trust

# हार्दिक श्रद्धाञ्जली



**जन्मः**
**वि.सं. २००२ भदौ ३ गते**

**स्वर्गारोहणः**
**२०८० भाद्र ०५ गते मङ्गलबार**

## प्रा.डा. विनोद प्रसाद श्रेष्ठ

तानसेन गुठी काठमाडौंका आजीवन सदस्य, सल्लाहकार, अक्षयकोषदाता, प्रा.डा. विनोद प्रसाद श्रेष्ठको जन्म वि.स. २००२ भदौ ३ गते स्व. पिता वेणी प्रसाद श्रेष्ठ तथा माताज्यू स्व. श्रीमती ज्योतिलक्ष्मी प्रधान श्रेष्ठको कोखबाट पाल्पा, तानसेन, भगवती टोलमा भएको थियो। सानैदेखि पढाईमा अब्बल र लगनशील भूगोल विषय पढने चाहनाले वि.सं. २०२१ सालमा त्रिचन्द्र कलेज काठमाडौंबाट आई.ए., बि.ए. अध्ययन गर्नुभएका उहाँले २०२७ सालमा भूगोल विषयमा एम.ए. (स्नातकोत्तर) परिक्षामा प्रथम श्रेणीमा प्रथम स्थान हासिल गर्नुभएको थियो। यस्तै सन् १९८८ मा उहाँले दिल्ली विश्वविद्यालयबाट भूगोल विषयमै विध्यावारिधि (Ph.D.) डिग्री हासिल गर्नुभयो। त्रिभुवन बहुमुखी क्याम्पस, तानसेनमा सह-प्राध्यापक, र पछि सन् १९९८ मा उहाँ त्रिभुवन विश्वविद्यालयमा प्राध्यापक पदमा रही सेवा गर्नुभयो । यस्तै उहाँले वीरेन्द्र सैनिक आवसीय विध्यालयमा सामाजिक शास्त्र विषयको विभागीय प्रमुख भई ८ वर्ष र प्रिन्सिपल भई ७ वर्ष सेवा गर्नुका साथै शुभतारा स्कूलमा सल्लाहकारको रूपमा ५ वर्ष सेवा गर्नुभएको थियो।

सानै उमेर देखि सामाजिक संस्थाहरूमा रुचिराख्नु हुने उहाँ विभिन्न सघंसस्थाहरूमा आवध्द भइ उत्कृष्ट सेवा गर्नुभएको थियो। उहाँले नेपाल बाल संगठन पाल्पा जिल्लाको उपसभापति तथा सभापति, जिल्ला शिक्षा सेवा आयोग पाल्पाको सदस्य, अञ्चल शिक्षा समिति लुम्बिनी अञ्चलको सदस्य आदि पदमा रही महत्त्वपूर्ण सेवा पु-याउनु भएको थियो।

उहाँको योग्यता, लगनशीलता र दक्षताको आधारमा समय समयमा विभिन्न मान-पदवीबाट सुशोभित हुनुभएको थियो। 'महेन्द्र विद्या भूषण' (दोश्रो), 'महेन्द्र रत्न भूषण', 'महेन्द्र विद्या भूषण' (प्रथम), ' सुप्रवल गोर्खा दक्षिणबाहु' (तेश्रो) आदि विभिन्न पदकहरूबाट उहाँ सुशोभित हुनुभएको थियो।

अत्यन्तै सरल र भद्र स्वभावका धनी, तानसेन गुठीमा स्थापित 'वेणी प्रसाद श्रेष्ठ ज्योती लक्ष्मी श्रेष्ठ स्मृति अक्षयकोष'का तीनजना दाताहरू मध्येका एकजना दाता उहाँको मिति २०८० भाद्र ०५ गते मङ्गलबारका दिन ७८ वर्ष को उमेरमा अकल्पनीय असामयिक दुःखद निधनले अपूरणीय क्षति भएकोमा तानसेन गुठी परिवार गहिरो दुःख प्रकट गरी दिवङ्गत आत्माको वैकुण्ठवासको कामनासहित भावपूर्ण हार्दिक श्रध्दाञ्जली अर्पण गर्दछ। यस दुःखद घडीमा उहाँका धर्मपत्नी मीरा श्रेष्ठ, छोरा विधान श्रेष्ठ, छोरी चाँदनी श्रेष्ठ तथा शोकसन्तप्त परिवार तथा आफन्तजनप्रति हार्दिक समवेदना व्यक्त गर्दै उहाँहरूमा धैर्यधारण गर्न सक्ने शक्ति प्राप्त होस् भनी भगवानसँग प्रार्थना गर्दछ।

**निलम गोंगल श्रेष्ठ**
अध्यक्ष
तथा तानसेन गुठी परिवार काठमाडौं

tansen trust

# हार्दिक श्रद्धाञ्जली



**जन्म:**
**वि.सं.२००२ आश्विन ५ गते**

**स्वर्गारोहण:**
**वि.सं.२०७९ भाद्र १५ गते**

**स्व. शारदा श्रेष्ठ**

यस गुठीका सदस्य तथा 'जय-चिरञ्जीवी स्मृति अक्षयकोष' का दाताहरू मध्येका एकजना दाता शारदा श्रेष्ठको जन्म वि.सं.२००२ आश्विन ५ गते तानसेन भगवती टोल निवासी पिता स्व.चिरञ्जीवीलाल श्रेष्ठ तथा माता जयलक्ष्मी श्रेष्ठको माहिली छोरीको रूपमा भएको थियो। उहाँको विवाह वि.सं.२०२० सालमा पाल्पा भैरवस्थान निवासी राधा प्रसाद श्रेष्ठसँग भएको थियो। उहाँको चार जना सन्तानहरू मध्ये छोराहरू गुठीका आजीवन सदस्य पूर्व प्रहरी नायव महानिरीक्षक सुनिल कुमार श्रेष्ठ, अनिल श्रेष्ठ तथा छोरीहरू सरिता श्रेष्ठ र सुनिता मास्के हुनुहुन्छ।

श्रीमानको व्यवसायको सिलसिलामा उहाँ २०४६ सालमा काठमाडौंमा बसाई सरेर आउनु भएको थियो र पछिल्लो समयमा उहाँ श्रीमान, छोराहरू, बुहारी र नातिनीहरूसँग दुर्गा कोलोनी, स्युचाटार काठमाडौंमा बसोबास गर्दै आइरहनुभएको थियो।

स्वास्थ्य शैक्षिक क्षेत्रमा अध्ययन गर्न चाहने तानसेन नगरका आर्थिक अवस्था कमजोर र जेहेन्दार छात्रालाई सहयोग पुर्याउने उद्देश्यले उहाँले यस गुठीमा आफ्ना आमा बुबाको नाममा 'जय चिरञ्जीवी स्मृति अक्षयकोष' खोल्नुभएको छ।

मिति २०७९ साल भाद्र १५ गते बुधबार गणेश चतुर्थीको दिन ७७ बर्षको उमेरमा उहाँको निधन भएकोमा गुठी परिवार गहिरो दुःख प्रकट गरी दिवंगत आत्माको बैकुण्ठबासको कामनासहित भावपूर्ण हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं।

यस दुखद् घडीमा वहाँको शोकाकूल परिवारमा हार्दिक समवेदना व्यक्त गर्दै धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनी श्री रणउजीरेश्वरी भगवती मातासँग प्रार्थना गर्दछौं।

**निलम गोंगल श्रेष्ठ**
अध्यक्ष
तथा तानसेन गुठी परिवार काठमाडौं

tansen trust

# हार्दिक श्रद्धाञ्जली



**जन्मः**
वि.सं.२००२ आश्विन ५ गते

**स्वर्गारोहणः**
वि.सं.२०७९ भाद्र १५ गते

## स्व. लक्ष्मी नारायण श्रेष्ठ

यस गुठीका संस्थापक सदस्य लक्ष्मी नारायण श्रेष्ठको यही मिति २०७९ साल माघ १९ गते बिहीबारका दिन ८२ वर्षको उमेरमा खसामयिक दु:खद निधन भएकोमा तानसेन गुठी परिवार गहिरो दु:ख प्रकट गरी दिवंगत आत्माको चिरशान्तिको कामनासहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।

